पेरु: साइनिङ्ग पाथका नेता क. फेलिसियानो कसरी पक्राउ परे ?




# मूल्याङ्कन

विचार अन्तर्क्रियामुखी मासिक

पूर्णाङ्क ७०

मूल्य रु. २०/-
भारतमा भा.रु. १४/-





## अन्तर्वार्ता

नक्साविद् बुद्धिनारायण श्रेष्ठ,
जल-विज्ञानविद् जगतकुमार भुषाल

## विशेष


जनस्तरमा गठित समितिको
रिपोर्ट: *महत्वपूर्ण नक्सा
र तथ्य प्रमाणसहित*



# कसरी भएको छ कालापानीमा सीमा अतिक्रमण ?

कुन हो वास्तविक काली नदी ?

# DUCKHAMS




अन्तरराष्ट्रिय
ISO-9002 को
उच्च गुणस्तरको
लुब्रिकेटिङ्ग आयल







**PRODUCTS OF ALEXANDER DUCKHAMS & CO. ENGLAND**

प्रत्येक इन्जिनीयर, आर्किटेक्ट, कुशल ठेकेदारलाई थाहा हुन्छ, डण्डीको यील्ड स्ट्रेन्थ, डिजाइनको त्यो आधार हो, जसबाट निर्माण किफायती र बलियो बन्छ।

हिमाल स्टील टोरस्टील त्यस्तो शक्तिशाली फलामे डण्डी हो, जुन अन्तराष्ट्रिय प्रविधिबाट अन्तराष्ट्रिय गुणस्तरमा नेपालमै तयार पारिएको छ। यस्को शक्ति सम्पन्न ४२.५ किलो/वर्ग मि.मि. यील्ड स्ट्रेन्थको हामी ग्यारेन्टी दिन्छौं र यसको बढी बण्ड स्ट्रेन्थले तपाईंको निर्माणमा बचत गराउँछ।

तपाईंको सृजनशीलता र हाम्रो हिमाल स्टील अभिन्न साथी एक अर्काको।

हिमाल स्टील
टोरस्टील
हिमालले सुरक्षित घर बनाउँछ।

# HI-YIELD STRENGTH



ज्योति

हिमाल आयरन एण्ड स्टील (प्रा.) लि.
ज्योति भवन, कान्तिपथ, पो. ब. १३३, काठमाडौं
फोन: २२५२३०, २२५४९०, फ्याक्स: २२६३१४

# मूल्याङ्कन

(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष १७, पूर्णाङ्क ७०
असोज/२०५६



**संरक्षक**
डा. मथुराप्रसाद श्रेष्ठ

**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी. आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल


**प्रधान सम्पादक**
श्याम श्रेष्ठ
**कार्यकारी सम्पादक**
हरिगोविन्द लुईंटेल
**सह-सम्पादक**
राजेन्द्र महर्जन
**सहायक-सम्पादक**
तुल्सीदास महर्जन
विष्णुदेवी श्रेष्ठ
**सम्पादन सहयोगी**
चन्द्र खाकी

**प्रमुख व्यवस्थापक**
श्याम खड्का
**लेखा व्यवस्थापक**
वीरप्रसाद भंसारी
**बजार व्यवस्थापक**
दुर्गा खड्का



अन्तर्क्रिया प्रकाशन (प्रा.) लि. का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित

**कार्यालय**
"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
ख-२/१९१, पुतलीसडक, काठमाडौं-३२
फोन: ४२२७६९, फ्याक्स: ४२३५४९
पो. ब. नं. ७०५०, काठमाडौं
*इमेल*: mulyankan@hons.com.np
*वेबसाइट*: www.webnepal.com/mulyankan

# कसरी भएको छ कालापानीमा सीमा अतिक्रमण ?

## कुन हो वास्तविक कालीनदी ?

*सुगौली सन्धिले तय गरेको वास्तविक कालीनदी कुन हो र कालीनदीको उद्गम स्थल कुन हो भन्नेबारे जनस्तरमा गठित 'सीमा अतिक्रमण प्रतिरोध समिति, नेपाल२०५५ को ठहरसम्बन्धी सार्वजनिक रिपोर्ट - २०५६*

**विशेष अन्तर्वार्ता** नक्शाविद् बुद्धिनारायण श्रेष्ठ र जल-विज्ञानविद् जगतकुमार भुसाल

## कस्तो छ सरकारको २० वर्षे स्वास्थ्य नीति ?



स्वास्थ्यविद्हरू बीच भएको अन्तर्क्रियामा प्रस्तुत समाजशास्त्री डा. चैतन्य मिश्रको विचार

## साइनिंग पाथका दोस्रा नेता क. फेलिसियानो कसरी पक्राउ परे ?



साइनिङ पाथको नयाँ नेतृत्वमा को?

कस्तो रह्यो क. फेलिसियानोको कार्यकाल ?



## वाटर लुपछि पनि कुम्भकर्ण नेताहरू

*सन्दर्भ : नेकपा (माले)को पोखरा भेला*

-नारायण ढकाल



## क. निर्मल लामाको जेल बसाइँ र नक्खु जेल ब्रेक गर्ने प्रयाससम्बन्धी रोचक संस्मरण


**हाम्रो मूल्यांकन**
फेरि नयाँ रूपमा आतंककारी विधेयक ४
**आवरण कथा**
कसरी भएको छ कालापानीमा सीमा अतिक्रमण ?
कुन हो वास्तविक काली नदी ? ५
**आत्मकथा**
जेल भनेको सिंगो नेपालको राजनीतिलाई अभिव्यक्त गर्ने ठाउँ हो
-क. निर्मल लामा २०
**घटना र प्रवृत्ति**
सन्दर्भ : नेकपा (माले)को पोखरा भेला
वाटर लुपछि पनि कुम्भकर्ण नेताहरू
-नारायण ढकाल २२
**अन्तर्क्रिया**
कस्तो छ सरकारको २० वर्षे स्वास्थ्य नीति ? २४
**साहित्य**
"अब बुझ्न के बाँकी रह्यो र ? यस्ता दगाबाज सोमहरू !" (उपन्यास 'जिरोमाइल' को तेस्रो खण्ड) - इस्माली ३०
कविता -राजकुमार के.सी. २९
**व्यंग्य**
पोल्ट्री फार्मको राजनीति
-विमल निभा ३३
**जीवनको झाँकी**
क. नागभूषणको रिहाइको लागि संघर्ष ३४
**दर्शन परिचय**
सांख्य दर्शनः भौतिकवादी प्रस्थापनाहरूले भरपूर प्राचीन पूर्वेली दर्शन ३६
**नीति संस्कृति**
कसरी हामी दास-संस्कृतिका अवशेषहरूलाई काँधमा बोकिरहेछौं ?
-चन्द्रदेव नेपाली ३७
**अर्थतन्त्र**
किन नेपालमा यति अचाक्ली महंगी बढ्दैछ ?
-गोविन्द वर्तमान ३९
**विश्व कम्युनिष्ट आन्दोलन**
साइनिंग पाथका दोस्रा नेता क. फेलिसियानो कसरी पक्राउ परे ?
के साइनिंग पाथ समाप्त हुँदैछ ? ४२
**पाठकको कुरो** ४६



आवरणमा : नेपालमाथि भारतीय अतिक्रमण र त्यसविरूद्ध नेपालीहरू (चित्र साभारः अ.ने.जनवादी युवा लिगव्दारा प्रकाशित पोष्टर-क्यालेण्डर)/चित्रकारः राजन काफ्ले/चित्र सौजन्यः राजन काफ्ले/इनसेटमाः कालापानी क्षेत्रमा नेपाली भूमिमा भारतले स्थापना गरेका सैनिक बंकरहरू, क.फेलिसियानोको गिरफ्तारी(माथि)/आवरण सज्जाः सुन्दर बस्नेत, बागबजार /कलाकारहरूः लक्ष्मण भूजेल, जि.डि. सारू, यति आर्ट, पुतलीसडक/मुद्रणः इन्द्रेणी अफसेट प्रेस

# फेरि नयाँ रूपमा आतंककारी विधेयक

नेपाली कांग्रेसको सरकाले पहिलेको 'आतंकवादी' विधेयकको रूपरङ्ग बदलेर उही सारको नयाँ आतंकवादी विधेयक संसदमा विचारार्थ प्रस्तुत गरेको छ । सात जना जागरूक वामपंथी सांसदहरूले रोष्टम घेराउ गर्दागर्दै पनि संसदीय नियम नै मिचेर यो विधेयकलाई संसदमा छलफलको निम्ति ल्याइएको छ । अब यो विधेयक बिस्तृत छलफलको लागि संसदीय समितिमा पुगेको छ ।

गएको तीन वर्षमा तेस्रो पटक यस्तो विधेयक संसदमा आइसकेको छ । अघिल्लो दुई पटक नेपाली जनताको प्रचण्ड विरोधका कारण सरकारले विधेयकलाई फिर्ता लिनु परेको थियो । तथापि, नेपाली कांग्रेसको केन्द्रिय कार्यसमितिको स्पष्ट निर्देशनमा संसदबाट जसरी पनि पास गरीछोड्ने उद्देश्य बोकेर यस पटकको विधेयक संसदभित्र प्रवेश गरेको छ । स्थिति पनि बदलिएको छ, किनकि पहिलेका सरकारहरू संयुक्त सरकार थिए, अहिले नेपाली कांग्रेसको एक्लै स्पष्ट बहुमत भएको सरकार देशमा कायम छ । त्यसैले यसपालिको संसदबाट यो पास नभइहाले तापनि आगामी हिउँदे संसदमा यसलाई पास गरीछोड्न नेपाली कांग्रेसले मरिहत्ते गर्ने पक्का छ । खालि ब्यापक जनविरोधले मात्र कांग्रेसी सरकारको यो दुष्प्रयत्नलाई बिफल बनाउन सक्छ ।

तर मूल प्रश्न हो- आम जनताको ब्यापक बिरोधका बावजूद किन बारम्बार यस्तो विधेयक ल्याउने कोशिस भइरहेछ ?

नेपालमा पूँजीवादी संसदीय प्रजातन्त्र आएको केवल दश वर्ष मात्र भएको छ । तर यति छोटो अवधिमै यहाँको पूँजीवादी संसदीय प्रणलीलाई हाँक्न खोज्ने ड्राइभरहरू के टुंगोमा पुगेका देखिन्छन् भने, पूँजीवादी प्रजातान्त्रिक बाटोबाट यस प्रणालीभित्र आएका समस्या र चुनौतिहरू हल गर्न संभव छैन । त्यसैले ०४६ सालको आन्दोलनबाट प्राप्त सीमित प्रजातान्त्रिक आधिकारलाई पनि खोस्ने खालको विधेयक ल्याउन पूँजीवादी शक्तिहरू बारम्बार उद्यत भइरहेछन् । अब उनीहरूलाई हिटलर र मुसोलिनीको जस्तो, मार्कोस र बोकासाको जस्तो फाशिष्ट बाटोबाट मात्रै चुनौतिहरूको सामना गर्न सकिन्छ भन्ने लागेको प्रतीत हुन्छ ।

नेपालको पूँजीवादी संसदीय प्रजातन्त्र निक्कै छोटो अवधिमैं संकटग्रस्त भएको कुराको ज्वलन्त अभिब्यक्ति हो यो । यहाँको संसदीय प्रजातन्त्र यस्तो सुल्भाउनै नसकिने अन्तर्विरोधहरूमा जकडिन पुगेको देखिएको छ, जसलाई सुल्झाउनका लागि भनेर यस्तो बिल्कूलै गैरप्रजातान्त्रिक फाशिष्ट विधेयक ल्याउन खोजिँदैछ । तर स्पष्ट छ, यो कदमबाट अन्तर्विरोध सुल्झिने होइन, झन् जटील मात्र बन्नेछ ।

०४६ सालमा निरंकुशतावादी दरवारिया तत्वहरू पराजित मात्र भएका थिए, स्वाहा भएका थिएनन् । अहिले संसदीय प्रजातन्त्रप्रति जनताको बढ्दो असन्तोष देखेर यी तत्वहरू फेरि टाउको उठाउन खोज्दैछन् । सेना, प्रहरी र प्रशासनमा भएको उनीहरूको बलियो पकडलाई प्रयोग गरेर उनीहरू फेरि देशमा भएको सीमित प्रजातान्त्रिक हक समेत खोस्ने र देशलाई पुनः निरंकुशताको कालरात्रीतिर धकेल्न प्रयत्नरत छन् । त्यसैले यस्तो विधेयक ल्याउने माग अहिले बिशेष गरेर, सेना र प्रहरीबाट भइरहेको पाइएको छ । माग गर्ने पुराना निरंकुशतावादी तत्वहरू, माग जायज ठानेर त्यसलाई समर्थन गर्ने र पुट दिने चाहिं संकटग्रस्त पूँजीवादी तत्वहरू, यी दुई तत्वको संयुक्त आवश्यकता र मितेरीगाँठोबाट यस्तो आतंकवादी विधेयक देशमा बारंबार आउन खोज्दैछ ।

यस पटकको बिधेयक किन फाशिष्ट सारको छ भने, यसले जिल्ला प्रशासक (सि.डि.ओ.) लाई कुनै पनि बेला, कुनै पनि ठाउँमा दंगाग्रस्त क्षेत्र घोषणा गरेर जनताको स्वतन्त्रताको हक खोस्ने अधिकार दिन खोजेको छ । यो सारमा सि.डि.ओ.लाई दिन खोजिएको संकटकालीन अधिकार हो, जुन संविधानमा राजालाई मात्र प्राप्त छ, त्यो पनि मन्त्रीपरिषदको सिफासिशमा मात्र प्रयोग गर्नेगरी । त्यसैले यो बिधेयक गैर सम्वैधानिक छ । यो विधेयकले एउटा पुलिस अ.स.ई. लाई बिनापूर्जी कुनै पनि नागरिकको घरमा कुनै पनि बेला छापा मार्ने र खानतलासी लिने हक समेत दिन खोजेको छ । यसबाट संविधानमा उल्लेखित गोपनीयताको हक पूरै खोसिनजानेछ । देशमा पुलीस-राज चल्नेछ । जनताको चन्दाको भरमा पार्टी चलाउन खोज्ने पार्टीहरूको मुखमा त यसले भोटे ताल्चा नै लगाइदिने निश्चित छ । किनकि सिर्फ चन्दा उठाएको निहुँमा तीन बर्षभन्दा ज्यादा जेलमा थुन्ने हक यो बिधेयकले प्रशासकहरूलाई दिन खोजेको छ । बर्तमान संविधानको विपरीत गएर यसले जिल्ला प्रशासक स्वयंलाई आफैंले गरेको बद्मासीको मुद्दा हेर्ने न्यायाधिकारी समेत बनाउन खोजेको छ । यो बिधेयकमा सानोभन्दासानो कसुरमा पनि तीन बर्षदेखि जन्मकैदसम्मको दण्ड सजायँ दिन खोजेको छ ।

'माओवादीलाई तह लगाउन' भनेर यो विधेयक ल्याउन खोजिदै छ । मर्नमार्न तयार माओवादीलाई यो विधेयकले केही लछारपाटो लगाउने देखिँदैन । बरू, यो विधेयकले पैदा गर्ने आतंकको शासनबाट आजित भएर बाँकी सबै जनतालाई पनि माओवादीकै बाटो लाग्न बाध्य पार्ने स्थिति चाहिँ यो विधेयकले पैदा गर्नेवाला छ । त्यसमाथि थप, माओवादी समस्या सामाजिक, राजनीतक समस्या हो । प्रशासनिक दण्डबाट यो समस्या हल गर्ने सपना देख्नु महाभूल हो । यस्तो महाभूल पंचायती शासकहरूले गरेका थिए । तर, परिणाम के भयो, जगजाहेर छ । अहिले फेरि त्यही पंचायती प्रबृत्ति बर्तमान कांग्रेसी सरकारले पनि प्रदर्शित गरिरहेछ ।

अहिलेको आवश्यकता के हो भने, आगामी हिउँदे संसदले यो बिधेयक पास गर्न खोज्नुअघि नै सबै प्रजातन्त्रवादी शक्तिहरू एक भएर यो विधेयक र यस्तो बिधेयक ल्याउन खोज्ने मनोवृत्तिलाई जरैदेखि स्वाहा पार्नु जरूरी छ । गाउँगाउँसम्म ब्यापक जनजागरण अभियान चलाउनु र संयुक्त संघर्ष गर्नु नै यस प्रवृत्तिविरूद्धको प्रभावकारी उपाय हो । ❑


यस वर्ष (२०५६) को दशैं / तिहार सबैका लागि सुखमय रहोस्

**उन्नत खेती र उद्योग व्यवसाय : सबैको संलग्तना**
**कृषि विकास र गरीबी निवारण : हाम्रो प्रतिबद्धता**

*कृषि विकास बैंकले किसान, व्यापारी, उद्यमीलाई ग्रामीण कृषिकर्जा, ब्यापारकर्जा र बैंकिङ्ग सुविधाहरू प्रदान गर्दछ ।*

*हाम्रो प्रमुख प्राथमिकताका क्षेत्र विशेषगरी कृषि विकाससँग सम्बन्धित छन् । यसको लागि हामी सुलभ ब्याजदरमा संस्थागत ऋणहरू उपलब्ध गराउँछौं । सरकारका कतिपय कार्यक्रमहरू कार्यान्वयन गर्ने जिम्मेवारी पनि बैंकलाई छ । देशमा समष्टिगत विकास कार्यलाई अघि बढाउन कृषि विकास बैंकका कार्यहरूमा रचनात्मक ढंगले सहभागी होऔं ।*

फोन नं. २६२८८५/२६२५९६
टेलेक्स : २२६७
तार : कृषि बैंक
फ्याक्स : ९७७-१-२६२६१६
e-mail: agrbnk@adbn.mos.con.np

**कृषि विकास बैंक**
मुख्य कार्यालय
रामशाहपथ, काठमाण्डौ



# कुन हो वास्तविक कालीनदी ?

# कसरी भएको छ कालापानीमा सीमा अतिक्रमण ?

*सुगौली सन्धिले तय गरेको वास्तविक कालीनदी कुन हो र कालीनदीको उद्‌गम स्थल कुन हो भन्नेबारे जनस्तरमा गठित "सीमा अतिक्रमण प्रतिरोध समिति, नेपाल" २०५५ को ठहरसम्बन्धी सार्वजनिक रिपोर्ट – २०५६ के भन्छ ?*

नेपाल र भारतबीच सीमाविवाद थुप्रै ठाउँमा हुँदै आएको छ र त्यो लामो समयदेखि विद्यमान छ । तथापि लिम्पियाधुरा-कालापानी क्षेत्रको सीमाविवाद भने २०५३ सालपछि चर्किएको हो। यही विवादका क्रममा भारतले त्यस क्षेत्रको काफी ठूलो भूभागमा अतिक्रमण गरेको सवाल सार्वजनिक बहसको विषय बन्यो । कालीनदी कुन हो र यसको उद्‌गमस्थल कुन हो भन्ने सवाल यही समयदेखि सार्वजनिक चासो र खोजीको विषय रहँदै आएको हो ।

यसै सन्दर्भमा काठमाण्डौमा एक भेलाव्दारा २०५५ साल असार १२ गते पद्मरत्न तुलाधरको संयोजकत्वमा ३९ सदस्यीय सीमा अतिक्रमण प्रतिरोध समिति गठन भएको थियो । यसमा डा. चैतन्य मिश्र, भैरव रिसाल, ओम गुरूङ, कपिल श्रेष्ठ, कृष्ण भट्टचन, प्रेमबहादुर भण्डारी, सुरेन्द्र के.सी., डा. विदुर बस्ती, इ.वावुराम भट्टराई, मंगलसिद्धि मानन्धर, चण्डेश्वर श्रेष्ठ, सिन्धुनाथ प्याकुरेल, चन्द्रराज ढुंगेल, महेश्वरमान श्रेष्ठ, श्याम श्रेष्ठ, प्रमेश हमाल, शान्ता श्रेष्ठ, डा. शरद वन्त, डा. राममान श्रेष्ठ, राजेश गौतम, निनु चापागाईं, श्यामकृष्ण कोजू, वुद्धिनारायण श्रेष्ठ, रमेश शर्मा, नारायणकृष्ण न्हुछे प्रधान, डा. सरोज धिताल, कल्याणदेव भट्टराई, डा. नारायण पोखरेल, सुरेश आले मगर, गोविन्द भट्ट, प्रेमकृष्ण पाठक, चैतन्य शर्मा, कृष्णराम खत्री, खगेन्द्र संग्रौला, रामेश्वरमान अमात्य, जीवन शर्मा, चेतेन्द्रजंग रिमाली र प्रा. माणिकलाल श्रेष्ठ रहनु भएको छ ।

उक्त जनस्तरीय समितिले लामो खोज अनुसन्धानपछि आफ्नो प्रतिवेदन हालै सार्वजनिक गरेको छ । तथ्यप्रमाणका आधारमा यसले प्रस्तुत गरेका निश्कर्षहरू अत्यन्त महत्वपूर्ण छन् ।

राष्ट्रिय महत्वको विषयमा लागीपरेर आफ्नै पहलमा जुन यो अध्ययन अनुसन्धानको काम बौद्धिक व्यक्तिहरूले संपन्न गर्नु भएको छ, यस प्रसंसनीय कामप्रति समस्त देशभक्त नेपालीहरूले विषेश चासो लिनेछन् भन्ने लागेर हामीले सीमा अतिक्रमण प्रतिरोध समिति को उक्त रिपोर्टलाई यहाँ प्रस्तुत गरेका छौं । रिपोर्टमा अनुसूची खण्डमा दिइएका सबै विवरणहरू स्थानाभावका कारणले यहाँ दिन सकेका छैनौं र पनि रिपोर्टको यो मूल पाठले पाठकहरूलाई सीमा क्षेत्रको बास्तविकता बुझ्न ठोस सघाउ पुग्नेछ भन्ने हामीले सोचेका छौं ।

-मूल्यांकन

## *विवादको चुरो*

नेपालको पश्चिमी सीमालाई ४ मार्च १८१६ मा सुगौलीमा संपन्न इष्ट इण्डिया कंपनी सरकार र नेपाल सरकारबीचको "शान्ति सन्धि"ले निर्धारित गरेको छ । त्यस सन्धिको दफा ५ मा लेखिएको छ :

"The Rajah of Nipal renounces for himself, his heirs, and successors, all claim to or connection with the countries lying to the west of the River Kali and engages never to have any concern with those countries or the inhabitants thereof."

सन्धिको यही दफाले स्पष्ट भाषामा कालीनदीलाई नै नेपालको पश्चिमी सीमा तोकेको छ । "नेपालका राजाले, उनका उत्तराधिकारीहरूले र पछि सत्तारूढ हुने राजाहरूले समेत कालीनदीदेखि पश्चिमका मुलुकहरूमा दावी गर्न र संवन्ध राख्न इन्कार गर्दछन्" भनेर यो दफाले स्पष्ट पारेको छ । सुगौली सन्धिले निर्धारित गरेको नेपालको त्यस पश्चिमी सीमालाई फेरबदल गर्ने अर्को कुनै सन्धि नेपाल सरकार र ब्रिटिश-भारत सरकार र स्वाधीन भारत सरकारबीच अहिलेसम्म भएको देखिन्न ।

सुगौली सन्धिपछि ११ डिसेम्वर १८१६ मा नेपाल सरकार र इष्ट इण्डिया कंपनी सरकारबीच पुनः संपन्न सम्झौताद्वारा कोशीदेखि राप्तीसम्मको होचो भूभाग नेपाललाई फिर्ता गरियो । १ नोभेम्वर १८६० मा काठमाण्डौमा संपन्न नयाँमुलुक फिर्तासंवन्धी सन्धिले काली र राप्ती नदी बीचको संपूर्ण समथर भूभाग (हालको बाँके, बर्दिया, कैलाली र कंचनपुर जिल्लाका संपूर्ण भूभागहरू) नेपाललाई फिर्ता गर्ने काम गऱ्यो । तथापि यी दुवै सन्धि संझौताले सुगौली सन्धिले तोकेको नेपालको पश्चिमी सीमाको रूपमा रहेको कालीनदीको सीमा व्यवस्थालाई हेरफेर गर्ने काम गरेनन् ।

अक्टोबर ५, १९६१ मा नेपाल र जनवादी गणतन्त्र चीनबीच पनि सीमा संझौता भएको देखिन्छ । तथापि यीमध्ये कुनै सन्धिले पनि नेपालको पश्चिमी सीमा-कालीनदीलाई बदल्ने काम गरेका छैनन् । तसर्थ, नेपालको पश्चिमी सीमा कालीनदी हो भन्ने कुरा एउटा निर्विवाद ऐतिहासिक तथ्य भएको छ ।

कालीनदी नै नेपालको पश्चिमी सीमा हो भन्ने तथ्य निर्विवाद भएतापनि वास्तविक कालीनदी कुन हो भन्ने सवालमा प्रशस्त अन्यौल सिर्जना भएको छ । यो अन्यौलको कारण के भएको छ भने, भारत सरकारले, श्री ५ को सरकारले, इतिहासविद्, नक्साविद्‌हरूले र जल विज्ञानविज्ञहरूले बेग्लाबेग्लै

**साथमा विशेष अन्तर्वार्ता** — **नक्शाविद् बुद्धिनारायण श्रेष्ठ र जल-विज्ञानविद् जगतकुमार भुसाल**

नदीलाई र त्यसको मुहानलाई कालीनदी र त्यसको मुहान बताउँदै छन् ।

भारत सरकारले कालापानीनेर एउटा काली मन्दिर निर्माण गरी, त्यसको सामुन्ने एउटा तलाउ खनेर त्यही तलाउमा जम्मा गरिएको सानो तितिरि धारोलाई कालीनदीको वास्तविक मुहान बताउँदै त्यो धारोबाट निस्केको पानी लिपु खोलामा मिसाएर, त्यसैलाई कालीनदी भनेर देखाइरहेको छ । त्यही दावीका आधारमा भारत सरकारले पहिलदेखि नेपालमा परिरहेको कुटी, गुन्जी, कालापानी र नाबीडाङ लगायतका ठाउँहरूमा अर्द्ध-सैनिक दस्ता तथा सशस्त्र सीमा प्रहरी दस्ता समेत तैनाथ गरेको छ । र, सुगौली सन्धिमुताबिक नेपालको प्रभुसत्ता अन्तर्गतको ३७२ वर्ग किलोमिटर (३७, २०० हेक्टर) भूमिमा भारतले कब्जा जमाईसकेको पाइएको छ ।

श्री ५ को सरकारले चाहिँ नेपालको संसदलाई नेपालको विवादित पश्चिमी सीमाबारे जानकारी दिँदा लिपुलेकबाट निक्लेको नदीलाई वास्तविक कालीनदी बताउँदै लिपुलेकलाई नै कालीनदीको उद्‌गम स्थल बताएको छ ।

कैयन् स्थापित इतिहासविद्‌हरू, नक्साविद्‌हरू, सरकारी नापी विभागकै भू. पू. महानिर्देशकहरू र सरकारी सिनियर हाइड्रोलोजिष्टले भने सन् १८१६ देखिका ऐतिहासिक तथ्यहरू, सुगौली सन्धिताककै तात्कालीन ब्रिटिश-भारत सरकारले बनाउन लगाएका आधिकारिक नक्साहरू र जल विज्ञानको विश्वव्यापी सर्वमान्य सिद्धान्तका आधारमा लिम्पियाधुराबाट निक्लने नदीलाई नै वास्तविक कालीनदी र लिम्पियाधुरालाई कालीनदीको वास्तविक उद्‌गमस्थल ठहऱ्याएका छन् ।

यस स्थितिमा सन् १८१६ को सुगौली सन्धिमुताबिकको वास्तविक कालीनदी कुन हो र महाकालीको वास्तविक मुहान कुन हो भन्ने कुरा भरपर्दो र अकाट्य तथ्यप्रमाणहरूका आधारमा निश्चित गर्नु अत्यन्त जरूरी हुन आएको छ, ता कि- नेपालको पश्चिमी सीमा संवन्धमा पैदा गरिएका सारा अन्योलहरू समाप्त होऊन्, सिंगो राष्ट्रको र नेपाली जनताको यस संबन्धमा एउटै आवाज होस् र विश्व समुदायलाई र भारतीय जनतालाई समेत भरपर्दो प्रमाणका आधारमा जिम्मेवारीका साथ बताउन सकियोस् कि- भारत सरकारले नेपालको पश्चिमी सीमा भनेर जेलाई देखाईआएको छ, त्यो सत्य हो कि होइन ? भारत सरकारले नेपाली भूमि अतिक्रमित गरेको सत्य हो कि होइन ? र, वास्तविक कालीनदी र त्यसको उद्‌गमस्थल भनेर श्री ५ को सरकार स्वयम्‌ले जुन कुरा भनेको छ, त्यो सत्य हो कि होइन ?

यस परिप्रेक्ष्यमा विवादको चुरो सुगौली सन्धि मुताबिकको वास्तविक कालीनदी र त्यसको उद्‌गम स्थल कुन हो भन्ने सवाल भएको छ ।

## *समिति गठनको परिप्रेक्ष्य, उद्देश्य र कार्यविधि*

नेपाल र भारतबीच सीमाविवाद थुप्रै ठाउँमा हुँदै आएको छ र त्यो लामो समयदेखि विद्यमान छ । तथापि लिम्पियाधुरा-कालापानी क्षेत्रको सीमाविवाद भने २०५३ सालमा महाकाली सन्धिसंबन्धी सार्वजनिक विवादका क्रममा चर्किएको हो । यही विवादका क्रममा भारतले त्यस क्षेत्रको काफी ठूलो भूभागमा अतिक्रमण गरेको सवाल सार्वजनिक बहसको विषय बन्यो । कालीनदी कुन हो र यसको उद्‌गमस्थल कुन हो भन्ने सवाल यही समयदेखि सार्वजनिक चासो र खोजीको विषय रहँदै आएको हो । जेठ, २०५५ को अनेरास्ववियुका विद्यार्थीहरूको कालापानी मार्चको क्रममा भारतले थप नेपाली भूभागमा समेत अतिक्रमण गरेको खवर सार्वजनिक भएपछि देशभक्त र जागरूक नेपालीहरू निकै ज्यादा संवेदित भए र विवादको चुरो हल गर्नका लागि यसबारे खोज अनुसन्धान थाल्न उद्यत भए ।

ठीक यही परिप्रेक्ष्यमा वास्तविक कालीनदी र त्यसको उद्‌गम स्थल टुंगो लाउने उद्देश्यले 'साम्राज्यवाद विरोधी राष्ट्रिय मंच, नेपाल'को पहलकदमीमा २०५५ साल असार १२ गते काठमाण्डौमा आयोजना गरिएको सचेत देशभक्त नागरिकहरूको एउटा भेलाबाट श्री पद्मरत्न तुलाधरको संयोजकत्वमा ३९ सदस्यीय **"सीमा अतिक्रमण प्रतिरोध समिति, नेपाल"** गठन गरियो । त्यस समितिले गठनकै दिन- पद्मरत्न तुलाधरको अगुवाइमा ६ सदस्यीय **"नापनक्सा खोजवीन टीम"** गठन गऱ्यो । यसका सदस्यहरूमा बुद्धिनारायण श्रेष्ठ, मंगलसिद्धि मानन्धर, रामेश्वरमान अमात्य, नारायणकृष्ण न्हुछे प्रधान र भैरव रिसाल रहनु भएको थियो । साथै, समितिले डा. चैतन्य मिश्रको अगुवाइमा डा. राजेश गौतम, डा. सुरेन्द्र के.सी., महेश्वरमान श्रेष्ठ, चेतेन्द्रजंग हिमाली, ऋषिराज लुम्साली, गणेश ठगुन्ना र सिन्धुनाथ प्याकुरेल रहनु भएको- **"ऐतिहासिक तथ्य खोजवीन टीम"** पनि गठन गऱ्यो । समितिको तथा दुवै टीमको सदस्य सचिवमा श्याम श्रेष्ठलाई चुनियो ।



*भारतले नेपाली भूमिमा राखेका सैनिक बंकरहरू*

*भारत सरकारले पहिलदेखि नेपालमा परिरहेको कुटी, गुन्जी, कालापानी र नाबीडाङ लगायतका ठाउँहरूमा अर्द्ध-सैनिक दस्ता तथा सशस्त्र सीमा प्रहरी दस्ता समेत तैनाथ गरेको छ*

समितिले दुवै टीममार्फत् सर्वप्रथम नेपालमा प्राप्त विभिन्न स्रोतहरूबाट भरपर्दा तथ्यप्रमाणहरू संकलन गर्न शुरू गऱ्यो । नेपालको नापी विभागमा रहेका ऐतिहासिक नक्साहरू अवलोकन गऱ्यो । फलस्वरूप, एक वर्षभरिमा थुप्रै महत्वपूर्ण आधिकारिक नक्साहरू र ऐतिहासिक प्रमाणहरू संकलित भए । कलकत्तामा इष्ट इण्डिया कंपनी सरकारको राजधानी रहँदा ४ फेब्रुअरी १८१७ मा कंपनी सरकारका का. वा. मुख्य सचिव जे. आदमद्वारा काठमाण्डौस्थित ब्रिटिश रेजिडेण्टलाई लेखेको त्यस्तो ऐतिहासिक सवूद प्राप्त भयो , जसमा सुगौली सन्धिअनुसार कालीपूर्वको ब्यास प्रगन्ना नेपालको हो भनेर स्पष्ट गरिएको छ । निज जे. आदमले नै मार्च २२, १८१७ मा कुमाउँका कार्यबाहक कमिश्नरलाई लेखेको सरकारी पत्र पनि भेटियो, जसमा कुमाउँका का.वा. कमिश्नरलाई के निर्देशित गरिएको छ भने, कालीपूर्वको ब्यास प्रगन्नाका भोटिया जमीन्दारहरू ब्रिटिश शासनअन्तर्गत कुमाउँ प्रान्तको अंग भएर रहन चाहे पनि सुगौली सन्धिअनुसार कालीपूर्वको ब्यास प्रगन्नामा नेपालको हक रहने भएकाले त्यसो गर्न संभव छैन । (समितिले उपरोक्त दुवै चिठी आफ्नो रिपोर्टको अनुसूचीमा प्रस्तुत गरेको छ- *मूल्यांकन*)

यस समितिका सदस्य नापी विभागका भूतपूर्व महानिर्देशक श्री बुद्धिनारायण श्रेष्ठले अन्तरराष्ट्रिय सर्भेयर सम्मेलनमा लण्डन र बोस्टन म्यूजियम अफ साइन्सको निमन्त्रणामा वाशिंगटन जानु भएको अबसर पारेर समितिको निम्ति तथ्य प्रमाण जुटाउन विशेष मिहेनत गर्नुभयो । उहाँको अथक प्रयत्नबाट त्यहाँको म्युजियम र पुस्तकालयबाट समितिले त्यस्ता आधिकारिक नक्साहरू प्राप्त गऱ्यो , जसको आधारमा समिति दावीसाथ भन्न सक्छ- योसित सुगौलीसन्धि र सुगौलीसन्धि वरपरका त्यस्ता सबैजसो मुख्यमुख्य आधिकारिक नक्साहरू उपलब्ध छन्, जसले सुगौली सन्धिले अर्थ्याएको कालीनदी र त्यसको मुहान कुन हो भनी सप्रमाण प्रष्टसित किटान गर्न मद्दत गर्छन् । ती नक्साहरूको अध्ययनबाट कहिलेसम्म कालीनदी भन्नासाथ लिम्पियाधुराबाटै निक्लने नदी नै बुझिन्थ्यो र कहिलेदेखि ब्रिटिश-भारतकालीन भारत सरकारले कालीनदी भनेर लिपुलेकबाट निक्लने अर्को नदीलाई देखाउन थाल्यो भनेर ऐतिहासिक काल-क्रमसहित भरपर्दो ढंगले भन्न सकिने स्थिति बनेको छ ।

समितिका अर्का सदस्य ऋषिराज लुम्सालीले दार्चुला जिल्लाको मालपोत कार्यालयबाट वि.सं. १९९७ साल मसिर २७ गतेको टिंकर, गुंजी, बुदी, छाङरू, र नावी गाउँको तिरो बैतडी क्षेत्रका मुख्य नापी अधिकृतद्वारा फर्छ्यौट गरिएको श्री ५ को सरकारसित सुरक्षित रहेको खड्‌गनिशाना उल्लिखित मोठ

श्रेस्ता पनि समितिको निम्ति संकलन गर्नु भएको छ । यो मोठ श्रेस्ताले पनि वि.सं. १९९७ सालसम्मै ती ठाउँहरूका जनताहरू नेपालअन्तर्गत थिए भनेर प्रष्ट इंगित गरेको छ । स्मरणीय छ, अहिले आइपुग्दा नावी, कुटी, गुन्जी, गाउँहरूमा भारतले अतिक्रमण गरेको छ । खालि छाङ्रू र टिंकर मात्रै नेपालमा बाँकी छ ।

समितिले नेपालका सिनीयर हाइड्रोलोजिष्ट इ. जगतकुमार भुसालबाट जलविज्ञानको विश्वव्यापी सर्वमान्य सिद्धान्तका आधारमा वास्तविक कालीनदी कुन हो र त्यसको वास्तविक मुहान कुन हो भन्ने सवालमा विज्ञ राय पनि संकलन गरेको छ । यो विज्ञ रायले जलविज्ञानको आधारमा वास्तविक कालीनदी र त्यसको उद्‌गम स्थल कुन हो भन्ने कुरा वैज्ञानिक तवरले प्रमाणित गरिदिएको छ ।

समितिले दार्चुला जिल्लामा प्र. जि. अ. भएर जनमत संग्रह (२०३७ साल) तिर काम गर्नु भएका डा. द्वारिकानाथ ढुंगेलको राय पनि प्रत्यक्ष भेटघाटको माध्यमबाट संकलन गरेको छ । र, अप्रत्यक्ष तर भरपर्दो स्रोतबाट २०५३ साल कार्तिक मंसिरतिर त्यही जिल्लामा प्र.जि.अ. रहनुभएका श्री मोहन आचार्यबाट पनि राय संकलन गरेको छ । दुवै प्र.जि.अ.बाट के कुरा ज्ञात भएको छ भने- भारतले नेपालको सीमा मिचेकोबारे पंचायती कालदेखि बहुदलीय कालसम्म प्रत्येक प्र.जि.अ. ले केन्द्रमा रिपोर्ट गर्दैआएका थिए ।

समितिले ऋषिराज लुम्सालीकै प्रयत्नबाट उत्तर भारतस्थित जी.बी.पन्थ युनीभर्सिटी पुस्तकालयमा एकजना भारतीय भूगोलविद् र बनारस हिन्दू युनीभर्सिटीका प्रोफेसर आर.एन.सिंघद्वारा संपादित एउटा पुस्तक पनि प्राप्त गरेको छ , जसको प्रकाशक भारतको National geographical society रहेको छ । यो भारतको भूगोलशास्त्रीहरूको आधिकारिक संस्था हो । यसको पृष्ठ ४५०मा एउटा नक्सा दिइएको छ, जसमा कालीनदीको मुहान लिम्पियाधुरा नै भएको संकेत नदी-चिन्हद्वारा देखाइएको छ ।

समितिले वाल्टर हेमिल्टनद्वारा लिखित "A Geographical, Statistical And Historical Description of Hindoostan And the Adjacent Countries Vol.2 (१९७१ मा ओरियण्टल पब्लिशर्सद्वारा प्रकाशित पुस्तक) पनि उपलब्ध भएको छ । त्यो पुस्तकको "The Kingdom of Nepal" भन्ने अध्यायमा नेपालको पश्चिमी सीमा कालीनदीलाई गोग्राको पश्चिमी शाखा भनेर उल्लेख गरिएको पाइएको छ । यसको महत्व केमा छ भने, गोग्राको पश्चिमी शाखा भनेको लिम्पियाधुराबाट निक्लेको कालीनदी सिवाय अर्को नदी होइन ।

> यो रिपोर्टमा हालसम्म समितिको प्रयत्नबाट उपलब्ध संपूर्ण भरपर्दो तथ्य प्रमाणहरूको आधारमा निकालिएको निचोड समावेश गरिएको छ ।

यसबाहेक पनि समितिले पत्रपत्रिकामा प्रकाशित तथ्यहरू र विज्ञहरूका रायहरू समेत संकलन गरेको छ र त्यसलाई पनि यो रिपोर्ट लेख्ने आधार बनाइएको छ ।

यो रिपोर्टमा हालसम्म समितिको प्रयत्नबाट उपलब्ध संपूर्ण भरपर्दो तथ्य प्रमाणहरूको आधारमा निकालिएको निचोड समावेश गरिएको छ । समितिको हात नलागेका र उजागर नभएका तथ्य प्रमाणहरू अरू पनि हुन सक्छन् । हामी तिनीहरूको पनि खोजी गर्दैजानेछौं र पाए जति तथ्य प्रमाणहरू सार्वजनिक गर्दै जानेछौं ।

## *कुन हो वास्तविक कालीनदी ? कुन हो त्यसको उद्‌गम स्थल ? सुगौली सन्धिताकाकै तथ्य प्रमाणहरू*

नेपालको पश्चिमी सीमा भारतीय पक्षबाट अतिक्रमण भएको हो कि होइन भन्ने ठहर गर्नका लागि सुगौली सन्धिले निश्चित गरेको पश्चिमी सीमा कालीनदी नै वास्तवमा कुन हो भन्ने ठहर गर्नु जरूरी भएको छ । यो हामीले माथि नै स्पष्ट पारिसकेका छौं ।

वास्तविक कालीनदी कुन हो भन्ने निश्चित गर्नका लागि सुगौली सन्धि वरपरका तमाम भरपर्दो तथ्य प्रमाणहरूले के भन्छन् ? र जल विज्ञानको सर्वमान्य सिद्धान्त के भन्छ भन्ने सवालमा सत्यको गहिराइसम्म पस्नु जरूरी हुन जान्छ ।

समितिले यस परिप्रेक्ष्यमा सुगौली सन्धि वरपरका थुप्रै ऐतिहासिक र भौगोलिक तथ्य प्रमाणहरू र विज्ञ रायहरू संकलित गरेको छ ।

## *जे. आदमको सन् १८१७ को आधिकारिक पत्र- ब्रिटिश रेजिडेण्टलाई*

यो पत्र सुगौली सन्धिको लगत्तै एक वर्षपछि ४ फेब्रुअरी १८१७ मा ब्रिटिश भारत सरकारका कार्यवाहक मुख्य सचिव जे. आदमले काठमाण्डौस्थित ब्रिटिश रेजिडेण्टलाई लेखेको सरकारी पत्र हो । *(सो पत्र पनि समितिले रिपोर्टको अनुसूची खण्डमा समावेश गरेको छ- सू.)*

ब्रिटिश-भारत सरकारको राजधानी कलकत्तामा नै हुँदा फोर्ट विलीयम्सबाट लेखिएको यो पत्रले के कुरा स्पष्ट पारेको छ भने गोग्रा (अर्थात् काली) नदीको पूर्वपट्टि देब्रे छेउमा रहेको एउटा गाउँबारे विवाद भएको रहेछ । त्यो ठाउँ त्यतिखेरसम्म कुमाउँ प्रान्तअन्तर्गत ब्रिटिश सरकारको मातहतमा रहेछ । तर कालीनदीको पूर्वमा पर्ने ब्यास प्रगन्ना अन्तर्गतको त्यो ठाउँबारे चौतरीया बम शाहले दावी गरेका रहेछन् । त्यसबारे ब्रिटिश सरकारका का.वा. मुख्य सचिव जे.आदमले काठमाण्डौस्थित रेजिडेण्ट एडवार्ड गार्डनरलाई गभर्नर जनरलका तर्फबाट के निर्देशित गरेका छन् भने सुगौली सन्धि मुताविक कालीनदीको पूर्वमा पर्ने ब्यास प्रगन्ना अन्तर्गतको त्यो ठाउँ बम शाहको दावी मुताविक नेपालको ठहर्छ । त्यसैले यसअघिसम्म कुमाउको ब्रिटिश प्रान्त अन्तर्गत भए पनि त्यो ठाउँलाई नेपाल सरकारका अधिकारीहरूलाई सुपुर्द गरी दिनु ।

कार्यवाहक मुख्य सचिवको यो निर्देशनले प्रष्ट पार्ने कुरा के हो भने कालीनदीको पूर्वमा पर्ने ब्यास-प्रगन्ना सुगौली सन्धि मुताविक नेपालको भएको छ, जुन पहिले कुमाउँ प्रान्त अन्तर्गत ब्रिटिश सरकारको अधीनमा थियो ।

स्मरणीय के छ भने, तात्कालीन समयमा कालीपूर्वको ब्यास-प्रगन्ना भन्नाले छाङ्रू, टिंकर, गुँजी, नाबी, कुटी, धुलिगडा, आदि गाउँहरू सम्मिलित क्षेत्र बुझिन्थ्यो । यी क्षेत्रहरू तब मात्रै कालीपूर्व पर्दछन् जब लिम्पियाधुराबाट निक्लिएको नदी कालीनदी ठहर्छ । तसर्थ, यो ब्रिटिश सरकारको कार्यवाहक मुख्य सचिवको आधिकारिक सरकारी चिठीले- वास्तविक कालीनदी कुन हो भन्ने संबन्धमा महत्वपूर्ण तथ्य उजागर गरेको छ ।

## *कुमाउँका प्रशासकलाई ब्रिटिश सरकारको निर्देशन*

त्यस्तै, अर्को एउटा महत्वपूर्ण प्रमाण २२ मार्च १८१७ मा ब्रिटिश भारत सरकारका उनै कार्यबाहक मुख्य सचिव जे. आदमले नै गभर्नर जनरलको तर्फबाट कुमाउँका कार्यवाहक कमीश्नर जी.डब्ल्यू. ट्रेललाई लेखेको सरकारी निर्देशन पत्र पनि हाम्रो हात परेको छ ।

त्यो निर्देशन कालीनदीको पूर्वपट्टि रहेको प्रगन्ना ब्यासका गाउँहरू र त्यही प्रगन्नाका भोटिया जमीन्दारहरूको निवेदन-पत्र बारेमा छ । त्यस पत्रमा दुइटा तथ्य स्पष्टताका साथ जे. आदमले कुमाउँका कमीशनरलाई स्पष्ट पारेका छन् ।

एउटा, कालीपूर्व पर्ने ब्यास प्रगन्नाका सारा गाउँहरू र जमीनहरू पहिलो कुमाउँ प्रान्त अन्तर्गत पर्ने भए तापनि, अब सन्धि अनुसार ती नेपाल अन्तर्गत नै पर्दछन् भन्ने । र, ती गाउँहरू नेपाललाई सुम्पन आनाकानी गर्नु एकदमै अवाञ्छनीय छ भन्ने ।

दोश्रो, काली पूर्वका ब्यास प्रगन्नाका भोटिया जमीन्दारहरूले पहिले जस्तै ब्रिटिश शासन अन्तर्गत नै रहन पाउँ भनेर निवेदन दिए पनि सुगौली सन्धि मुताविक कालीपूर्वको ब्यास-प्रगन्ना, त्यहाँका गाउँहरू र जमीनहरू, नेपालको हुने सुनिश्चित भएकाले ब्रिटिश सरकार ती जमीन्दार र त्यहाँका वासिन्दाहरूलाई आफ्नो मातहत पार्न जतिसुकै इच्छुक भए पनि त्यसो गर्न सक्दैन । ती गाउँहरू र जमीनहरू नेपाललाई हस्तान्तरण गर्नै पर्छ भन्ने कुरा ती जमीन्दारहरूलाई स्पष्टसित व्याख्या गरी दिनु भन्ने ।

यो ब्रिटिश भारत सरकारको आधिकारिक निर्देशन पत्रले पनि कालीपूर्वको ब्यास-प्रगन्ना सुगौली सन्धि मुताविक नेपालकै हो भन्ने सावित गरेको छ । कालीपूर्वको ब्यास-प्रगन्ना भन्नाले कुन कुन गाउँहरू पर्दछन् भन्नेबारे

> *दुवै प्र.जि.अ.बाट के कुरा ज्ञात भएको छ भने- भारतले नेपालको सीमा मिचेकोबारे पंचायती कालदेखि बहुदलीय कालसम्म प्रत्येक प्र.जि.अ. ले केन्द्रमा रिपोर्ट गर्दैआएका थिए*

*बैतडी मालमा हालसम्म सुरक्षित दस्तावेज कागजातबाट त्यस्तो एउटा मोठ कागजातको सबूद प्रमाण उपलब्ध भएको छ- जसले प्रष्टै देखाउँछ कि वि.सं. १९९७ साल मंसिर २७ गतेसम्म पनि छाङ्रू, टिङ्कर, बुदी, गुञ्जी, गर्ब्याङ, नव्याल गाउँको तिरो नेपालको बैतडी मालमा तिरिन्थ्यो*

हामीले माथि नै उल्लेख गरेका छौं तसर्थ- यो निर्देशन पत्रले पनि कालीपूर्वको व्यास-प्रगन्नाभन्दा पश्चिममा बहने नदीलाई कालीनदी भनेर स्पष्ट रूपमा औंल्याएको छ । वास्तविक कालीनदी कुन हो र त्यसको उद्गम स्थल कुन हो भन्ने निश्चित गर्नका लागि सुगौली सन्धिभन्दा लगत्तै पछिका यी दुई चिट्ठीले भरपर्दो तथ्य प्रमाणको रूपमा काम गरेका छन् । *(दुवै चिट्ठीको मूल प्रतिलिपी र अनुवाद समितिक रिपोर्टको अनुसूचीमा । -मू.)*

## अन्य ऐतिहासिक प्रमाणहरू

योगी नरहरिनाथद्वारा प्रकाशित 'सन्धिपत्र संग्रह'मा दिइएको सन् १८१७ को "१२ व्यास १४ चौदासका टिङ्कर, छाङ्रू दुई गाउँलाई सूचना" भन्ने कौषी तोषाखानाबाट प्राप्त ऐतिहासिक पत्रले पनि कालीपूर्वका ती गाउँहरू सुगौली सन्धिको लगत्तैपछि नेपालको अधीनमा थिए भन्ने देखाएको छ । यसका अतिरिक्त समितिसित बैतडी मालमा हालसम्म सुरक्षित दस्तावेज कागजातबाट त्यस्तो एउटा मोठ कागजातको सबूद प्रमाण उपलब्ध भएको छ- जसले प्रष्टै देखाउँछ कि वि.सं. १९९७ साल मंसिर २७ गतेसम्म पनि छाङ्रू, टिङ्कर, बुदी, गुञ्जी, गर्ब्याङ, नव्याल गाउंको तिरो नेपालको बैतडी मालमा तिरिन्थ्यो । र, यी गाउँहरू मिली बनेको क्षेत्रलाई 'व्यास गर्खा' भनिन्थ्यो । र, यो तिरो बैतडी नापी मुख्य अफिसर अड्डामा फछ्यौट गरिएको थियो । वि.सं. १९९७ मंसिर २७ गतेको खड्ग निशाना समेतको उल्लेख भएको तिरो तिरेको बारेमा यो मोठको प्रतिलिपी समितिसित उपलब्ध छ ।

यद्यपि यो जग्गाको स्वामित्वसंम्बन्धी कागजात हो र यस्तो मोठ स्रेस्तालाई नेपाल भारत सीमा निर्धारणमा आधारभूत सबूद प्रमाण मानिएको छैन, तथापि यो मोठ कागजातले पनि के कुरा प्रष्टैसँग पुष्टि गरेका छन् भने सुगौली सन्धिले कालीनदीलाई सीमा तोकेपछि त्यसको ठीक पूर्वपट्टि रहेका यी व्यासक्षेत्रका गाउँहरू वि.सं. १९९७ सालसम्म पनि (अर्थात् सन् १९४० सम्म पनि) नेपालको राजश्व प्रशासन अन्तर्गत थिए । भारतले अहिले दावी गरे झैं कालापानीको कृत्रिम तलाउलाई कालीको मुहान मान्ने हो भने यी मध्ये छाङरू र टिंकर बाहेककाअन्य गाउँहरू कदापि नेपालको राज्य प्रशासनअन्तर्गत पर्ने थिएनन् । अहिले मोठ कागजातमा उल्लिखित गाउँहरूमध्ये छाङरू र टिङ्कर गाउँबाहेक बाँकी सबै गाउँहरूलाई भारतले आफ्नो राज्य प्रशासनअन्तर्गत पर्नेगरी अतिक्रमण गरेको छ । गुञ्जी, कुटी र नावीडाङमा त अहिले भारतले सीमा अतिक्रमण गरी सशस्त्र सीमा प्रहरीको क्याम्प नै थापना गरिसकेको छ ।

यसरी उपरोक्त मोठ कागजातले पनि के स्पष्टसित देखाएको छ भने सन् १८१७ को जे. आदमको पत्रमा उल्लिखित व्यास क्षेत्र वि.सं. १९९७ (अर्थात् सन् १९४०) सम्म पनि नेपालको राज्य प्रशासनअन्तर्गत थियो र त्यस क्षेत्रको मालपोत नेपालमै तिरिन्थ्यो ।

## नक्साहरूले देखाएका तथ्य प्रमाणहरू

यी ऐतिहासिक प्रमाणहरूले देखाएको तथ्यलाई त्यस समयका नक्साहरूले अरू ज्यादा स्पष्टसित प्रमाणित गरेको पाइएको छ ।

सुगौली सन्धिले अर्थ्याएको वास्तविक कालीनदी कुन हो र त्यसको उद्गमस्थल कुन हो भन्ने सवालमा स्पष्ट हुनको लागि सुगौली सन्धिको ठीक अगाडि र सुगौली सन्धिको ठीक पछाडिको ब्रिटिश भारतको आधिकारिक नक्साहरू हेर्नु नितान्त जरूरी हुन्छ । त्यस्ता आधिकारिक र भरपर्दा नक्साहरू समितिको खोजवीनबाट पत्तो लागेको छ । ती नक्साहरूमध्ये पहिलो महत्वपूर्ण नक्सा हो- २ जनवरी १८१६ को नक्सा । (हेर्नुहोस् नक्सा नं. १.१)

### २ जनवरी १८१६ को नक्सा

यो नक्साको महत्व यसमा छ कि यो सुगौली सन्धि हुनुभन्दा करिब दुई महीनामात्र अघिको नक्सा हो ।

यो आधिकारिक नक्सा पनि हो, किनकि यो नक्साको प्रकाशकको रूपमा नक्साको तलतिर " London Published 2 January 1816 by A. Arrowsmith NO. 10. Soho Square-Hydrographer to His Majesty" लेखिएको छ । अर्थात्, यो तात्कालीन बेलायतका राजाका हाइड्रोग्राफर स्वयम्ले तयार पारेको र प्रकाशित गरेको प्रामाणिक नक्सा हो ।

यो नक्साको भरपर्दोपनाको अर्को सबूद के पनि देखिन्छ भने यो नक्साको शीर्षक "Improved Map of India, Compiled From all the Latest and Most Authentic Materials" भनेर दिइएको छ । अर्थात् यो नक्सा पछिल्ला सबैभन्दा आधिकारिक प्रमाणहरूका अधारमा तयार पारिएको छ ।

यो ब्रिटिश भारतको आधिकारिक नक्साको विशेषता के देखिन्छ भने, यसले लिम्पियाधुराबाट निक्लेको नदीलाई "Gogra R." लेखेको छ र नक्साको बीच तथा मध्यभागमा त्यही गोग्रा नदीलाई "Kalee R. Western Branch of Gogra or Sorjou" लेखेको छ । यसको तात्पर्य, यो नक्साले लिम्पियाधुरालाई नै कालीनदीको उद्गम स्थल मानेको छ र त्यहाँबाट निक्लने नदीलाई नै वास्तविक कालीनदी मानेको छ । साथै यसले कालीनदीलाई "गोग्रा वा सर्जू नदीको पश्चिमी शाखा" मानेको छ ।

यसप्रकार, टिस्टादेखि काँगडासम्मको विशाल नेपालको यो आधिकारिक नक्साले -सुगौली सन्धि हुनुभन्दा ठीक अगाडिसम्म पनि कालीनदी भन्नाले लिम्पियाधुरानेरबाटै उद्गम हुने नदी बुझिन्थ्यो भनेर स्पष्टै देखाएको छ ।

अब हामी जाऔं- सुगौली सन्धिको लगत्तैपछिको नक्सातिर वास्तविक कालीनदीबारे त्यस नक्साले के भन्छ, त्यो हेरौं । यसका लागि हामीसित सन् १८१९ को नक्सा उपलब्ध छ ।

### सन् १८१९ को नक्सा

यो नक्साको महत्व यसमा छ कि यो सुगौली सन्धिभन्दा खालि ३ वर्षपछिको नक्सा हो । (नक्सा अनुसुचीमा)


यो नक्साको प्रकाशकमा "Printed at the Survey of India Office" लेखिएको छ । यसको मतलव यो तात्कालीन ब्रिटिश भारत सरकारको सर्भे कार्यालयबाटै तयार पारिएको र प्रकाशित गरिएको नक्सा हो , तसर्थ यो पनि आधिकारिक नक्सा हो ।

यो "Sketch of Kumao, Captain H.S. Webb Surveyor 1819" शीर्षक दिइएको नक्साको विशेषता के देखिन्छ भने सुगौली सन्धिको लगत्तैपछिको यो नक्साले पनि लिम्पियाधुराबाटै निक्लेको नदीलाई "Kalee R." अर्थात् "कालीनदी"

*यो नक्साको महत्व यसमा छ कि यो सुगौली सन्धि हुनुभन्दा करिब दुई महीनामात्र अघिको नक्सा हो*



नक्सा नं. १.१



*सन् १८३० देखि सन् १८४६ सम्मका यी ६ वटै नक्साहरूले पनि बास्तविक कालीनदी भने लिम्पियाधुराबाटै निक्लने नदीलाई ठहऱ्याएका छन् ।*

*(नक्सा नं. १.९)*

भनरे स्पष्टसित नक्साङ्कन गरेको छ । त्यसमाथि थप, यो सानो स्केलको नक्सामा लिपुलेकबाट निक्लेको नदीलाई कुनै नाम दिइएको पाईदैन । नक्साङ्कन गरिँदा कम महत्वको सानो सहायक नदीलाई यस्तो गर्ने प्रचलन छ । यही कारणले लिपुलेकबाट निक्लेको नदीलाई नाम नदिइएको हुनसक्छ ।

यसप्रकार ब्रिटिश भारत सरकारको सर्भे अफ इण्डियाबाटै मुद्रित र प्रकाशित सुगौली सन्धिको तुरुन्तै पछिको यो आधिकारिक नक्साले पनि वास्तविक कालीनदी भनेर लिम्पियाधुराबाटै निःसृत कालीनदीलाई प्रमाणित गरेको छ ।

यसरी सुगौली सन्धिभन्दा लगत्तै अधिको र लगत्तै पछिको ब्रिटिश भारत सरकारका दुवै प्रामाणिक नक्साहरूले वास्तविक कालीनदी कुन हो भन्ने संवन्धमा कुनै भ्रम रहनु नपर्ने गरी विवाद हल गरी दिएका छन् । माथि उल्लिखित ऐतिहासिक तथ्य प्रमाणहरूले यस सवालमा जुन कुरा औंल्याएका छन्, यी दुवै नक्साहरूले तिनै तथ्यहरूलाई राम्ररी पुष्टि गरेका छन् ।

खालि यिनै नक्साहरू मात्र होइन, सुगौली सन्धि हुनुभन्दा करीब एक दशक पछिको नक्साले पनि यही तथ्यको पुष्टि गरेको भेटिएको छ । उदाहरणको निम्ति, सन् १८२७ को नक्सा हेरौं ।

### *१ फरवरी १८२७ को नक्सा*

सुगौली सन्धि भएको करीव ११ वर्षपछिको यो नक्साको महत्व यसमा छ कि यो कालीनदीको वास्तविक मुहान र कालीनदी संवन्धमा प्रष्ट पार्ने हामीसंग यपलब्ध सबैभन्दा ठूलो, स्पष्ट देखिने प्रामाणिक नक्सा हो । (हेर्नुहोस् नक्सा नं.-१.३)

"Gurwal Kumaon" गढवाल कुमाउँकमै विवरण अंकित यो नक्साको भरपर्दोपना र प्रामाणिकता केबाट सिद्ध हुन्छ भने यो नक्साको प्रकाशकमा "Published According to Act of Parliament by James Horst Surgh Hydrographer to the East India Company" भनेर लेखिएको छ । यसको मतलब, यो नक्सा ब्रिटिश संसदले पारित गरेको ऐन मुताविक तयार पारिएको छ । र, यो नक्सा तात्कालीन भारतमा शासन गरिरहेको इष्ट इण्डिया कंपनी सरकार स्वयम्ले आफ्नै हाइड्रोग्राफरलाई लगाएर तयार पार्न लगाएको हो । यस हिसावले यो तात्कालीन समयको सबैभन्दा भरपर्दो र प्रामाणिक नक्सामध्येको एउटा नक्सा देखिएको छ ।

यो नक्साले लिम्पियाधुराबाटै उद्गम भएको नदीलाई कालीनदी "Kalee River" भनेर अत्यन्त स्पष्टसँग देखिनेगरी नक्साङ्कन गरेको छ । यो नक्सामा लिम्पियाधुराबाट निक्लेको नदीलाई शुरू तथा मध्य भागमा "Kalee River" भनिएको छ । त्यही नदीलाई नक्साको दक्षिणी भागमा "Surjoo Ghagra or Kalee R." नाम दिइएको छ । यसको तात्पर्य सर्जू र घाग्रा भनेका कालीनदीकै अन्य नाम हुन् भनेर यो नक्साले पनि पुष्टि गरेको छ ।

यो नक्सामा लिपुलेकबाट निक्लेको नदीको दक्षिणी अंशसम्म अंकन मात्र गरिएको छ, तर यसअधिका अन्य नक्सामा जस्तै, कम महत्वको सानो सहायक नदी भएकाले, त्यो नदीको नाम नक्सामा लेखिएको छैन ।

यसप्रकार, सुगौली सन्धि भएको ११ वर्षपछिसम्म पनि ब्रिटिश भारत सरकार स्वयम्ले वास्तविक कालीनदी भन्नाले लिम्पियाधुराबाटै निक्लने नदीलाई बुझ्दथ्यो र लिपुलेकबाट बहने नदीलाई कुनै महत्वपूर्ण नाम भएको नदी ठान्दैनथ्यो, यसलाई सहायक नदी मात्र ठान्थ्यो भन्ने कुरा यो नक्साबाट स्पष्टतः प्रमाणित भएको छ ।

यसरी जे. आदमका पत्रहरू, अन्य ऐतिहासिक सवूदहरू र यो नक्साको विवरणका बीचमा राम्रो तादत्म्यता भेटिन्छ ।

## *अन्य नक्साहरू*

यस्तै तादत्म्यता पछिल्ला थुप्रै नक्साहरूमा पनि भेटिन्छ । उदाहरणका लागि :

❑ सन् १८३० को "London, Parbury, Allen & co." बाट प्रकाशित नक्सामा *(रिपोर्टको अनुसूचीमा सो नक्सा समाविष्ट -सू.)*

❑ सन् १८३४ को "Vorder-Indien Orderdas Indo- Britische Reich 1834, Steilers Hand Atles Germany"द्वारा प्रकाशित नक्सामा (अनुसूची नक्सा नं. १.५)

❑ मार्च १, १८३५को नक्सामा, जुन "Baldwin & Cradock 47 Pukrruster Row" द्वारा प्रकाशित नक्सा हो । (अनुसूची नक्सा नं १.६)

❑ सन् १८३७ को जे.वी. टास्सीनद्वारा प्रकाशित नक्सामा (अनुसूची, नक्सा नं. १.७)

❑ मार्च १, १८४१ को John Murrey Albermale Street द्वारा प्रकाशित नक्सामा (नक्सा नं. १.८)

❑ सन् १८४६ को "London : Charles Knight & co. 22 Ludgate Street"द्वारा प्रकाशित नक्सामा ( नक्सा नं.१.९)

सन् १८३० देखि सन् १८४६ सम्मका यी ६ वटै नक्साहरूले पनि बास्तविक कालीनदी भने लिम्पियाधुराबाटै निक्लने नदीलाई ठहऱ्याएका छन् । माथिका झैं यी ब्रिटिश भारत सरकार आफैंले प्रकाशित गरेका नक्सा होइनन् । यिनको विवरण अनुसुचीमा मात्र दिइएको छ । तथापि यी सबै नक्साहरूले एकसाथ लिम्पियाधुराबाटै निक्लेको नदीलाई कालीनदी भनेर नक्साङ्कन गर्नुका पछाडि यो संयोग मात्र हो भन्न सकिँदैन ।

सुगौली सन्धिभन्दा ४० वर्षपछिसम्म सबै ब्रिटिश-भारतीय नक्साहरूले अन्य नदीलाई कालीनदी भनेको पाईदैन । तिनीहरूले लिम्पियाधुराबाटै पैदा हुने

*यो कालीनदीको वास्तविक मुहान र कालीनदी संवन्धमा प्रष्ट पार्ने हामीसंग यपलब्ध सबैभन्दा ठूलो, स्पष्ट देखिने प्रामाणिक नक्सा हो ।*

**नक्सा नं. १.३**



नक्साहरू संकलन : वृद्धिनारायण श्रेष्ठ

नदीलाई एक स्वरले कालीनदी (अथवा घाग्रा, गोग्रा, वा सर्जू नदी) भनेर स्पष्ट रूपमा औंल्याएको पाइन्छ । त्यसमाथि थप, माथि बयान गरिएका ६ वटामध्ये ४ वटा नक्सा त बेलायतबाटै प्रकाशित नक्साहरू हुन् । यी नक्साहरू आफैं सर्भे गरेर होइन, ब्रिटिश-भारत सरकारका आधिकारिक नक्साहरूकै आधारमा जन साधारणको जानकारीका निम्ति प्रकाशित नक्सा देखिन्छन् ।

यसको अपवादको रूपमा सन् १८५० को नक्सा मात्र देखिन्छ । (नक्सा नं. 1.10) ब्रिटिश भारतको "डिपुटी सर्भेयर जनरल अफ इण्डिया"द्वारा १९ अप्रिल १८५० मा प्रकाशित यो नक्सामा लिम्पियाधुराबाट उद्‌भव हुने वा लिपुलेकबाट उद्‌भव हुने दुवै नदीको नाम दिइएको छैन । तसर्थ यो नक्साले पनि माथिका नक्साहरूले देखाएको तथ्यलाई खण्डन गरेको देखिन्न ।

तथापि सन् १८५० पछि सन् १८५६ मा प्रकाशित अर्को अत्यन्त आधिकारिक नक्सामा भने फेरि पनि वास्तविक कालीनदी भनेर त्यही नदीलाई प्रष्ट रूपमा देखाइएको छ, जसलाई सुगौली सन्धिको लगत्तैअघि र पछिका नक्साहरूले देखाएका छन् ।

## *सुगौली सन्धिकालीन नक्साहरूको निचोड*

यसप्रकार, ब्रिटिश-भारत सरकार स्वयम्‌को सुगौलीसन्धिको लगत्तै अघिपछिका आधिकारिक नक्साहरूले मात्र हैन, सुगौलीसन्धि भएको ४० वर्षपछिसम्मका आधिकारिक नक्साहरूले समेत निर्विवाद रूपमा कुन तथ्यलाई प्रमाणित गरेको देखिन्छ भने-

- ❑ सुगौलीसन्धिले नेपालको पश्चिमी सीमा भनेर किटान गरेको कालीनदी लिम्पियाधुरा उद्‌गम स्थल भएको नदी नै हो ।
- ❑ अन्य ऐतिहासिक प्रमाणहरूले वास्तविक कालीनदी भनेर जुन नदीलाई औंल्याउँछन्, आधिकारिक नक्साहरूले पनि अरू ज्यादा स्पष्टताका साथ लिम्पियाधुराबाट उत्पन्न हुने त्यही नदीलाई वास्तविक कालीनदीका रूपमा पुष्टि गरेका छन् ।
- ❑ ब्रिटिश-भारत सरकारले सुगौली सन्धिभन्दा ४ दशकपछिसम्म पनि लिपुलेकबाट निक्लने नदीलाई नाम दिनलायकको महत्वपूर्ण नदी ठान्दैनथ्यो । यसलाई कालीनदीको सानो सहायक खोलो मात्र ठान्थ्यो ।

## *जल बिज्ञानका आधारमा वास्तविक कालीनदीको टुंगो*

कुनै पनि नदी प्रणालीमा मूल नदी कुन हो र त्यसको उद्‌गमस्थल कुन हो भन्ने कुरा निश्चित गर्नका लागि सबैभन्दा मूर्त र बस्तुसम्मत आधार जलबिज्ञानको सर्वमान्य सिद्धान्तले प्रदान गर्छ । जल बिज्ञानले नदीको लम्बाइ, जलाधार क्षेत्र, औसत पानीको बहावको मात्रा र नदी क्रमाङ्क जस्ता मूर्त र बैज्ञानिक मापदण्डहरूका आधारमा मूल नदी र नदीको उद्‌गमस्थल किटान गर्ने कार्य गर्छ । त्यसैले, जल बिज्ञानका आधारमा निकालिएका निचोडहरू अत्यन्त भरोसिला, सही र पारदर्शी हुन्छन् ।

यसै हुनाले समितिले ऐतिहासिक तथ्यहरू र नक्साहरूले औंल्याएको तथ्यलाई जल बिज्ञानका सर्वमान्य बैज्ञानिक सिद्धान्तका आधारमा छानवीन गर्ने प्रयत्न गरेको छ । यस परिप्रेक्षमा नेपालका प्रतिष्ठित जलबिज्ञान बिज्ञ तथा श्री ५ को सरकारका सिनियर डिभिजिनल हाइड्रोलोजिष्ट जगतकुमार भुसालको राय लिने कार्य समितिले गरेको छ ।

*समितिले ऐतिहासिक तथ्यहरू र नक्साहरूले औंल्याएको तथ्यलाई जल बिज्ञानका सर्वमान्य बैज्ञानिक सिद्धान्तका आधारमा छानवीन गर्ने प्रयत्न गरेको छ*

वास्तविक कालीनदी र त्यसको मुहान संबन्धमा उहाँले दिनु भएको बिज्ञ राय यस प्रकार छ :

"कुनै पनि नदी प्रणाली (River Drainage System) मा विविध खाले थुप्रै नदी र तिनका शाखा प्रशाखाहरू हुन्छन् । ती मध्ये कुन नदी मूल नदी हो, नदीको मुहान कुन हो भन्ने सवाल टुंगो लाउनको लागि नदीहरूको अध्ययन गर्नु पर्दा हेर्नुपर्ने मुख्य विषयहरूमा मूल नदी र सहायक नदीहरूको तुलनात्मक लम्बाइ, नदीहरूको जलाधार क्षेत्र, नदीमा औसत पानीको वहावको मात्रा र नदीको क्रमाङ्क पर्दछन् ।

जल बिज्ञानको सर्वमान्य सिद्धान्त के हो भने, मुख्य नदीको लम्बाइ नै सहायक नदीको लम्बाइ भन्दा ज्यादा हुन्छ । मुख्य नदीको जलाधार क्षेत्र सहायक नदीको जलाधार क्षेत्रभन्दा ठूलो हुन्छ । कुनै खास भौगर्भिक अवस्थामा बाहेक मुख्य नदीको नदी क्रमांक सहायक नदीको भन्दा बढी हुन्छ । दुई नदीमध्ये जुन नदीमा औसत पानीको वहाव बढी हुन्छ , त्यो नै मुख्य नदी हो । मुख्य नदी र यसको मुहान खोज्दै जानुपर्दा नदीको लम्बाई, नदीमा औसत पानीको मात्रा, नदीको जलाधार क्षेत्र र नदीको क्रमाङ्क हेर्नु नै पर्याप्त हुन्छ ।

कुनै बिन्दुबाट नदीको लम्बाई नाप गर्दा सो बिन्दुबाट नदीको बीच धारैधार नदीको मुहानसम्म नाप लिनु पर्दछ । पानीढलो अर्थात् जुन जुन क्षेत्रबाट पानी मिसिनजान्छ, ती सबै जमीन नदीको जलाधार क्षेत्रभित्र पर्न जान्छन् । मुहानबाट निस्केपछि जब खोलाको रूप लिन्छ , त्यस खोलालाई नदी क्रमाङ्क-१ (Order–1) नम्बर दिइन्छ । एक नम्बरसँग अर्को एक नम्बरको खोला मिलेपछि नदी क्रमाङ्कलाई दुई नम्बर (Order–2) दिइन्छ । यसरी नदी क्रमाङ्क बढ्दै जान्छ । यसरी सामान्यतया मुख्य नदीको नदी क्रमाङ्क सहायक नदीको भन्दा बढी हुँदै जान्छ ।

हवाइ फोटो र टोपोग्राफिकल नक्साबाट नदीको लम्बाइ, नदीको जलाधार क्षेत्र र नदीको क्रमाङ्क थाहा


## *सन् १८५६ को नक्सा*

सुगौली सन्धिभन्दा ठीक ४० वर्षपछि अक्टोवर १८५६ मा प्रकाशित यो नक्सा अत्यन्त महत्वपूर्ण आधिकारिक नक्सा हो ।

यो नक्साको आधिकारिकता र भरपर्दोपन केबाट देखिन्छ भने, यो ब्रिटिश -भारत सरकारको "Surveyor General's Office" अर्थात् सर्भे गर्ने र नक्सा तयार पार्ने सरकारको आधिकारिक उपल्लो ठाउँबाटै तैयार भएको र प्रकाशित गरिएको नक्सा हो । त्यसमाथि थप, यो नक्साको नोट नं. ३ मा "Jung Bahadur's Nipal Sketch Map in Devanagari Characters received from foreign department sent to thereto by Resident of Nepal" लेखिएको छ । "Nipal and the countries Adjoining with South, West and East" नाम दिइएको यो आधिकारिक नक्साको विशेषता के देखिन्छ भने, यो नक्साले पनि स्पष्टसित लिम्पियाधुरानेरबाटै उद्‌भव भएको नदीलाई "Kalee River" भनेर नक्सांकन गरेको छ । र, यही नदीलाई नक्साको दक्षिणमा पुगेपछि "Kalee Surjoo or Ghagra R." भनेर अंकन गरिएको छ । यो नक्सामा पनि लिपुलेकनेरबाट पैदा भएको नदीलाई क्रम महत्व दिएर कुनै नाम दिइएको छैन ।



*यो आधिकारिक नक्साको विशेषता के देखिन्छ भने, यो नक्साले पनि स्पष्टसित लिम्पियाधुरानेरबाटै उद्‌भव भएको नदीलाई "Kalee River" भनेर नक्सांकन गरेको छ* **(१८५६को नक्सा)**




*नक्साव्दारा सीमा हेरफेरको थालनी : सन् १८६५-६८ र १८७१-७७ गरी दुई चरणमा सर्भे गरी तयार गरिएको सर्भे अफ इण्डियाद्वारा नै प्रकाशित "डिष्ट्रिक्ट अल्मोरा" नाम गरेको आधिकारिक नक्सा । ( १८६५-७७ को नक्सा )*

पाउन सकिन्छ । जलाधार क्षेत्रको प्रकृति, आकार र क्षेत्रफलले नदीको बहाव (पानीं)को तुलनात्मक अनुमान गर्न सकिन्छ । यस रायमा राखिएका तथ्यहरू १ : १,०००,००० स्केल टोपोग्राफिकल नक्साको आधारमा ल्याइएका छन् । यी सबैको तुलनात्मक बिश्लेषण गर्दा प्रस्तुत स्केलको नक्साको आधारबाट लिम्पियाधुरातर्फबाट आउने खोलाको मुहान नै कालीनदीको उद्गम स्थल हो भन्ने तथ्यलाई ठोकुवा गर्न सकिन्छ ।

म आफ्नो रायमा दुईवटा नक्सा प्रस्तुत गर्न चाहन्छु । *(यी दुई नक्साहरू मूल्यांकनको यसै अंकमा श्री भुसालसंगको अन्तर्वार्ता प्रस्तुत गरिएको पृष्ठमा दिइएका छन् -सं.)*

नक्सा नं.- १ मा नेपाल भारत सीमानाबीचको नदीको दोभान वा संगम बिन्दुलाई मैले संगम स्थल- १ ( छोटकरीमा सं-१) भनेको छु । त्यसभन्दा उत्तरतर्फका मुख्य मुख्य नदी संगम स्थललाई क्रमश सं- २, सं- ३ गर्दै सं- ११ सम्मको नाम दिएको छु । त्यस्तै प्रकारले नदीका मुख्यमुख्य मुहान वा उद्गमस्थलहरूलाई पनि क्रमशः मुहान नं.- १ (छोटकरीमा मु- १), मु- २, मु- ३ गर्दै मु- १२ सम्मको चित्र प्रस्तुत गरेको छु ।

कालीनदीको एउटा मुहान मु.- ८ लासारयांकीमा पर्दछ । अर्को मुहान मु.- १० टिंकर भञ्ज्याङ्मा पर्दछ । र, मु- १२ लिम्पियाधुरामा पर्दछ ।

प्रस्तुत नक्साको आधारमा कालीनदीको कुल लम्बाइ नेपाल-भारत सीमाको संगमस्थल- १ (सं.- १)देखि उत्तरतर्फको मुहान- १२ अर्थात् लिम्पियाधुरासम्म करिब २५५ किलोमिटर देखिन्छ । संगमस्थल १ देखि सं.- ८ सम्म करिब १७५ किलोमिटर देखिन्छ । सं.- ८ मा दुई नदीको संगम स्थल छ । लासारयांकीबाट बहेर आउने धौलीगंगा नदी र लिम्पियाधुराबाट बहेर आउने कालीनदी यहीं आएर मिल्दछन् । यो बिन्दुमा मिल्ने दुई नदीमध्ये मुहान- ८ (छोटकरीमा मु.- ८) अर्थात् लासारयांकीतर्फबाट बहेर आउने नदीको लम्बाई लगभग ८० किलोमिटर छ । यो बिन्दुबाट मु- १२ अर्थात् लिम्पियाधुरातर्फबाट बहेर आउने नदीखण्डको लम्बाइ पनि करिब ८० किलोमिटर नै देखिन्छ । परन्तु, त्यस बिन्दुबाट उत्तरतर्फको संपूर्ण जलाधार क्षेत्रमध्ये करिब ४२ प्रतिशत भूभाग लासारयांकीतर्फबाट आउने नदीले र करिब ५८ प्रतिशत भूभाग लिम्पियाधुराबाट आउने नदीले ओगटेको देखिन्छ । तसर्थ, जलाधार क्षेत्रको हिसाबले र औसत पानीको हिसाबले लिम्पियाधुरातर्फबाट आउने नदी नै मुख्य कालीनदी हो भन्ने प्रमाणित हुनजान्छ ।

यस्तै प्रकारले उत्तरतर्फ बढ्दै जाँदा करिब २१५ किलोमिटर बिन्दु सं- ९ अर्थात् टिंकरखोला दोभान भेटिन्छ । र, सो स्थलबाट अझै माथि करिब २२० किलोमिटरमा अर्को गुंजी खोलादोभान अर्थात् सं- १० भेटिन्छ । संगम बिन्दु (सं.- १०) देखि उत्तरतर्फ पर्ने सम्पूर्ण जलाधार क्षेत्रको करिब २५ प्रतिशत भूभाग लिपुखोला (कालपानीतर्फ) को जलाधार क्षेत्रभित्र पर्दछ भने बाँकी ७५ प्रतिशत जलाधार क्षेत्र लिम्पियाधुराबाट आउने, हालको बोलीमा कुटीयांदी अर्थात् कालीनदीको जलाधार क्षेत्रमा पर्दछ । (हेर्नुहोस् नक्सा नं.- २) सं- १० को संगम बिन्दुबाट अर्थात गुंजी दोमानबाट उत्तर लिपुखोला (जसलाई कालापानी खोला पनि भनिने गरिएको छ)को कुल लम्बाइ लगभग १७.५ किलोमिटर मात्र छ, जब कि कुटीयांदी वा कालीको लम्बाइ ४५ किलोमिटर देखिन्छ ।

यसको तात्पर्य, लिपुखोलाको जलाधार क्षेत्रभन्दा कुटीयांदीको जलाधार क्षेत्र तीन दोब्बर ठूलो छ । लिपु खोलाको लम्बाइभन्दा कुटीयांदीको लम्बाइ लगभग साँढे दुई गुणा ज्यादा छ । यो सामान्य ज्ञानको कुरा हो कि जुन नदीको जलाधार क्षेत्र ठूलो हुन्छ र लम्बाइ ज्यादा हुन्छ, त्यस नदीमा औसत पानीको बहावको मात्रा पनि ज्यादा हुन्छ र नदीको क्रमांङ्ग पनि । मैले प्रस्तुत गरेको दुईवटै नक्सा हेर्नुभयो भने यो सत्य अरू ज्यादा छर्लंग हुनेछ ।

## *निचोड*

त्यसैले, जल बिज्ञानको सर्वमान्य सिद्धान्त र बैज्ञानिक मापदण्डका आधारमा के निष्कर्ष निकाल्न सकिन्छ भने, नदीको लम्बाइ, जलाधार क्षेत्र र पानीको वहावको मात्रा र नदी क्रमाङ्कको हिसाबले लिम्पियाधुरातर्फबाट निस्कने खोला नै मुख्य कालीनदी हो अथवा कालीनदीको माथिल्लो मुख्य खण्ड हो र यस्तै प्रकारले यकिन गरिएको हालको कुटीयांदी खोलाको लिम्पियाधुरा मुहान नै कालीनदीको उद्गमस्थल हो भन्ने तथ्यलाई अन्य कुनै पनि प्रमाणको आधारमा परिवर्तन गर्न सकिदैन ।"

जल बिज्ञानका आधारमा मुख्य नदी र नदीको उद्गमस्थल खोज्नेबारे UNESCO बाट प्रकाशित एउटा रिपोर्टबाट पनि यही कुरा पुष्टि गर्न सकिन्छ ।

सन् १९७४ मा अन्तर्राष्ट्रिय हाइड्रोलजिकल दशकमा तात्कालीन सोभियतसंघको एउटा कमिटीले तयार पारेको "World Water Balance and Water Resources of the Earth" शीर्षकको एउटा पुस्तकमा नदीको वर्गीकरणसंबन्धी परिभाषा दिइएको छ । त्यस परिभाषामा भनिएअनुसार "नदी ठूलो, सानो, मझौला भन्ने कुरा त्यसको जलाधार क्षेत्र, लम्बाई र त्यसमा बग्ने पानीको बहावको मात्राबाट निर्धारण हुन्छ ।"

यो परिभाषा तयार गर्नका लागि संयुक्त राष्ट्रसंघका तात्कालीन १३५ वटा देशहरूमध्ये ११० वटा राष्ट्र सहभागी भएका थिए, जसमध्ये भारत पनि एउटा थियो । तत्कालीन बिश्व संस्थाका अत्यधिक राष्ट्रहरूले तैयार गरेको यो परिभाषालाई नै अन्तर्राष्ट्रिय घोषित मान्य सिद्धान्त भनिन्छ ।

यही सिद्धान्तअनुसार वास्तविक कालीनदी र त्यसको उद्गमस्थल कुन हो भन्नेबारे हामीले यस रिपोर्टमा माथि पर्याप्ति चर्चा गरीसक्यौं ।

## *भारतीय भूगोलशास्त्रीको नक्सा*

समितिले उत्तर भारतस्थित जी.वि पन्थ युनीभर्सिटी पुस्तकालयबाट एउटा त्यस्तो पुस्तक फेला पारेको छ, जसमा कालीनदीको मुहानबारे भारतीय भूगोलशास्त्री स्वयम्ले उही कुरा भनेको पाइएको छ । एकजना भारतीय भूगोलविद् र बनारस हिन्दूयुनीभर्सिटीका प्रोफेसर R.L. Singh द्वारा संपादित "India– A Regional Geography" शीर्षक भएको यो पुस्तकको महत्व केमा छ भने, यो भारतको National Geographical Society of India स्वयम्द्वारा जनवरी १९७१ मा प्रकाशित पुस्तक हो । National Geographical Society of India भारतका भूगोलशास्त्रीहरूको आधिकारिक संस्था हो । यस पुस्तकको पृष्ठ ४५० मा एउटा नक्सा प्रस्तुत गरिएको छ । त्यस नक्सामा कालीनदी, धौलीगंगा र गौरीगंगाको अलग अलग मुहान देखाइएको छ । र, यो नक्सामा स्पष्ट रूपमा कालीनदीको मुहान लिम्पियाधुरातर्फ देखाइएको छ । र, त्यो नदीको चिन्ह मोटो धर्साबाट देखाइएको छ । तथापि यो नक्साको विरोधाभाष

*समितिले उत्तर भारतस्थित जी.वि पन्थ युनीभर्सिटी पुस्तकालयबाट एउटा त्यस्तो पुस्तक फेला पारेको छ, जसमा कालीनदीको मुहानबारे भारतीय भूगोलशास्त्री स्वयम्ले उही कुरा भनेको पाइएको छ*

के देखिन्छ भने, अन्तर्राष्ट्रिय सीमारेखा भने अन्यत्रै देखाइएको छ ।

यस्तैगरी वाल्टर हेमिल्टनद्वारा लिखित र ओरियण्टल पब्लिशर्स, दिल्लीद्वारा १९७१ मा प्रकाशित अर्को एउटा पुस्तक "Geographical, Statistical And Historical Description of Hindoostan And The Adjacent Countries" पनि समितिले प्राप्त गरेको छ ।

त्यो पुस्तकको पृष्ठ ६६३ मा नेपालको पश्चिमी सीमाबारे वर्णन गर्दे यस्तो लेखिएको छ- ".....to the west the limits are accurately defined by the course of the Cali (the western branch of the Gogra), beyond which is the British district of Kumaon."

यो उद्धरणको महत्व केमा देखिन्छ भने, यसमा कालीनदीलाई "गोग्राको पश्चिमी शाखा" भनिएको छ । हामीले माथि सन् १८५६ सम्मका थुप्रै नक्साहरूको उल्लेख गर्दा देखाईसक्यौं- गोग्रा नदीको पश्चिमी शाखा भनेको लिम्पियाधुराबाट बहने नदी नै हो, अर्को कुनै नदी होइन । यसरी यो विवरणले पनि वास्तविक कालीनदी कुन हो भन्नेबारे स्पष्ट पार्ने कार्य गरेको छ ।

यसरी, भारतीय नेशनल जोग्राफिकल सोसाइटीद्वारा प्रकाशित पुस्तक आफैंले पनि ठूलो र मूल कालीनदी कुन र त्यसको मुहान कुन भन्ने सवालमा माथि भनिएकै तथ्यलाई पुष्टि गर्ने काम गरेका छन् ।

### *अन्य सहायक तथ्य प्रमाणहरू*

'सीमा अतिक्रमण प्रतिरोध समिति'ले कालीनदी, यसको मुहान र कालापानीबारे वास्तविकता पत्ता लाउन प्रत्यक्ष र अप्रत्यक्ष स्रोतबाट सहायक तथ्यप्रमाणहरू संकलन गर्ने प्रयास गरेको छ । यी तथ्यप्रमाणहरूले के कुरा देखाउँछन् त ?

*खोजबीनको दौरानमा के भेटिएको छ भने, यस समितिका एकजना बरिष्ठ सदस्य भैरव रिसाल आफैं २०१८ सालमा नेपालको जनगणना हुँदा कालीपूर्वको ब्यासक्षेत्रकै पनि जनगणना अधिकृत हुनुहुन्थ्यो*

खोजबीनको दौरानमा के भेटिएको छ भने, यस समितिका एकजना बरिष्ठ सदस्य भैरव रिसाल आफैं २०१८ सालमा नेपालको जनगणना हुँदा कालीपूर्वको ब्यासक्षेत्रकै पनि जनगणना अधिकृत हुँनुहुन्थ्यो । उहाँ आफैंले, नावी, कुटी, गुंजीमा जनगणना गराउनु भएको थियो । ती गाउँहरूमा अहिले भारतद्वारा अतिक्रमण गरिसकिएको छ । परन्तु ती गाउँहरू २०१८ सालको जनगणना हुँदासम्म पनि नेपालको राज्यप्रशासन अन्तर्गत थिए । त्यसैले त अरू नेपाली गाउँजस्तै त्यहाँ नेपाल सरकारको तर्फबाट जनगणना भएको थियो ।

उहाँको यो कथ्य १९९७ सालको तिरोसंबन्धी मोठ कागजातमा उल्लिखित प्रमाण र जे. आदमका अधिकारिक चिठीहरूले औंल्याएका तथ्यहरूसित पूरै मेल खान्छन् ।

'सीमा अतिक्रमण प्रतिरोध समिति'ले दार्चुला जिल्लाका २०३६-३८ सालका प्रमुख जिल्ला अधिकारी तथा भूतपूर्व जलश्रोत सचिव डा. द्वारिकानाथ ढुंगेलसित पनि भेटघाट गरी उहाँको राय बुझ्ने कार्य गरेको छ ।

श्री ढुंगेलका अनुसार उहाँ दार्चुला जिल्लामा २०३६ कार्तिकदेखि २०३८ चैत्रसम्म प्रजिअको रूपमा कार्यरत हुनुहुन्थ्यो । यही दौरानमा उहाँले २०३८ श्रावण ५ गतेदेखि २७ गतेसम्म गुंजी, छाङ्रू, टिंकर र कालापानीको निरीक्षण भ्रमण गर्नुभएको थियो ।

उहाँ त्यहाँ जाँदा उहाँले गुँजीमा भारतीय स्पेशीयल पुलीस फोर्सको ब्यारेक र साथसाथै इण्डो-तिब्बेतियन बोर्डर पुलीस फोर्सको ब्यारेक देख्नुभएको थियो । कालापानीमा पनि उहाँले त्यस्तै दृश्य देख्नुभयो ।

कालापानीमा पूर्वपट्टि पहाडको फेदीमा खोल्सोनेर शिव र कालीको मन्दिर बनाइएको, त्यसको सामुन्ने एउटा पोखरी खनिएको, पोखरीमा खोल्सोको मूलको पानी जम्मा गरिएको र पोखरीबाट निक्लेको पानीलाई नहरमार्फत् बायाँतिर लगेर नदीमा मिसाइएको दृश्य श्री ढुंगेलले देख्नुभएको थियो ।

उहाँका अनुसार त्यहाँ बसेका भारतीय अधिकारीहरू पोखरीमा मिसाइएको मूलको पानीलाई कालीनदीको मुहान भन्दारहेछन् । त्यो मूलको अन्दाजी ३० मिटर दक्षिणको धारलाई उनीहरू नेपाल र भारतको सीमाना भन्दारहेछन् । तर उनीहरूले देखाएको सीमानामा न कुनै नदी थियो, न त सीमा स्तम्भ नै ।

स्थानीय बासिन्दाहरूसित उहाँले कुराकानी गर्दा उनीहरू 'कालीनदी जोलिङ्गकाङ्गबाट निक्लन्छ' भन्दथे । नदीको आकारबारे आफैंले निरीक्षण गर्दा खोल्सोको पानीभन्दा लिपुलेकबाट आएको नदीको पानी ज्यादा थियो । लिपुलेकबाट निक्लेको नदीको पानीभन्दा जोलिङ्गकाङ्गबाट निक्लेको र गुंजीमा मिसिनआउने कुटी नदीको पानीको अनुपात निकै ज्यादा देखिन्थ्यो । स्थानीय बासिन्दाहरू 'कुटी नै वास्तविक कालीनदी हो' भन्दथे ।




*नेपालमा देशभक्त नेपालीहरूले सीमा अतिक्रमणका विरूद्ध निरन्तर आवाज उठाउँदै आएका छन् । देशभक्त युवाहरू पनि यस कार्यमा अग्रसर छन् । अ.ने. जनवादी युवालिग र अनेरास्ववियु (योगद्य-रूपनारायण) यस मामलामा अग्रणी रहेका छन् । सीमा क्षेत्रको यथार्थ चित्रण गर्दै र नेपालीहरूको देश प्रेमको भावनालाई प्रतिविम्बित गर्दै उनीहरूले पोष्टर, क्यालेण्डर, स्टीकर आदि पनि प्रकाशित गरेका छन् । यो पोष्टर-क्यालेण्डर अ.ने.ज. युवालिगले यसरी नै प्रकाशित गरेको सामग्री हो ।- मूल्यांकन*

श्री ढुंगेलका अनुसार नेपाली सीमा मिचिएकोबारे, नेपाल र भारतबीच स्पष्ट सीमा रेखाङ्कन आवश्यक भएकोबारे उहाँले २०३८ साल भाद्रमा केन्द्रमा लिखित रिपोर्ट पठाउनु भएको थियो ।

श्री ढुंगेलको भनाइ थियो- उहाँलेजस्तै दार्चुलाका प्रत्येक सिडिओले कालापानीमा नेपाली सीमा मिचिएको बारे केन्द्रमा रिपोर्ट गरेका छन् ।

२०३० साल कार्तिक १७ गते कालापानी क्षेत्रको सीमा समस्याबारे अध्ययन गर्नका लागि परराष्ट्र मंत्रालय र गृह मंत्रालयको संयुक्त टोली पनि दार्चुलामा गएको छ । कालापानी क्षेत्र घुमेको छ । र, त्यस टोलीले पनि केन्द्रमा रिपोर्ट गरेको छ ।

दार्चुला जिल्लामै २०५३ सालदेखि २०५५ सालसम्म पनि प्रजिअ नै रहीरहनु भएका श्री मोहनप्रसाद आचार्यको प्रत्यक्ष अन्तर्वार्ता 'मूल्यांकन' मासिकमा २०५३ साल मंसिरको अंकमा र २०५५ साल असारको अंकमा प्रकाशित भएको छ । त्यस अन्तर्वार्तामा श्री आचार्यले दार्चुला जिल्लामा भारतले नेपाली भूभाग मिचेको र नेपाली क्षेत्रमा भारतीय सैनिक शिविर खडा गरेको दाबी गर्नुभएको छ ।

उहाँको भनाइ छ- "सीमा मिचिएकोबारे पहिलेदेखि नै प्रत्येक प्रजिअले केन्द्रमा जानकारी गराउँदै आएका छन् । तर, माथिबाट औपचारिक रूपमा खासै कदम चालिएन । त्यसैले गर्दा यो विवाद जटिल बन्न पुगेको छ । (हेर्नुहोस्, 'मूल्यांकन' पूर्णांक : ४२ पृष्ठ ५) ।

श्री आचार्यका अनुसार "हालको कुटी नदीदेखि पूर्वतर्फ लिपुखोलासम्मको संम्पूर्ण भूभाग भारतले अतिक्रमण गरेको क्षेत्र हो । तर पछि उनीहरूले लिपुखेला मिचेर वारि नै आएर सैनिक क्याम्प खडा गरे । कुटीनदी नै वास्तविक कालीनदी हो । यो जानकारी आफूहरूले केन्द्रमा दिंदैआएको उहाँको पनि दावी छ । (हेर्नुहोस्, 'मूल्यांकन' उही अंक, त्यसमा प्रस्तुत उहाँको विचार) ।

ठीक यस्तै भनाइ २०५३ साल कार्तिक/मंसिरताका दार्चुला जिल्लाको कालापानी नजिकैको गाउं विकास समिति ब्यास गा.वि.स.का अध्यक्ष जयेन्द्रसिंह ऐतवालको पनि देखिन्छ ।

श्री ऐतवालको भनाइ छः "मेरै गा.वि.स.को कुटीदेखि कालापानीसम्मको हज्जारौं हेक्टर भूमिमा उनीहरूले

निर्लज्ज अतिक्रमण गरेर सैनिक क्याम्प समेत खडा गरेका छन् । दशकौंअघिदेखि भएको यो अतिक्रमणबारे जानकारी पाउँदापाउँदै पनि सरकारले बोल्न सकेको छैन । सरकारी मौनताले गर्दा भारतको हौसला भन् बढेको छ । उसले बारम्बार अतिक्रमण क्षेत्र बढाइरहेको छ । यस्तै हो भने भोलि ब्यास गा.वि.स. नै उसले खान सक्छ ।" (हेर्नुहोस्, 'मूल्यांकन' उही अंक, पृष्ठ ६)

ब्यास गर्खाकै एउटा गाउँ छाङ्रूका पहिले भारतीय स्पेशीयल पुलीस फोर्समा कार्यरत एकजना ७२ वर्षीय वृद्ध गगनसिंह ऐतवालका अनुसार पहिले "कुटीनदी आसपासका गाउँहरूलाई गोर्खाली गाउँ भनी बुभिन्थ्यो । कुटी, गुन्जी, बुंदी, टिंकर र छाङ्रूलाई ब्यास गर्खा (गोरखा) भनिन्थ्यो । यी गाउँहरूमध्ये कुटी, गुन्जि र बुंदी हाल भारतमा पारिइसकिएका छन् । टिंकर र छाङ्रू नेपालमा पर्छन् ।" (हेर्नुहोस्, उही 'मूल्यांकन' अंक ४२, पृष्ठ ७)

माथिका सहायक तथ्य प्रमाणहरूबाट के निचोड निकाल्न सकिन्छ भने-

## *निचोड*

❑ २०१८ साल (अर्थात् १९६१) मा नेपालको राष्ट्रिय जनगणना हुँदासम्म पनि कुटी, नावी, गुंजीजस्ता कुटीनदी पूर्वका गाउँहरू नेपालबाटै जनगणना हुनेगरी नेपालको राज्यप्रशासन अन्तर्गत थिए, जुन अहिले रहेका छैनन् ।

❑ दार्चुलामा प्रमुख जिल्ला अधिकारी भएर जाने प्रत्येक जिल्ला प्रशासकलाई कुटीनदी पूर्वका लिपुखोलासम्मका नेपाली प्रभुसत्ताअन्तर्गत पर्ने भूभागहरू भारतद्वारा अतिक्रमित भएकोबारे राम्ररी थाहा छ । उनीहरूलाई स्थानीय वासिन्दाहरूमार्फत् कुटीनदी नै वास्तविक कालीनदी हो भन्ने पनि थाहा भएको छ । उनीहरूले यी तथ्यहरूबारे केन्द्रमा पनि सूचना गरेका छन् । तर केन्द्रले संपूर्ण सूचनाहरूका बावजूद यो समस्या सुल्भाउन कुनै मूर्त र प्रभावकारी कदम चालेको छैन ।

❑ कुटीनदी आसपासका गाउँहरूलाई पहिले 'गोर्खाली गाउँ' भनी बुभिन्थ्यो । कुटी, गुँजी, नाबी, टिंकर र छाङ्रूलाई स्थानीय वासिन्दाहरूका अनुसार पहिले "ब्यास गर्खा" भनिथ्यो । ती नेपाली गाउँहरू थिए । अहिले टिंकर र छाङ्रू मात्र नेपालमा बाँकी छन् । बाँकी गाउँमा भारतीय अतिक्रमण भइसकेको छ ।

## *कहिलेदेखि भयो सीमा*

## *अतिक्रमणको थालनी ?*

सन् १९५० को दशकदेखि, बिशेषतः चीन-भारत युद्धपछि सन् १९६० को दशकदेखि कालापानी-लिम्पियाधुरा क्षेत्रमा भारत सरकारबाट नेपाली भूभागमा सीमा अतिक्रमण भएको भन्ने धारणा नेपालमा व्याप्त छ । समतिको खोज अनुसन्धानले के देखाएको छ भने, यो धारणा सही होइन । वर्तमान भारत सरकारबाट नेपाली भूमिमा सीमा अतिक्रमण हुनुभन्दा करीब एक शताब्दी पहिले एकतर्फी रूपमा ब्रिटिश-भारत सरकारबाट नक्साङ्कनमार्फत् नक्सामा सीमा हेरफेर को क्रमको थालनी भएको छ । हामी सन् १९६० को दशकदेखि नेपालको उत्तर पश्चिमी सीमामा नेपाली भूभागमा भारतद्वारा सीमा अतिक्रमण भयो भनिरहेछौं । परन्तु नक्साङ्कनमार्फत् तिनै भूभागमा भारतीय सीमा हेरफेरको कार्य सन् १८६० को दशकदेखि नै थालनी भएको भेटिएको छ ।

हामीले माथि सुगौलीसन्धि वरपरका र सन् १८५६ सम्मका नक्साहरूको विवरण, विश्लेषण प्रस्तुत गर्‍यौं । यी संपूर्ण नक्साहरूले सुगौलीसन्धिले नेपालको पश्चिमी सीमाको रूपमा औंल्याएको कालीनदी कुन हो भन्ने सवाललाई र त्यसको उद्गमस्थलको सवाललाई सुस्पष्ट रूपमा हल गरिदिएका छन् । सुगौली सन्धिकालीन ब्रिटिश भारत सरकारका संपूर्ण आधिकारिक नक्साहरूले एउटै सत्य निरन्तर र निर्विवाद रूपमा औंल्याएका छन्- लिम्पियाधुरा उद्गम स्थल भएको गोग्रा, घाग्रा, सर्जू वा कालीनदी नै वास्तविक कालीनदी हो ।

तथापि यो निर्विवाद ऐतिहासिक सत्यलाई सन् १८५६ पछिका ब्रिटिश भारत सरकारका आधिकारिक नक्साहरूले क्रमबद्ध र सुनियोजित रूपमा हेरफेर गर्न खोजेको भेटिएको छ । त्यसैले, समितिले खोजबीनद्वारा उपलब्ध संपूर्ण नक्साहरूलाई मोटामोटी रूपमा तीन चरणमा विभाजित गर्न उपयुक्त देखेको छः

पहिलो चरण, सुगौली सन्धिकालीन र सुगौली सन्धिमुताविकका सन् १८५६ सम्मका नक्साहरू ।

दोश्रो चरण , सन् १८५७ देखि १८८१ सम्मका - हेरफेरको शुरूवातका तर संक्रमणकालीन नक्साहरू ।

तेश्रो चरण, सन् १८८१ यताका संपूर्ण नक्साहरू ।

**पहिलो चरण**-सुगौली सन्धिकालीन र सुगौली सन्धि मुताविकका सन् १८५६ सम्मका नक्साहरू ।

यसबारे रिपोर्टको माथिल्लो भागमै हामीले पर्याप्त विश्लेषण गरीसक्यौं । त्यसैले, यहाँ सारांशमा खालि यति मात्र भनौं -

यो चरणका संपूर्ण नक्साहरूले सुगौलीसन्धिले अर्थ्याएको वास्तविक कालीनदी लिम्पियाधुराबाट निक्लेको नदी नै हो भन्ने तथ्य सन् १८१६ देखि ४० वर्षको अवधिसम्म निरन्तर रूपमा देखाएका छन् । एउटा सन् १८५० को नक्साले लिम्पियाधुरा वा लिपुलेकको कुनै ठाउँबाट निक्लने नदीलाई कुनै नाम दिएको छैन । तथापि यो नक्साले पनि अन्य सबै नक्साले औंल्याएको तथ्यलाई खण्डन गरेको छैन । त्यसैले, सुगौलीसन्धि वरपरका र सन् १८५६ सम्मैका संपूर्ण १० वटा नक्साहरू के कुरामा निरन्तर एक मत छन् भने- कालीनदी अर्को कुनै नदी होइन, त्यो लिम्पियाधुराबाट भर्ने नदी नै हो, जो तल मध्यदक्षिणी भागमा गएपछि गोग्रा, घाग्रा वा सर्जू नदी कहलाइन्छ ।

यो चरणका संपूर्ण नक्साहरू के कुरामा पनि एक मत देखिन्छन् भने, लिपुलेकबाट भर्ने लिपुखोला नक्सामा अंकन गर्न लायकको महत्वपूर्ण नदी नै होइन । यो कालीको सानो सहायक खोला मात्रै हो, तसर्थ सपूर्ण ११ वटै नक्सामा यो खोलाको नामै दिइएको छैन ।

**दोश्रो चरण**- सन् १८५७ देखि १८८१ सम्मका नक्साव्दारा सीमा हेरफेरको थालनी तर संक्रमणकालीन नक्साहरू ।

दोश्रो चरणका हामीसित चारवटा महत्वपूर्ण नक्साहरू उपलब्ध छन् ।

पहिलो, सन् १८६५-६९ र १८७१-७७ गरी दुई चरणमा सर्भे गरी तयार गरिएको सर्भे अफ इण्डियाद्वारा नै प्रकाशित "डिष्ट्रिक्ट अल्मोरा" नाम गरेको आधिकारिक नक्सा ।

दोश्रो, सन् १८७८ मा कोलोनल एच.सी.बी. ट्यानर रिंगी निंगुयलद्वारा प्रकाशित "स्केच म्याप् अफ नेपाल" नामक नक्सा ।

तेश्रो, सन् १८७९ मा सर्भे अफ इण्डियाबाटै प्रकाशित "नेपाल आल्मोरा डिष्ट्रीक्ट यूनाइटेड प्रोभीन्स" नामक आधिकारिक नक्सा ।

चौथो, सन् १८८१ मा सर्भेयर जनरल अफ इण्डियाद्वारा नै प्रकाशित "नेपाल तिब्बत एण्ड यूनाइटेड प्रोभीन्स" नाम गरेको आधिकारिक नक्सा ।

यी चारैवटा नक्साहरू अध्ययन गर्दा के पत्तो लागेको छ भने, ठीक सन् १८५६ को समयदेखि सन् १८८१ सम्ममा प्रकाशित आधिकांश आधिकारिक नक्साहरूमा तत्कालीन ब्रिटिश भारत सरकारले संभवतः निश्चित रणनीतिक उद्देश्य राखेर सुनियोजित रूपले नै सुगौलीसन्धिले ठम्याएको कालीनदीको नाम र साविकको वास्तविक मुहान नै बदल्न शुरू गरेको छ । अर्को नदीलाई कालीनदी भन्न थालिएको छ ।

सुगौलीसन्धिताका र सुगौली सन्धिपछि लामो समयसम्म कालीनदीको वास्तविक मुहान लिम्पियाधुरा नै किटान गरिएको र लिम्पियाधुराबाट निःसृत नदीलाई नै सबैजसो आधिकारिक नक्साहरूले सर्जु, घाग्रा, गोग्रा वा कालीनदी भनेर स्पष्ट किटान गर्दै आएकोमा अब लिपुलेकनेरबाट निक्लेको सानो सहायक नदीलाई केही नक्सामा "कालीनदी" भन्न थालिएको छ । साविकको कालीनदीलाई चाहिँ नदीको नाम नै बदलेर "कुटी , कुटी याङ्ती वा कुटी याङ्दी" भन्न थालिएको छ ।

नक्साङ्कनको इतिहासमा यो आश्चर्यजनक घटना हो । हिजोसम्म त्यही सानो खोलोलाई ब्रिटिश भारत सरकार र उनका संपूर्ण सर्भेयर हाइड्रोग्राफरहरूले नक्सामा नाम दिन लायकको महत्वपूर्ण नदी समेत नसंभन् । पछि एकाएक र एकतर्फी रूपमा त्यही सानो सहायक अमहत्वपूर्ण खोलो नक्सामा "कालीनदी" को रूपमा देखापर्नु र वास्तविक कालीनदी चाहिँ अर्कै नाममा देखा पर्नु ? ! नक्साको इतिहासमा यो नक्साङ्कनको संपूर्ण मर्यादा र नैतिक मूल्यको उल्लंघन हो । नक्सामार्फत् सीमा हेरफेरको यो ज्वलन्त उदाहरण हो ।

नक्सामार्फत् नेपालको सीमा हेरफेर गर्ने प्रक्रियाको पहिलो ज्वलन्त उदाहरण हो - सन् १८६५-६९ र १८७१-७७ को विभिन्न चरणका सर्भेहरूमा आधारित गरेर प्रकाशित District Almorah नामक नक्सा ।

### *सन् १८६५-६९ र १८७१-७७ को सर्भेमा आधारित नक्सा*

यो नक्सा Survey of India जस्तो ब्रिटिश भारत सरकारको सर्भे र

> *पछि एकाएक र एकतर्फी रूपमा त्यही सानो सहायक अमहत्वपूर्ण खोलो नक्सामा "कालीनदी" को रूपमा देखापर्नु र वास्तविक कालीनदी चाहिँ अर्कै नाममा देखा पर्नु ? ! नक्साको इतिहासमा यो नक्सांकनको संपूर्ण मर्यादा र नैतिक मूल्यको उल्लंघन हो ।*

नक्साको आधिकारिक संस्थाबाटै प्रकाशित आधिकारिक नक्सा हो । प्रकाशित गरेको साल यसमा छैन ।

यो नक्सामा पहिलो पटक लिम्पियाधुराबाट पैदा भएको नदीलाई Kuti Yangti (कुटी याङ्ती) नाम दिइएको छ । त्यो भन्दा पनि महत्वपूर्ण कुरा यो नक्सामा पहिलो पटक लिपुलेक नजीकबाट निक्लेको सानो खोलोलाई Kalee R. अर्थात् "काली नदी" भनेर लेखिएको छ । जुन खोलोलाई यसअघिका ब्रिटिश भारत सरकारका सर्भेयरहरूले प्रथम चरणका संपूर्ण नक्सामा कम महत्वको सहायक नदी ठानेर नदीको नाम समेत अंकन गरिन्नथ्यो , अब त्यही सानो खोलोलाई यस नक्सामा एकाएक "कालीनदी" भनिएको छ । यो कार्यमार्फत् ब्रिटिश भारत सरकारले साविकको नेपाल-भारत अन्तर्राष्ट्रिय सीमालाई कालीनदीबाट लिपुखोलामा एकतर्फी रूपमा सुट्टक्क सार्न खोजेको प्रष्टै देखिन्छ । नक्सामार्फत् सीमा हेर फेर भनेको ठीक यही हो ।

यति मात्र हैन । यो नक्सामा न त कुटी याङ्ती भनिएको नदीमा नेपाल भारतबीचको अन्तर्राष्ट्रिय सीमाको संकेत चिन्ह छ, न लिपुखोलामा । अन्तर्राष्ट्रिय सीमानाको संकेत चिन्ह त कालापानीको दक्षिणमा रहेको पंखागाड खोलाभन्दा पनि दक्षिण कालीनदीको साँघुबाट सीमानालाई पूर्वतर्फ मोडी पहाडको डाँडैडाँडा पानीढलो हुँदै टिंकरभन्दा उत्तर र लिपुलेक भंज्याङभन्दा दक्षिणमा लगेर टुंग्याइएको छ । यसको मतलव नेपालको साविकको सुगौलीसन्धिले निश्चित गरेको कालीनदीको सीमालाई अवैध र एकतर्फी रूपमा ब्रिटिश भारत सरकारबाट यो नक्सामार्फत् ठूलो हेरफेर गरिएको छ । नदीको सीमालाई डाँडा वा जमीनमा सार्न खोजिएको छ ।

यो नक्साको विशेषता के देखिन्छ भने, यसमा संकेत लाइनद्वारा लिम्पियाधुराबाट बहने नदीलाई पनि यथास्थानमा अंकित गरिएको छ, त्यस्तै लिपुखोलालाई पनि र कालापानीलाई पनि । प्राकृतिक बस्तुहरू सबै ठीक ठीक ठाउँमा अंकित छन् । स्केल लगाएर हेर्दा जम्मै बस्तुहरू हुनुपर्ने ठाउँमै भेटिन्छन्, किनकि यो १ इन्च बराबर २ माइल स्केलको ठूलो नक्सा हो । तर यसमा मूल सीमा नदीको नामै फेरिएको छ , अर्कै खोलोलाई कालीनदीको नामले संकेत गरिएको छ । नेपालको अन्तर्राष्ट्रिय सीमा नै हेरफेर गरिएको छ ।

नदीको नाम नै फेरे पनि नक्साको संकेत चिन्हले भने बास्तविक सत्यलाई पूरै छोपछाप पार्न सकेको पाइन्न । किनकि यो नक्सामा लिम्पियाधुराबाट बहने नदीलाई दुई लाइनमा अंकित गरिएको छ, जब कि लिपुखोलालाई खालि एक लाइनद्वारा अंकन गरिएको छ । नक्साको अन्तर्राष्ट्रिय प्रचलनमा दुई लाइनले अंकित गरिएको नदी मूल नदी ठहरिन्छ, एक लाइनले अंकित गरिएको नदी सहायक नदी । यस प्रकार, यो नक्साको नक्साङ्कनमा संकेत लाइनमार्फत् भने लिम्पियाधुराबाट निक्लेको काली नै मूल नदी हो भन्ने सत्यको उद्घाटन भएरै छाडेको देखिन्छ । (*हेर्नुहोस् नक्सा नं. क*)

यसरी, नेपालको सीमा हेरफेर एकतर्फी र अवैध रूपमा सर्वप्रथम ब्रिटिश भारत सरकारकै पालामा नक्सामार्फत् भएको पाइएको छ । ठीक यही प्रबृत्ति र विवरण सन् १८७९ को नक्सामा पनि भेटिएको छ ।

> नेपालको सीमा हेरफेर एकतर्फी र अवैध रूपमा सर्वप्रथम ब्रिटिश भारत सरकारकै पालामा नक्सामार्फत् भएको पाइएको छ । ठीक यही प्रबृत्ति र विवरण सन् १८७९ को नक्सामा पनि भेटिएको छ ।

## सन् १८७९ को नक्सा

यो अझ ठूलो नक्सा हो , १ इन्च = १ माइल स्केलको । किनकि यो नक्सा पनि "सर्भे अफ इण्डिया" बाटै प्रकाशित आधिकारिक नक्सा हो । यो नक्सामा पनि ठीक माथि उल्लिखित नक्सामा जस्तै वास्तविक कालीनदीको नाम नै बदलिएको छ, लिपुखोलालाई नै कालीनदी भनिएको छ र, माथि भनिएजस्तै गरी नेपालको अन्तर्राष्ट्रिय सीमाना नै बदलिएको छ । यो नक्सा १८६५-६९-१८७१-७७ कै सर्भेमा आधारित अझ ठूलो नक्सा देखिन्छ । किनकि माथिको नक्सा र यसमा सबै विवरण उस्तै देखिन्छन् ।

यसरी एकतर्फी रूपमा नक्सामा नदीको नाम नै बदलेर, अन्तर्राष्ट्रिय सीमा नै बदलेर नेपालको सीमा अतिक्रमण गर्ने पूर्वाधारको प्रक्रिया यस अवधिमा थालिए पनि सन् १८८१ सम्मका केही नक्सामा भने केही विरोधाभाषहरू पनि पाइएका छन् । जस्तो, १८७८ को नक्सामा ।

## सन् १८७८ को नक्सा

"Sketch Map of Western Nepal" नाम गरिएको यो नक्साको निर्माणकर्ता र प्रकाशकमा COL. H.C.B. Tanner B.S.C. and Ringi Ningual 1877-78 with Routes by Various Explorers लेखिएको छ ।

यो नक्साको विशेषता के छ भने, यस नक्सामा लिम्पियाधुराबाटै पैदा भएको नदीलाई कालीनदी लेखिएको छ । यसमा लिपुलेकबाट उम्रेको नदीलाई स्पष्टसित अंकितसम्म पनि गरिएको भेटिन्न ।

त्यसैले, यो नक्सा माथिका दुई नक्साभन्दा विल्कूलै फरक नक्साका रूपमा देखिन्छ ।

माथिल्ला दुई आधिकारिक नक्साहरूभन्दा केही फरक सन् १८८१ को सर्भे अफ इण्डियाकै आधिकारिक नक्सा पनि देखिएको छ ।

## सन् १८८१ को नक्सा

"Nepal, Tibet and United Province" नामक यो मध्यम स्केलको नक्सा ब्रिटिश भारतको सर्भेयर जेनरल अफ इण्डियाद्वारा प्रकाशित आधिकारिक नक्सा हो । तथापि यो नक्साको भिन्नता के छ भने, माथिका दुई-ब्रिटिश भारतीय नक्सामा जस्तो यो नक्सामा लिपुखोलालाई "कालीनदी" भनिएको छैन । यसमा त्यो खोलोलाई प्रथम चरणका नक्सामा जस्तै फेरि पनि कुनै नाम नदिई उत्तिकै छोडिएको छ । परन्तु यसमा लिम्पियाधुराबाट झरेको नदीलाई चाहिँ कुटीनदी "Kuti R." नामाकरण गरिएको छ । तसर्थ यो संक्रमणकालीन नक्साका रूपमा देखिन्छ । किनकि यसमा कालीनदीको साविक नाम त बदलिएको छ , तर अर्को कुनै नदीलाई कालीनदी भनिएको छैन ।

यो नक्साको अर्को विशेषता के भेटिन्छ भने, यसमा पनि लिम्पियाधुराबाट बहेको "कुटी" नदीलाई नक्साङ्कन गरिँदा दुई लाइनमा गरिएको छ, तर लिपुखोलालाई एक लाइनमा गरिएको छ । यसको तात्पर्य के हो, हामीले १८६५-६९-७१-७७ को नक्साको विवरणमै उल्लेख गरीसक्यौं । अर्थात्, यसले पनि नक्साङ्कनको संकेत लाइनमा लिम्पियाधुराबाट बहने नदी नै मूल कालीनदी हो भन्ने सत्यलाई पूरै छोपछाप पार्न सकेको छैन । त्यो उद्घाटन भएरै छोडेको छ ।

## निचोड

यसरी चारैवटा नक्साको अध्ययनबाट के देखिनआएको छ भने-

❑ सुगौली सन्धिताका र त्यसपछि पनि लामो समयसम्म वास्तविक कालीनदी र त्यसको मुहानबारे संपूर्णजसो आधिकारिक भारतीय नक्साहरूले एउटै कुरा भनीआएका थिए : लिम्पियाधुराबाट निःसृत नदी नै मूल र वास्तविक कालीनदी हो । तथापि सन् १८५६ देखिका सन् १८८१ सम्मका आधिजसो आधिकारिक भारतीय नक्साहरूले साविकको कालीनदीको नाम पनि र मुहान पनि फेर्ने कोशिस गरेका छन् र नदीको सीमालाई जमीनमा सार्ने प्रयत्न गरेका छन् ।

❑ यो चरणको नक्सामा सुगौलीसन्धिपछि पहिलो पटक पहिले अमहत्वपूर्ण सानो सहायक खोलो ठानेर नक्सामा नाम समेत नदिइने गरेको लिपु खोलालाई "कालीनदी" नामाकरण गर्न थालिएको छ । यसरी ब्रिटिश भारत सरकारले नक्सामार्फत् सीमानदीको रूपमा रहेको साविकको कालीनदी नै लिपुखोलामा सारेर बीचको नेपाली भूमि अतिक्रमण गर्ने दाउ शुरू गरेको छ ।

❑ नक्सामार्फत् नेपाली भूमि भारतमा पार्ने प्रक्रियाको शुरूवात १८६५-६९ र १८७१-७७ को सर्भेपछि तयार पारिएको नक्सार्फत् पहिलो चोटि भएको पाइएको छ । सन् १८७९ को नक्साले त्यही प्रक्रियालाई अघि बढाएको छ ।

यो चरण साविकको कालीनदीको नाम र मुहान फेर्ने प्रयत्नको शुरू र संक्रमणकालीन चरणका रूपमा मात्र देखिन्छ । यो चरणका सबै नक्सामा कालीनदीको नाम र मुहान फेरिभ्याएको देखिन्न किनकि यो चरणका नक्सामा त्यस्तो पनि एउटा नक्सा भेटिन्छ, जसमा लिम्पियाधुराबाटै झरेको नदीलाई कालीनदी भनिएको छ, जस्तो १८७८ को नक्सा । अनि, त्यस्तो नक्सा पनि भेटिन्छ, जसमा लिपुखोलालाई "कालीनदी" पनि भनिएको छैन र अर्को कुनै नाम पनि दिइएको छैन, जस्तो १८८१ को नक्सा ।

❑ नक्सामार्फत् सीमा हेरफेर गर्ने प्रक्रियाको थालनी यो चरणमा भएपनि प्राकृतिक बस्तुहरूको संकेत चिन्हद्वारा नक्साङ्कन गरिँदा नदीको नक्साको संकेत लाइनमा मूल कालीनदी लिम्पियाधुराबाटै निक्लेको नदी हो भन्ने तथ्यलाई छोपछाप पार्न सकिएको छैन ।

## तेश्रो चरण सन् १८८१ देखि पछिका नक्साहरू

सन् १८८१ भन्दापछि बनेका र प्रकाशित भएका तेश्रो चरणका प्रायः सबैजसो नक्साको अध्ययन गर्दा के

*नेपाली सीमा अतिक्रमणको विशेषता के देखियो भने, प्रारम्भमा नक्सामार्फत् सीमा हेरफेर थालियो र एक शताब्दीपछि अर्द्ध-सैनिक सीमा प्रहरी बलले भौगोलिक क्षेत्र नै कब्जा गरेर सीमा अतिक्रमण गरे । यो चरणका हामीसित पाँच वटा नक्सा उपलब्ध छन् ।*

पाइन्छ भने, सन् १८८१ भन्दा उता साविकको काली नदीलाई कुटी वा कुटी याङ्ती नदी भन्ने र लिपुलेकनेरबाट निक्लेको कालीको सहायक खोलोलाई कालीनदी भन्ने सवालमा दोस्रो चरणका नक्साहरूमा भेटिने संक्रमणकालीन विरोधाभाष भेटिन्न । यो चरणका नक्साहरूमा पुग्दा सुगौली सन्धिले निर्धारित गरेको नेपालको पश्चिमी सीमा (कालीनदी) लाई नक्सामा साविकको कालीनदीको नाम नै बदलेर र लिपुखोलोलाई कालीनदीको नाम दिएर नक्सामार्फत् सीमा हेरफेर गर्ने काम सुदृढ र परिपक्क पार्न खोजेको देखिन्छ ।

हाम्रो खोजबीनबाट के पनि पत्तो लागेको छ भने, कालापानी लिम्पियाधुरा क्षेत्रमा नक्सामार्फत् नेपालको सीमा हेर फेर गर्ने प्रक्रिया सन् १८६० को दशकदेखि नै प्रारम्भ भएको थियो र सन् १८८१ यता पुग्दा यो प्रक्रिया परिपक्व भइसकेको थियो । भारतीय प्रहरीहरू आएर क्याम्प जमाउने काम मात्रै सन् १९६० को दशकमा प्रारम्भ भएको हो । यो क्षेत्रको नेपाली सीमा अतिक्रमणको विशेषता के देखियो भने, प्रारम्भमा नक्सामार्फत् सीमा हेरफेर थालियो र एक शताव्दीपछि अर्द्ध-सैनिक सीमा प्रहरी बलले भौगोलिक क्षेत्र नै कब्जा गरेर सीमा अतिक्रमण गरे । यो चरणका हामीसित पाँच वटा नक्सा उपलब्ध छन् ।

❑ सन् १९३०/३१ मा सर्भेयर जनरल अफ इण्डिया अफिसबाट प्रकाशित 'नेपाल, तिब्बत र यूनाइटेड प्रोभीन्स' नामक आधिकारिक नक्सा ।

❑ सन् १९५४ को अमेरिकी आर्मी म्याप सर्भिसद्वारा तयार गरिएको 'नन्दादेवी मानसरोवर' नामक नक्सा ।

❑ सन् १९६७ मा मस्कोबाट प्रकाशित World Atlas, दोश्रो संस्करणमा संलग्न नक्सा ।

❑ सन् १९७९ को नेपाल र चीनद्वारा संयुक्त रूपमा प्रकाशित नेपाल चीन सीमा नक्सा ।

❑ सन् १९७५ (अर्थात्) २०३२ सालमा नेपालको नापी विभागद्वारा प्रकाशित गरिएको नेपालको नक्सा ।

यी पाँचवटा नक्सामध्ये सन् १९३०/३१ को नक्साले लिम्पियाधुराबाट निक्लेको नदीलाई कुटी याङ्ती र लिपुलेकनेरबाट निक्लेको नदीलाई कालीनदी नामाकरण गरेको छ । र, यो नक्सा सन् १८६५-६९-१८७१-७७ को नक्सा जस्तै छ ।

अमेरिकाको आर्मी म्याप सर्भिसले तयार पारेको सन् १९५४ को नक्साले पनि लिम्पियाधुराबाट निक्लेको नदीलाई "कुटी याङ्ती" नै लेखेको छ । परन्तु लिपुलेकनेरबाट निक्लेको नदीको नामाकरण गरेको छैन ।

मस्कोबाट सन् १९६७ मा World Atlas मा प्रकाशित नक्सा भने यो चरणका नक्सामध्ये अपवादका रूपमा देखिन्छ । यो एउटा नक्सामा अझै लिम्पियाधुराबाटै निक्लेको नदीलाई रूसी भाषामा Kali Nadi लेखिएको छ, ( अनुसूची, )

सन् १९७९ को नेपाल चीन बीचको संयुक्त सीमा नक्साले लिपुलेकबाट निक्लेको लिपुखोलालाई नै "कालीनदी" भनेर लेखेको छ । तर नेपाल, चीन र भारतबीचको त्रिदेशीय विन्दू किटान नगरी उत्तिकै छोडेको छ । यो पंचायतकालीन नक्सा हो । पंचायती सरकारलाई भारतले कालापानी क्षेत्रको सीमा मिच्न थालेको सूचना प्राप्त छ । तथापि त्यसमा चूपचाप रहेर यो नक्सा तैयार पारेको देखिन्छ । यो ठूलो विडम्वना हो ।

सन् १९७५ अर्थात् २०३२ सालमा नेपालको नापी विभागद्वारा प्रकाशित नक्सा नेपालले प्रकाशित गरेको आफ्नो मुलुकको पहिलो नक्सा हो । संयुक्त राष्ट्र संघको सहयोगमा नापी विभाग अन्तर्गत स्थालरूप नापी महाशाखा खडा भएपछि सानो मानमा नक्सा बनाई पहिलो पटक यो नक्सा प्रकाशित गरिएको हो । परन्तु यो नक्सा नेपाल आफैंले फिल्ड सर्भे गरेर निर्माण गरेको नक्सा होइन । भारत, बेलायत र अमेरिकाद्वारा नै प्रकाशित नक्साहरूका आधारमा यो नक्सा तयार पारिएको देखिन्छ ।

यो पनि पंचायतकालीन नक्सा हो । यसमा पनि पंचायती सरकारले लिपुलेकबाट निक्लेको नदीलाई "कालीनदी" ठहऱ्याएको छ । भारतले नेपालको सीमा मिचेको सूचना ज्ञात हुँदाहुँदै पनि भारत सरकार नरिसाओस् भनेर कुर्सी -स्वार्थको निम्ति देशको सीमाको सम्बन्धमा आँखा चिम्लीदिने काम यो नक्सामा पनि भएको देखिन्छ ।

यी जम्मै नक्साहरूको अध्ययनबाट के भन्न सकिन्छ भने,

### निचोडहरू

❑ तेश्रो चरणका ब्रिटिश भारतद्वारा प्रकाशित सवै आधिकारिक नक्सामा लिम्पियाधुराबाट निक्लने नदीलाई "कुटी याङ्ती" भनिएको छ र लिपुखोलालाई "कालीनदी" भनिएको छ ।

यी नक्सामा दोश्रो चरणका नकसाहरूमा जस्तो विरोधभाष भेटिन्न । यो चरणमा आएपछि सवै ब्रिटिश भारतीय नक्साहरू एउटै कुरा देखाउँछन् ।

❑ यो चरणमा नेपाल सरकार र चीन सरकारको संयुक्त सीमानक्सा पनि छ, नेपालको नापी विभाग आफैंले प्रकाशित गरेको नक्सा पनि छ । तर दुवै नक्सामा नेपालको तात्कालीन पंचायती सरकारले नेपालको उत्तर पश्चिमी सीमा कालीनदी संवन्धमा सुगौलीसन्धि मुताविक र सुगौलीसन्धिकालीन नक्साहरू, ऐतिहासिक तथ्यहरूमुताविक अडान लिएको पाइन्न । दुवै नक्सामा भारतद्वारा सिधासिधा सीमा अतिक्रमण भएको कुरा जानकारी हुँदाहुँदै पनि चुपचाप स्वीकार गरिएको देखिएको छ ।

❑ नक्सामा कालीनदीको नाम र मुहान नै फेर्ने कार्य अर्थात् नक्साङ्कनको फेरबदलमार्फत् पश्चिमी सीमाको अतिक्रमण गर्ने प्रक्रिया १८६० को दशकदेखि नै प्रारम्भ भएको थियो । खालि प्रशासनिक, प्रहरी र फौजी अतिक्रमण मात्र पछि १९६० को दशकदेखि भएको हो ।

### हाम्रा ठहरहरू

माथि दिइएका संपूर्ण ऐतिहासिक तथ्यप्रमाणहरू, ब्रिटिश भारत सरकारका सुगौलीसन्धिकालीन आधिकारिक नक्साहरू, जल विज्ञानका सर्वमान्य बैज्ञानिक सिद्धान्त र मापदण्डहरूका आधारमा समिति कुन ठहरमा पुगेको छ भने-

❑ सुगौलीसन्धिले नेपालको पश्चिमी सीमा भनेर किटान गरेको कालीनदी लिम्पियाधुरानेरबाट पैदा हुने नदी नै हो । हाल कुटी वा कुटीयाङ्ती भनिएको नदी नै वास्तविक र मूल कालीनदी हो । यो नदीको उद्‌गमस्थल लिम्पियाधुरा नै हो ।

❑ लिपुलेकबाट पैदा हुने लिपुखोला नै सुगौली सन्धिले तोकेको कालीनदी हो भन्ने श्री ५ को सरकारको धारणा जलबिज्ञान, इतिहास र सुगौलीसन्धि कालीन प्रामाणिक नक्साहरू, यी तीनवटै आधारमा गलत र आधारहीन सावित भएको छ ।

सुगौलीसन्धि कालीन संपूर्ण आधिकारिक नक्साहरूमा ब्रिटिश-भारत सरकार स्वयमले कालीनदी भन्नाले एउटै नदीलाई मात्र किटानीसाथ अंकित गरेको पाइएको छ, त्यो हो- लिम्पियाधुराबाट बहने नदी । लिपुलेकबाट बहने लिपुखोलालाई त ऊ स्वयमले अत्यन्त कम महत्वको सहायक खोलो ठहऱ्याएर सन्धिकालीन सानो, ठूलो कुनै पनि नक्सामा त्यो खोलोको नाम समेत अंकित गरेको पाइन्न । लिपुखोला सीमानदी भएको भए सन्धिकालीन जतिसुकै ठूलो, सानो आधिकारिक नक्सामा पनि यसको नाम महत्वका साथ अवश्यै अंकित गरिन्थ्यो ।

❑ कालापानी क्षेत्रमा भारतबाट सशस्त्र सीमा प्रहरी, अर्द्ध सैनिक दस्ता र प्रशासनमार्फत् प्रत्यक्ष रूपमा नेपाली भूभाग मिच्ने कार्य सन् १९६० को दशकदेखि थालिएको देखिन्छ । परन्तु नक्सामा एकतर्फी रूपमा साविकको नदीको नाम नै फेरेर साविकको सीमारेखा नै नक्साङ्कनमा अन्यत्र सारेर सुगौली सन्धिले किटान गरेको नेपालको पश्चिमी सीमामा एकतर्फी रूपमा हेरफेर गर्ने दुष्प्रयत्न ब्रिटिश भारत सरकारको पालामा सन् १८६० को दशकदेखि नै थालिएको पाइएको छ ।

❑ सुगौलीसन्धिले तोकेको पश्चिम नेपालको सीमारेखा कालीनदीलाई एकतर्फी रूपमा सर्वप्रथम नक्सामार्फत् बदल्ने सुनियोजित उद्देश्य लिएर ब्रिटिश भारत सरकाले साविकको कालीनदीको नाम नै फेरेर "कुटी याङ्ती" राख्ने, साविकको लिपु खोलालाई "काली नदी" भन्न थाल्ने र अझ Fixed boundary principle (स्थिर सीमा सिद्धान्त) का आधारमा कालीनदीमा रहेको दुई देशको सीमा रेखालाई लिपु खोलाभन्दा पनि पूर्व डाँडामा अथवा जमीनमा सार्ने प्रक्रिया सर्वप्रथम १८७९को नक्सामार्फत् थालेको देखिएको छ । यो सुगौली सन्धिको एकतर्फी उल्लंघन हो । यो दुई सर्वभौम मुलुकको नक्सामा अन्राष्ट्रिय सीमारेखामा हेरफेर र अंकन गर्दा अप्नाउनु पर्ने अन्तर्राष्ट्रिय मूल्य मान्यता र नैतिक मर्यादाको उल्लंघन हो ।

❑ नक्सामार्फत् सीमा हेरफेर गर्ने प्रक्रिया एक शताव्दीअघि नै थालिएको भएपनि वि.सं. २०१८ साल अर्थात् सन् १९६१ को जनगणनासम्म पनि गुंजी, कुटी, नावी, नावीडाङ जस्ता गाउँहरू नेपालको राज्यप्रशासन अन्तर्गत थिए ।

❑ सुगौलीसन्धिले निश्चित गरेको कालीनदीलाई पश्चिमी सीमा मान्दै, त्यो कालीनदी लिम्पियाधुराबाट निक्लेको नदी नै हो भन्ने सत्यलाई स्वीकार गर्दै अतिक्रमित नेपाली भूभागको हिसाव गर्दा हालको "कुटी याङ्दी" नाम दिइएको नदीदेखि पूर्वको करीब ३७२ वर्ग किलोमिटर नेपाली भूभाग भारतद्वारा अतिक्रमण भएको देखिन्छ ।

❑ भारतले जेजति सीमा अतिक्रमण गरे पनि, नदीको नाम नै

*बाँकी ४१ पेजमा*



# कुन हो वास्तविक काली नदी ?

## नक्शाविद् र जलविज्ञानविद्हरूसँगको विशेष अन्तर्वार्ता

*बुद्धिनारायण श्रेष्ठ देशभक्त नेपालीहरूबीच अहिले चर्चित नाम भइरहेछ । सुगौली सन्धिले तोकेको वास्तविक काली नदी कुन हो ? त्यसको उद्गमस्थल कुन हो ? भन्ने सवाल हल गर्न पोहोर असार १२ गते "सीमा अतिक्रमण प्रतिरोध समिति" गठन भएर काम थालिएपछि उहाँले व्यक्तिगत कामले ती ठाउँमा गएको बखत समितिको निम्ति लण्डन र अमेरिकाको प्रशिद्ध नक्सा संग्रालय र पुस्तकालयहरूबाट यस्ता आधिकारिक नक्साहरू खोजेर ल्याउनु भयो, जसले वास्तविक काली नदी र त्यसको मुहान निश्चित गर्न ठूलो भूमिका खेल्यो । शुरूमा लिपु लेकबाट झरेको नदीलाई काली नदी भन्नु हुने उहाँ ती आधिकारिक नक्साको अध्ययनपछि नितान्त भिन्नै निष्कर्षमा पुग्नु भएको छ ।*

*लण्डनको ब्रिटीश लाइब्रेरीको "इण्डियन अफीस अफ रेकर्ड कलेक्सन" र वाशिंगटन डि.सी. स्थित 'लाइब्रेरी अफ कंग्रेस'को जोग्राफी एण्ड म्याप डिभिजनबाट उहाँले ल्याएका र समितिसित उपलब्ध प्रामाणिक नक्साहरू के भन्छन् ? एकजना सिद्धहस्त नक्साविद् र भूतपूर्व नापी महानिर्देशकका हैसियतले, र समितिको सदस्यका हैसियतले उहाँ ती सबै नक्साहरूको विश्लेषण कसरी गर्नुहुन्छ ? प्रस्तुत छ : यी सवालमा केन्द्रित भएर मूल्याङ्कनले उहाँसित लिएको अन्तर्वार्ताको सारसंक्षेप - मूल्याङ्कन ।*

# सुगौलीसन्धि अघिपछिका आधिकारिक नक्साहरूले के भन्छन् ?



*नक्साविद् तथा नापी विभागका भू.पू. महानिर्देशक*
**बुद्धिनारायण श्रेष्ठ***का विचारहरू*

❑ सीमा अतिक्रमण प्रतिरोध समितिसित अब सुगौली सन्धि अघिका र पछिका थुप्रै नक्सा उपलब्ध छन् । कतिपय नक्साहरू तपाई स्वयम्ले बेलायत र अमेरिकाबाट लिएर आउनु भ:को छ । ती सबै नक्साको अध्ययनबाट नक्साविद्को हैसियतले तपाई कुन निचोडमा पुग्नु भएको छ - वास्तविक काली नदी र त्यसको मुहानका संबन्धमा ?

- संपूर्ण नक्साहरूलाई अध्ययन गर्दा मैले यी नक्साहरूलाई तीनवटा कालमा विभाजित गर्न जरूरी ठानेको छु ।

पहिलो, सन् १८५६ सम्म निर्माण भएका नक्साहरू ।

दोश्रो, सन् १८५७ देखि १८८० सम्म निर्माण भएका नक्साहरू ।

तेश्रो, १८८० देखि पछिका नक्साहरू ।

यी तीन वर्गमा नक्साहरूलाई विभाजित गर्नुको मेरो तात्पर्य के हो भने, सन् १८५६ सम्म निर्मित भएका अधिकांश नक्सामा लिम्पियाधुराबाट निक्लने नदीलाई नै *काली नदी* भनेर लेखिएको छ । १८५६ देखि १८८० सम्म निर्मित भएका नक्साहरूमा चाहिं द्विविधात्मक तरीकाले लिपुलेकबाट निक्लने सहायक नदीलाई *काली नदी* लेखिएको छ । अनि लिम्पियाधुराबाट पैदा हुने नदीलाई चाहिं *कुटी याङ्दी, कुटी* वा *कुटी याङ्ती* लेखिनथालेको पाइएको छ । कुनै नक्सामा चाहिं यही नदीलाई *काली* पनि लेखिएको छ । तसर्थ यो दोश्रो चरणलाई मैले संक्रमणकालीन अवधिका रूपमा लिएको छु । १८८० पछिका सारा नक्साहरूमा चाहिं लिम्पियाधुराबाट निक्लने नदीलाई *कुटी याङ्ती* नै लेखिएको पाइएको छ र लिपुलेकबाट बहने नदीलाई *काली* भनिएको छ ।

सुगौली सन्धिले किटान गरेको नेपालको पश्चिमी सीमा काली नदी वास्तवमा कुन हो त ? यो निधो गर्नका लागि सुगौली सन्धि वरपरका आधिकारिक नक्साहरूलाई नै मुख्य आधार बनाउनु पर्ने हुन्छ । त्यस्ता थुप्रै नक्सा हामीसित छन् । ती सबै नक्साहरू हेर्दा- सन् १८१६ वरपरका र त्यहाँदेखि १८५६ सम्मका नक्साहरू नै सुगौली सन्धि अनुरूपका नक्साहरूका रूपमा देखिन्छन् । सुगौली सन्धि वरपरका प्रायः सबैजसो नक्साहरूमा लिम्पियाधुरानेरबाट पैदा हुने नदीलाई नै *काली नदी* भनेर नक्साङ्कन गरिएको पाइएको छ । यों अवधिका हरेक नक्सामा लिपुलेकबाट पैदा भएको नदीलाई नामसम्म पनि दिइएको छैन । अत्यन्त कम महत्वको सहायक नदी भन्ठानेर नाम नदिइएको हुनुपर्छ । कम महत्वको सहायक नदीलाई नाम नदिने प्रचलन विश्वमा छ पनि ।

नक्साविद्को हैसियतले सबै सुगौली सन्धिकालीन आधिकारिक नक्साहरू अध्ययन गर्दा म के टुँगोमा पुगेको छु भने, सुगौली सन्धिले तोकेको वास्तविक *काली* भनेको लिम्पियाधुरातर्फबाट बहने नदी नै हो ।

❑ तपाईले प्रथम चरणको अधिकांश नक्सामा लिम्पियाधुराबाट पैदा हुने नदीलाई "काली नदी" भनिएको छ भन्नु भयो । यो "अधिकांश" शब्दको तात्पर्य के हो ? के कुनै कुनै नक्सामा चाँहि लिपुलेकबाट निक्लने नदीलाई पनि *काली नदी* भनिएको छ भन्न खोज्नु भएको हो ?

-त्यस्तो हैन । सुगौली सन्धि वरपरको र पहिलो चरणको सन् १८५६ सम्मको कुनै एउटा नक्सामा

पनि लिपुलेकनेरबाट पैदा भएको नदीलाई *काली नदी* भनिएको छैन । "काली नदी" भनेर जे जति भनिएको छ, लिम्पियाधुराबाटै निक्लिएको नदीलाई भनिएको छ ।

मेरो तात्पर्य के हो भने, पहिलो चरणका नक्साहरूमध्ये मैले एउटा यस्तो नक्सा भेट्टाएको छु, जसमा दुइटै नदीको कुनै नाम दिइएको छैन, लिम्पियाधुराबाट निक्लेको नदीको पनि र लिपुलेकबाट निक्लेको नदीको पनि । यही अपवाद भेटेको हुनाले मैले "अधिकांश" शब्द प्रयोग गरेका हुँ ।

**❑ कुन चाहिँ नक्सामा त्यस्तो गरिएको छ ?**

-सन् १८५० को नक्सामा । सर्भे अफ इण्डियाले प्रकाशित गरेको अप्रिल १८५० को 'म्याप अफ कुमाउँ ब्रिटीश गढवाल' नाम गरेको नक्सामा दुवै नदीको लागि कुनै नाम दिइएको छैन- लिम्पियाधुरावाला पनि, लिपुलेकवाला पनि ।

नक्साको सक्कल प्रति हेर्दा यो नक्सामा *काली*लाई खैरो रंगले रंगाएर सिधै माथि लिपुलेकतिर लगेर रंगको आधारमा नेपाल-भारत सीमाना लिपुलेकतिर पार्न खोजिएको भेटिएको छ ।

**❑ कत्तिको आधिकारिक छन्- पहिलो चरणका यी नक्साहरू ? के तपाईले सुगौली सन्धि वरपरका त्यस्ता आधिकारिक नक्सा पनि भेट्नु भएको छ, जसले स्पष्ट रूपमा लिम्पियाधुराबाटै बहने नदीलाई "काली नदी" किटान गर्छ ?**

- त्यस्ता नक्सा छन् । सबैभन्दा आधिकारिक नक्सा त सन् १८२७ को नक्सा हो । नक्सामा स्केल लगाएर हेर्दा माइल र आधा किलोमिटरसम्म पनि छुट्टिने प्रष्ट नक्सा सन् १८२७ को नक्सा हो । १ फरवरी १८२७ मा प्रकाशित यो नक्सा त्यतिखेर भारतमा शासन गरिरहेको इष्ट इण्डिया कम्पनी सरकारको हाइड्रोग्राफर स्वयंले 'ब्रिटीश पार्लियामेण्टको ऐन अनुसार तयार पारेर प्रकाशित गरिएको' भनेर नक्सामा लेखिएको छ । यस हिसाबले यो नक्सा एकदमै भरपर्दो र आधिकारिक देखिन्छ ।

यो सुगौली सन्धिभन्दा ११ वर्षपछि तयार भएको नक्सा हुनाले पनि यसको महत्व ज्यादा छ । किनभने, सुगौली सन्धिले कुन नदीलाई *काली नदी* मानेको थियो त ? सन्धिभन्दा थोरै वर्षपछिको यो नक्साले त्यो कुरो प्रतिविम्बित गरेको छ ।

स्केल लगाएर नाप्दा हुने ठूलो स्केलको यो नक्साले अत्यन्त स्पष्ट रूपमा - लिम्पियाधुरानेरबाट पैदा हुने नदीलाई नै *काली नदी* भनेर किटान गरेको छ । त्यही काली नदीलाई दक्षिणी भागमा "सर्जू, घाग्रा अथवा काली नदी" पनि भनिएको छ । यो नक्सामा लिपुलेकनेरबाट पैदा हुने नदीको दक्षिणी अंश थोरै अंकनसम्म गरिएको छ, तर नाम दिइएको छैन । यसको तात्पर्य के हो भने, यो बिन्दुसम्म ब्रिटिश भारत सरकारका सर्भेयर हाइड्रोग्राफरहरूले लिपु खोलालाई सानो सहायक खोलो भन्ठानेर त्यसलाई नाम दिनुपर्ने हदको महत्व दिँदैनथे ।

**❑ के अरू पनि छन् त्यस्ता आधिकारिक नक्साहरू ?**

- सन् १८५६ को नक्सा पनि अत्यन्त आधिकारिक नक्सा हो । किनभने, यो तात्कालीन ब्रिटिश भारतको नक्सा बनाउने र सर्भे गर्ने सबैभन्दा आधिकारिक संस्था "सर्भेयर जनरलको अफिस" बाटै कम्पाइल गरेर निर्मित र प्रकाशित नक्सा हो ।

यो नक्साको नोट नं. ३ मा "जंगबहादुरको स्केच म्याप देवनागरी लिपीमा" भनेर लेखिएको हुनाले यो जंगबहादुर स्वयंले तयार पार्न लगाएको र उसको स्केच समेत भएको नक्सा देखिन्छ । त्यसैले पनि यो नक्सा महत्वपूर्ण र आधिकारिक देखिन्छ ।

"Nipal and the countries adjoining with South, West and East" नाम दिइएको यो नक्सा पनि सन् १८२७ को आधिकारिक नक्साजस्तै छ, यो नक्साले पनि लिम्पियाधुराबाटै निक्लेको नदीलाई स्पष्ट रूपमा 'Kalee River' अर्थात् *काली नदी* भनेर लेखेको छ । यही नदीलाई दक्षिणमा पुगेपछि "काली, सर्जु अथवा घाग्रा नदी" भनेर पनि लेखिएको छ । यो नक्सामा पनि लिपुलेकनेरबाट पैदा भएको खोलोलाई खास महत्वको नदी नठानेर कुनै नाम दिएको छैन ।

मलाई लाग्छ, सुगौली सन्धिभन्दा ४० वर्षपछि बनेको यो नक्सा सन् १८२७ कै नक्साको सहीपनाको अर्को आधिकारिक प्रमाण हो । यो त्यसकै "काउण्टर प्रूफ" हो ।

**❑ ठीक सुगौली सन्धिभन्दा अघिको कुनै आधिकारिक नक्सा पनि भेटिएको छ, जसले तपाईले भर्खरै उल्लेख गर्नु भएको नक्साकै तथ्यलाई सावित गर्छन् ?**

- छ, त्यस्तो नक्सा पनि छ, २ जनवरी १८१६ को नक्सा नै त्यस्तो नक्सा हो ।

यो नक्सा "Hydrographer to His Majesty" द्वारा तैयार पारी प्रकाशित गरिएको भनेर लेखिएको छ । यसको मतलब यो बेलायतका राजा स्वयम्का हाइड्रोग्राफरले तैयार पारेको नक्सा हो । यस कारणले यो पनि आधिकारिक नै नक्सा हो । फेरि, यो नक्सामा "Improved map of India, compiled from all the latest and most authentic materials" भनेर पनि लेखिएको छ । यसको तात्पर्य, यो सबैभन्दा पछिल्ला आधिकारिक सामग्रीहरूको आधारमा कम्पाइल गरिएको नक्सा भयो ।

सुगौली सन्धिको ठीक २ महीनाअघिको यो नक्साले पनि उही तथ्यलाई सावित गरेको छ । यो नक्साले पनि लिम्पियाधुराबाटै निक्लेको नदीलाई "गोग्रा नदी" अथवा नक्साको बीच दक्षिणी भागमा गएर त्यही नदीलाई "काली नदी वा गोग्रा वा सर्जूको पश्चिमी शाखा" भनेर लेखेको छ ।

यसरी सुगौली सन्धिमुताविकको *काली नदी* वास्तवमा कुन हो भनेर प्रमाणित गर्न यी तीनवटै आधिकारिक नक्साहरू पर्याप्त छन् । सुगौली सन्धिको लगत्तै अघिको आधिकारिक नक्साले, त्यसको एक दशकपछिको नक्साले र चार दशक पछिसम्मको आधिकारिक नक्साले निरन्तर रूपमा एउटै नदीलाई काली नदी भनेर किटान गरेपछि, कुनै नक्साले पनि त्यस तथ्यलाई खण्डन नगरेपछि, बरू पुष्टी मात्र गरेपछि, अर्को के प्रमाण चाहिन्छ ?

मैले अझ, सन् १८१९ को "सर्भे अफ एण्डिया अफिस" मा नै निर्मित आधिकारिक नक्सा पनि संकलन गरेको छु । "स्केच अफ कुमाउँ " नामक यो सानो स्केलको नक्साले पनि अन्य नक्साकै जस्तो उही तथ्यलाई सावित गरेको छ । यसमा पनि लिम्पियाधुराबाटै पैदा भएको नदीलाई स्पष्ट रूपमा "काली नदी" भनेर अंग्रेजीमा नक्साङ्कन गरिएको छ । यसमा पनि लिपुलेकवाला नदीलाई नक्सामा कुनै नाम दिइएको छैन ।

यसरी म पूर्ण रूपमा कुन निष्कर्षमा पुगेको छु भने, सुगौली सन्धिले अर्थ्याएको *काली नदी* भनेको लिम्पियाधुराबाट बहने काली नदी नै हो । अर्को कुनै नदी होइन । त्यस्तै, काली नदीको उद्गमस्थल लिम्पियाधुरा नै हो । अर्को कुनै ठाउँ होइन । सुगौली सन्धि वरपरका सारा नक्साहरूले यही सावित गरेका छन् ।

**❑ कहिलेदेखि थालियो त यो तथ्यलाई हेरफेर गर्न ?**

- सन् १८५६ उताका नक्सामा यस्तो गर्न थालिएको पाइएको छ । जस्तो, १८६५-६९ र १८७१-७७ को सर्भेमा आधारित 'सर्भे अफ इण्डिया'कै नक्सामा यस्तो गरिएको भेटिएको छ । यस अघिका सारा नक्सामा लिम्पियाधुराबाटै निक्लेको नदीलाई किटानसाथ *काली नदी* भन्दै आएकोमा यो नक्सामा साविकको *काली नदी*को नाम नै फेरेर लिपुलेकबाट झरेको नदीलाई *काली नदी* लेख्न थालिएको पाइएको छ । नक्साङ्कनको इतिहासमा यो हम्मेसी नपाइने आश्चर्यजनक घटना हो । नक्साङ्कनको नैतिकताको ठाडो उल्लंघन हो यो । यसलाई म "cartographic aggression" अर्थात् - "नक्साङ्कनमार्फत् सीमा अतिक्रमण" भन्छु ।

यो नक्साको विशेषता के देखिन्छ भने, यसमा लिम्पियाधुराबाट निक्लने नदीलाई *कुटी याङ्ती* भन्न थालिएको छ । कार्टोग्राफी हेर्यो भने लिम्पियाधुराबाट निक्लेको नदीलाई यसमा दुई लाइनमै नक्साङ्कन गरिएको छ । यस्तो संकेत चिन्ह दिएर ═══ र लिपुलेकनेरबाट झरेको खोलोलाई एक लाइनमा नक्साङ्कन गरिएको छ । यसको मतलव नक्साङ्कन संकेत चिन्हले मूल नदी त लिम्पियाधुराबाट निक्लेकोलाई नै देखायो, किनकि नक्साङ्कनको संकेत चिन्हमा मूल ठूलो नदीलाई दुई लाइनमा यस्तो ═══ गरेर संकेत चिन्ह दिइन्छ, सहायक नदीलाई एक लाइनमा यस्तो चिन्ह दिएर - - - - । तर नक्सामा नदीको नाम दिइँदा भने, पहिलाका सारा आधिकारिक नक्सामा कम महत्वको नदी भनेर नाम समेत नलेखिने लिपुखोलालाई अब "काली नदी" भनेर नाम दिन थालियो । ठूलो मूल नदीलाई भने नामै फेरेर "कुटी याङ्ती" भन्न थालियो । यस्तो अनैतिक कामलाई "cartographic aggression" नभनी के भन्ने ? यहींबाट शुरू भयो - नक्सामा *काली नदी* भनेर अर्कै नदीलाई देखाउने प्रक्रिया ।

यसरी सुगौली सन्धिमुताविकको काली नदी वास्तवमा कुन हो भनेर प्रमाणित गर्न यी तीनवटै आधिकारिक नक्साहरू पर्याप्त छन्


**कालापानी चाहिँ *काली नदी* पूर्व यथास्थानमा देखाइएको छ , बदमासी यहींबाट शुरू भएको छ**

सन् १९७९ को ठूलो आधिकारिक नक्सामा पनि ठीक यही गर्न खोजेको देखिन्छ ।

यी दुवै नक्सामा नेपाल र भारतको सीमा भनेर अर्कै ठाउँलाई संकेत चिन्हद्वारा देखाउन खोजिएको छ । अब *काली नदी* वा *लिपुखोला*लाई नेपाल-भारतको सीमा भनेर नक्सामा देखाइएको छैन । कालापानीभन्दा दक्षिणको *पंखागाड* खोलाभन्दा पनि दक्षिण *काली नदी*को साँघुबाट सीमाना कार्टोग्राफिक चिन्हद्वारा पूर्वतर्फ मोडेर पहाडको डाँडैडाँडा पानी ढलो हुँदै टिंकरभन्दा उत्तर र लिपुलेक भंज्याङभन्दा दक्षिण लगेर सीमाना टुंग्याइएको छ । कालापानी चाहिँ *काली नदी* पूर्व यथास्थानमा देखाइएको छ ।

बदमासी यहींबाट शुरू भएको छ ।

तर आश्चर्यको कुरो के छ भने, सन् १८८१ को सर्भे अफ इण्डियाजस्तो आधिकारिक संस्थाबाटै प्रकाशित अर्को आधिकारिक नक्सामा भने फेरि पनि लिपुलेकनेरबाट झरेको नदीको कुनै नाम दिइएको छैन । यसमा फेरि पनि लिपु खोलालाई कम महत्वको सहायक खोलो नै ठानिएको छ । खालि लिम्पियाधुराबाट निक्लेको नदीलाई "कुटी नदी" , "Kuti R" लेखिएको छ । अझ, सन् १८७८ को "Sketch Map of Western Nepal" नामक नक्सा जुन Col.H.C.B. Tanner B.SC. and Ringi Ningual द्वारा तयार पारी प्रकाशित गरिएको हो, त्यसमा त लिम्पियाधुराबाटै झरेको नदीलाई काली नदी भनिएको छ । यही कारणले मैले सन् १८५६ देखि १८८१ सम्मको काललाई संक्रमणकाल भनेको हुँ । यो अवधिमा ब्रिटिश-भारत सरकार दोधारमा देखिन्छ । उसले यो अवधिमा शुरूको कुनै नक्सामा लिपु खोलालाई *काली नदी* भनीसक्यो, कुनैमा भन्न सकेको छैन । तर १८८१ पछिका नक्सामा यस्तो भेटिन्न । यसपछिका सारा उपलब्ध नक्सामा लिपुलेकबाट निक्लेको नदीलाई *काली नदी* भन्न थालिएको छ । र, लिम्पियाधुराबाट निक्लेको नदीलाई *कुटी याङ्ती* भन्न थालिएको छ । ❑



नक्शा नंबर-१ : महाकाली नदी

# कुन हो काली नदीको मुहान ?


◆*सिनियर जलविज्ञानविद् जगतकुमार भुसाल*

*वास्तविक मूल नदी र त्यसको मुहान टुंगो गर्ने विज्ञान विश्वमा निकै विकसित भइसकेको छ । हचुवाको आधारमा भन्दा विज्ञानका आधारमा कुनै पनि कुराको टुंगो गर्नु बस्तुसम्मत र भरपर्दो हुन्छ । यस हिसावले हामीले नेपालका एकजना वरिष्ठ हाइड्रोलोजिष्ट इंजीनीयर जगतकुमार भुसालसंगको अन्तर्वार्ता प्रकाशित गर्न लागेका छौं । श्री ५ को सरकरका सिनियर डिभीजनल हाइड्रोलोजिष्टका रूपमा कार्यरत श्री भुसालले यो अन्तर्वार्ता हामीलाई लिखित रूपमा उपलब्ध गराउनु भएको हो ।– मूल्यांकन*

❑ *जल विज्ञान अर्थात् Hydrology को कुन सर्वमान्य सिद्धान्तका आधारमा नदीको मुहान र मूख्य नदी किटान गरिन्छ ?*

–जल विज्ञानीय चक्रमा पानी ठोस, तरल र वाफ (वायु)को रुपमा घुमिरहेको हुन्छ । समुद्रमा वाफ बनेर उडेको पानी वायुमण्डलमा बादलको रुपमा देखा परेर झरी अर्थात् वर्षाको रुपमा जमीन सतहमा गिर्दछ । जमीनमा परेको पानी जमीन सतह माथिमाथिबाट गुड्दै वा जमीनभित्रबाट छिर्दै खोल्सी, खोला, नदी हुँदै पुनः समुद्रमा नै मिसिन जाने प्रकृयालाई नै संक्षेपमा जल बिज्ञानीय चक्र भनिन्छ ।

आकाशबाट बर्षेको पानीको केही हिस्सा जमीनभित्र छिर्छ । बाँकी ठूलै हिस्सा जमीन सतहमाथिबाट बग्न शुरु गर्दछ । सतहमाथिबाट ज्यादै फिँजिएर (कुनै खोलाको आकार नलिइकन) बहने अवस्थालाई Sheet Flow भनिन्छ । Mr. R.E Horton. (1945) ले यस किसिमको अवस्थालाई Overland Flow को नाउले परिभाषित गरेका छन् । यसरी बग्न शुरु गरेर बग्दैजाँदा पछि एकै ठाउँमा जम्मा भएर यो एउटा सानो कुलेसो तथा खोल्सीबाट बग्न थाल्दछ । खोल्सी खोल्सी मिलेर खोला र खोला खोला मिलेर नदी बनेका हुन् । तसर्थ, कुनै पनि नदीको उद्‌गमस्थलनेरको रुप एउटा सानो खोल्सीको आकारमा नै हुन्छ । जल विज्ञानको हिसाबले भन्नुपर्दा कुनै पनि नदीको उद्‌गमस्थल भनेको मूल नदीधार हुँदै शिरतर्फ जाँदा पुगिने जलाधार क्षेत्रको सवभन्दा माथिल्लो विन्दु हो । प्रशिद्ध विद्वानहरु Mr. F.F Snyder (1938), Mr. Tayler, Mr, Schwartz, Mr. Nakayasu (Japan), Mr. Linseley, Mr. Kohler, Mr. Paulhus आदि सबैले उपरोक्त सिद्धान्तलाई आधार मानेका छन् । नदी क्रमाङ्कको पद्धति (Law of Stream Order) बसाल्ने Mr. R.E Horton. (1945) र Laws of Stream Areas को व्याख्या गर्ने Mr.S.A. Schumm (1956) र Mr. A.N. Strahler (1964) ले पनि माथिकै सिद्धान्तलाई आधार मानेको पाइन्छ । करीब दुई सय वर्ष अगाडि एक बेलायती गणितशास्त्री तथा भूगर्भशास्त्री Mr. John Playfair ले पनि माथि भनिएकै सिद्धान्तलाई आधार मानेर नदीको परिभाषा गरेको पाइन्छ ।



मूल नदीबारे अध्ययन गर्दा आवश्यक पर्ने मुख्य विषयहरुमा मूल नदीको लम्बाइ, सहायक नदीहरुको लम्बाइ र नदीहरुको जलाधार क्षेत्र पर्दछ । कुन नदी मुख्य हो भनी छुट्याउँदा तुलनात्मक रुपमा औसत पानीको बहाबको मात्रा, नदीको लम्बाइ, जलाधार क्षेत्र र नदीको क्रमाङ्क (अर्डर) हेर्ने गरिन्छ ।

तुलनामा कुन नदी बढी लामो छ भन्ने टुंगो गर्न कुनै विन्दुबाट नदीको लम्बाइ नाप गर्दा नापको सो विन्दुबाट नदीको बीच धारैधार नदीको मुहानसम्म नाप लिनुपर्छ । पानी ढलो अर्थात् जुनजुन क्षेत्रबाट पानी मिसिनजान्छ, त्यो सबै

जमीन नदीको जलाधारक्षेत्रभित्र पर्न जान्छ । मुहानबाट निक्लेपछि जब खोलाको रुप लिन्छ , तब त्यस खोलालाई नदी क्रमाङ्क -१ (Order 1) नम्वर दिइन्छ । एक नम्वरसँग अर्को खोला मिलेपछि नदी क्रमाङ्कलाई दुई नम्वर (Order-2) दिइन्छ । यसरी नदी क्रमाङ्क बढ्दै जान्छ ।

जलविज्ञानको सर्वमान्य सिद्धान्त के हो भने, कुनै खास भौगर्भिक अवस्थामा बाहेक मुख्य नदीको नदी क्रमाङ्क सहायक नदीको भन्दा बढी हुन्छ । मुख्य नदीको जलाधार क्षेत्र सहायक नदीको भन्दा ज्यादा हुन्छ । दुई नदीमध्ये जुन नदीमा औसत पानीको बहावको मात्रा बढी हुन्छ ,त्यो नै मुख्य नदी हो । मुख्य नदीको लम्बाइ नै अन्य सहायक नदीको लम्बाइभन्दा बढी हुन्छ ।

मुख्य नदी तथा यसको मुहान टुंगो गर्दा नदीको क्रमाङ्क,नदीको जलाधार क्षेत्र, नदीमा औसत पानीको बहावको मात्रा र नदीको लम्बाइ हेर्नु नै पर्याप्त हुन्छ ।

❑ *नदी भन्नाले कुनै खास मुहानबाट निस्केर बगिरहेको नागबेली आकृतिको रुप होइन र ?*

-साधारण अर्थमा तपाईको बुझाइ एकदम ठीक छ । नदीहरु प्रायः नागबेली भएर बग्नुका धेरै कारणहरु छन् । अहिले मुहानकै कुरा गरौं । तथ्य के पनि छ भने, सवै नदीका मुहान एकै प्रकारका हुँदैनन् । सवै नदीका मुहानमा बान्हैमास पानी पनि बगीरहँदैन । जमीनभित्र छिरेको पानी जमीनभित्रबाट रसाएर मूलको रुपमा बाहिर निस्कन्छ, जसलाई अंग्रेजीमा spring भनिन्छ । कतिपय नदीको उद्‌गमस्थलमा मूल (spring) हरु पनि भेटिन्छन् । कुनै खास मूल, धारा, कुला, ताल आदि मुहान हुने नदीहरु पनि छन् । कतिपय नदी हिउँ नदीको रुपमा वा हिउ जलाशयबाट पनि निक्लेका छन् । नदी-जलाधार क्षेत्रको हवाइ फोटो, स्याटेलाइट फोटोहरुमा हेर्दा नदीका आकारहरु प्रष्ट देखिन्छन् । कतिपय टोपोग्राफिक नक्सामा नदीको रेखा वास्तविक उद्‌गमस्थलसम्म नकोरिएको पनि हुनसक्छ । तसर्थ उद्‌गमस्थल क्षेत्रका हवाई फोटोहरुबाट नदीको धारलाई उद्‌गमविन्दुसम्म पहिल्याउन र देखाउन सकिन्छ । नेपालको सन्दर्भमा हिमाली क्षेत्रमा पर्ने नदीको मुहान र तराई क्षेत्रमा पर्ने नदीको मुहानको प्रकृति, अवस्था र पानीको उपलब्धता एकै प्रकारको हुँदैन ।

❑ *जल विज्ञानको एकजना विज्ञका नाताले तपाईं काली नदीको मुहान र वास्तविक काली नदी कुन हो भनेर ठहऱ्याउनु हुन्छ ? कारणसहित बताइदिनु हुन्छ कि ?*

-तपाईं हामीले थाहा पाएकै तथ्य हो कि, जुन नदी ठूलो छ, जुन नदी लामो छ, त्यहीं नदीको नाउँले जलाधार क्षेत्र वा बेसिनको नाउँ लिइने गरिन्छ । जस्तै - ब्रहमपुत्र बेसिन, गंगा बेसिन, कोशी बेसिन, गण्डकी बेसिन, कर्णाली बेसिन, महाकाली बेसिन आदि आदि । तपाईको उत्तर दिने सन्दर्भमा आज भन्दा करीब २०० वर्षअगाडि एकजना प्रशिद्ध बेलायती गणितशास्त्री तथा भूगर्भविद् Mr.John Playfair ले नदीको बारेमा गरेको विश्लेषणलाई स्मरण गराउन चाहन्छु । Mr.John Playfair ले भनेका छन्- "प्रत्येक नदीको एउटा मूल हाँगा हुन्छ र यसमा विविध आकारका शाखा नदीहरु आ-आफ्नै आकार अनुपातका उपत्यकाहरुबाट मिसिन आएका हुन्छन् ।" [Every river appears to consist of a main trunk, fed from a variety of branches, each running in a valley proportioned to its sizes... ( Principles of Geology by J. Gilluly et. al; 1951, Page 78)] तसर्थ, एउटा नदी प्रणालीमा मूल नदी त्यही हुन्छ, जुन सवभन्दा ठूलो, सवभन्दा लामो हुन्छ । मूल नदीले सवभन्दा धेरै जलाधार क्षेत्र ओगटेको हुन्छ । Horton का अनुसार मूल नदीको नदी क्रमाङ्क (Stream Order) पनि बढी हुँदैजान्छ । तपाईले सोध्नु भएको काली नदी अर्थात् महाकाली बेसिनमा पनि थुप्रै सहायक नदी र यिनका शाखा, प्रशाखा नदीहरु छन् । हवाइ फोटो र टोपोग्राफिकल नक्साबाट बेसिनमा रहेका सवै नदीको लम्बाइ, नदीको जलाधार क्षेत्र र नदीको क्रमाङ्क थाहा पाउन सकिन्छ । जलाधार क्षेत्रको प्रकृति, आकार र क्षेत्रफल हेरेपछि नदीको औसत पानीको बहावको मात्राको तुलनात्मक अनुमान गर्न सकिन्छ ।

यस आधारमा सर्वसाधारण जो सुकैले पनि महाकाली नदीको बेसिनमा कुन नदीको लम्बाइ, जलाधार क्षेत्र र नदी क्रमाङ्क ज्यादा छ भनेर आफै ठम्याउन सकुन् भनेर म नक्सा नै पेश गर्न चाहन्छु ।

*नक्सा नं. १* मा दक्षिणमा नेपाल भारत सीमामा रहेको काली नदीको संगम स्थललाई मैले संगमस्थल -१ (अर्थात् सं.-१) भनेको छु । त्यसभैन्दा उत्तरको कालीको नदी संगम स्थललाई क्रमशः संगम स्थल-२ (सं-२) , सं-३, सं-४ गर्दै सं-११ सम्मको नाम दिएको छु ।

त्यस्तै प्रकारले काली नदीका मुख्य मुख्य महान वा उद्‌गम स्थलहरुलाई पनि मैले मुहान -१ मु-१ ,मु-२, मु-३ गर्दै क्रमशः मुहान १२ अर्थात् मु-१२ सम्मको नाम दिएको छु । काली नदीको एउटा उद्‌गम स्थल-मुहान ८ (अर्थात् मु-८) लासारयाङ्कीमा पर्दछ । अर्को उद्‌मग स्थल मु-१० टिंकर भञ्ज्याङमा पर्दछ । र मुहान १२ (अर्थात् मु-१२) लिम्पियाधुरामा पर्दछ ।

मैले नक्सामा राखेका तथ्यहरु १ : १,०००,००० स्केलको टोपोग्राफिकल नक्साको आधारमा ल्याएको छु ।

यस आधारमा हेर्दा नेपाल भारत सीमाको काली नदीको संगम स्थललाई सं-१ मान्दा त्यो विन्दुबाट मुहान-१२ (मु-१२) को लिम्पियाधुरासम्मको नदीको लम्बाइ २५५ किलोमिटर देखिन्छ । संगम स्थल (सं-१) देखि सं-८ सम्मको नदीको लम्बाई चाहिं १७५ किलोमिटर देखिन्छ । संगम स्थल-८ मा दुई नदीको दोभान छ । लासारयांकीबाट बहने धौलीगंगा नदी त्यहीं आएर काली नदीमा मिसिन्छ । सो बिन्दुमा बहने दुई नदीमध्ये लासारयांङ्गी तर्फबाट अर्थात् मुहान-८ (मु-८) आउने नदीको लम्बाइ लगभग ८० किलोमिटर छ । संगम ८ (सं-८)को दोभानबाट लिम्पियाधुरासम्म (अर्थात् मु-१२ सम्मको) नदीको लम्बाइ पनि करीब ८० किलोमिटर नै देखिन्छ ।

परन्तु जलधार क्षेत्र हेर्ने हो भने, दुई नदीमध्ये लासारयाङ्गी तर्फबाट आउने नदीले उत्तरतिरको जलाधार क्षेत्रको ४२ प्रतिशत भाग ओगट्छ , जब कि करीब ५८ प्रतिशत भूभाग लिम्पियाधुराबाट आउने नदीले ओगटेको देखिन्छ । तसर्थ, जलाधार क्षेत्रको हिसाबले र औसत पानीको वहावको मात्राको हिसावले दुई नदीमध्ये लिम्पियाधुरातर्फबाट आउने नदी नै मुख्य काली नदी हो भन्ने प्रमाणित हुन आउँछ ।

अब जाऔं अर्को दोभानतर्फ । संगमस्थल-१ बाट उत्तरतर्फ बढ्दै जाँदा करीब २१५ किलोमिटरमा संगम स्थल-९ अर्थात् टिंकर खोला दोभान भेटिन्छ । त्यो दोभानबाट पनि अझै माथि जाँदा करीब २२० किलोमिटरमा गुँजी दोभान भेटिन्छ, जहाँ लिपुखोला र लिम्पियाधुराबाट आउने नदीको मिलन हुन्छ । यसलाई मैले संगम स्थल १० (सं-१०) भनेको छु ।


सं-१० बाट उत्तरतर्फ पर्ने संपूर्ण जलाधार क्षेत्रको हिसाव गर्दा करीब २५ प्रतिशत जलाधार क्षेत्र मात्र लिपुखोला (कालापानी) को जलाधार क्षेत्रभित्र पर्छ, जब कि बाँकी ७५ प्रतिशत जलाधार क्षेत्र भने लिम्पियाधुराबाट पैदा हुने हाल कुटीयाङ्दी भनिएको काली नदीको जलाधार क्षेत्रमा पर्दछ । (यसको प्रष्टताको निम्ति हेर्नुहोस् नक्सा नं. २)

नदीको लम्बाइकै कुरा गर्दा गुँजी दोभानबाट उत्तर लिपुखोलाको कुल लम्बाइ फगत लगभग १७.५ किलोमिटर मात्र छ, जवकि लिम्पियाधुरातर्फबाट आउने नदीको लम्बाइ ४५ किलोमिटर देखिन्छ । दुई नदीको लम्वाइका बीचमा कति फरक छ, त्यो पनि तपाई स्पष्ट रुपमा नक्सा नं.२ मै हेर्न सक्नुहुन्छ ।

यो सर्वसाधारण जो सुकैले पनि भन्न सकिने कुरा हो कि-जुन नदीको लम्बाइ ज्यादा हुन्छ, र जलाधार क्षेत्र ज्यादा हुन्छ , त्यो नदीमा पानीको औसत मात्रा पनि ज्यादा हुन्छ, नदी क्रमाङ्क पनि ज्यादा हुन्छ ।

यी सव कारणले गर्दा, नदीको लम्बाइ, जलाधार क्षेत्र, पानीको औसत बहावको मात्रा र नदी क्रमाङ्कको हिसावले लिम्पियाधुरा तर्फबाट निक्लने नदी नै वास्तविक र मुख्य काली नदी हो । यो नै काली नदीको मुख्य माथिल्लो खण्ड हो । र, लिम्पियाधुरा मुहान नै काली नदीको उद्‌गमस्थल हो । जल विज्ञानको आधारमा निक्लने यो तथ्यलाई कुनै पनि प्रमाणको आधारमा बदल्न सकिन्न । ❑

**यी सव कारणले गर्दा, नदीको लम्बाइ, जलाधार क्षेत्र, पानीको औसत बहावको मात्रा र नदी क्रमाङ्कको हिसावले लिम्पियाधुरा तर्फबाट निक्लने नदी नै वास्तविक र मुख्य काली नदी हो**




**नक्शा नंबर-२: महाकाली नदीको माथिल्लो खण्ड**

# जेल भनेको सिंगो नेपालको राजनीतिलाई अभिव्यक्त गर्ने ठाउँ हो

◆ निर्मल लामा

क. निर्मल लामाको




मैले बि.ए. को जाँच भद्रगोल जेलबाट दिएँ। त्यो जाँच दिएको बेलाको एउटा रमाइलो घटना छ।

पाटनमा एकजना ठूला ज्योतिषशास्त्री छन्- मंगलराज जोशी। त्यसबेला उनी भद्रगोल जेलमा जाँचको सुपरिटेण्डेण्ट भएर आए। म जाँच दिनको लागि जाँचहलमा जाँदा जेलको ढोका बाहिरको सानो कोठाजस्तो ठाउँमा मलाई पूरा चेक गरियो, मेरो शरीर पूरै छामियो। खल्तीसल्ती सबैको नै चेक गरियो। अनि मैले भनें- 'सर ! मलाई कुनै चिट ल्याउनु जरूरी छैन। मेरो आफ्नो अध्ययनले नै पुग्छ। किन यसरी चेक गर्नुहुन्छ ?'

'सबैले लेराउने गर्छन्'- उनले भने।

'सबैले लेराउँछन् भन्दैमा, मेरो बेइज्जत गर्ने ?'- मैले भनें। मैले त्यसो भनेपछि उनले 'सरी' भने।

प्रश्नपत्र लिनासाथ मैले यताउति कतै पनि नहेरी भटाभट लेख्न थालें। जाँच अर्थशास्त्रको थियो। लेख्न सकिएपछि 'सर, मैले चिटबिना लेख्न सिध्याएँ। कापी लिनुस्।' भनेर कापी सुपरिटेण्डेण्टलाई दिएँ। र, जाँच हलबाट बाहिर निस्कें। रिजल्ट हुँदा त्यस विषयमा मेरो ६५ अंक आयो।

तर मैले पढेको भनेको 'प्रश्न उत्तर' मात्र थियो। किताब पढ्नको लागि त मौका नै थिएन, फुर्सद नै थिएन। खालि 'प्रश्न-उत्तर' मगाएर पढेको भरमा नै मैले जाँच दिएँ र त्यति राम्रो अंक प्राप्त गरें।

त्रिचन्द्र कलेजमा पढ्दाखेरि एक सत्र अर्थात् दुई वर्षसम्म महिनाको ६५ रूपियाँ दिनेगरी एउटा छात्रबृत्ति आएको थियो। प्रिन्सिपलले मलाई बोलाएर 'यो छात्रबृत्ति तिम्रो क्लासमा कसलाई दिने ?' भनेर सोधे। मैले सामान्य रूपमा 'जसको उच्चतम अंक छ, उसलाई दिनुहोला' भन्ने कुरा गरें। एस.एल.सी.मा उच्चतम अंक कसको छ भनी हेर्दा त मेरो नै पो उच्चतम अंक रहेछ। त्यो कुरो थाहा पाएपछि त मलाई लाज लाग्यो। म नै त्यस क्लासमा एस.एल.सी.मा उच्चतम अंक ल्याउने मान्छे हुँ भन्ने कुरा मलाई थाहा थिएन। त्यसरी मैले दुई वर्षसम्म महिनाको ६५ रूपियाँ छात्रवृत्ति स्वरूप पाएँ।

अघि मैले जेलभित्रको कुरा सुनाउँदै थिएँ। जेल भित्रका अनुभवहरू फेरि म सुनाउँछु।

जेल भनेको सिङ्गो नेपालको राजनीतिलाई व्यक्त गर्ने ठाउँ हो। त्यहाँ एकजना चौकीदार हुन्छ। नाइकेहरू हुन्छन्। भाइनाइकेहरू हुन्छन्। कामदारहरू हुन्छन्। त्यहाँ एउटा सिङ्गो शासन चलेको हुन्छ। त्यो शासन अति अन्यायपूर्ण ढंगले चलेको हुन्छ।

सेन्ट्रल जेलमा रहँदा एकचोटि एकजना कैदी मकहाँ आएर रोयो। उसको ५/७ सय रूपियाँ सबै नै त्यहाँका कामदारहरूले लुटेर लगेका रहेछन्। त्यतिबेला सेन्ट्रल जेलमा चौकिदार जम्बु लामा भन्ने थियो।

संजोगले के परेछ भने, त्यो जम्बु लामा कालिम्पोङ्गबाट मैले २००७ सालताका जन-सेनामा भर्ना गरेको मान्छे रहेछ। जेलभित्र जम्बु लामा भनेपछि सबै कैदीहरू थर्थर् हुन्थे।

त्यो मान्छेले बाटोमा एकजना मारवाडीलाई मारेर त्योसँग भएको १४ हजार रूपियाँ बोकी कलकत्ता भागेको रहेछ। म पनि गजबको मान्छे ! मैले त्यही मान्छेलाई कलकत्ता गएर लिएर आएँ।

मैले उसलाई यसरी लिएर आएको पशुपतिको सम्पत्ति डकैति गर्न लगाउनको लागि थियो। त्यतिबेला उसलाई मैले क्षेत्रपाटीको 'जनहित' हो कि 'जनता' हो ?- कुनै त्यस्तो नाउँको होटलमा राखें। सायद यो घटना २००९ सालतिरको होला। त्यतिखेर म कम्युनिष्ट पार्टीभित्र थिएँ। र, मैले क्रान्तिको निम्ति खर्च जुटाउन त्यो डकैति गर्न लगाउन लागेको थिएँ। त्यो डकैति गराउन म आफैंले याक्थुम्बाको घरबाट चोरेर ल्याएको चारवटा रिभल्भरहरू त्यो जम्बु लामा लगायत त्यस कार्यमा खटिन लागेकाहरूलाई दिएँ। यता-उताबाट जम्मा गरी पशुपतिको संपत्ति डकैति गर्न जम्बु लामाले १४ जना मान्छे बटुल्यो। तर ती १४ जनामध्ये एकजना मान्छेमाथि मेरो शंका भयो। मैले उसलाई भनें- 'ए जम्बु ! यो मान्छे त ठीक छैन जस्तो छ।'

उसले जवाफमा 'हैन, एकदम ठीक छ भन्यो।

'ल, ठीक छ भने भैगो' मैले भनें।

त्यसपछि जम्बुको नेतृत्वमा त्यो टोली पशुपतिमा आक्रमण गर्न गयो। तर त्यो आक्रमण सफल हुन सकेन। मैले जुन मान्छेलाई शंका गरेको थिएँ, त्यो मान्छे साँच्चिकै सि.आई.डी. रहेछ। त्यो घटनामा केही मान्छेहरू गिरफ्तार भए।

एउटा रमाइलो कुरा के छ भने, त्यतिखेर बाग्लुङ्गको एकजना बलबहादुर राई भन्ने मान्छे थियो। ऊ पनि त्यही ग्रुपमा थियो। ऊ सात सालदेखि नै म सँगसँगै काम गरेको मान्छे थियो। पशुपतिमा आक्रमण गर्ने बेलामा उसँग याक्थुम्बाकै रिभल्भर हातमा थियो। त्यो आक्रमण असफल भएपछि ऊ त्यहाँबाट भागेर आई एक ठाउँमा जमीनमा खुट्टाले खोस्रेर उसले त्यो रिभल्भर गाड्यो र बिहानै मकहाँ आइपुग्यो। त्यतिबेला म काठमाण्डौको वटु टोलमा बस्थें। उसले मलाई घटना बिबरण सुनायो र रिभल्भर त्यसरी गाडेर आएको कुरा पनि बतायो। त्यो बेला मेरो साथमा ईश्वर वल्लभ पनि थिए। अहिले उनलाई सबैले साहित्यकारको रूपमा चिन्दछन्। त्यतिखेर उनी भर्खरका ठिटा थिए। मैले उनलाई 'ए ईश्वर, त्यहाँ यस्तोयस्तो भएको छ लिएर आउन सक्छौ ?' भनेर सोध्दा उनले 'किन सक्दिनं ?' भने। र, उनी गएर त्यो रिभल्भर तुरून्त ल्याइदिए।

त्यतिखेरको त्यो जम्बु लामा सेन्ट्रल जेलमा चौकीदार थियो। र, उसैको कामदारले त्यो कैदीको पैसा लुट्यो भनेपछि बेलुकीको चौकी (जेलभित्र कैदीहरूबीचको सभा)मा मैले 'ए जम्बु ! उसको पैसा किन लिएको ?' भनेर हकारें। 'लिएकै छैन' भनेर जम्बु जङ्गियो। मेरो पालो, मैले उसलाई भटाभट् झापड दिनथालें। जम्बुजस्तो डरलाग्दो मान्छेलाई भटाभट् झापड हानेको, तर जम्बुचाहिं चुप लागेर बसेको देखेर त्यहाँका कामदारहरू लगायत सबै जिल्ल परे। अनि त्यसपछि 'भैगो दाइ, उसको पैसा म दिलाइदिन्छु' भनेर जम्बुले भन्यो। 'अहिले नै दिनू। ल भन्, कुन चाहिं कामदारले उसको पैसा लिएको हो ?' भनेर म रिसले कराएँ। उत्तिनखेरै जम्बुले त्यो पैसा तुरून्त फिर्ता दिन लगायो।

यस्ता घटनाहरू जेलभित्र भई नै रहन्थे। चौकीदारले अन्याय गर्ने, दमन गर्ने आदि घटनाहरू घटी नै रहन्थे। त्यसैले बेलाबेलामा त्यहाँ 'कू' गर्नु पर्ने हुन्थ्यो। 'कू' गर्ने बेलामा सधैं म नै अगाडि हुन्थें। त्यस कामको लागि मलाई तराइका पहलमान तथा डाँकाहरूले साथ दिन्थे। त्यस्तै, पूर्वका किराँती ज्यानमाराहरूले पनि मलाई साथ दिन्थे। यी दुई खाले कैदीहरूले मलाई साथ दिएपछि कसैको केही नलाग्ने हुन्थ्यो।

एकचोटि म हारें। हारेपछि मैले बेस्करी कुटाइ

**मैले भद्रगोलमा आएर जेल तोड्ने कार्यको तयारी गर्न थालें**

*जेलरले मलाई मुख्य छोडेर, आमाचकारी गाली गऱ्यो। मेरो पालो, त्यसको भन्दा ठूलो आवाजले उसलाई बेस्करी हप्काएँ।*

खाएँ। मैले कहिल्यै पुलीसको कुटाइ खाएको छैन। तर जेलभित्र कैदीहरूबाट कुटाइ खाएँ। यो घटना पनि सेन्ट्रल जेलभित्रकै थियो।

अर्को एकचोटि के भयो भने, नख्खुमा राजपाल भन्ने एकजना सब-इन्सपेक्टर थियो। त्यो दार्जिलिङ्गको मान्छे थियो। त्यसैले उसले मलाई धेरै माया गर्थ्यो। मलाई उसले किताब लगायत आवश्यक चीज सबै नै ल्यादिन्थ्यो।

उसलाई मैले भनें- 'ए राजपाल ! तपाईं अन्य ठाउँमा नै जानुस्। यस्तो अन्कन्टार जंगलको ठाउँमा किन बस्नुहुन्छ ?' जवाफमा उसले 'हैन, मलाई यहीं ठीक छ, यहीं आनन्द छ, म यहाँ छोडेर अन्त कहीं जान्न' भन्यो।

त्यसको ५/७ दिनपछि म जेलरकहाँ गएर 'म यहाँ बस्दैबस्दिन। म यहाँ बसें भने आन्दोलन गर्छु। मलाई तुरून्त भद्रगोल पठाउ' भनें। त्यसपछि मलाई भद्रगोल जेल पुऱ्याइयो।

मैले भद्रगोलमा आएर जेल तोड्ने कार्यको तयारी गर्न थालें। त्यतिखेर त्यहाँ नसिरूद्दिन भन्ने नेपालगञ्जको एक नामुद डाकूँ थियो। त्योसँग मिलेर मैले जेलमा प्वाल पार्न थालें। जेलको दक्षिणतिर पर्ने नालाबाट दिशा बगेर आई जम्मा हुने मंगालमा बसेर डाडु पन्यूँको सहाराले प्वाल पर्न थालियो।

राणाहरूले बनाएको त्यस जेलको पर्खाल चाकु-साकु के के मिलाएर बनाइएको रहेछ, त्यो पर्खालमा प्वाल पार्न यति गाह्रो भयो कि सायद सिमेन्टको पर्खाल भत्काउनुभन्दा पनि गाह्रो भयो। तैपनि हामीले पन्ध्र दिन लगाएर जेलको पर्खाल फोड्ने काम सिध्यायौं। पर्खालको लास्ट लेयरम्म पुगेपछि भोलि बाँकी लेयर फुटालेर बाहिर जाने भनेर हामी दुवैजना फर्क्यौं।

त्यतिखेर भद्रगोल जेलमा क. मोहनबिक्रम सिंह पनि थिए। म भुईं तल्लामा बस्थें भने उनी सबभन्दा माथिल्लो तल्लामा बस्थे। मैले आफूसँग भएका राम्राराम्रा किताबहरू लिई मोहनविक्रमलाई दिन गएँ। उनले 'किन ?' भनेर सोधे।

मैले भनें- 'म आज राती जाँदैछु। त्यसैले यी किताबहरू मैले तपाईंलाई जिम्मा लगाउन आएको हुँ।'

उनले भने- 'नजानुस् नजानुस्। गोली चल्छ। तपाईंको ज्यान खतरामा छ।'

जवाफमा मैले भनें- 'खतरा त मोल्नै पर्छ।'

मेरो आफ्नो क्याल्कुलेशन के थियो भने, त्यो भद्रगोल जेलको वरिपरि राती रमन घुम्दैन। किनभने, पहिले पनि त्यहाँ रमन घुम्दैनथ्यो।

तर दुईतीन दिन पहिलेदेखि त्यो घुम्न थालेको रहेछ। मलाई त्यो कुरोको केही जानकारी भएन। म राती आफूले प्वाल पारेको ठाउँमा गएँ। त्यहाँ गई मैले बाँकी अन्तिम लेयर पनि भत्काउन पर्खालमा लात्तीले हानें। तुरून्त चारैतर्फ सिठ्ठी बजाएर सबै गार्डहरू सतर्क रहन पुगे। त्यतिखेर मेरो साथमा नसिरूद्दिन पनि थियो। हामी दुवै जनाको शरीर भंगालमा रहेको फोहोरमा लट्पटिएको थियो। मैले नसिरूद्दिनलाई 'तिमी चूप लागेर जाऊ र सुत। उठ्दै नउठ। नुहाउँन पनि नजाऊ।' भनें। किनभने, उनीहरूलाई त कुटेर मार्न सक्छ। उसले मलाई 'तिमी पनि बच' भन्यो। मैले भनें- 'म बच्नु हुँदैन। म बचें भने तिमी बच्दैनौ। तिमीलाई मार्छ।'

यसरी उसलाई मैले सम्झाएर सुत्न पठाएँ।

त्यसपछि जेलभित्रका चौकीदार, कामदार आदि सबै नै जम्मा भए। उनीहरूले मलाई 'ए ! के हो ? के गरेको ?' भनी सोधे। मैले सिधै 'म पार्खाल फोडेर भाग्न खोजेको थिएँ। तिमीहरूले समात्यौ। ठीकै भयो। तर मलाई जेलभित्रको तिमीहरूको चौकीमा नराख। मलाई पुलीसचौकीमा राख' भनें। (जेलभित्र पुलिस चौकी पनि हुन्छ।) अनि, मलाई पुलिसचौकीमा लागियो।

पुलीस चौकीमा पुगेपछि त त्यहांको हवल्दार जिल्ल पऱ्यो। 'मलाई त विश्वासै लाग्दैन' भन्यो त्यसले। मैले भनें- 'विश्वास लागे पनि नलागे पनि, भएको घटना यही हो। म जेलको चौकीमा



# क्यान्सरको उपचार गराएर
# क. निर्मल लामा
## बम्बैबाट स्वदेश फिर्ता

नेपाली कम्युनिष्ट आन्दोलनका वरिष्ठ नेता क. निर्मल लामा अन्ननलीको क्यान्सरबाट पीडित भई हालै मात्र मुम्बई (बम्बै)मा शल्यक्रियाको उपचार गराएर गएको असोज ६ गते स्वदेश फिर्ता हुनुभयो। उहाँको उपचारमा संलग्न डाक्टरहरूका अनुसार उहाँले नेपालमै रेडियो थेरापी पद्धतिको माध्यमबाट आगामी दिनहरूमा उपचार जारी राख्नुपर्नेछ, साथै ४ महिनापछि 'फलो-अप जाँचको लागि उहाँले पुनः सो अस्पतालमा जानुपर्नेछ।

गत श्रावण महिनाको अन्ततिर डाक्टरहरूको सल्लाह बमोजिम अन्ननलीमा शल्यक्रियाको लागि गत भाद्र ४ गते भारतको मुम्बइको टाटा मेमोरियल क्यान्सर अस्पतालमा उहाँ भर्ना हुनुभएको थियो। आवश्यक सम्पूर्ण प्रक्रिया पूरा गरिसकेपछि गत भाद्र १७ गते बिहिबार क. लामाको शल्यक्रिया सफलतापूर्वक सम्पन्न भयो। टाटा मेमोरियल अस्पतालका बरिष्ठ चिकित्सक डा. आर.के. देशपाण्डेको नेतृत्वमा संयोजित डाक्टरहरूको एक टोलीले ७ घण्टा समय लगाएर सो अपरेशन गरेको थियो। क. लामाको भोजन नलीको झण्डै ८ इन्च लामो भाग काटी कृत्रिम पाइप जडान गरिएको थियो। र, भाद्र महिनाको अन्तिम हप्तातिर पुनः सानो शल्यक्रिया गरी सो कृत्रिम पाइप झिकेर अन्ननलीलाई जोड्ने काम गरियो।

नेपाली कम्युनिष्ट आन्दोलनका एक बरिष्ठ तथा बृद्ध नेता क. निर्मल लामा गम्भीर बिरामी हुनु भएपछि उहाँको उपचार आम जनताको सहयोगबाट नै सम्पन्न गराउने उद्देश्यले नेकपाका संस्थापक सदस्य तथा नेकपा (एकता केन्द्र) का नेता क. नरबहादुर कर्माचार्यको संयोजकत्वमा एघार जनाको एक 'उपचार सहयोग समिति गठन भएको थियो। सो समितिमा अमिक शेरचन, डा. मथुराप्रसाद श्रेष्ठ, पद्मरत्न तुलाधर, दिलबहादुर श्रेष्ठ, डिल्लीजंग गुरूङ्ग, लीलामणि पोखरेल, बख्तसिंह लामा, दिलबरदान श्रेष्ठ, रायन श्रेष्ठ, र निनु चापागाई रहनुभएको छ।

क. निर्मल लामाको उपचारको लागि विभिन्न पार्टी, संगठन तथा शुभचिन्तकहरूको तर्फबाट जम्मा ३ लाख ६९ हजार रूपियाँ संकलन भएको कुरा 'उपचार सहयोग समिति'ले जनाएको छ।

क. निर्मल लामा नेपालको समग्र प्रजातान्त्रिक आन्दोलनका पनि एक योद्धा तथा नेता हुनुहुन्छ। उहाँ वर्तमान संविधानका निर्माताहरूमध्ये एक हुनुहुन्छ। त्यसैले उहाँको उपचारमा श्री ५ को सरकारको पूर्ण दायित्व रहन्छ भन्ने आम जनताको राय रहेको कुरा पत्रपत्रिकाहरूले उठाइरहेका छन्। तर सरकारले भने क. लामाको उपचार खर्च जुटाउन उदासिनता देखायो। सरकारको यो रवैयालाई लिएर संसदमा सांसद क. लिलामणि पोखरेल लगायत अन्य केही सांसदहरूले चर्को विरोध गरेपछि र बाहिर आम जनताले पनि सरकारको विरोध गरेपछि मात्र बल्ल सरकारले क. लामाको उपचारमा लाग्ने सम्पूर्ण खर्च व्यहोरिदिने घोषणा गऱ्यो। क. लामाको 'उपचार सहयोग समिति'का संयोजक क. नरबहादुर कर्माचार्यका अनुसार क. लामाको उपचारको लागि सरकारले हालसम्म ३ लाख भारतीय रूपियाँ उपलब्ध गराइसकेको छ।

क. निर्मल लामाको अन्ननलीमा लागेको क्यान्सरको सफल शल्यक्रिया भएको र हाल उहाँको स्वास्थ्य स्थितिमा क्रमिक रूपमा प्रगति भइरहेकोले नेपालका विभिन्न पार्टी संगठन तथा उहाँका शुभचिन्तकहरूले खुशी प्रकट गरेका छन्।

मूल्यांकन परिवार उहाँको शीघ्र पूर्ण स्वास्थ्य लाभको कामना गर्दछ। ◉

गएँ भने कैदीहरूले मलाई कुटेर मार्छन् । त्यसैले तिमीहरूको संरक्षणमा बस्न आएको हुँ ।'

त्यस समयमा आई.जि.पि. थियो- रोमबहादुर । भोलिपल्ट आई.जि.पि., डि.आई.जि., जेलर, सबै आए । जेलरले मलाई मुख छोडेर, आमाचकारी गाली गऱ्यो । मेरो पालो, त्यसकोभन्दा ठूलो आवाजले 'तेरो जेलको नियमले मलाई पन्ध्र कोर्रा लगाउन पाइन्छ । मलाई पन्ध्र कोर्रा लगा । तर मलाई आमाचकारी गाली गर्न भने पाउँदैनस् । तेरो नियमअनुसार मलाई गोल-घरमा थुन् । तर आमाचकारी गाली गर्न पाईदैन ।' भनेर मैले उसलाई बेस्करी हप्काएँ ।

जेलरको सातोपुत्लो गयो । त्यहाँ एकछिन 'पिन ड्रप साइलेन्ट' भयो । त्यसपछि मलाई कसैले केही गाली गरेन ।

र, उनीहरूले मलाई सेन्ट्रल जेलको गोलघरमा राख्ने निर्णय गरे ।

> *'यदि मलाई भेट्न दिइएन भने यो सबै गोलघर तोडिदिन्छु । अहिले नै तोड्न थालीहाल्छु....*

त्यही क्रममा आई.जि.पि., डि.आई.जि.हरूले मलाई 'एउटा बयान त दिनु पऱ्यो' भन्ने कुरा गरे । मैले 'के बयान ? म भाग्न खोजको थिएँ । भाग्न सकिनँ । यही कुरा हो' भनें ।

उनीहरूले भने- 'हैन, तपाईको हप्काइले जेलर त थरथर कामे । जे भए पनि तपाईंले जे बोल्नु भयो, त्यही लेखीदिनु भए पनि हुन्छ ।'

मैले 'ल त हुन्छ' भनी 'म भाग्न खोजको थिएँ । भाग्न सकिनँ ।' भनेर कागजमा ख्वाईंख्वाईं लेखिदिएँ । अनि मलाई सेन्ट्रल जेलको गोलघरमा लगेर राख्यो ।

सेन्ट्रल जेलको गोलघरमा मलाई यति कडाइका साथ राखियो कि मलाई गार्डको रूपमा कैदी कामदारहरू नराखी प्रहरीहरू नै राखिए । प्रहरीहरूलाई मसँग कुनै कुरै नगर्ने आदेश दिइएको रहेछ । तर प्रहरीहरू 'हामीलाई त तपाईंसँग कुरै नगर्नू भन्ने आदेश छ । तर तपाईंसँग कुरा नगरी हामी कोसँग कुरा गर्ने ?' भनेर मसँग कुरा गर्न आए । मलाई उनीहरूले आवश्यक चीजबीजहरू पनि ल्याइदिन थाले ।

मलाई गोलघरमा राख्दाको समय दशैंको बेला थियो । दशैंमा भाइ, बुहारी, भतिजीहरू मलाई भेट्न आए । तर जेलरले मलाई भेट्न नदिने भनेर निर्णय गरेको रहेछ । त्यतिखेर कामदारहरूले मलाई सहयोग गर्थे । उनीहरूले मलाई बाहिर मेरा भाइ, बुहारी, भतिजीहरू भेट्न आइराखेको, तर जेलरले भेट्न नदिएको कुरा सुनाए । मैले कामदारहरूलाई 'यदि मलाई भेट्न दिइएन भने यो सबै गोलघर तोडिदिन्छु । अहिले नै तोड्न थालीहाल्छु, भन्यो' भन्ने कुरा जेलरलाई भन भनी पठाएँ ।

त्यति भनेपछि बल्ल मलाई भेट्न दिइयो । र, करीब दुई घण्टा बसेर दशैंको टीका-सिका लागाई भाइ, बुहारीले ल्याइदिएको खाना खाएर मैले समय बिताएँ । जेलरको आदेश के थियो भने, गोलघरमा आई मसँग कसैले पनि कुरा नगर्नू । तर दशैंको बेला कामदारहरू राति आई गोलघर खोल्नुका साथै, मलाई बाँधिराखेको नेल-सेल जम्मै खोलिदिन्थे । र, त्यहाँ खानपीन, नाचगाना सबै नै हुन्थ्यो ।

उनीहरू भन्थे- तपाई राति जुन बेला आउनु भएपनि हामी ढोका खोलिदिन्छौं । तपाई गोलघरबाट राती जुनबेला पनि बाहिर निस्कन सक्नुहुन्छ । तर बिहान भने हामी बन्द गर्छौं । नत्र जेलरले हामीलाई मार्छ ।'

मलाई उनीहरू यतिबिघ्न सहानुभूति राख्थे ।

मलाई गोलघरमा झण्डैझण्डै एक महिनासम्म राखियो ।

म जेलमा हुँदा त्यही समयमा अन्य थुप्रै नेताहरू पनि जेलमा परेका थिए । म नख्खुमा रहँदा कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइराला, लोकदर्शन, रूद्रप्रसाद गिरी, तारणीप्रसाद कोइराला आदि जस्ता नेताहरू पनि त्यहाँ थिए । भद्रगोलमा मोहनबिक्रम सिंह थिए ।

जेलमा रहँदा मेरो जहिल्यै पनि मोहनविक्रम सिंहसँग राम्रै सम्बन्ध रह्यो । तर, मैले जेलमा चामल-रोटीको संघर्ष, कैदीहरूमाथि अन्याय अन्याचार भयो भनेर गरेको संघर्ष आदिमा प्रायशः कोही नेताहरूले पनि मलाई साथ दिँदैनथे । मोहनबिक्रम सिंहले दिन्थे । उनीबाहेक अर्को एक जनाले पनि साथ दिन्थे । ती हुन्- ललितबहादुर लामा । उनी भूतपूर्व आई.जि.पि. डि. बि. लामाका बाबु हुन् । उनले मलाई हमेशा साथ दिन्थे । उनी गोर्खा परिषदबाट आएका थिए । उनी सांसद थिए ।

प्रायशः अन्य साथीहरू संघर्ष गर्ने कुराको निर्णय गर्ने बेलामा समर्थन गर्थे । तर कार्यान्वयन गर्ने बेलामा भने कोही पनि अगाडि आउँदैनथे ।

क्रमशः

प्रस्तुतिः **तुल्सीदास महर्जन**

## सन्दर्भ : नेकपा (माले)को

# पोखरा भेला

वाटरलुको लडाईमा हारेपछि सम्राट नेपोलियनले आफ्ना तमाम पूर्ववर्ती युद्धनीतिहरूमा आमूल परिवर्तन गरेका थिए । परिवर्तनको एकमात्र लक्ष्य थियो- पराजयबाट शिक्षा लिनु । उनी चाहन्थे, वाटरलुको पराजयको सानो ठक्करबाट अर्को ठूलो विजयको परिणाम हात लागोस् ।

तर आफूलाई मार्क्स, एङ्गेल्स, लेनिन र माओको अनुयायी भन्ने नेकपा (माले)का नेताहरू पराजयबाट शिक्षा लिने होइन, आफ्नै इतिहासबाट पनि शिक्षा लिदैनन् भन्ने कुराको पछिल्लो प्रमाण हो- पोखरा कार्यकर्ता भेला ।

गएको भदौ २१ गतेदेखि २३ गतेसम्म नेपालको सुन्दर शहर पोखरामा नेकपा (माले)को प्रथम राष्ट्रिय कार्यकर्ता भेला सम्पन्न भयो । भेलामा देशभरिका जिल्ला तहसम्मका एक हजारभन्दा बढी कार्यकर्ताहरू उपस्थित थिए, जसमा केन्द्रीय समितिका सदस्यहरू, केन्द्रीय विभागका सदस्यहरू, पार्टी जनवर्गीय संगठनका तोकिएका केन्द्रीय पदाधिकारीहरू, जिल्ला कमिटीका सचिव र उपसचिव, निर्वाचन क्षेत्र समन्वय कमिटीका सचिव, जिविसका सभापति एवं उपसभापतिहरू, नगरपालिकाका प्रमुख र उपप्रमुखहरू भेलाका वैधानिक सहभागी थिए । वर्षात् र उष्णताको अन्त्यतर्फ बढिरहेको मौसममा आयोजित त्यो भेला पनि आफूभित्रको उकुशमुकुसपूर्ण गतिरोधलाई हटाउने एउटा महत्वपूर्ण अवसर थियो । तर मालेका नेताहरूले भने आफ्ना तमाम कार्यकर्ताहरूले एक मतले दिएका सुझावहरूलाई पनि कार्यान्वयन नगरी रित्तो हात राजधानीतर्फ फर्किए ।

भेला सकिएको अब तीन हप्ता बित्न लाग्यो । राजधानी फर्केको नेतृत्व केन्द्रले आत्मविश्वासका साथ मूर्त रूपमा भेलाका उपलब्धिहरूलाई सूचीबद्ध गरेर सार्वजनिक गर्न सकेको छैन । बरू दोश्रो पुस्ताका नेता र कार्यकर्ताहरू मात्र भेलाको परिणामको पक्ष र विपक्षमा आफ्ना तर्कहरू राखिरहेका छन् । मुख्य रूपमा उनीहरू दुई भागमा बाँडिएका छन् ।

एउटा भाग भन्छः केही भएन । केन्द्रका नेताहरूले प्रदर्शन गरेको बचकाना व्यवहारले माले पार्टीलाई बिसर्जनको पिँधसम्म पुऱ्याउने संभावना छ ।

दोश्रो थरीको तर्क योभन्दा विपरीत छ । उनीहरू भन्छनः त्यो भेला कार्यकर्ताको क्रान्तिकारी भावनाको अनुपम उदाहरण थियो । आखिर त्यही भावनाले पार्टीको उज्यालो भविष्यलाई सुनिश्चित गर्दछ । जसरी कुनै पनि बस्तुको जन्मको इतिहास पछाडि लामो र अर्थपूर्ण प्रक्रियाहरूको एउटा अविछिन्न श्रृंखला हुन्छ , त्यसरी नै त्यो बस्तुको मृत्युको इतिहास निर्धारित भएको हुन्छ । यो एउटा बिज्ञानसम्मत तथ्य हो । नेकपा (माले)लाई पनि यो कसीमा राखेर हेर्दा त्यसको भविष्य कस्तो हुन्छ भन्ने पूर्वानुमान गर्न सकिन्छ । इतिहासमा असफतता र पराजयका धेरै घटनाहरूपछि पनि कुनै बस्तु, संस्था वा आन्दोलनमा थप उर्जा र शक्तिमा अभूतपूर्व बिस्तार भएका घटना छन् । पुराणको पात्र सिसिफस मात्र सदैव पराजित हुन्छ । बाँकी जसले आफ्नो पराजयका कारणहरू बस्तुगत किसिमले खोजतलाश गर्छ, त्यसले पछि जित्छ-जित्छ, यसमा कुनै विवाद छैन । तर माले पार्टीभित्र पोखरा भेलाको विषयलाई लिएर यसको उज्यालो भविष्य देख्नेहरूमा तर्कको प्रणालीबद्ध संगति पाइँदैन । तलतिर बसेका कार्यकर्ताहरूको रचनात्मक प्रतिवादले मात्र कुनै पार्टीको उज्यालो इतिहास बन्दैन । कुनै पनि पार्टी शक्तिशाली बन्नका निम्ति ठीक सिद्धान्त, ठीक नेतृत्व र ठीक व्यवस्थापन एकसाथै अपरिहार्य विषय हुन्छन् । ती तीन तत्वमध्ये कुनै एक तत्वको अभाव भएमा त्यो अभियान बिस्तारै समाप्तिको खाडलतिर धकेलिदै जान्छ ।

> **नेतृत्वले त्यो कुनै पनि कुरालाई मञ्जुर गरेन । उनीहरू आफ्नो पद जान्छ भन्ने भयले राति आत्मकेन्द्रित देखिए कि विचार र संगठनको शुद्धिकरणमा उठेको कार्यकर्ताको एउटै सुझावलाई पनि कार्यान्वयन गरेनन् ।**

# वाटर लुपछि पनि कुम्भकर्ण नेताहरु



नारायण ढकाल

**पोखराको राष्ट्रिय भेला नेकपा (माले)लाई सच्याउने एउटा महत्वपूर्ण अवसर थियो । नेतृत्वले जोखिम उठाएर त्यो अवसरलाई उपयोग गरेको भए, त्यसले नेपाली वाम राजनीतिमा अर्के चित्र उपस्थित गर्ने सामर्थ्य उत्पन्न गर्थ्यो । तर...**



*नेकपा मालेका अध्यक्ष साहना प्रधान र महासचिव बामदेव गौतम*

बैचारिक र सांस्कृतिक गन्तव्यको किटानी हुन नसक्नु आरंभदेखि नै नेकपा (माले)मा टाँसिदै आएको महारोग हो । त्यसको निम्ति पुनर्गठनपछि निर्माण भएको नेतृत्व नै मुख्य रूपले जिम्मेवार थियो । एमाले दक्षिणपन्थी बिसर्जनवादतिर ओरालो लाग्न थालेपछि त्यो सिङ्गो आन्दोलनभित्र पुनर्गठनको सख्त आवश्यकता थियो । तसर्थ नेकपा मालेको निर्माण त्यो कोणबाट एकदमै सकारात्मक परिघटना थियो । तर दुःखको कुरो, पुनर्गठन त भयो, तर प्राविधिक पक्षमा मात्रै । क्रान्तिकारी परिवर्तनका निम्ति आवश्यक पर्ने अपरिहार्य तत्व सिद्धान्त एवं विचारको पक्षमा कुनै पुनर्गठन भएन । महाकाली सन्धिको कुरा बाहेक माले र एमालेमा कुनै तात्विक फरक आएन । उही बहुदलीय जनवाद, उही सांस्कृतिक क्षयीकरण र उही चारित्रिक समरूपता ।

मालले शुरूमा एमालेभन्दा फरक देखाउन आचार सहितालाई विधानको अंग बनाएको थियो । तर लामो कालसम्म पनि त्यो संहिता हात्तीको देखाउने दाँत मात्र भएको थियो । तर यसपालीको पोखरा भेलामा नेताहरूका निम्ति त्यो बस्तु नै घाँडो भएको अनुभूति उनीहरूले प्रदर्शन गरे भनेर सहभागी कार्यकर्ताहरू गुनासो गर्दैछन् । एक पटक कामरेड राधाकृष्ण मैनालीले हाकाहाकी मलाई भन्नुभएको थियो: "हाम्रो माले पार्टीलाई बलियो हुन नदिने तपाईंहरूको आचार संहिता हो । तपाईंहरूले त्यो विवाद ल्याइदिएको हुनाले नै कार्यकर्ताहरू संगठनमा सक्रिय हुन सकेनन् ।"

त्यसबेला म फिस्स हाँसको मात्र थिएँ । यसपाली पोखरा भेलामा पनि यस्तै भएछ ।

पोखरा कार्यकर्ता भेलामा नेकपा (माले)का कार्यकर्ताहरूले स्पष्ट रूपमा आफ्नो संरचनाभित्रका प्रमुख गतिरोधहरूलाई राम्ररी ठम्याएर कुरा उठाए । उनीहरूले विगतको चुनावको सर्मनाक पराजयलाई वस्तुगत तथ्य र तर्कसहित प्रस्तुत गरे । उनीहरूले पुनर्गठनपछिको विगत १८ महिनामा भएका रणनीतिक र कार्यनीतिक गल्तीहरूको स्पष्ट सूची प्रस्तुत गर्दै वर्तमान राजनीतिको बस्तुगत धरातलामा नयाँ संभावनाहरूको खोजी पनि प्रस्तुत गरे । उनीहरूले अहिलेको केन्द्रले सैद्धान्तिक एवं राजनीतिक रूपले नेतृत्व दिन नसकेको, आचार संहिता पालना नगरेको, मुख्य प्रतिद्वन्दीको किटान गर्न नसकेको, अस्थिर राजनीतिक चरित्र प्रदर्शन गरेको, कांग्रेसको प्रतिक्रियावादी सरकारको पुच्छर भएको, क्रान्तिको कार्यक्रमसम्बन्धी अवधारणामा दक्षिणपन्थी झुकाव राखेको कुरामा केन्द्रीय नेताहरूको ध्यान खिच्न खोजे । तर नेतृत्वले त्यो कुनै पनि कुरालाई मञ्जुर गरेन । उनीहरू आफ्नो पद जान्छ भन्ने भयले यति आत्मकेन्द्रित देखिए कि विचार र संगठनको शुद्धिकरणमा उठेको कार्यकर्ताको एउटै सुझावलाई पनि कार्यान्वयन गरेनन् । भेला भइरहेको बेला केन्द्रीय समितिको बैठक बस्यो रातारात । तर निर्णय बिना नै त्यो सकियो ।

कुनै पनि राष्ट्रिय भेलामा केन्द्रीय कमिटीको तर्फबाट महासचिवले प्रस्तुत गर्ने प्रतिवेदन एजेण्डाको सूचीमा सबभन्दा महत्वको विषय हुनेगर्छ । तर मालेको त्यो भेलामा त्यो महत्वलाई धेरै अवमूल्यन गरिएको कुरा सहभागीहरूले बताएका छन् । हुन पनि, महासचिवको प्रतिवेदनको अन्तरवस्तु हेर्दा त्यो आरोप पूर्ण रूपले पुष्टि हुन्छ । त्यो प्रतिवेदनमा बहुदलीय जनवादको निम्ति अनावश्यक रूपले 'शहीद' बन्न अनेक कुतर्कहरू गरिएका छन् । चुनावको लगत्तै केही बुद्धिजिवीहरूले मालेको हारको कारणमा एमालेको भन्दा भिन्न कार्यक्रम र कार्यनीति नलिनु पनि हो भन्ने तर्क उठाएका थिए । त्यो तर्कलाई जवाफ दिन प्रतिवेदन भन्छ: जनताको बहुदलीय जनवाद नै कारण मालेको पराजय भएको हो भने जवज मान्ने एमालेले ७१ सिट कसरी जित्यो ?


यस्तो पनि कुनै तर्क हुन्छ ? यो त घुमाई फिराई एमालेलाई समर्थन गरेको होइन ? बहुदलीय जनवाद नै ठीक हो भने मालेको पराजित र बिपन्न जवजभन्दा एमालेको ७१ सिट ल्याउने सम्पन्न र विजयी जवजलाई किन समर्थन नगर्ने ? के प्रतिवेदनको निष्कर्ष यही होइन ?

पोखराको राष्ट्रिय भेला नेकपा (माले)लाई सच्याउने एउटा महत्वपूर्ण अवसर थियो । नेतृत्वले जोखिम उठाएर त्यो अवसरलाई उपयोग गरेको भए, त्यसले नेपाली वाम राजनीतिमा अर्के चित्र उपस्थित गर्ने सामर्थ्य उत्पन्न गर्थ्यो । तर दुःखको कुरो, त्यहाँ मार्क्स, एङ्गेल्स, लेनिन र माओका उत्तराधिकारीहरूको कुरै छाडौं, नेपालियन किसिमका समीक्षकहरू पनि भेटिएनन् ।

वाटरलुको हारपछि नेपोलियन कयौं रात निदाएनन् । तर आफ्नो लज्जास्पद पराजयपछि पनि मालेका नेताहरू भने कुम्भकर्ण झैं मस्तसित निदाइरहे । ☐

# कस्तो छ सरकारको २० वर्षे स्वास्थ्य नीति ?

**स्वास्थ्यविद्हरु बीच भएको अन्तर्क्रियामा प्रस्तुत विचार**



## समाजशास्त्री डा. चैतन्य मिश्रको विचार

*आजको प्रस्तुतिलाई मैले मुख्यतः तीन भागमा बाँडेको छु । म पहिला स्वास्थ्यको स्थितिबारे कुरा गर्छु । दोस्रो पाटोमा दीर्घकालीन स्वास्थ्य योजना (सन् १९९७-२०१७) को समालोचना गर्नेछु । तेस्रो पाटोमा...*

म औषधिमूलो गर्न जान्ने स्वास्थ्यविद् होइन । मेरो पृष्ठभूमि मूलतः समाजशास्त्र हो । केही हदमा योजना तथा परियोजना तर्जुमा, कार्यान्वयन र अनुगमनको अनुभव पनि मसंग छ ।

आजको प्रस्तुतिलाई मैले मुख्यतः तीन भागमा बाडेको छु । हालको स्वास्थ्यको स्थितिको विवेचना नगरी स्वास्थ्य योजना ठीक छ कि छैन भन्न गाह्रो हुन्छ । त्यसैले म पहिला स्वास्थ्यको स्थितिबारे कुरा गर्छु । दोस्रो पाटोमा दीर्घकालीन स्वास्थ्य योजना (सन् १९९७-२०१७)को समालोचना गर्नेछु । तेस्रो पाटोमा यस स्वास्थ्य योजनाका कमी कमजोरी हटाउनका लागि के गर्न सकिन्छ भन्नेबारे चर्चा गर्नेछु ।

### *नेपालमा स्वास्थ्यको स्थिति*

अहिलेको स्वास्थ्यको स्थितिको विवेचनालाई पनि मैले तीन भागमा बाँडेकोछु । पहिलो- आंकडाको स्थिति, दोस्रो- नीतिगत स्थिति र तेस्रो वित्तीय वा व्ययभार सम्बन्धी स्थिति ।

नेपालमा अहिले स्वास्थ्यबारे प्रशस्त आंकडाहरू उपलब्ध छन् । तर ती आंकडाहरूको गुणस्तर मध्यम श्रेणीको छ, उत्तम श्रेणीको छैन । उदाहरणको लागि, नेपालको जनसंख्या कति छ भन्ने बारेमा मतैक्यता छैन । त्यसैले अहिले प्रस्तुत गरिने आंकडाहरूमा पनि भिन्नताहरू हुन सक्छन् । म यहाँ अहिले सबभन्दा नयाँ तर पनि गुणात्मक मानिएका तथ्यांकहरूको आधारमा स्वास्थ्यको मोटामोटी विवेचना गर्न लागेको छु ।

स्वास्थ्यको स्थितिको एउटा परिसूचक जन्मँदाको औसत आयु हो । जन्मदाखेरिको आयु अहिले नेपालमा ५५ वर्षको छ । पुरूषको ५६ र महिलाको ५४ । संसारका झण्डैझण्डै सबैजसो देशमा महिलाहरूको आयु बढी हुन्छ तर नेपालमा घटी छ । यो कुरालाई लिएर नेपाल विश्वका मात्र दुई तीनवटा मुलुकहरू मध्ये एउटामा पर्दछ । ५५ वर्षको आयु भुटान बाहेक दक्षिण एशियाली अन्य सबै देशहरूमा भन्दा कम हो । तर अर्कोपट्टि सन् १९७६ देखि १९९६ सम्मको अवधिको कुरा गर्ने हो भने नेपालीहरूको आयु तेह्र वर्षले बढेको छ । यस अवधिभित्र प्रतिबर्ष झण्डै आठ महिनाको दरले नेपालीहरूको आयु बढेको छ । यसका विभिन्न कारणहरूमध्ये महामारी नियन्त्रण, खोप बढी दिने चलन र जनस्वास्थ्य सेवाको विस्तार आदि हुन् ।

स्वास्थको स्थितिको अर्को परिसूचक हो - बाल मृत्युदर । (मैले यहाँ प्रस्तुत गरिरहेको आंकडा सन् १९९६ को हो ।) नेपालमा एक हजार जीवित शिशु जन्ममा ९८ जना मर्छन् । एक वर्षभन्दा मुनिका शिशुको मृत्युदर हो यो । अन्तरराष्ट्रिय स्थितिको तुलनाअनुसार यो शिशु मृत्युदर अति उच्च छ । फेरि यो शिशु मृत्युदर औसत मात्र हो । हिमालीक्षेत्रमा मृत्युदर त्योभन्दा बढी छ । शहरमा मृत्युदर कम छ - हजारमा ६२ शिशु मर्छन् । तर शिशु मृत्युदर घट्दै गएको पनि छ । १९७६ मा करिब १५२ औसत शिशु मर्थे - एक हजार जीवित शिशु जन्मिएकामा । शिशुहरू मर्नुका खास कारणहरू अनेकौं छन् । तर प्रमुख कारणमा झाडापखाला र श्वास प्रश्वासका समस्याहरू हुन् ।

त्यसै गरेर स्वास्थ्यको अर्को परिसूचक हो - मातृ मृत्युदर । नेपाल मातृ मृत्युदर सबभन्दा उच्च हुने मुलुकहरूमध्ये एउटा हो । यसलाई धेरै किसिमले नाप्न सकिन्छ । एक लाख आमाहरू सुत्केरी हुँदा कति जना मर्छन्, एउटा माप यो हो । नेपालको अहिलेको आंकडा हेर्ने हो भने एक लाख सुत्केरी भएका आमाहरूमा करिब ५३९ आमाहरू मर्छन् । सुत्केरी आमाहरू मर्नुका कारणहरू धेरै छन् । बेलैमा औषधी उपचारको प्रवन्ध नहुनु एउटा मुख्य कारण हो । ध्यान दिनु पर्ने कुरा के छ भने ६६ प्रतिशत सुत्केरीहरूमा रक्तअल्पता हुन्छ । रक्तअल्पताको यो आंकडा ज्यादै ठूलो हो ।

स्वास्थ्यको स्थितिको अर्को परिसूचक मान्छे कति विरामी हुन्छन् भन्ने हो । यहाँको विरामीको दर उच्च छ, तर कति छ भन्ने कुरा तथ्याक बाट स्पष्ट छैन । देखिने रोगहरूमा जुका पर्ने, झाडापखाला लाग्ने, छालाको रोग आदि प्रमुख छन् । त्यसै गरेर आयोडिन र आइरनको न्यूनता, प्रोटिनको अभाव, कुपोषण आदिले गर्दा धेरै विरामी हुने गर्दछन् ।

स्वास्थ्य स्थितिको अर्को परिसूचक खाद्यको स्थिति हो । खाद्य पुग नपुग हुनुले अर्थात् प्रोटिन र तागतको अभाव (protein-energy malnutrition) ले रोग र मृत्यु दुवैलाई बढाउँछ । नेपालमा एकजना वयस्कले दैनिक २,२५० किलो क्यालोरी बराबरको खाना खानु आवश्यक हुन्छ । तर १९९४-९५ को आँकडाअनुसार एक वयस्कको भागमा २,१४० किलो क्यालोरी बराबरको खाना मात्र पर्दथ्यो । यो औसत आंकडा हो । औसतले धेरै कुरा लुकाउँछ । यो भन्दा बढी खानें पनि हुन्छन् । यो भन्दा घटी मात्र खान पाउने पनि प्रशस्त हुन्छन् । नेपालमा ७५ जिल्लामध्ये ५५ जिल्ला खाद्यान्नमा न्यून छन् । गरीबले अलिकति बढी, धनीले अलिकति कम तर औसतमा कुल पारिवारिक आयको ६५ प्रतिशत खाद्यान्नमा खर्च गर्छन् । सर्भेक्षणमा नेपालका करीब ५९ प्रतिशत परिवारले "हामीलाई खाद्यान्न न्यून छ" भनेका छन् । सुदूर पश्चिमाञ्चलमा यस्तो स्थिति ७५ प्रतिशत छ ।

४० प्रतिशत जनसंख्यामा आयोडिनको न्युनता छ । आयोडिनको न्यूनताले धेरै रोगहरू जन्माउन सक्छ । ती मध्ये गाँड आउने, मानसिक रूपले अस्वस्थ हुने कुराहरू पर्छन् । अर्को एउटा दुःख लाग्दो तथ्यांक के छ भने तीन वर्षभन्दामुनिका ४८ प्रतिशत बालबालिकामा दीर्घकालीन रूपले खाद्यान्नको कमी छ । त्यसले गर्दा त्यो उमेरमा उनीहरूको उचाई जति हुनु पर्ने हो त्यति हुँदैन । त्यस्तै गरेर ११ प्रतिशतमा अल्पकालीन खाद्यान्नको कमी देखिन्छ । त्यो भनेको उँचाई अनुसारको तौलको प्रश्न हो । अल्पकालीन खाद्यान्नको कमीले गर्दा उनीहरूमा उचाई अनुसारको तौल हुँदैन । यसरी नेपालका झण्डै आधा बच्चाहरूलाई खाना नै पुगेको छैन ।

आंकडागत स्थितिको अर्को पक्ष स्वास्थ्य चौकी र उपचौकीको कुरा हो । नेपालमा अहिले झण्डै ३२ सय गाविसमा स्वास्थ्य चौकी, उपचौकीको स्थापना भैसकेको छ । धेरैजसो वडाहरूमा महिला स्वास्थ्य-स्वयंसेविकाहरू छन् । तर यी दुवैको गुणस्तर भने अत्यन्त न्यून छ । डाक्टर, नर्स र अन्य स्वास्थ्य-कार्यकर्ताहरूको आंकडा पहिलेभन्दा बढेको छ, तर अझै अति न्यून छ । बढेका स्वास्थ्य-कार्यकर्ताहरूमध्ये पनि अधिकांश शहरमा बस्छन् । त्यसकारण स्वास्थ्य-कार्यकर्तामाथि आम नेपालीको पहुँच न्यून छ । खोपको आंकडा विभिन्न छ । सरकारी आंकडा हेर्‍यो भने झण्डै ८० प्रतिशतले खोप पाएको जस्तो देखिन्छ । तर, त्यो आंकडा भरपर्दो छैन । एउटा भरपर्दो आंकडाले के देखाउँछ भने ३६ प्रतिशत बालबालिकाले मात्रै सबै किसिमको खोप पूरा गर्छन् । कतिपय दृष्टान्तमा खोप दिइयो भनिन्छ तर त्यसको प्रभावकारिता एकदम कम हुन्छ । जस्तो, अध्ययनले के देखाउँछ भने दादुराविरुद्धको खोपको २२ प्रतिशत मात्र प्रभावकारिता छ ।

त्यस्तै, आंकडाको एउटा अन्तिम बूँदाको चर्चा गरौं । नेपालमा स्वच्छ पानी केलाई भन्ने कुरा भन्न गाह्रो छ । तर पनि कुवा वा खुला इनारबाट झिकेको पानीभन्दा पाइपबाट आपूर्ति गरिने पानीलाई तुलनात्मक रूपमा स्वच्छ भन्ने हो भने पाइपमा लगेको पानीको मात्रा धेरै बढेको छ । सन् १९९१ देखि १९९६ सम्म पाँच वर्षको अवधिमा पाइपको पानी पिउने नेपालीहरूको संख्या झण्डै दोब्बर भएको छ । तर यसको स्वच्छता कति छ भन्ने कुरा त्यति राम्ररी जाँच भएको छैन । अर्को, मानव दिसापिसावको कसरी बन्दोवस्त गरिन्छ र चर्पीको व्यवस्था कस्तो छ भन्ने बारे पनि आंकडा ज्यादै न्यून छ । तर हामीलाई थाहा छ कि यसको स्थिति राम्रो छैन । चर्पीको चलन अत्यन्त न्यून छ । यसकारण पनि पानीबाट हुने रोगहरू प्रशस्त मात्रामा छन् ।

घरेलु उपचार र उपरी स्वास्थ्य सेवाको अन्तरसम्बन्धबारे केही नीति बनेको छैन । मान्छे घरमा बिरामी हुन्छ । उसलाई स्वास्थ्यचौकीसम्म कसरी पुऱ्याउने अथवा त्यहाँ पुऱ्याउँदै नपुऱ्याई घरैमा औषधी र हेरविचार गर्न सकिन्छ । तर कसरी गर्ने ?

*अन्तर्क्रिया कार्यक्रममा आफ्ना विचारहरू राख्नु हुँदै डा. मिश्र*

## *स्वास्थ्यनीति कस्तो छ त ?*

आंकडाबाट अब म नीतिमा आउँछु । दीर्घकालीन स्वास्थ्यनीति नेपालमा पहिला सन् १९७५ मा बनाइयो । सन् १९७५ देखि १९९५ सम्मका लागि बनाइएको त्यो पहिलो दीर्घकालीन स्वास्थ्य नीति थियो । (आज छलफल गर्न लागिएको दीर्घकालीन नीति दोस्रो हो ।) त्यसपछि दोस्रो स्वास्थ्य सम्बन्धि नीति रहयो - १९९१ देखि २००१ सम्मको बालबालिकाको स्वास्थ्यनीति र बाल बालिकाको लागि कार्यक्रम । त्यसमा शिक्षा आदि पनि पर्‍यो । वडाहरूमा महिला स्वास्थ्यस्वयंसेविका राख्ने अर्को नीति संभवतः सन् १९८४ तिर बन्यो । त्यसपछि सन् १९९१ मा एकदमै महत्वपूर्ण अर्को एउटा नीति बनाइयो । यसै अन्तर्गत अहिले अधिराज्यभर स्वास्थ्यचौकी-उपचौकीहरू खडा भएका हुन् । अर्थात् जनस्वास्थ्यबारेको सबभन्दा महत्वपूर्ण नीति सन् १९९१ मा लागू भयो । यस अन्तर्गत जनस्वास्थ्यलाई घरदैलोमा पुऱ्याउने प्रारम्भिक प्रयत्न गरियो ।

यहाँ नीति नभएका वा नीति अनुपयुक्त भएका क्षेत्रहरूबारे चर्चा गर्नु जरूरी छ । घरेलु उपचार र उपरी स्वास्थ्य सेवाको अन्तरसम्बन्धबारे केही नीति बनेको छैन । मान्छे घरमा बिरामी हुन्छ । उसलाई स्वास्थ्यचौकीसम्म कसरी पुऱ्याउने अथवा त्यहाँ पुऱ्याउँदै नपुऱ्याई घरैमा औषधी र हेरविचार गर्न सकिन्छ । तर कसरी गर्ने ? अथवा अस्पताल कसरी कुन पद्धतिद्वारा ल्याउने ? सबै ठाउँमा बिरामीलाई अधिकांश हेरविचार त घरले पुऱ्याउने हो । घरैमा स्वास्थ्यसम्बन्धी उपयुक्त हेरबिचार कसरी पुऱ्याउने ? आदि बारेमा कुनै नीति निर्धारण र कार्यान्वयन केही भएको छैन । यो किन पनि महत्वपूर्ण छ भने कुनै पनि बिरामीले स्वास्थ्यलाभ गर्ने मुख्य थलो घर नै हो । अन्य केन्द्रहरू चौकी, उपचौकी, अस्पताल सबै पूरक इकाइहरू हुन् । नेपालमा घरमा स्वास्थ्योपचार कसरी राम्रो तुल्याउन सकिन्छ भन्ने बारे नीति र नीति कार्यान्वयनको ठूलो अभाव छ ।


त्यसै गरेर, घरभन्दा पछि समुदायमा उपचार गर्ने विभिन्न खालका विशेषज्ञहरू हुन्छन् । त्यस्ता खाले विशेषज्ञहरूलाई स्वास्थ्य सेवा कसरी बढी प्रभावकारी ढंगले दिन लगाउने भन्ने बारेमा मसीनो स्वरमा वा प्रोजेक्ट तहमा केही कुरा सुनिएता पनि देशभित्रको सिंगो स्वास्थ्यउपचार प्रणालीलाई यी तहका विशेषज्ञहरूसंग कसरी गाँस्ने भन्ने नीतिको अभाव छ । झारा तिराइको रूपमा आयुर्वेद चिकित्साप्रणालीलाई कसरी अन्य प्रणालीसित एकीकृत गर्ने भन्ने कुरा कहिलेकाहीं लेखोटमा पाइन्छ । त्यसमा अलिअलि पैसा पनि खर्च हुन्छ । अलि अलि दुईचार ठाउँमा आयुर्वेदिय चौकी र अस्पताल पनि स्थापना भएका छन् । तर यसलाई जति महत्व दिनु पर्ने हो, त्यति दिइएको छैन ।



अर्को महत्वपूर्ण सवाल स्वास्थ्य र राजनीतिको सम्बन्ध बारेको अस्पष्टताको समस्या हो । यसबारे कार्यक्रमिक त कुरै छोडौं, बैचारिक तहमै ठूलो नीतिगत अभाव छ । राजनीति र स्वास्थ्यलाई कसरी जोड्ने भन्ने कुराको बैचारिक तह नै अत्यन्त कमजोर छ । यसरी हेरिएको छ कि, स्वास्थ्य भनेको कर्मचारीतन्त्रले र प्राविधिकरूपले माथिबाट तल

पुऱ्याइने सेवाको कुरा हो, यसमा राजनीतिलाई जोड्नुपर्ने कारण छैन । यस्तो खालको हेराइ आम छ । यो २० वर्षे स्वास्थ्यनीतिको दस्तावेजको सार पनि यही हो ।

त्यस्तै गरेर मूलतः डाक्टरी सेवाको रूपमा रहेको उपरी स्वास्थ्यसेवाको दरिलो प्रशासनबारे नीति त छ, तर लागू भएको छैन । त्यस्तै, अति आवश्यक औषधी (essential drugs) बारे प्रस्तुत दस्तावेज केही बोल्दैन । त्यस्तै, स्वास्थ्यको महँगोपना निवारण गर्ने के नीति लिनुपर्ने हो, त्यसबारे पनि नीतिको अभाव छ । औषधीको कुरा गरौं चाहे डक्टरको फीको कुरा गरौं, हामी कहाँ स्वास्थ्य अत्यन्त महँगो छ । यो समस्यालाई संबोधन गरिएको छैन ।



स्वास्थ्य सेवा गरे बापत शुल्क लिनु हुन्छ कि हुँदैन र लिए पनि कति लिनु पर्छ भन्नेबारे कुनै नीति छैन । यो दस्तावेज यसबारे पनि मौन छ । निजी स्वास्थ्य सेवाबारे केही नीति छ, तर त्यसले अनेकौं समस्याहरू सुल्झाउन सकेको छैन । त्यसैले नीतिको अभावले निजी क्षेत्र पनि पीडित छ, निजीक्षेत्र साँघुरो र सार्वजनिक क्षेत्र फराकिलो हुनुपर्छ भन्ने मान्छेहरू मात्र पीडित छैनन् ।

स्वास्थ्य कार्यकर्ताको तालिमबारे पनि नीतिगत प्रश्नहरू छन् ।

### बित्तीय स्रोतको स्थिति

स्वास्थ्यको स्थितिको विवेचना गर्दा अन्तिममा म वित्तको भागमा आउँछु । नेपालमा कुल गार्हस्थ उत्पादनको ५.३ प्रतिशत अर्थात् करिब औसत ११ डलर प्रतिव्यक्ति प्रतिबर्ष स्वास्थ्यमा खर्च भैरहेको छ । (यो आंकडा १९९४ को हो ) प्रतिव्यक्ति ११ डलर खर्च ज्यादै कम होइन । यो खर्च दक्षिण एसियामा भारत बाहेक अन्य सबै मुलुकको बराबरी अथवा त्योभन्दा माथि छ । त्यसकारण पैसा कम लगानी भएर नेपालमा औसत आयु कम भएको अथवा धेरै बिरामी भएको हो भन्न सकिदैन । WHO को मान्यता अनुसार पनि ११/१२ डलरमा हाम्रो जस्तो मुलुकमा प्राथमिक स्वास्थ्यसेवा सुनिश्चित हुन सक्छ । अब खर्च कसले गर्छ त भन्ने प्रश्न आउँछ । स्वास्थ्य उपचारको जम्मा खर्चको ७४ प्रतिशत खर्च नेपालमा बिरामी आफैले वा उसको घरपरिवारले गर्छ । १४ प्रतिशत खर्च अन्तरराष्ट्रिय सहायताबाट हुन्छ । ११ प्रतिशत खर्च सरकारले हाल्छ । खर्च ठीक ठाउँमा भएको छ कि छैन भन्ने कुराको एउटा उत्तर केबाट मिल्छ भने कुल सरकारी खर्चको झण्डै ४० प्रतिशत खर्च अस्पतालहरूमा हुन्छ । अनि आम गाउँलेहरूकहाँ यो पुग्दैन । यो ४० प्रतिशतको आधा अर्थात् कुल सरकारी खर्चको २० प्रतिशत त अहिले धरानको एउटा निर्माणाधीन अवस्थाको हस्पिटलमा मात्रै खर्च हुन्छ । यसरी सरकारले गर्ने सिङ्गो खर्चको २० प्रतिशत एउटा हस्पिटलमा मात्र जान्छ । गत ५/६ वर्षदेखि यही भएको छ । सरकारको खर्च कसरी केही सीमित ठाउँमा केन्द्रित भएको छ भन्ने कुरा यसबाट पनि प्रष्ट देखिन्छ ।

### कस्तो छ बीस वर्षे स्वास्थ्य योजना ?

अब म दीर्घकालीन स्वास्थ्य योजनाको दस्तावेजबारे विवेचना शुरू गर्छु । यो दस्तावेज सन् १९९७ को बीचतिर तयार गरिएको हो । यो दस्तावेज सूचनामूलक छ र यसले अहिलेको नेपालको स्वास्थ्य स्थिति के हो भन्ने कुरा दर्शाउँछ । यसमा प्रशस्त अध्याबधिक सूचनाहरू प्रयोग गरिएका छन् । स्वास्थ्य सेवाका समस्याहरूको बारे पनि निकै चर्चा गरिएको छ ।

म अब यसका कमी कमजोरीहरू बारे चर्चा गर्नेतिर लाग्छु ।

यस दस्तावेजमा स्वास्थ्यसेवा बिस्तार गर्न र गुणस्तरयुक्त तुल्याउन करिब सयवटा जति प्राथमिकताहरू तोकिएका छन् । यी यसरी तोकिएका छन् कि सयवटा प्राथमिकताहरू उत्तिकै प्राथमिक हुन् भन्ने भान हुन्छ । सय सयवटा प्राथमिकता तोकिसकेपछि त त्यसमध्ये पनि पाँच या दश बढी प्राथमिक हुनुपर्ने हो । सयवटा नै प्राथमिक हो भने हाम्रो पहिलो ध्यान चाहिँ कहाँ जानु पर्ने हो ? सयवटामा नै उत्तिकै ध्यान पुऱ्याएर त काम गर्न सकिंदैन । सयवटा प्राथमिकताहरू मध्ये पनि बढी महत्वपूर्ण कुन कुन हुन् भन्ने कुरा यो दस्तावेजमा देखिंदैन । कुनै पनि काम गर्दा एकै चोटी सयवटा ठाउँमा खुट्टा हाल्न सकिंदैन । प्राथमिकताहरूको अति बाहुल्यता उपयुक्त योजना निर्माणको द्योतक पनि होइन । यसरी यस दस्तावेजमा दृढ अठोटको ठूलो अभाव झल्किन्छ ।

नेपालीहरूको स्वास्थ्यको बारेमा गंभीर चासो भएका विज्ञ र राजनीतिज्ञ नभएर मन्त्रालयभित्र एक वा दुई महिनाका लागि काम गर्न आउने प्राविधिक सल्लाहकारहरूको डफ्फाले यो दस्तावेज तयार गरेजस्तो देखिन्छ । त्यसकारणले पनि यो दस्तावेजबाट सरकारको जनस्वास्थ्यप्रतिको प्रतिबद्धता (committment) झल्किदैन । अघि भने झैं यो दस्तावेजमा स्थिति विवेचना राम्रो छ । तर, नीतिसम्बन्धी भागमा भने जम्माजम्मी ३९ पृष्ठ छन् । ३९ पृष्ठमा १२ वटा परिच्छेदहरू छन् । एक परिच्छेदमा तीन पेज चानचुन मात्र छ । यसबाट समेत पनि प्रष्ट हुन्छ : नीतिगत विश्लेषणमा यो योजना गहिराइसम्म पुगेको छैन । यो योजनामा मिहीनताको ठूलो अभाव छ ।

यसमा चरणबद्धताको पनि अभाव र अल्पब्याख्या दुवै छ । स्वास्थ्यबारे गर्नु पर्ने अधिकांश कार्यक्रमहरू आगामी ५ वर्षको लागि राखिएको छ । पछिल्ला वर्षहरूमा सम्पन्न गरिनु पर्ने कार्यक्रमहरूको लेखाजोखा अत्यन्त मोटामोटी रूपको छ । १५ औं वर्षदेखि २० औं वर्षसम्ममा के गर्ने भन्ने कुरा झण्डै झण्डै पूरै खाली छ । ५/१० वर्षपछि स्वास्थ्यको बारेमा गर्नु पर्ने सबै काम सकिन्छ कि भन्ने भान यसले पारेको छ ।

हाल पहिलो पाँच बर्षमध्ये पनि तीन बर्ष सिद्धिसक्यो, तर यो दीर्घकालीन योजना सरकारले लागू गरेको छ कि छैन सार्वजनिक जानकारी समेत गराइएको छैन । यदि यो लागू भएको हो भने पहिलो पाँच वर्षभित्र गर्ने भनेको कामका लागि अब दुई वर्षमात्र बाँकी छ ।

यो दीर्घकालीन योजनाको अर्को समस्या के छ भने, स्वास्थ्य समस्यालाई उपरी तहमा बसेर हेरिएको जस्तो छ । यसको तयारीमा जनता वा जनप्रतिनिधि संलग्न रहन के गर्नुपर्छ भन्ने कुरा यसमा छैन । सरकारले के गर्छ भन्ने

**सयवटा नै प्राथमिक हो भने हाम्रो पहिलो ध्यान चाहिँ कहाँ जानु पर्ने हो ? सयवटामा नै उत्तिकै ध्यान पुऱ्याएर त काम गर्न सकिंदैन ।**



कुरा मात्र छ । एउटा साधारण नागरिकले यो दस्तावेज पढ्यो भने उसले यसको सिङ पुच्छर पत्ता लगाउन सक्दैन । यो योजनामा नागरिकलाई केन्द्रविन्दुमा राखेर उसको दृष्टिकोणबाट स्वास्थ्यको समस्यालाई हेरिएको छैन ।

यो दीर्घकालीन स्वास्थ्य योजना अति साँघुरो छ र स्वास्थ्य मन्त्रालय केन्द्रित छ । नेपालीहरूको स्वास्थ्य हेर्ने निकाय स्वास्थ्य मन्त्रालय मात्रै हो र स्वास्थ्य मन्त्रालय नै स्वास्थ्य लाभको मुख्य केन्द्र हो भन्ने भान यसले दिन्छ । नेपालीहरूको स्वास्थ्य सिङ्गो सरकारको जिम्माको विषय हो कि स्वास्थ्य मन्त्रालयको मात्रै हो भन्नेबारे यसका योजनाकारहरू अन्यौलमा छन् । जब कि हामीले अघिनै भन्यौं, खाद्य अपुग भएर धेरै रोग लाग्छ, धेरै मान्छेहरू, बच्चाहरू मर्छन् । यसर्थ स्वास्थ्य भनेको पौष्टिक खाद्यसंग सम्बन्धित कुरा पनि हो । स्वास्थ्य भनेको पक्कै पनि औषधी मात्र होइन । स्वास्थ्य त शिक्षासँग, खानेपानीसँग, चर्पीसँग, पोषणसँग आदि विभिन्न पक्षहरूसँग सम्बन्धित विषय हो । स्वास्थ्य मन्त्रालयले जतिसुकै काम गरे पनि नेपालीको खानाको मात्रा र गुणस्तर घट्तै गयो भने स्वास्थ्यलाभ त हुँदैन । नेपालीको औसतआयु नै घट्छ । आहार बढाउन, खानेपानी स्वच्छ बनाउन र सरसफाइका अन्य मापहरू सुनिश्चित गर्न स्वास्थ्य मन्त्रालय आफैंले मात्रै त सक्दैन । त्यसको लागि त उसले अन्य मन्त्रालयमा भर पर्नै पर्छ । अतः जनस्वास्थ्य स्वास्थ्य मन्त्रालयको मात्रै दायित्व होइन, सिंगो सरकारको प्रतिवद्धताको कुरा हो ।

तर अन्य मन्त्रालयहरूसंग स्वास्थ्य मन्त्रालयले कसरी समन्वय गर्ने भन्ने बारेमा यस योजनामा ठोस कुरा केही छैन । फेरि पनि भन्नु पर्छ कि स्वास्थ्य र औषधी भनेको एउटै कुरा होइन । यसको अर्थ के हो भने विभिन्न अन्तरक्षेत्रीय र अन्तरतहका नीति र कार्यक्रम, एकजना व्यक्तिदेखि समुदाय, वडा, गाविस, जिल्लादेखि केन्द्रसम्म र कृषि मन्त्रालयदेखि अन्य मन्त्रालयहरूसम्म स्वास्थ सम्बर्धन गर्न जसरी समन्वयात्मक स्तरमा कार्यक्रमहरू बनाउनु पर्थ्यो अथवा समन्वय गर्ने नीति निर्माण गर्नु पर्थ्यो त्यस कुराको यसमा ठूलो अभाव छ ।

अन्तरतहको सम्वन्धको महत्व ठूलो छ । तलदेखि माथिको संगठनात्मक स्वरूपको बीचमा कस्तो तादात्म्य राख्ने भन्ने कुराले स्वास्थ्य प्रवर्धनमा संगीन भूमिका राख्छ । स्वास्थ्य सेवाको लागि हेल्थपोष्ट र स्वास्थ्य मन्त्रालयमा मात्र होइन, वडाहरूसंग कसरी सम्बन्ध राख्ने भन्ने कुरा अति महत्वपूर्ण हुन्छ । त्यस्तो कुरामा यो दस्तावेज धेरै गैरराजनीतिक पनि छ । यसवारे म दुईं तीन कुरा इंगित गर्दछु ।

पहिलो, यो योजना कति संविधानसम्मत छ भन्ने बारेमा प्रश्नचिन्ह उभ्याउन सकिन्छ । यो योजनाको तीन चार मूल आशयमध्ये एक जनस्वास्थ्यको अन्तिम जिम्मेवारी स्थानीय समुदायले लिनु पर्छ भन्ने हो । एकातिर स्वास्थ्यबारे स्थानीय समुदायको कुनै जिम्मेदारी हुनु हुँदैन भन्नु अनुपयुक्त हो भने अर्कोतिर अन्तिम जिम्मेवारी स्थानीय समुदायलाई अथवा विरामीलाई नै दिने कुरा संविधानसम्मत छ कि छैन ? राज्यको स्वरूपसम्मत छ कि छैन ?

हाम्रो संविधानको धारा २५ (१) ले के भन्छ भने जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था गरी खुला समाजमा आधारित लोक कल्याणकारी व्यवस्थाको अभिवृद्धि गर्नु राज्यको प्रमुख उद्देश्य हुनेछ । अर्को, संविधानको धारा २६ (१) मा भनिएको छ -"सबै क्षेत्रका जनताको शिक्षा, स्वास्थ्य, आवास र रोजगारी जस्ता आधारभूत कुराहरूको विकास गरी जन साधारणको जीवनस्तर बृद्धि गर्ने नीति राज्यले अवलम्बन गर्नेछ ।"

तर संबैधानिक प्रावधानहरू यो दस्तावेजले आत्मसात् गरेको छ जस्तो मलाई लाग्दैन । उदारवादी भनिने पश्चिमका सरकारहरूले पनि यस्तो स्वास्थ्य योजना पचाउन सक्दैनन्, जसले स्वास्थ्यको अन्तिम जिम्मेवारी समुदायलाई दिन्छ । त्यसकारण भन्न सकिन्छ : यो योजना मार्फत् राज्य स्वास्थ्यसंवन्धी संबैधानिक जिम्मेवारीबाट पन्छिन खोजेको छ । त्यस हिसावले यो गैरकानूनी पनि छ । संविधानअनुसार स्वास्थ्यको अन्तिम जिम्मेवारी राज्यको हो, समुदायको होइन ।

**उदारवादी भनिने पश्चिमका सरकारहरूले पनि यस्तो स्वास्थ्य योजना पचाउन सक्दैनन्, जसले स्वास्थ्यको अन्तिम जिम्मेवारी समुदायलाई दिन्छ ।**

अन्य कुराको अलावा मानवअधिकार घोषणापत्र र आल्माआटाको स्वास्थ्यसंवन्धी घोषणाबाट पनि यो योजना पछि हटेको छ । त्यस्तै निर्वाचनताका निस्केका विभिन्न पार्टीका घोषणापत्रसँग पनि यो बाझ्छ । त्यसैले यी दलहरू सरकारमा पुग्दा यो दस्तावेज कसरी पारित गर्छन् ?, सोचनीय विषय छ । केही सूचकहरूले स्वास्थ्यमा केही प्रगति भएको देखाएको कुरा अघि भनियो । त्यो प्रगति सरकारको प्रत्यक्ष निगरानीमा भएको प्रगति हो । त्यो कुरा हामीले विर्सिनु हुन्न । सरकारको निगरानी अन्तर्गत स्वास्थ्यका केही आयामहरूमा सुधार भएको छ । तर अब यसरी यो योजनाले जस्तै, सरकारको दायित्व र भूमिकालाई नकार्ने हो भने यसले त्यस्तो प्रगतिको जग समेत खल्बल्याउने निश्चित छ । सरकारको दायित्व र भूमिका हट्दा अन्य क्षेत्रको अलावा स्वास्थ्यमा के हुन सक्छ भन्ने कुरा रूसको गत ९-१० वर्षको इतिहासबाट देखिन्छ । रूसको नागरिकको औसत आयु ७३-७४ बाट घटेर अब ६० मा ओर्लन लागेको छ । जन स्वास्थ्यको क्षेत्रमा राज्यले आफ्नो जिम्मेवारी न्यून तुल्याएकोले र प्रशासनिक अनुशासनहीनताले गर्दा स्वास्थ्यका केही सूचकहरूमा यति छिट्टै अल्पविकसित मुलुकको श्रेणीमा रूस आइसक्यो । राज्यले स्वास्थ्यको दायित्वबाट हात झिक्दा कति असर पर्छ भन्ने कुरा यो दृष्टान्तबाट पनि सिक्नु पर्ने हो ।

त्यसै गरी यो दस्तावेजमा स्वास्थ्यको अन्तिम जिम्मेवारी समुदायमा निहित छ भनिएको भएता पनि समुदाय भनेको के हो, स्पष्ट छैन । समुदायको अवधारणालाई यो दस्तावेजले मूर्तरूप दिन सकेको छैन । समुदायलाई नै जिम्मेवारी दिने भनिसकेपछि त्यसको स्वरूप, प्रकृतिको बारेमा ठोस धारणा आउनु पर्छ । समुदाय भनेको बस्ती हो कि ? स्थानीय गैरसरकारी संस्था हो कि ? अन्य गैसस वा अन्तर्राष्ट्रिय गैसस हो कि ? जि.वि.स., गा.वि.स. जस्ता स्थानीय सरकारहरू हुन् कि ? योजनाले यसबारे केही खुट्याउन सकेको छैन । अँध्यारोमा छामछाम छुमछुम मात्र गरेको छ । अर्थात् यो योजना सरकारी जिम्मेवारी पन्छाउने कुरामा दृढ छ, त्यसैकारण यसले समुदायको दुहाई दिएको छ । तर समुदाय भनेको कुन चराको नाम हो, दस्तावेजले विश्लेषण गर्न सकेको छैन ।

त्यसैगरी यो दस्तावेज सशक्तिकरणबारे पूर्णतः मौन छ । स्वास्थ्य सेवा माग गर्नु पऱ्यो भने कसरी गर्ने ? माग गर्दा पाइएन भने गर्नु पर्ने बैधानिक संघर्ष के हो ? त्यसबारे उल्लेख छैन । कतिपय हेल्थपोष्ट तथा अस्पतालहरूमा डाक्टर छैन, औषधीहरू छैनन् भन्ने कुरा अखवारहरूमा आइरहेको छ, त्यसको निम्ति स्थानीय जनताले संघर्ष गर्नु पऱ्यो भने कसरी गर्नु पर्ने हो ? वैधानिक बाटो त देखाइदिनु पऱ्यो नि । त्यसो गरिएको छैन । अर्को कुरा, कुनै स्थानीय समुदायले सरकारसँग 'म सहयोग गर्छु' भनेर सहयोग गर्न खोज्यो भने त्यो सहयोग लिनको लागि कुन बाटो पछ्याउनु पर्ने हो, त्यसमा पनि यसले केही बोल्दैन ।

यो दस्तावेज वित्तमुखी छ र जनस्वास्थ्यप्रति सरकारी दायित्व न्यून तुल्याउनतिर अति केन्द्रित छ । सरकारी ब्यय कसरी न्यून गर्ने भन्नबारे यसले ठूलो चासो बोकेको छ । त्यस्तो चासो पूर्ण रूपले नाजायज छैन । संधै सरकारले खर्च गर्नलाई पैसा कहाँबाट ल्याउन सक्छ र ?! तर यसको ध्यान चाहिं कसरी पैसा उठाउने भन्नेमा अति केन्द्रित छ । वास्तवमा अहिले पनि सरकारी व्यय कसरी उपर गर्ने भन्ने बारेमा परियोजना तहमा विभिन्न कार्यक्रमहरू संचालन भैरहेका छन् । खास गरेर २-४ अन्तरराष्ट्रिय गैरसरकारी संगठन र देशभित्रका गैससले देशका विभिन्न क्षेत्रमा यस्ता कार्यक्रमहरू चलाइरहेका छन् । यस्ता कार्यक्रमबाट शिक्षा लिन सक्नु पर्ने हो । यस्तो यस्तो किसिमबाट केही ब्ययभार उपर गर्न सकिने रहेछ, यस्तो यस्तो व्यय चाहिं उपर गर्न नसकिने रहेछ भनेर जुन शिक्षा लिनु पर्ने हो त्यसपट्टि यो दस्तावेजले ध्यान दिएको छैन । जसरी पनि व्यय उपर गर्नुपर्छ भन्ने मान्यता यो दस्तावेजले स्वीकारेको छ । लिनु पर्ने शिक्षा लिन यो उद्यत रहेको छैन ।

स्थानीय औषधी उपचारको पद्दतिबाट यो योजना विमुख छ । बास्तवमा हामीले क्रमशः स्थानीय उपचार प्रणालीलाई जग बनाउँदै, त्यसलाई पुनर्दिशा दिँदै एउटा व्यापक स्वास्थ्यप्रणालीको परिकल्पना गर्नु पर्नेमा यो योजनाले कतिपय स्थानीय उपचार प्रणालीलाई ठाउँनै दिएको छैन । आयुर्वेदलाई अत्यन्त न्यून महत्व दिएको छ ।



अन्त्यमा यस योजनामा आम जनताबाट सहयोग कसरी लिने भन्ने सोचको टड्कारो अभाव छ । नेपालीको स्वास्थ्यको स्तर उच्च बनाउन आम जनता, विभिन्न जनसंस्थाहरू र राज्यकै विभिन्न अंगहरूबाट कसरी सहयोग लिने भन्नेबारे यो दस्तावेजमा ज्यादै नै न्यून चर्चा छ ।

## *के गर्नु पर्छ ?*

अब म के गर्न सकिन्छ त भन्ने सवालपट्टि जान्छु । केही साथीहरूका बीचमा बैकल्पिक दीर्घकालीन स्वास्थ्यनीति बनाउन पनि सकिन्छ भन्ने चर्चा अलिकति सुनिएको छ । त्यसो हुनाले त्यसका लागि संभावित आयामहरू यी हुन सक्छन् कि भन्ने दृष्टिकोणले पनि म केही कुराहरू अगाडि सार्छु ।

नेपालको स्वास्थ्यको स्थिति उँभो लगाउन सबभन्दा पहिलो र सबभन्दा महत्वपूर्ण कुरा मलाई के लाग्छ भने प्राथमिक स्वास्थ्यलाई पूर्ण व्यापकता दिनु पर्दछ र संविधान संशोधन मार्फत प्राथमिक स्वास्थ्यलाई मौलिक नागरिक अधिकारको रूपमा प्रतिस्थापित गर्नु पर्छ । वैकल्पिक स्वास्थ्यनीतिको सवभन्दा मुख्य बूँदा यो हुनुपर्दछ ।

दोस्रो, जनस्वास्थ्य प्रवर्धनको लागि अन्तरक्षेत्रीय र अन्तरतहको सहकार्य गर्नु पर्दछ । अघि मैले भनें, स्वास्थ्य भनेको औषधी मात्र पनि होइन, डाक्टर मात्र पनि होइन । स्वास्थ्य प्रवर्धन स्वास्थ्य मन्त्रालयको मात्र काम होइन, स्वास्थ्यसेवा सिंगो सरकारले गर्ने काम हो । स्वास्थ्यको बारेमा अधिकांश नेताहरू को दृष्टिकोण के छ भने यो त डाक्टर वा प्रशासकको जिम्मेवारी हो । हाम्रा नेताहरू ठान्छन्, राजनीति भन्ने कुरा हावामा गरिने विषय हो- त्यसको जीवनसँग, स्वास्थ्यसँग प्रत्यक्ष सरोकार छैन । यसमा प्रधानमन्त्री तथा मन्त्रिपरिषदले गर्नु पर्ने काम केही छैन, खाली स्वास्थ्य मन्त्रालयलाई जिम्मा लगाइदिए पुग्छ भन्ने उनीहरू सोचछन् । संवैधानिक प्रतिवद्धता पनि चाहिँदैन भन्ने उनीहरूको सोच देखिन्छ । तर यथार्थ के हो भने सिंगो राज्य र सरकारको प्रतिवद्धता भयो भने मात्रै मन्त्रालय- मन्त्रालयवीच क्षेत्रीय समन्वय हुनसक्छ । स्वास्थ्य मन्त्रालयले मात्रै समन्वय गर्न सक्दैन । सिंगो मन्त्रिपरिषद नै यसप्रति प्रतिवद्ध हुनुपर्छ । मन्त्रिपरिषदको उपसमितिले मन्त्रिपरिषदमा पेस गर्ने गरी अन्तरक्षेत्रीय स्वास्थ्ययोजना बनाउनु पर्छ । निजीक्षेत्रसंग मन्त्रालयको समन्वय खोज्ने कुरा बेग्लै छँदैछ । मैले यहाँ त खाली मन्त्रालयहरू वीचको क्षेत्रीय समन्वयको कुरा मात्र गर्दैछु । मन्त्रालयहरू वीच नै समन्वय भएन भने स्वास्थ्यसेवा भनेको स्वास्थ्य मन्त्रालय र डाक्टरहरूको पेवा मात्र हुन पुग्छ ।

> **राजनीतिक पार्टीहरूले आफ्ना घोषणापत्रहरूमा जे कुरा लेखे पनि सिंगो मुलुक र स्थानीय तहमा स्वास्थ्यको बारेमा के नेतृत्व लिइरहेका छन् ? भन्ने प्रश्नको उत्तर खोज्दा एउटा ठूलो शुन्य हातलाग्ने स्थिति छ ।**

स्वास्थ्यनीति र स्वास्थ्यसेवा राजनीतिक पार्टीहरूको पनि त्यत्तिकै सरोकारको विषय हुनुपर्छ । राजनीतिक पार्टीहरूले आफ्ना घोषणापत्रहरूमा जे कुरा लेखे पनि सिंगो मुलुक र स्थानीय तहमा स्वास्थ्यको बारेमा के नेतृत्व लिइरहेका छन् ? भन्ने प्रश्नको उत्तर खोज्दा एउटा ठूलो शुन्य हातलाग्ने स्थिति छ । हामीहरू दलीय व्यवस्थामा छौं, त्यसैले दलहरूले स्वास्थ्यलाई कसरी हेर्छन् र के गर्छन् भन्ने कुरा अत्यन्त महत्वपूर्ण छ । अर्थात् स्वास्थ्य क्षेत्रमा राजनीतिक दलहरूलाई कसरी सरीक गराउने भन्ने कुरा अबको हाम्रो चुनौती हो ।

तेस्रो महत्वपूर्ण कुरा हो, स्थानीय प्रतिनिधिमूलक र अन्य संस्थाहरूको सहभागिता घनीभूत गर्ने । हामीलाई थाहा छ स्वास्थ्य प्रवर्द्धन सरकारले मात्रै गरेर हुँदैन । पैसाले मात्रै पनि हुँदैन भन्ने पनि हामीलाई थाहा छ । हामीले परिकल्पना गर्नुपर्ने कुरा भनेको एउटा सिङ्गो प्रणालीको हो । त्यस्तो प्रणालीको जग बनाउने भनेको स्थानीय संस्थाहरूले नै हो । यस्तो जग स्वास्थ्य मन्त्रालय र डाक्टरले बनाउने होइन । जगमा ध्यान दिने भन्ने कुरा मेरो दृष्टिमा चाहिं वडा समिति र गा.वि.स.हरूले नै गर्ने कुरा हो ।

अहिलेको वडा समितिमा पाँचजना प्रतिनिधिहरू हुन्छन् । औसतमा एउटा वडामा सयवटा जति घरहरू हुन्छन् । त्यसो भन्नुको अर्थ एउटा वडा समितिको सदस्यले बीस घर जतिलाई स्वास्थ्य प्रवर्द्धनपट्टि उन्मुख तुल्याउन सक्नुपर्छ । त्यसको मतलब उसले स्वास्थ्य उपचार नै गर्दिनु पर्छ भन्ने होइन । विरामीको अवस्था हेर्ने, उपचारका निम्ति जनपरिचालन गर्ने, स्वास्थ्यचेतना जगाउने आदि काम वडा समितिका सदस्यको जिम्मेवारीको एउटा पक्ष हुनु पर्दछ । स्वास्थ्यवारेको चासो वडा समितिलाई हुनु, यसको निम्ति राजनीतिक पार्टी र सरकारले प्रेरित गर्नु अत्यन्त आवश्यक छ । यो आधारमा मात्रै अरू तहहरू उभिन सक्छन् । जग चाहिं यही नै हो । स्वास्थ्यस्थितिलाई उँभो लगाउने हो भने एउटा अचूक बाटो यही हो ।

त्यस्तै गरेर स्थानीय स्कूलबाट, हेल्थपोष्टबाट, जे.टि.ए.बाट र अन्य सरकारी कर्मचारी तथा गैर सरकारी संस्थाहरूबाट पनि सहयोग लिन सकिन्छ । वडा समितिले मात्रै सबै काम गर्नु पर्दैन, नेतृत्व मात्रै लिएपुग्छ ।

बैकल्पिक स्वास्थ्यनीतिको चौथो बूँदा हो -खाद्य सुरक्षा निश्चित गर्ने । खाद्यसुरक्षा यत्रो ठूलो प्रश्न हो- स्वास्थ्यका लागि मात्र होइन, सारा मानवीय आयामहरूका लागि यसको अहं महत्व छ । हामीले देखिसकेका छौं- पचास प्रतिशत बच्चाहरूले अघौंजी खान पाएका छैनन् । त्यसैले पनि स्वास्थ्यनीतिको एउटा प्रबल पक्ष खाद्य सुरक्षा हो । खाद्य सुरक्षा निश्चित गर्नेबारे यो दस्तावेजले केही बोल्दैन । स्वास्थ्य जस्तै कृषिबारे एउटा दीर्घकालीन योजना (Agriculture Perspective Plan) बनाइएको छ । तर यो दस्तावेजमा Agriculture Perspective Plan भन्ने शब्द कतै छैन । कृषि राम्रो भयो भने स्वास्थ्यमा के असर पर्ला, नराम्रो भयो भने के असर पर्ला भन्ने बारे यो दस्तावेजमा केही आँकलन छैन । हामीलाई थाहा छ कृषिमा राम्रो नराम्रो हुनुको स्वास्थ्यमा ठूलो असर पर्छ । यो यति पृथक र सीमित दस्तावेज छ । दीर्घकालीन कृषियोजनालाई केलाएर त्यसमा भएको स्वास्थ्यवर्धक भागलाई कसरी अगाडि बढाउने भन्ने कुरा यो दस्तावेजमा हुनुपर्थ्यो । तर त्यस्तो केही छैन ।

त्यसैगरी नेपालको खाद्य बजार कसरी सुरक्षित र विस्तार गर्ने, जसले किनेर थोरै मात्र खान सक्छ उनीहरूलाई खान पुग्ने गरी खाना कसरी अनुदान दिने, भन्ने कुरा पनि यसमा छैन । अत्यन्त छनौटपूर्ण तरिकाले सानो समूहलाई तर दिगो रूपले राज्यले अनुदान दिने पक्षलाई पनि प्रशस्त ध्यान दिनुपर्छ । यदि जन स्वास्थ्य हाम्रो सरोकारको विषय हो भने हामीले त्यसो गर्नै पर्छ । त्यस्तै, भारत लगायत कतिपय देशमा भएको र ज्यादै सीमित मात्रामा भएपनि हामीकहाँ पनि भएको एउटा चलन छ, त्यो हो स्कूलमा खाजा ख्वाउने चलन । (यसमा प्रशस्त राजनीतिकरण र घोटाला पनि हुने गरेको छ ।) त्यस्तो चलन विश्व खाद्य कार्यक्रम अन्तर्गत कतिपय जिल्लाका कतिपय गाविसहरूमा छ । भारतमा गरिएको अध्ययनअनुसार यसका व्यापक राम्रा असरहरू देखिएका छन् । बच्चाको स्वास्थ्य सप्रने लगायत यसबाट धेरै बच्चाहरू स्कूलमा पढ्न जाने रूचि राख्ने भएका छन् । यसबाट बाल मृत्युदर घट्छ । शिशु मृत्युदर घटेपछि सन्तान उत्पादनको दर घट्छ । यसका यी विभिन्न अत्यन्त राम्रा असरहरू देखिएका छन् । खाद्य सुरक्षाका लागि विचार पुऱ्याउनु पर्ने कुराहरू मध्ये यो पनि एउटा हो ।

त्यस्तै गरेर ठाउँ ठाउँमा जनताले आफै वा काठमाण्डौंका NGO बाट प्रेरित भएर सानो रूपमा स्थानीय खाद्य सहकारी (local food cooparative) खोल्ने पनि गरेको देखिन्छ । यो प्रयोग दिगो रूपमा सफल भएको छैन । त्यसको व्यवस्थापन राम्रो नभएर खुल्दै बन्द हुँदै पनि गइरहेको छ । स्थानीय खाद्य सहकारीको व्यवस्था हुन सकेमा मंसीरमा अन्न बेचेर चैत्रमा फेरि किन्ने स्थिति आउँदैन । बीचको मान्छेले खाने नाफा उत्पादक-किसानहरू आफैले उपभोग गर्न पाउँछन् । यस्तो सहकारी संस्था किन दिगो रूपमा संचालन हुन सकेका छैनन् भन्ने कारण पत्ता लगाएर समस्या समाधान गर्नु आवश्यक छ ।

पाँचौं बूँदा, थप व्यय गर्ने तर उपयुक्त ठाउँमा गर्ने सवाल हो ।

हामीकहाँ ब्यय गर्ने चलन छ तर त्यो ब्ययको औचित्य कति छ भनेर नाप्ने चलन छैन । स्वास्थ्यक्षेत्रमा बढी लगानी गर्नुपर्दछ तर उपयुक्त ठाउँमा गर्नुपर्दछ । कहाँ अनुपयुक्त लगानी भयो, त्यो खुट्याउन सक्ने सीप र प्रणाली विकास गर्नु बैकल्पिक स्वास्थ्यनीतिको अर्को एउटा आयाम हुन सक्छ । थप ब्यय एउटा सरकारबाट ल्याउन सकिन्छ, अर्को स्थानीय जनताबाट उठाउन सकिन्छ । गाउँ विकास समितिका वडाहरूबाट यसको निम्ति पैसा ल्याउन सकिन्छ । गाविसमा जाने पाँच लाख रूपियाँको पच्चिस प्रतिशत मानव संसाधन विकासको निम्ति भनिएको छ । सवा लाख जति पैसा त्यसबाट आउन सक्छ । त्यो वर्षौंपिछे आउने हुनाले त्यो ठूलो रकम हो ।

तर ब्यय भनेर यहाँ मैले पैसाको मात्रै कुरा गर्न लागेको होइन । फेरि पनि म आउँछु राजनीतिक पूँजीमा । ब्यय गर्नु पर्ने महत्वपूर्ण पूँजी मध्ये राजनीतिक पूँजी प्रमुख हो । राजनीति मार्फत् स्थानीय संगठन कसरी अगाडि बढाउने, जुन अन्य कुराका साथै स्वास्थ्यका लागि पनि उपयोगी हुन सक्छ . यो सवाल संगीन महत्वको छ । पार्टीहरूले जनतामा स्वास्थ्यसेवा पुऱ्याएर त्यो नाराामा संगठन गरून् न । त्यसो हुन नसक्ने कुरै छैन, हुन सक्छ । पार्टीको दीर्घकालको संगठन त जीवनसंग प्रत्यक्ष छुने कुरामा आधारित भएर हुनुपर्छ । त्यसको एउटा आयाम स्वास्थ्य हो । त्यसैले स्वास्थ्य क्षेत्रमा राजनीतिक पूँजी कसरी लगानी गर्ने भन्ने प्रश्न महत्वपूर्ण छ ।

त्यस्तै गरेर सांस्कृतिक पूँजीको कुरा पनि छ । हामी कहाँ पुरानो संस्कृति छ । बिरामी हुँदा, मर्दा पर्दा स्वयंसेवी ढंगले सहयोग गर्ने संस्कृति छ । अहिले त्यो चलन ह्रास हुँदै गएको पनि देखिन्छ । यस्तो संस्कृति ह्रास हुनबाट कसरी रोक्ने र त्यो संस्कृतिलाई कसरी जोगाउने तथा संगठित गर्ने भन्ने सवाल महत्वपूर्ण छ । त्यसकारण खर्च गर्ने भन्ने कुरा पैसा खर्च गर्ने मात्र होइन । यो विषय एक किसिमले भन्दा राजनीति र संस्कृति खर्च गर्ने र खर्च गरेवापत फेरि राजनीति र संस्कृतिको विकास गर्ने सवाल हो । त्यो खर्च हुने कुरा मात्र होइन, खर्च गर्दै जाँदा बढ्ने कुरा हो । पहिले हामी विद्याको बारेमा श्लोक पढ्थ्यौं । विद्या जति खर्च गऱ्यो, उति बढ्छ भनेजस्तै राजनीति र संस्कृति पनि जति खर्च गऱ्यो, उति बढ्छ । त्यसकारण राजनीतिक र सांस्कृतिक पूँजी खर्च गर्दै अझ त्यसलाई विकसित गर्दै लैजाने सवाल बैकल्पिक स्वास्थ्यनीतिको एउटा अर्को आयाम हुनसक्छ । ❑

*स्वास्थ्य मंत्रालयद्वारा दीर्घकालीन स्वास्थ्य योजना (१९९७-२०१७) बारे आयोजित गोष्ठीमा लेखकद्वारा प्रेषित कार्यपत्र र लेखकसम्मिलित समूहद्वारा तयार पारिएको 'नेपालमा मानवीय विकास १९९८' पुस्तकमा समेत यो विवेचना आधारित छ ।*



# देउडा गाउँदै

◆ राजकुमार के.सी.

कति पटक घुम्यो होला
कति ढुङ्गाहरूलाई फोड्यो होला
घुम्दाघुम्दै कति बर्ष बितीसक्यो होला
आँसुसँगै कति बग्यो होला पानी
तै पनि मन रून छोडेन
र रूँदैरूँदै त्यही साँझ फेरि उसले गायो
–"तँ घुमन्या मेरो मन घुम्छ
न घुम्यै कर्णाली" ।

बगरका बालुवाहरू चाल्दै
झिना हातहरूले ढुङ्गाहरू फोड्दै
गिट्टी ओसार्दै
अनि रूँदै नदीका भेलहरूसंग हेलिदै
खाली पेटमा देउडा गाउँदै
कति रात त्यसै बित्यो होला
कति पुस्ता त्यसै बित्यो होला ?
टाढा आकाशमा उडिरहेका कर्‌याङकुरूङका हूलहरू हेर्दै
नदीको एउटा किनारमा उभिएर
उसले फेरि गायो
–"तँ घुमन्या मेरो मन घुम्छ
न घुम्यै कर्णाली" ।



उसका देउडाका भाखासँगै नदी एकनाश सुसाइरह्यो
कुनै खुशीको खबर लिएर कतैबाट कोही आएन
डुब्यो त्यो दिनको घाम पनि त्यसै नरमाइलोसंग डुब्यो
बिगतका दिनहरूमा जस्तै अशुभ समाचार दिएर
मन भारी तुल्याँउदै दिन बित्यो
के थाहा नदी अहिले कून माटोमा बगीरहेछ ?
र कतातिर बगीरहेछ ?
पर बगरपारि दोभानमा घरि बालुवा चाल्दै
घरि गिट्टी फोड्दै
उसले फेरि उही भाखामा गायो
–"तँ घुमन्या मेरो मन घुम्छ
न घुम्यै कर्णाली" ।

उसलाई खोज्दै जब घुम्यो नदी फनफनती आफ्नै माटोमा
एक्कासी हुत्तिदैं अलि पर कुइनेटोमा पुग्यो र टक्क अडियो
र हामफाल्दै फर्कियो
आफ्ना छालहरूले उसलाई एक छिन न्यानो स्पर्श गऱ्यो
अनि मन लागी-नलागी बिदाईका हातहरू हल्लाउँदै
गहभरि आँशु लिएर
फर्किदै हेर्दै
एउटा अनन्त यात्रामा नदी ऊबाट टाढा भयो
ऊ केवल किनारमा उभिएर हेरिरह्यो टाढा-टाढासम्म
अनि फेरि उही भाखा गायो, गाइरह्यो
–"तँ घुमन्या मेरो मन घुम्छ
न घुम्यै कर्णाली " । ❑



# "अब बुझ्न के बाँकी रह्यो र ? यस्ता दगाबाज सोमहरू !"

◆ इस्माली

देवेसर ! ओ देवेसर ! !"

बाहिर आँगनबाट कसैले बोलाएको जस्तो लागेर कम्मरमा गम्छा बेर्दै 'को ? किन ?' सोध्दै सदानन्द बाहिर निस्क्यो र आगन्तुकलाई देखीसकेपछि प्रतिक्रियात्मक जवाफ पनि आफैंले दियो बाउँडिंदै, "ए .. महतो ब्रदर ! किन, फेरि कुनै इनकाउण्टरमा जानु पर्‍यो ?"

"क्या हो, यस्तै हो सोमहरूको चाला ?" पछिल्लो वाक्य उसले चेतावनीको शैलीमा बोलेथ्यो ।

"त्यसो होइन भाइ, नरिसाउन । तिमीले कुरै बुझ्याछैनौ । कुरो नबुझीकन नबोल ।" समाजवादीले सम्झाउने किसिमले भन्यो ।

"अब बुझ्न के बाँकी रह्यो र ? यस्ता दगावाज सोमहरू !" भन्दै सदानन्दले पिच्च थुक्यो पनि ।

"ए भाइ, कुरो बुझेर मात्र बोल । तिम्रो त सोम हुइँन नि म । खै देवेसर ? " महतो पनि अलि कडा स्वरमा बोल्यो टेढिंदै ।

"छैन ।" ऊ पनि झर्कंदै बोल्यो र भित्र पसेर एउटा लोटामा पानी ल्यायो, दिसेलोटामा खन्यायो र त्यो लोटा बोकेर बारीतिर लाग्यो ।

त्यत्तिकैमा जानकी बाजे बाहिर निस्के । उसलाई देख्नासाथ भने, "किन बाबु ? संचो नभएर देवेश्वर त सुतीराख्या छ । आउन भित्रै । तिमीहरूको कस्तो के खाले दोस्ती हो पिटाउने, कुटाउने ?"

"यो सब उनीहरूको बदमासीले भयो, पंडितजी ।" जनमतले सफाइ दिंदै भन्यो, "हेर्नुस्न, मलाई पनि हिजो फन्दामा पारिदिए बेचनासँग" र पंडितजीको पछिपछि भित्र पस्यो ।

"ऊ .. सुतीरा'छ । जाउन ।" देवेश्वरको कोठातिर देखाइदिंदै भने जानकीबाजेले ।

ऊ देवेश्वरको खाटनिर पुगेर उभियो । ओछ्यानमा पल्टिरहेको देवेश्वरलाई एकछिन त हेरिरह्यो उसले पनि । देवेश्वरको हुलिया त्यस्तो भएको होला भन्ने उसले पनि कल्पना गरेको थिएन । तर अहिले त यथार्थ उसको सामुन्ने थियो । देवेश्वरको दशा देखेर उसलाई पश्चाताप पनि भइरहेथ्यो । उसको उपस्थितिको अभास भएर होला देवेश्वरले पुलुक्क हेर्‍यो ।

"बडा ब्याड लक भो हगि, देवेश्वर ?" ग्लानियुक्त स्वर निस्क्यो उसको कण्ठबाट ।

"खै ब्याडलक कि गुडलक ? तिमीहरू भागीहाल्यौ क्यारे, चोट पाएँ मैले । धान खाने मुसो, चोट पाउने भ्यागुतो ।" देवेश्वरले इखालु स्वरमा भन्यो ।

"त्यै त, मैले त कुरै बुझिनँ । उनीहरू भागे अनि म पनि भागें । तर बदमासी चाहिं बाबुसाहेबकै रैछ ।" समाजवादीले सफाइ दिने अभिप्रायले भन्यो ।

"खै, बाबुसाहेबले गर्‍यो कि काजीसाहेबले ? तिमी पनि भागेकै हौ क्यारे ।" देवेश शान्तको इख अझै पनि उस्तै थियो ।

**जिरो माइल**

**धारावाहिक उपन्यास- ३**

"मेरो यसमा क्यै कसुर छैन । भाग्न त हामी सबै भागेकै हौं नि । तिमी त्यहाँ पक्डाऊ परेकै थाहा भएन मलाई त ।" स्पष्टीकरण दिंदै भन्यो जनमतले ।

"त्यै त । उनीहरूलाई पनि त थाहा भएन होला नि ! बहाना त सबैको उही हो ।" देवेश अझ पनि ठुस्केकै थियो ।

"मलाई त्यस्तो नठान देवेश्वर । त्यस्तो ठान्या भए म किन आइरहन्थें अहिले तिमीनिर ? रोशनले त के- हिजो पनि मारपीट मच्चाइदियो नि । अब त यिनीहरूसँग लागेर अनाहकमा आफ्नो ज्यान जोखिममा जाक्नु मात्र हुन्छ । गाउँमा हिंड्नै नहुने भइसक्यो अब त । अस्ति तिमी फस्यौ, हिजो म फसें , के गर्ने ?" जनमत महतोले आफ्नो दिक्दारी प्रकट गर्‍यो ।

"के मारिपिट मच्चायो ?" रोषमै पनि जिज्ञासा जाग्यो उसको ।

"थाहै छैन, तिम्लाई ? त्यसैको लागि आज पंचैती बस्ने भएको छ । छोड्दैन नि बेचनाले, भुइहार हो ।"

"के भयो त ?"

"के भयो भने बेचुले बीरगंजको दुईजना पेसिञ्जर फेला पारिरथ्यो, मास्तिरबाट आएको चण्डिका ट्र्भल्सबाट झरेका । तिनलाई तानेर रोशनले अर्कोतिर लग्यो र हत्तपत्त टिकट कटाएर पैसा लिइहाल्यो । बस्, त्यसैको निहुँमा बेचना भुइँहार जागीहाल्यो र दुवैका बीच भनाभन शुरू भैहाल्यो । त्यतिसम्म त ठीकै थियो, तर बाझ्दाबाझ्दै राशनले 'साला धोती !' भन्दै हात छाडिहाल्यो । अनि त बेचनाले जुरूक्कै उचालेर पछारिदियो उसलाई । त्यसपछि स्टालिन पनि जाइलाग्यो बेचनामाथि । आफूलाई त झगडा छुट्याउँदाको सास्ती, उल्टो बेचनाको घुस्सी पनि खाइयो, सर्ट पनि च्यातियो । 'म उनीहरूपट्टि लागिन, भुइँहारपट्टि लागें' भनेर अझ मसँग पो झोक्किन्छन् उनीहरू त ! मदिसे मदिसे मिल्यो पो भन्छन् । बित्थामा मदिसे-पहाडेको फिलिंग निकाल्छन् ।" जनमत महतोले दिक्दारी प्रकट गर्दै भन्यो ।

"बेकाइदा गर्ने बेलामा आफूले गर्ने, अनि उल्टो पहाडिया-मधेसीको कलह उमार्ने ?" बोल्दाबोल्दै पीडाले उसको निधार खुम्चियो । उसले मुख बिगार्‍यो अनि चुप लाग्यो ।


"म त भरे हेटौंडा जान्छु । मानव अधिकारसम्बन्धी प्रशिक्षण कार्यक्रम छ, त्यसैमा भाग लिन । दुईतीन दिन त्यतै लाग्छ । ल त तिमी आराम गर ।" भन्दै उठ्यो महतो, तर जाँदाजाँदै भन्यो, 'जे भयो, यसमा मेरो क्यै दोष छैन देवेसर । यो कुरालाई तिमी बुझ्ने कोशीस गर ।'

देवेश्वर ऊ गएको हेरिरह्यो । ❑

चौथो दिन । दिउँसो घरमा ऊ एक्लै थियो । उसको बुवा जानकीप्रसाद आफ्नो ड्यूटीमा अर्थात् अस्पताल गएका थिए । आमा चाँहि सेतुप्रसाद सिग्देल बाजेको छोराको बिहेका लागि भनी पात टिप्ने टोलीमा सामेल भई बन गएकी थिइन् । पात पनि टिपिन्छ, गाई-बाख्रा पनि चराइन्छ भनेर गाईवस्तु पनि लगेकी थिइन् । भाइ सदानन्द अर्थात् स्करपियन स्कूल गएथ्यो । हुन त घरबाट त स्कूल जान भनेर निस्केथ्यो, स्कूलमा भलै नहोस्, तर त्यतै वरपर कुनै पसल होटेलमा आफ्नो सेनाबेना सहित तैनाथ होला र 'बम् शंकर भोले' भन्दै मेरिजोना अर्थात् गाँजा तान्दै होला वा कलब्रेक, म्यारिज खेल्दै होला । संयोगले ऊ घर-कुरूवा भएथ्यो ।

हुन त ऊ घर कुर्न भनेर बसेको नि हैन, खासमा झन अस्तिको घटनाले गर्दा गाउँमा हिंड्नडुल्न सक्ने सामर्थ्य उसले आफूमा जुटाउन सकिरहेको थिएन । यी तीन दिन उसले बडो व्दिविधामा बिताएथ्यो । एक मन त लाग्थ्यो, पिट्नेहरूसँग बदला लिऊँ । तर समस्या थियो- बदला लिने कोसँग ? एउटै अनुहार पनि त ऊ ठम्याउन सकिरहेको थिएन । अँध्यारोमा भीडमा को को थिए थिए ? फेरि ऊ आफू पनि त होशमा

*तिमीहरूको कस्तो के खाले दोस्ती हो पिटाउने, कुटाउने ?"*



*युवा कथाकार इस्मालीले लेख्नु भएको एक नयाँ उपन्यास 'जिरो माइल' लाई हामी धारावाहिक रूपमा प्रकाशित गर्दै आएका छौं । यसबाट पाठकहरूलाई वर्तमान नेपाली समाजको एक पक्ष बुझ्न र नेपाली साहित्यको वर्तमान लेखन-प्रवृत्तिसँग साक्षात्कार हुन मौका मिल्ने छ भन्ने हामीले ठानेका छौं । -मूल्यांकन*

थिएन । गेटकिपरसँग साटो फेर्ने कुरा भएन । गेटकिपरको अगाडि कुन मुखले जाने ? कि उसलाई छोडेर भाग्ने साथीहरूसँग बदला लिने ? त्यसमा पनि जनमतले त आफ्नो सफाइ दिइहाल्यो, उसलाई भनी पनि हालियो, यतिले काण्ड पुग्यो उसलाई त । फेरि उनीहरूबाट पनि दोषी ठहरिएछ । उनीहरूसँग त बदला लिन पनि सकिन्न । पहरोसँग सिंगौरी खेल्ने ? मोराहरूको खान्दानै हरामी छ, लाशै गायब गरिदिन्छन् । मुरारी देवकोटाको भाइलाई गायब पार्दियापार्दियै गरेनन् त ! मुद्दा चल्यो- जिल्ला, अञ्चल, क्षेत्रीय सबैतिर हार्दै गए । अन्त्यमा, सर्वोच्चमा पुग्यो । त्यहाँ पनि मुरारीले मार खायो । स्करपियन त चम्किन्छ नि, तर तीसँग जोरी खोज्नु हुँदैन, एक्लोदुक्लोको केही लाग्दैन । अरूले साथ दिँदैनन् । हिजै पनि त बेचना भुइँहार एक्लिएर लत्रक्क पर्‍यो रे । सबैले बेचनाको बाउलाई उल्ल्याए रे- "त्यति जाबो कुरालाई पंचैती डाक्ने ?" भनेर । गल्ती बेचनाको नभएपनि उसैलाई माफ माग्न भने अरे , तर माफी त उसले माग्न मानेनछ । त्यत्तिकै बिसर्जन भयो रे पंचैती । हाटको दिन पर्‍यो, सबलाई हाट भर्ने चटारो । मुरारी देवकोटा पनि त पिटियापिटियै भए । पछि मुरारीले गाउँ नै छोडेर हिंडे अरे ।

"रिखी देवकोटा अर्थात् मुरारी देवकोटाको भाइ । अँ, रिखी थियो उनको नाम । बा त्यसै भन्नुहुन्थ्यो । हुन त ऋषि होला उनको नाम, बाको पंडिते भाखामा रिखी भन्नु भा'होला ।"

षलाई ख बोल्छन् उसका बा जानकीप्रसाद उपाध्याय । भाषालाई भाखा, ऋषिलाई रिखी, धनुषालाई धनुखा, वर्षालाई बर्खा आदि ।

जे होस्, रिखी देवकोटा बडो असल मान्छे थिए अरे, आँखामा राखे पनि नबिझाउने । गाउँमा स्कूल स्थापना गर्ने पहिलो ब्यक्ति उनै थिए । गाउँमा प्रौढ कक्षा चलाउने पनि उनै थिए । त्यति मात्र कहाँ हो र , थिचिएका, मिचिएका र अन्यायमा परेका गाउँलेहरूको आवाज उठाउने, तिनको पक्ष लाग्ने पनि उनै थिए अरे भन्थे उसका बा, अनि फेरि तुरून्तै मलिनो मुख पारेर मधुरो बोलीमा पछुताउँदै भन्थे, 'राम्रा मान्छेको, गुणी मान्छेको आयु धेरै हुंदोरैनछ ।' अनि अँध्यारो मुख लाएर अर्कोतिर फर्किन्थे ।

बस्दाबस्दा पट्यार लागेर एक खेप बाहिर निस्कौं, निस्कौं लागिरहेथ्यो उसलाई । जान त जाने, तर जाने कहाँ ? ऊ व्दिविधामा पर्‍यो । 'जाऊँ न त परसम्म । सेतुप्रसादकै घरसम्म गए नि हुन्छ । बिहेघरको हालखबर पनि थाहा हुन्छ ।' सोच्दै लुगा फेर्‍यो, ढोका बन्द गर्‍यो । र, साँचो सँधै लुकाउने गर्‍या ठाउँमा सिउर्‍यो र ब्राहिर निस्क्यो ।

घरबाट सडकसम्म सानो साँघुरो बाटो जोडिएको थियो । बाटाका दुबैतिर बारी र बाटाको साँधमा अँडिर, बडडेरा, सिमाली आदिका झाँडहरू थिए , कतै सिउँडी र लाब्रेका काँडाघारी थिए । कतै भाट र धतुरोका बुट्यानहरू थिए, कतै सोइजनका बोट थिए । घरको बाटो सडकमा जोडिएको ठाउँमा निमको ठूलो रूख थियो । रूखमुनि काठको मचान बनाएर चौतारो बनाइएको थियो ।


सेतुप्रसादकहाँ नपुग्दै बाटामा रत्नप्रसाद माइसाबसंग भेट भयो । ऊ त सकेसम्म अन्त अन्तै हेरेजस्तो गरेर माइसाबतिर हेर्दै नहेरी तर्किन खोजेथ्यो तर माइसाबले नै बोलाइहाल्नु भयो, "देवेश्वरभाइ, संचै ? कता हिंड्यौ ?"

देवेश्वर झस्केजस्तो भयो, सम्हालिंदै त्यतै मुखापेक्षी भयो र भन्यो, "ए.. सर् पो ! नमस्कार सर !"

"नमस्कार । कता त ?" भन्दै उसको जवाफै नपर्खी रत्नप्रसादले उसलाई पिठ्यूँमा धाप मार्दै अँगाल्दै भन्नुभयो, "भाइसंग एकछिन सल्लाह गरौं, हिंड त ।"

र, उसलाई आफ्नो डेरातिर लानुभयो । ❑

उनीहरुसँग त बदला लिन पनि सकिन्न । पहरोसँग सिंगौरी खेल्ने ? मोराहरुको खान्दानै हरामी छ, लाशै गायब गरिदिन्छन् । मुरारी देवकोटाको भाइलाई गायब पार्दियापार्दियै गरेनन् त !



मकरबहादुर हमालकहाँ बस्नुहुन्थ्यो माड्साब रत्नप्रसाद । माइला बाबुसोहब भन्थे गाउँलेहरू मकरबहादुरलाई । माइला बाबुसाहेब साह्रै एकहोरो र रिसाहा स्वभावका थिए । उनको भकभके बोलीले उनको स्वभावलाई अझ विशिष्ट परिदिएको थियो । हुन त साइनोले भाइ थिए उनी जेठा बाबुसाहेबका, तर उस्तो राम्रो बोलीचाली थिएन उनीसँग । माइला बाबुसाहेबलाई रिझाउनु बडो पुरूषार्थको कुरो मानिन्थ्यो, त्यो पुरूषार्थ रत्नप्रसादले गरेथे ।

रत्नप्रसाद शर्मा बाहिरिया मान्छे थिए, पूर्व दुई नम्बर पहाडका । गाउँको स्कूलमा मास्टर भएर आएथे, नेपाली पढाउँथे । डबल स्नातक थिए, नेपलीमा बि.ए. अनि संस्कृतमा शास्त्री । गाउँलेहरूले राम्रै मानेथे उनको आगमनलाई । किनभने स्कूलमा बाहिरिया शिक्षहरूमध्ये धेरैजसो छिमेकी मुलुकका थिए र आफ्नो मुलुकका चाहिँ थोरै थिए । उनी विद्यालयमा पहिलो शिक्षक थिए, जो बाहिरिया थिए र पहाडे थिए । शिक्षकहरू नेपालीभाषी नभएकाले गाउँका केटाकेटीहरूको भाषा पनि बिग्रँदो थियो किनकि उनीहरू नेपाली शुद्ध बोल्न र लेख्न जान्दैनथे । त्यसैले पनि गाउँलेहरूले राम्रै मानेथे रत्नप्रसादको आगमनलाई ।

त्यसताका माइला बाबुसाहेबकहाँ तीन भाइ छोरा, दुइटी छोरी र एउटा भान्जो समेत छ जना थिए, स्कूल जाने केटाकेटीहरू । गाउँका ठूला-बडाहरू सबको घरमा माड्साब बसेका थिए । तर माइला बाबुससाहबेकाँ थिएनन् कोही पनि । त्यसको कारण के थियो भने, बाबुसाहेबका छोराहरू लण्ठ थिए, गोबरगणेश, जति पढेपनि दिमागमा पटक्कै घुस्दैनथ्यो । अनि त्यहाँ बसेका मास्टरहरूले पटक्कै जस पाउँदैनथे । त्यसैले कोही मास्टर पनि त्यहाँ बस्न मान्दैनथे ।

घरमा मास्टर नभएकाले माइला बाबुसाहेबलाई आफ्नो प्रतिष्ठामा आँच आएजस्तो लाग्थ्यो, त्यसैले बाबुसाहेब भुट्भुटिएथे । नयाँ मास्टर आएको र त्यो पनि पहाडे भएको कुरो उनले माथि राजमार्गकै नेपाली भोजनालयमा थाहा पाएछन् । अनि जुरूक्क उठेर सासै नफेरी स्कूलतिर हान्निएछन् । सरासरी खोज्दै गए हेडमास्टर प्रद्युम्नलाल कर्णलाई । उनी अफिसमा रहेनछन्, क्लासमा थिए । दशौं कक्षामा अंग्रेजी पढाउँदै रहेछन् ।

गाउँका बाबुसाहेबहरू र गन्यमान्य कहलिएका अरू पनि अरूको त्यति अदप राख्दैनथे । माइला बाबुसाहेब सरासरी त्यहीं पुगे र बिना कुनै शिष्टाचार सरासरी पढाउँदा-पढाउँदैको कक्षामा पुगेर हेडमास्टरलाई सम्बोधन समेत नगरी भन्न थाले, "के.. केरे नयाँ आएको मास्टरलाई के... केरे यताउति पठाउने हैन के...केरे, है मकहाँ पढाइदिनू के... केरे कुरो बुझ्या हो...?"

विद्यार्थीहरू मुख छोपेर हास्न थाले । हेडमास्टर पढाउँदा पढाउँदै असमंजसमा परे । अनि फेरि सम्हालिँदै भने, "बाबुसाहेब, हजूर अफिसमा बस्नुस् न । सल्लाह मसविरा गरौंला नि ।"

"के... केरे लटपट कुरो छैन । के... केरे म हिंडे ।" भन्दै बाबुसाहेब कक्षाबाट बाहिर निस्के र हिंडीपनि हाले ।

यसरी रत्नप्रसाद माड्साब माइला बाबुसाहेबकाँ बस्न थालेथे । बस्न थालेको पनि धेरै भएको थिएन, यस्तै दुईअढाई वर्ष भएको होला । टिके

**गाउँका बाबुसाहेबहरू र गन्यमान्य कहलिएका अरू पनि अरूको त्यति अदप राख्दैनथे । माइला बाबुसाहेब सरासरी त्यहीं पुगे र बिना कुनै शिष्टाचार सरासरी पढाउँदा-पढाउँदैको कक्षामा पुगेर हेडमास्टरलाई सम्बोधन समेत नगरी भन्न थाले, "के.. केरे नयाँ आएको मास्टरलाई के... केरे यताउति पठाउने हैन के...केरे, है मकहाँ पढाइदिनू के... केरे कुरो बुझ्या हो...?"**

पनि । कुनै मास्टर साहेब पनि उनकहाँ यतिका समय त के, वर्षदिन पनि टिकेका थिएनन् ।

अस्तिदेखि देवेश्वरको आवतजावत शुरू भएको थियो मास्टरसाहेबकाँ ।

"चुरोट खान्छौ ? ल खाऊ ।" माड्साबले आग्रह गर्नु भएको थियो- 'याक'को बट्टा तेर्स्याउँदै ।

"खान्थें, अब खान्नँ । यै चुरोट र रक्सीको लत र लोभले गर्दा म बिग्रें ।" उसले पश्चाताप मानेझैं गरी आत्मग्लानीको भावमा भन्यो ।

"राम्रो, एकदम राम्रो । भाइले असाध्यै राम्रो गर्‍यौ । स्याबास ! मलाई त साह्रै खुशी लाग्यो ।" भन्दै रत्नप्रसादले झिकिसकेको चुरोटको खिल्ली बट्टामा हाल्नुभयो र बट्टा सिरानीको छेउमा राख्नुभयो ।

"हैन सर त खानुस्न ।" उसले अनुरोध गर्‍यो, 'नो अब्जेक्सन' को भाकामा ।

"हैन, म पनि खान्नँ । अहिले भर्खरै खाएको हुँ ।" मास्टरसाहेबले स्पष्टीकरण दिएझैं गरी भन्न थाल्नु भयो, "हेर, तिमी संभालियौ । जो आफू बिग्रें भनेर सम्हालिन्छ, त्यो मान्छे बिग्रँदैन, बन्छ । मलाई तिम्रो अठोटमा साह्रै खुशी लाग्यो । युवाहरू यै उमेरमा बन्छन् पनि बिग्रन्छन् पनि । विवेक भएकाहरू बन्छन्, नभएकाहरू बिग्रन्छन् । युवाहरूमा संसारलाई बदल्न सक्ने शक्ति हुन्छ । जुनै देशमा पनि ठूल्ठूला आन्दोलनहरू, परिवर्तनहरू युवाहरूकै आँट-बलले भएको छ । त्यसैले युवकहरूलाई गलत बाटोमा डोर्‍याउनका लागि अनेकजाति मनोरञ्जनका साधनहरू तयार पारिदिएका छन् । ब्यापरीहरू यस्ता चीजहरू बनाएर कुस्त नाफा लुट्छन् र करोडपति, अरबपति बन्छन् । यता अरबौं युवकहरू बर्बादीको बाटो समाउँछन् । बिग्रनेहरू धेरै हुन्छन्, सप्रनेहरू कम । तर अफशोच ! बिग्रेकाहरूलाई बिग्रिसकेपछि पनि बिग्रें भन्ने थाहा हुँदैन । यसरी हाम्रो समाजको ठूलो हिस्सा बर्बादीको बाटोमा हिंडिरहेछ ।" मास्टरसाहेब अडिनुभयो बोल्दाबोल्दै र उहाँले ऊतिर हेर्नुभयो ।

ऊ ध्यान दिएर सुनिरहेथ्यो माडसा'बको कुरो । माडसाबलाई लाग्यो- देवेश्वर उनको कुरो गंभीरतापूर्वक सुनिरहेछ । तर उनी चाहन्थे- उनको कुरो लामो भाषण र अर्ति उपदेशजस्तो नहोस्, त्यसैले उनले ब्यक्तिगत प्रश्न सोधे- "त के गर्दैछौ, आजकल ?"

प्रश्न सुनेर ऊ झस्क्यो । । बकुल्ला ध्यान भंग भयो र निराश स्वरमा बोल्यो, "खै, के भनुँ ? ब्यक पेपर दिएर आएँ, रिजल्ट भा छैन । कामको मेलो पनि केही छैन । कल्ले लाइदेला र काम ?"

"हेर बाबु, देवेश्वर ! यो संसार बडो निर्दयी छ, कपटी छ, एकजना दार्शनिक तथा चिन्तकले भनेका थिए, 'मानिस जन्मँदा स्वतन्त्र हुन्छ तर जन्मिसकेपछि ऊ देख्छ ऊ जताततैबाट बंधनमा बाँधिएको छ । त्यसैले तिमी हामी पनि बंधनमा बाँधिएका छौं, त्यसैले कतिपय अवस्थामा कसैले तिमी हामीलाई सहयोग गर्न चाहेर पनि गर्न सकिरहेको हुँदैन । हामीलाई बंधनमा बाध्न समाज हाक्ने अगुवाहरूले, मुखियाहरूले, देश हाक्ने नेताहरूले, संसार हाँक्ने महानेताहरूले नीति-नियम, ऐन-कानून र घोषणापत्रहरू जारी गरेका छन् । बंधन भन्या यिनै हुन् । तिमीले अलिकति गहिरिएर समस्यालाई बुझ्ने, बिचार गर्ने कोशीश गर्‍यौ भने सब कुरो थाहा पाउने छौ । थोरै मान्छेले यै बंधनको डोरीले कसेर अनगिन्ती मान्छेलाई तह लाएका छन् । धेरै पर किन पुग्नु, हेर न तल्लो गाउँको सोनफी रायकहाँ एउटा जाबो पिलन्धरे माहुते, केरे.. भंगीलालले अजंगको विशालकाय अनारकली हात्तीलाई एउटा अंकुशेको भरमा तह लाएर आफ्नो वशमा राख्नेगर्दछ , हो कि हैन ? देख्याहोलाउ नि, यही बाटो लैजान्छ कतिपय पटक । हाटका दिन त यही जंगलमा चारा ख्वाउन ल्याउँछ नि ।" रत्नप्रसाद माड्साबले मुसुमुसु हाँस्दै भन्नुभयो ।........

❑




खगेन्द्र संग्रौलाद्वारा लिखित
नयाँ उपन्यास

# जूनकीरीको संगीत

बजारमा उपलब्ध छ ।

जूनकीरीको संगीत नेपाली उपन्यास विधामा सर्वथा नयाँ कृति हो । विषयवस्तु र आञ्चलिक आयाममा पनि नयाँ । दलित जातिको मुक्तिसित गाँसिएको विषयका निम्ति अहिलेसम्म कसैले आफ्नो कलम चलाएका थिएनन् ।
❑ नारायण ढकाल *(भूमिकाबाट)*

नेपाली समाजको एउटा विशिष्ट पक्षको विशद् चित्र !

◆ मूल्य रू. १५०/-
◆ पृष्ठ ४५३

भुँडी पुराण प्रकाशन




# पोल्ट्री फार्मको राजनीति

◆ विमल निभा

निर्वाचनताका पार्टीबाट उम्मेदवारहरूका लागि वितरण गरिएको धनले एक हजार थान कुखुरा पालेको थिएँ । त्यो बढेर आज हज्जारौं भइसकेको छ । स्पष्ट छ, म एक प्रशिद्ध पोल्ट्री फार्मको मालिक हुँ । मकहाँका कुखुराहरू एक नजर हेर्दैमा खाइलाग्दा छन् । यस्तो भएन भने के लाभ हुन्छ ? तिनीहरू विदेशी दाना खान्छन् र ठूलो साइजको अण्डा दिन्छन् । हाम्रो पार्टीका ठूला नेताहरू यसबाट निर्मित अम्लेट स्वाद मानी-मानीकन खाने गर्नुहुन्छ । पार्टीभित्र मेरो कुखुराको कम इज्जत छैन । तसर्थ मैले चुनाव हारेर के भयो र ?


गएको निर्वाचनमा आफ्नो प्रचार गर्ने सिलसिलामा मैले जोड दिएर सार्वजनिक संकल्प गरेको थिएँ- आदरणीय जनसमुदाय, म यो देशलाई बनाउने छु । न्यायपूर्ण समाजको स्थापना मेरो परम लक्ष्य हो । म समाजवाद ल्याएरै छाड्ने छु । आदि आदि । अहिले सोचेर म रोमाञ्चित भइरहेछु । मलाई कुनै पछुताउ छैन । जे होस्, अरू केही गर्न नसकेता पनि पोल्ट्री फार्म त राम्ररी चलाएर देखाइदिएँ । यसको अर्थ यो होइन, देश न्याउनुभन्दा पोल्ट्री फार्म चलाउनु सजिलो छ । यो पनि कम्ति परिश्रमको काम होइन । यसको लागि केही गरौं भन्ने भावनाको आवश्यकता पर्छ , जस्तो देश बनाउनलाई भावना चाहिन्छ । देश बनाउन र पोल्ट्री फार्म चलाउन, दुईतिरै उस्तै भावना चाहिन्छ । यसमा कुनै अन्तर छैन । यही भावनाको कारणले हाम्रो पार्टीका अध्यक्षज्यू मलाई असाध्यै मन पराउनु हुन्छ । कतै भेट हुनासाथ अँगालो मारेर धोद्रो स्वरमा भन्नुहुन्छ- 'तपाईंको भावना बडो उच्च खालको छ । चाहे त्यो देशप्रति होस् अथवा आफ्नो पोल्ट्री फार्मका कुखुराहरूप्रति । अथवा हाम्रै पार्टीप्रति किन नहोस् ! म तपाईंको उच्चस्तरीय भावनाको कदर गर्छु । पार्टीले समयमै तपाईंका कुखुराहरू र त्यसका ठूला-ठूला अण्डाहरूको उचित मूल्यांकन गर्नेछ ।'

म प्रत्युत्तरमा सदैव आफ्नै शैलीले ओठ बक्र पारेर मुस्कुराउने गर्छु । हाफ इन्च मुस्कान, यो सम्भवतः पूर्ण सन्तुष्टीको मुस्कान हो । म पार्टी राजनीति र कुखुराहरूका गोल-गोल र सुडौल अण्डाहरूमा सन्तुलन कायम राख्न सफल छु । के यो देशको राजनैतिक अथवा व्यवसायिक सन्दर्भमा मेरो नाउँ उल्लेख गर्न योग्य छैन ? वास्तवमा चुनाव लडेर म देशको सार्वोच्च स्थल संसदमा जान चाहन्थें । तर पराजित भएर पोल्ट्री फार्ममा आएँ । अतएवः यो पोल्ट्री फार्म नै एक किसिमले मेरो संसद हो । संसद र एउटा पोल्ट्री फार्ममा त्यस्तो विधि के भिन्नता छ ? मेरो लागि दुवै समान हुन् । मेरो पोल्ट्री फार्ममा थरि-थरिका कुखुराहरू छन् । पहाडी कुखुराहरू । तराईका कुखुराहरू । राजधानीका कुखुराहरू । बोयलर कुखुराहरू । भाले कुखुराहरू । पोथी कुखुराहरू । सेता कुखुराहरू । राता कुखुराहरू । काला कुखुराहरू । स्वदेशी कुखुराहरू छिमेकी देशका कुखुराहरू । सात समुद्रपारिका कुखुराहरू । साना कुखुराहरू । ठूला कुखुराहरू । मझौला कुखुराहरू । फरक फरक प्रकारका कुखुराहरू । जस्तोसुकै कुखुराहरू पनि मकहाँ उपलब्ध छन् । म प्रजातन्त्रमा विश्वास गर्छु । त्यस्तै, कुखुरा पालनमा पनि यही आचरणको पालन गरिरहेछु । अतः पोल्ट्री फार्म खोल्दैमा मलाई यो देशको राजनीतिबाट अलग भन्न मिल्छ ?

कथंकदाचित मैले निर्वाचनमा विजय हासिल गरेको भए के हुन्थ्यो ? जस्तो प्रचलन छ, निश्चित रूपले म महँगो गाडी किन्थें । भव्य घर बनाउँथे । स्वदेशी-विदेशी बैंकहरूमा धन थुपार्थें । यही त हो । अरू के गर्थें र ? मेरो पार्टीका सबै सांसद मित्रहरू अहिले यही क्रिया सम्पन्न गरिरहेका छन् ।

जहाँसम्म मेरो कुरा छ, यो सबै त म मेरा कुखुराहरू र त्यसका अंगहरूका सहयोगले गरी नै रहेको छु । आज हेर्नोस्, मसँग के छैन ? विदेशी गाडी छ । ठूलो घर छ । कुस्त बैंक ब्यालेन्स छ । अर्थात् सबथोक छ । त्यस्तो भए, मलाई एउटा माननीय नै किन हुनुपर्‍यो ? सबै माननीयहरू उल्टै मलाई मान्छन् । मेरा कुखुराहरूलाई त झन् मान्छन् । मासु लुट्छन् । हाड मन्याङ्ग-मन्याङ्ग चपाउँछन् । यतिले नपुगे घरमा लैजान्छन् । त्यहाँ सुविधासाथ खान हुन्छ । म खुल्ला हृदयले दिने गर्छु । लैजानोस् मेरा प्रिय माननीयहरू , खानोस् । राष्ट्रलाई लुछ्ने शैलीमा मेरै कुखुराको मासु लुछे हुन्छ । मलाई कुनै आपत्ति छैन । आखिर मेरो पोल्ट्री फार्म पनि पार्टीकै सम्पति हो । म आफ्नो हज्जारौं-हजार कुखुराहरूसहित राजनीतिमै छु । के म कुनै माननीयहरूभन्दा कम छु ?

भगवानको कृपाले आज सबै ठूला-ठूला होटलहरूमा मै अण्डा र कुखुराको मासु सप्लाई गर्नेगर्छु । यो कामले नै मलाई फुर्सद छैन । एकछिन चुप लागेर बस्न पाइदैन । मेरा कुखुराहरूले मलाई व्यस्त राखेका छन् । तीन-तीनवटा चुनावमा हारिसकें । तर मलाई के फरक पर्‍यो ? राष्ट्रिय सदनमा नभएता पनि राष्ट्रिय होटलहरूमा त मेरो राम्रो दखल छ । सोल्टी, अन्नपूर्णा, ब्लुस्टार, याक एण्ड यति, एभरेष्ट, शेर्पा जस्ता नामूद होटलहरूमा मेरा कुखुरा र अण्डाको माग छ । त्यसैले मलाई असफल राजनीतिज्ञ भन्नु घोर अज्ञानता हो । ❑



मकहाँका कुखुराहरू एक नजर हेर्दैमा खाइलाग्दा छन् । तिनीहरू विदेशी दाना खान्छन् र ठूलो साइजको अण्डा दिन्छन् । हाम्रो पार्टीका ठूला नेताहरू यसबाट निर्मित अम्लेट स्वाद मानी-मानीकन खाने गर्नुहुन्छ ।

> "विभाजित पार्टीले मुक्ति दिलाउन सक्दैन !"

नागभूषण पटनायक रिहाइ समितिले दिल्लीमा गरेको प्रदर्शन



# क. नागभूषणको रिहाइका लागि संघर्ष

### एकताप्रतिको आशावादिता

"यी सारा नक्सलवादी समूहहरूमा कुनै विचारधारात्मक मतभेद त छँदैछैन, केवल कार्यनीतिसम्बन्धी असहमतिहरू मात्र छन् । त्यसैले उनीहरूसँग मेरो अनुरोध के छ भने, एउटै पार्टीभित्र एकीकृत भएर उनीहरूले आफ्ना सबै कार्यनीतिसम्बन्धी मतभेदहरूलाई त्यस एकीकृत पार्टीको जिम्मामा छोड्नु पर्दछ र त्यस पार्टीका आन्तरिक संघर्षको जिम्मामा त्यसलाई छोड्नु पर्दछ । किनकि उनीहरूमा कुनै आधारभूत मतभेदहरू छैनन् । देशको मुख्य अन्तरविरोधको सवालमा कुनै असहमति छैन । के कुरा प्रायः निश्चित छ भने, हाम्रो भारतीय समाज अर्द्धसामन्ती-अर्द्धऔपनिवेशिक छ । त्यसरी नै माओत्सेतुङ विचारधाराको स्वीकृति, नयाँ जनवादी क्रान्ति, दीर्घकालीन जनयुद्ध जस्ता सबै कुरा सबै समूहहरूले स्वीकारिरहेकै कुरा हुन् । वर्गशत्रु सफाया वा चुनावमा भाग लिने कुरा कार्यनीतिसम्बन्धी समस्या हुन् । यो पार्टीको सामान्य राजनीतिक लाइन होइन । मैले पहिले पनि भनीसकेको छु- यी सबै मतभेदहरू तपाईहरू जनवादी केन्द्रीयतालाई सुपुर्द गर्नुस् । यही नै स्वस्थ मार्क्सवादी-लेनिनवादी रबैया हो । कुनै पनि व्यक्ति एउटा कम्युनिष्टभन्दा बेसी प्रजातान्त्रिक हुन सक्दैन । त्यसैले यस्ता सबै सवालहरूलाई एउटा पार्टीको जनवादी केन्द्रीयता अन्तर्गत किन नराख्ने ?

पार्टीभित्र आन्तरिक संघर्ष हुँदा माओत्सेतुङलाई केन्द्रीय कमिटीबाट हटाइएको थियो, किनकि राजनीतिक लाइनका बारे उहाँको मतभेद थियो, उहाँ केवल केन्द्रीय कमिटीबाट हटाइनु भएको थियो । त्यसवेला उहाँले पार्टीलाई फुटाउनु भएन, हुनान यांगसी मोर्चा समितिमा रहेर काम गर्नुभयो ।"

क. नागभूषण पटनायकले जेलको मृत्युशैयाबाट पार्टी एकताका लागि पत्र लेखेको तीन महिनापछि नै पार्टी-एकताका लागि १३ वटा नक्सलवादी समूहहरूबीच पहिलो भेला भएको थियो । त्यस भेलाको खवर सुनेर उत्साहित भइरहेका क. नागभूषणलाई पत्रकार पंकज सिंहले सोधेका थिए- *'एकताको सन्दर्भमा तपाई आशावादी हुनुहुन्छ ?'*

'हो म पनि स्वस्थ भएको एक-दुई महिनाभित्रै यस दिशामा आफ्ना प्रयासहरू थाल्ने छु !' -दिल्लीस्थित आखिल भारतीय आयुर्बिज्ञान संस्थानको एउटा वार्डबाट उनले आफ्नो आशा र विश्वास यसरी ब्यक्त गरेका थिए । त्यसबेला उनी अत्यन्त नराम्ररी बिरामी भएका थिए । अनेकौं रोगले ग्रस्त नागभूषणलाई त्यहाँको एउटा कोठामा सशस्त्र पुलिसहरूको सख्त पहराबीच औषधोपचार गरिंदै थियो ।

### एकता प्रयास तुहियो

१३ वटा नक्सलवादी समूहहरू पार्टी एकताका लागि संयुक्त बैठक बसेको र यिनीहरूले संयुक्त आह्वानपत्र प्रकाशित गरेको खबरले चारैतिर असर गर्‍यो, विशेषगरी, भारतको सरकार, पूँजीवादी अखवारहरू र नक्सलवादी समूहभन्दा इतरका कम्युनिष्ट पार्टीहरूलाई यस खवरले असर गर्‍यो । पूँजीवादी अखवार 'स्टेट्समेन' ले सम्पादकीय नै लेखेर सरकारलाई चेतावनी दियो-नक्सलीहरू एक भएमा उनीहरू निकै खतरनाक सावित हुनेछन् ।

भारतीय कम्युनिष्ट पार्टी (मार्क्सवादी) अर्थात् माकपाले नक्सलवादीहरूसम्बन्धी आफ्नो मौनता भंग गर्दै नक्सलवादी 'बाम दुस्साहसवादीहरू' विरूद्ध बयान जारी गर्‍यो ।

अत्यन्त कठीन प्रयत्नपछि एकत्रित भएका नक्सलवादी समूहहरूले संयुक्त बक्तव्यबाजी पछि आफ्नो गहन उपलब्धिलाई लामो समयसम्म बचाइराख्न सकेनन् । खुला राजनीति गर्न थालेका एक नक्सलवादी नेता सत्यनारायण सिंहले संयुक्त बक्तव्यबाजीको लगत्तै एक्लैले प्रेस सम्मेलन गरेर संयुक्त बक्तव्यको त्यस्तो भाग मात्रै अखवारहरूमा उद्धृत गरे, जुन भाग आफ्नो समूहको विचारसंग मिल्ने कुरो थियो । अखवारहरूमा सोभियत संघविरोधी कुराहरू मात्रै संयुक्त बक्तव्यको रूपमा प्रकाशित भएको देखेपछि अरू नक्सलवादी समूहहरू निकै रिसाए । सत्यनारायणसिंहको समूहलाई १३ वटा संगठनहरूको समूहबाट निष्काशित गर्नुपर्ने आफ्नो माग आयोजक समूह-लिवरेशन समूहले अस्वीकार गरेपछि पिपुल्सवार ग्रुपले आरोप लगायो - 'लिबरेशन गूटले सत्यनारायण सिंहसँग साँठगाँठ गरिरहेको छ !'

अर्कोतिर, अर्को एउटा समूह सी आ र सी ले संयुक्त बक्तब्यमा भावुकतावश सही गरेको कुरा स्वीकार्दै संयुक्त बक्तब्यप्रति आफ्नो समर्थन फिर्ता लिएको कुरा 'फ्रन्टियर' अखवारमा पत्रमार्फत जनायो ।

# नक्सलवादी नेता क. नागभूषण पटनायकको आत्म बलिदानले भरिएको संघर्षको गाथा



**मूल्यांकनको पूर्णांक ६२ देखि हामीले जिउँदै किम्बदन्तीका नायक भएका भारतका नक्सलवादी नेता स्व. नागभूषण पटनायकको आत्मबलिदानले भरिएको संघर्षको गाथा प्रस्तुत गर्दै आएका छौं । *यसै क्रममा गएको अंकमा विवाद र विभाजनमा फँसेको नक्सलवादी आन्दोलनलाई फेरि एकीकृत गर्नका लागि उनले गरेको प्रयास बारे पढ्नु भयो । यस अंकमा पढ्नु होस् – पार्टी-एकताको प्रयासको असफलता र उनको जीवन रक्षा गर्न र रिहाइमा भएको संघर्षको रिपोर्ट !***

यस्ता अनेकौं विवाद उठेपछि लिबरेशन गूटले शुरू गरेको पार्टी-एकताको प्रयास बीचैमा तुहियो ।


## मृत्युशैयाबाट संघर्ष

'विभाजित पार्टीले मुक्ति दिलाउन सक्दैन !'

–यही दृढ विश्वासका साथ क. नागभूषण आन्ध्रको जेलको कालकोठरीदेखि दिल्लीको अस्पतालका बेडहरूमा समेत क्रियाशील भइरहे । १९८० को मध्यतिरै उनको स्वास्थ्य झन् झन् नराम्ररी बिग्रिन थालेको थियो, तापनि उनले पार्टी एकताको लागि अखबारमार्फत् सबै नक्सलवादीहरूलाई आह्वान गरेका थिए । जेलभित्र उनको स्वास्थ्य झन् झन् ध्वस्त हुन थालेको खबर बाहिर आउन थालेपछि वामबुद्धिजीवीहरू क. नागभूषणको जीवन रक्षार्थ क्रियाशील हुनथाले ।

१९८१ को गर्मीसम्ममा क. नागभूषणको जीवन रक्षार्थ क्रियाशील भएका बुद्धिजीवी, विद्यार्थी, पत्रकार, लेखकहरूले देशव्यापी रूपमा 'क. नागभूषण रिहाई समिति' बनाउने र त्यसमार्फत् सशक्त क्रियाकलापहरू संचालन गर्न थाले । उनीहरूले प्रदर्शन, धर्ना, हस्ताक्षर अभियान, पर्चाबाजी, मशाल जुलूस र भित्ते लेखनद्वारा सरकारलाई चेतावनी दिने र जनतालाई जागरूक बनाउने काम गरे । यही देशव्यापी दवाबको फलस्वरूप पुलिसको बर्बर यातना र लामो कारावासको कारणले मृत्युको मुखमा पुग्न लागिसकेका क. नागभूषणलाई उपचारका लागि दिल्ली ल्याइयो ।

आन्ध्र प्रदेशको सरकारले सशस्त्र पुलिसको कडा निगरानीबीच उनलाई छत्तीसगढ एक्सप्रेसबाट दिल्ली पठाएको थियो । भाग्लान् भनेर जर्जर शरीर भएको मानिसलाई पहरा दिन दर्जनौ पुलिस खटाउन सक्ने



*क. नागभूषणः सोचमुद्रामा*

सरकारले एउटा एम्बुलेन्स समेत व्यवस्था गरेको थिएन । हजरत निजामुद्दीन स्टेशनमा कुनै लाशझैं उतारिएका क. नागभूषणलाई अस्पतालसम्म लाने कुनै बन्दोवस्त गरिएको थिएन । असाधारण ज्वरोले पीडित क. नागभूषणलाई सिमेन्टको एउटा बेन्चमा जीवित लाशझैं राखिएको बेला एक जना पत्रकारले अस्पताल लाने बन्दोवस्त मिलाएका थिए ।

## रिहाईका लागि जोड्दार आवाज

यसरी दिल्लीको अस्पताल पुऱ्याइएका क. नागभूषण रिहाई समितिले दोव्बर उत्साहका साथ उनको उपाचार र रिहाईका लागि जनदवाब सिर्जना गर्न थाल्यो । उनका नातेदार, साथी तथा गुरू क. भुवनमोहन पटनायकले कानूनी लडाईलाई तेज गरे ।

दिल्लीमा उनलाई अखिल भारतीय आयुर्बिज्ञान संस्थानको प्राइभेट वार्डको सातौं तलाको एउटा कोठामा पुलीसको कडा पहराबीच राखिएको थियो । त्यहाँ तैनाथ गरिएका सशस्त्र पुलिसहरूले न उनीसँग कसैलाई भेटन् दिए, न त फलफुल र पत्रपत्रिका नै दिने अनुमति दिए । सरकारले गरेको यस्तो क्रुर व्यवहारका बिरूद्ध सडक र अखवारहरूमा भीषण प्रतिक्रिया व्यक्त भए । यस विषयमा जेलका अधिकारीहरूसँग अपील गरियो । जवाहरलाल नेहरू विश्वविद्यालयका विद्यार्थी तथा लेखक निशान्त कैशरको पहलमा भएको १८ वटा जन संगठनहरूको बैठकले सरकारी वर्बरताविरूद्ध जेहाद छेड्ने दृढता व्यक्त गऱ्यो । हरियाणाको विधायक स्वामी अग्निबेश र वामपन्थी लेखक डी. प्रेमपतिको संयोजकत्वमा निर्मित 'नागभूषण पटनायक रिहाई समिति' ले उनको अविलम्व रिहाईको मागसहित संघर्षको थालनी गऱ्यो ।

रिहाई समितिले पर्चा र पोष्टरमार्फत् देशभरिका नागरिकहरूहरूलाई अपील गऱ्यो- 'क. नागभूषणको रिहाईको लागि ठाउँठाउँमा सभा, प्रदर्शन, प्रचार गर्नुस्, र सरकारलाई दवाब दिनुस् कि क. नागभूषणलाई छिटोभन्दा छिटो रिहा गरिएन भने देशभर व्यापक रूपमा जनआन्दोनको ज्वार उठ्नेछ र त्यसको सम्पूर्ण जिम्मेवारी सरकारको हुनेछ !'

१९८१ अप्रिल २५ मा त्यस समितिकै आयोजनामा राजधानीको भोट क्लवमा भएको विशाल सार्वजनिक सभालाई हंसराज रहबर र नागार्जुन जस्ता बरिष्ठ साहित्यकार, मजदूर नेता मुखलराज र बंधुवा मजदूरहरूका नेता स्वामी अग्निवेशले सम्वोधन गर्दै उनको रिहाईका लागि जोड्दार माग गरे । सभाको अन्तपछि भएको जुलूस केन्द्रय गृहमन्त्री जैलसिंह र गृह राज्यमन्त्री योगेन्द्र मकवानाको सरकारी निवासमा पुग्यो । जैलसिंहको अनुपस्थितिमा योगेन्द्र मकवानासमक्ष जुलूसका प्रतिनिधिहरू स्वामी अग्निवेश, डी.प्रेमपति र देवनाथनले क. नागभूषणको रिहाईको मागपत्र प्रस्तुत गरे ।

मागपत्रमा भनिएको थियो - 'जुन मुद्दामा नागभूषणलाई फाँसीको सजायँ दिने फैसला दिइएको थियो, त्यही मुद्दालाई उच्चतम न्यायालयले पार्वतीपुरम केससम्वन्धी आफ्नो फैसलामा भूठो र मिथ्या भनीसकेको स्थितिमा पनि नागभूषणलाई गैर-कानूनी तरिकाले जेलमा बन्द गरिराख्नुले भारत सरकारकै न्याय व्यवस्थाको क्रुर उपहास त गरिरहेको छैन ?'

## रिहाईको आश्वासन

जुलूसका सहभागीहरूसमक्ष केन्द्रीय गृह राज्यमन्त्री योगेन्द्र मकवानाले नागभूषणलाई छिट्टै रिहा गरिने सरकारी आश्वासन सरकारी भाषामा दिए ।

त्यसपछि पनि छिट्टै रिहा नगरिएपछि *निशान्त नाट्य मंच*ले सांस्कृतिक आन्दोलन शुरू गऱ्यो । रिहाई समितिले हस्ताक्षर अभियान चलायो । र, कानूनी लडाईकै सिलसिलामा उनको मुद्दालाई सर्वोच्च न्यायालयमा ल्याइयो । क. नागभूषणको पक्षमा न्यायविद् तारकुंडेले यो मामिला आफ्नो हातमा लिए भने अधिवक्ता अशोक पाण्डाले कडा मिहेनंत गरी हजारौं कागजात दुरूस्त पारे ।

मे महिनाको पहिलो हप्तामा यो मामिलालाई उच्चतम न्यायालयमा ल्याइयो । त्यसले अन्तत : फैसला सुनायो- 'नागभूषण पटनायकलाई बिनाशर्त पे रोलमा छोड्नु पर्छ !'

उच्चतम अदालतको फैसलापछि दुई-तीन दिन त्यत्तिकै बित्यो, अस्पतालको सातौं तलामा क. नागभूषणलाई पहरा दिइरहेका सशस्त्र पुलिसहरूको पहरा हटाइएन । आन्ध्र प्रदेशको सरकारले उच्चतम न्यायालयको आदेशलाई उपेक्षा गरेको देखेर बुद्धिजीवी, पत्रकार, विद्यार्थी र जनसंगठनहरू आक्रोशित भए । सर्वोच्च अदालतमा न्यायविद् तारकुंडेले यस मामिलालाई उठाएपछि प्रदेशका सरकारले जवाफ दियो - विलम्व हुनुको पछाडि टेलेक्सको अव्यवस्था जिम्मेवार छ, हामी आदेशको पालना गर्दछौं !

अन्ततः १० मे, १९८१ को राति करीब २ बजे सशस्त्र पहरा हटाइयो र आजीवन कारावासको सजायँ भोगिरहेका क. नागभूषण पटनायकलाई रिहा गरियो । ❑

# सांख्य

## भौतिकवादी सोचले भरपूर पूर्वेली दर्शनका सीमाहरू के के हुन् ?

◆ प्रज्ञानरत्न ◆

सांख्य दर्शनका अनुसार पुरूष र प्रकृतिका बीचमा भिन्नता निरपेक्ष छ र स्थायी छ । शरीर, इन्द्रियहरू, मन, अहंकार र बुद्धि सबै प्रकृतिकै उपज हुन् । र, ती भौतिक हुन् । परन्तु 'पुरूष' भनेको भौतिक कुरा होइन । न त त्यो शरीर हो, त इन्द्रिय, न मन, न अहंकार, न बुद्धि । पुरूष यी सबै कुराभन्दा गुणात्मक रूपले नै फरक हो । पुरूष भनेको 'स्व' हो । स्व भनेको त्यो बस्तुको नाम होइन, जसको विशेषता चेतना हो । यसको ठीक विपरीत स्व भनेको शुद्ध चेतना स्वयम् हो । म मोटो छु भन्नुको मतलब शरीर मोटो छ भनिएको हो, स्व अर्थात् चेतना मोटो छ भनिएको होइन ।

स्व भनेको बस्तु हुन सक्दैन । किनभने बस्तु त अनुभूति गर्न सकिन्छ । तर स्वको अनुभूति गर्न सकिन्न । स्व त अनुभूतिकर्ता स्वयम् हो । स्व भनेको त कर्ता हो, यो कर्म वा बस्तु कदापि होइन । यो त्यो कुरा हो, जसले बस्तुबारे हामीलाई थाहा दिन्छ । स्व भनेको होश हो । आँखा हुँदैमा आँखाले देखीहाल्दैन, कान हुँदैमा त्यसले सुनीहाल्दैन । आँखासित होशको मिलन भएपछि त्यसले देखेको अनुभूति हुन्छ । कानसित होश जोडिएपछि त्यसले सुनेको अनुभूति हुन्छ । कहिलेकाहीं हामी ट्वाल्ल आँखाले हेरिरहेका हुन्छौं, तर हाम्रो होश अन्त कतै हुन्छ, त्यसैले हामीले आँखाले हेरेर पनि बस्तुहरू देखेको अनुभूति हुन्न । जब होश आउँछ, तब हामी देख्न थाल्छौं । बस्, त्यही होश नै पुरूष हो, स्व हो ।

सांख्य दर्शनका अनुसार विचार समेत अन्तर्मनसँग संम्बन्धित कुरा हो । यो स्वसित संबन्धित कुरा होइन । स्व भनेको त विचारको पनि साक्षी हो । अन्तर्मनमा विचारको जुन लर्को चल्छ, फिल्मभैं, त्यसलाई पनि स्वले साक्षीभैं अलग्गै रहेर हेर्ने काम गर्छ । स्व, त्यसैले निष्क्रीय साक्षी हो । स्व भनेको द्रष्टा हो- देख्नेवाला, भोक्ता हो- भोग्नेवाला । देखिने बस्तु पनि स्व होइन । प्रतिबिम्ब उतार्ने इन्द्रिय पनि स्व होइन । सोच्ने मन पनि स्व होइन । स्व खालि विशुद्ध होश हो, होशपूर्ण साक्षी हो ।

यसरी हेर्दछ- सांख्य दर्शनले चेतना र बस्तुलाई ।

यही हुनाले सांख्य दर्शनलाई 'द्वैतवादी दर्शन' भनिन्छ । सांख्यले चेतना र बस्तुलाई बिल्कुलै अलग अलग अस्तित्व भएको कुरो ठान्दछ, अन्तर्संबन्धित र एउटै बस्तुबाट पैदा भएको कुरो ठान्दैन । यसले प्रकृतिको विकास क्रममा चेतना पैदा भएको ठान्दैन, न त चेतनाले नै प्रकृति पैदा गरेको ठान्दछ । सांख्य दर्शनको ठम्याइमा प्रकृति पनि अर्जित कुरा हो । त्यस्तै चेतना, पुरूष वा स्व पनि । प्रकृति पनि चिरस्थायी कुरो हो । त्यस्तै चेतना पुरूष वा स्व पनि । यहीनेर सांख्य दर्शनको भौतिकवादी प्रस्थापना खोटपूर्ण देखिन्छ । यो अधिभूतवादी देखिन्छ ।

आदर्शवादभन्दा सांख्य दर्शनको प्रस्थापना कुन सवालमा विपरीत छ भने, यसले प्रकृतिलाई आफैं सिर्जित र हमेशा अस्तित्वमा रहेको चीरस्थायी कुरो ठान्दछ । यसले शरीर, इन्द्रिय, मन र बुद्धिलाई समेत प्रकृतिकै उपज ठान्दछ । सांख्य दर्शनको यो प्रस्थापना आधुनिक प्राकृतिक बिज्ञानसित मेल खान्छ । यो भौतिकवादी प्रस्थापना हो । परन्तु, चेतना पनि सामाजिक श्रमको दौरानमा शरीर, इन्द्रिय र बुद्धिको विकास प्रक्रियामा विकसित भएको हो भन्ने कुरा चाहिं सांख्य दर्शनले स्वीकार गर्दैन । यसले चेतना पनि आफैं सिर्जित कुरा ठान्दछ । त्यतिखेर, जतिखेर संसारमा जीव भन्ने कुरो नै थिएन, के त्यतिखेर पनि संसारमा पुरूष अर्थात् चेतना भन्ने कुरो अस्तित्वमा थियो त ? सांख्य दर्शनको ठम्याइ छ- थियो ।

यहींनेर सांख्य दर्शनको दोष र सीमा प्रष्टै देखिन्छ । साख्य दर्शन निक्लँदाताका ज्ञान बिज्ञानको विकास अहिलेजस्तो भएको थिएन । यही कारणले सांख्य दर्शनमा यो सीमा रहन गएको हुनुपर्छ । तर पछि गएर आदर्शवादीहरूले, विशेषतः गौडपाद र वाचस्पति मिश्र जस्ता टिप्पणीकारहरूले, सांख्य दर्शनको पुरूषसंबन्धी यही ब्याख्यालाई आधार बनाएर सांख्य दर्शनलाई आदर्शवादी दिशातिर मोड्न खोजेको पाइन्छ । उनीहरूले सांख्य दर्शनको ब्याख्या गर्ने सिलसिलामा आत्मा, चेतना वा पुरूष प्रकृति वा पदार्थभन्दा अलग्गै, स्वतन्त्र रूपमा अस्तित्वमा छ भन्ने धारणा ल्याउन खोजको देखिन्छ ।

तर सांख्य दर्शनका प्रवर्त्तक ऋषि कपिलको मौलिक धारणा भने यस्तो थिएन । ऋषि कपिल प्रकृतिलाई 'प्रधान' समेत भन्थे । प्रधानको तात्पर्य यो हो कि- प्राथमिक अर्थात् प्रधान कुरो प्रकृति हो । उनले पुरूषभन्दा अलग्गै प्रकृतिको स्वतन्त्र अस्तित्व रहेको कुरामा जोड दिएका थिए । ऋषि कपिलको धारणा अनुसार संसारमा उत्पत्ति र नाश नहुने पुरूषलाई छोडेर, अर्थात् चेतनालाई छोडेर बाँकी सबैको मूल कारण प्रकृति हो । संपूर्ण विविधताले भरिपूर्ण र भौतिक बस्तुले भरपूर बिश्वको उत्पत्ति नै प्रकृतिबाट भएको हो । पदार्थ र शक्ति दुवैको उत्पत्ति प्रकृतिबाटै भएको हो । (हेर्नुहोस्- एम हिरियन्नाद्वारा लिखित 'भारतीय दर्शनकी रूपरेखा' राजकमल प्रकाशन, नयाँ दिल्ली, १९९७)

कपिलले प्रतिपादन गरेको साख्य दर्शनमा स्थान र काल दुवैलाई प्रकृतिकै रूप मानिएको छ । प्रकृतिभन्दा अलग्गै स्थान र काल (space and time)को छुट्टै अस्तित्व छैन भनिएको छ । *(हेर्नुहोस्- सांख्य तत्वकौमुदी, श्लोक ३३, बाचस्पति मिश्रद्वारा लिखित)* । र, प्रकृतिलाई कपिलले निरन्तर गतिशील मानेका छन् ।

यसरी, कपिलले प्रतिपादन गरेको मौलिक सांख्य दर्शनका प्रस्थापनाहरू धेरै हदसम्म भौतिकवादी देखिन्छन् । तर, कपिल चुकेका छन्- चेतनालाई पनि प्रकृतिसरह उत्पत्ति र नाश नहुने कुरो ठान्नुमा । उनको दर्शनको यही दोष र सीमालाई पक्रेर पछिका टीकाकार र टिप्पणीकारहरूले सांख्य दर्शनलाई आदर्शवादी रूप रंगमा ढाल्न खोजेका छन् । सांख्य दर्शनले यही दोषमार्फत् आदर्शवादसित संभौता गर्दैलगेको देखिन्छ । स्वयम्, कपिलकै प्रस्थापनामा पनि के अन्तरविरोध भेटिन्छ भने, यदि पुरूष अर्थात् चेतना पनि प्रकृति जस्तै असिर्जित र चिरस्थायी कुरो हो, भने प्रकृति प्रधान भयो कसरी त ? प्रकृति प्राथमिक भयो कसरी ?

भारतीय दार्शनिक राममोहन रायले सांख्य दर्शनको टिप्पणी गर्दै भनेका छन्- सांख्य दर्शनको कमजोरी नै यसैमा छ कि यसले चेतनाको विकासको ऐतिहासिकतालाई स्वीकार्दैन । सांख्य दर्शनले संसारको विकासको एउटा निश्चित बिन्दुमा पदार्थबाट चैतन्य (अर्थात् चेतना) पैदा भयो भनेको भए, पदार्थको परिमाणात्मक विकासको सिलसिलामा एउटा निश्चित चरणमा पुगेपछि गुणात्मक परिवर्तन भयो र चेतना जस्तो नयाँ गुण भएको कुरा पैदा भयो भनेको भए- सांख्य दर्शनमा रहेको सारा असंगति लोप हुन्थ्यो ।

राममोहन रायले गल्ती त सही ठाउँमा नै औंल्याउन खोजेका हुन् । तर "यस्तो भएको भए...." भन्ने शैलीमा आलोचना गर्नु उचित हुँदैन । मुख्य कुरा त्यतिखेरको समय, परिस्थिति, समाज विकास र ज्ञान बिज्ञानको विकासको स्तर हो । त्यसैको आधारमा उभिएर त्यस बेलाको दर्शनको विकास हुने हो । त्यो आधारको अभावमा नै कपिलको दर्शनमा त्रुटी रहन गएको हो । ❑

> *कपिलले प्रतिपादन गरेको मौलिक सांख्य दर्शनका प्रस्थापनाहरू धेरै हदसम्म भौतिकवादी देखिन्छन् ।*



एक जमाना यस्तो पनि थियो, जतिखेर मालिकहरू यसरी दासहरूलाई मोलतोल गरेर बिक्री गर्थे (अमेरिकी इतिहासबाट एक दृश्य)
*फोटो स्रोत: MS Encarta 1999)*

# कसरी हामी दास-संस्कृतिका अवशेषहरूलाई काँधमा बोकिरहेछौं ?

◆ चन्द्रदेव नेपाली ◆

**श्रमलाई ऊ महत्व दिंदैन । श्रमिकलाई घृणा गर्छ । श्रमिकहरूकै बलमा, श्रमकै जगमा संसारमा मानव जातिले आफूलाई यहाँसम्म ल्याइपुऱ्याएको हो । तर ऊ श्रम र श्रमिकको मान गर्दैन ।**

**किन ?**

**किनभने, उसको मन-मष्तिष्कभित्र अझै दासयुगीन सामाजिक मूल्य र मान्यताहरू ज्यूँदा छन् ।**

दास-युगमा शासक वर्गमा मालिकहरू पर्थे, सेनानीहरू र राजाहरू पर्थे । तमाम दासहरू, किसानहरू, स्वतन्त्र कालिगढहरू र ब्यापारीहरू शासित वर्गमा पर्थे । शासकहरूको पक्षमा हुने रीतिरिवाज, चालचलन, मानवीय रूची, बानीब्यहोरा, मेला, चाड, उत्सव र कला-साहित्य आदि नै कुनै पनि समाजको प्रभुत्वशाली संस्कृति हुने हुनाले त्यतिखेर पनि मालिकहरू, सेनानीहरू र राजा रजौटाहरूको पक्षको संस्कृति नै बलशाली संस्कृति थियो । शोषित वर्गले आफ्नो चेतना र प्रयत्नको बलले यसको प्रतिरोधमा प्रगतिशील संस्कृतिको निर्माण गर्ने प्रयत्न नगरेको अवश्यै हैन । तर पनि शोषकहरूले आफ्नो यथास्थितिवादी र प्रतिकृयावादी संस्कृति समग्र समाजमा लाद्ने काम गर्ने हुनाले त्यतिखेर पनि समाजमा प्रगतिशील संस्कृति प्रभूत्वमा थिएन ।

दास-मालिकहरूको मूल विषेशता के हो भने, उनीहरू आफू काम गर्दैनथे । दासहरूलाई बिना पारिश्रमिक पशुलाई जोताएझैं उनीहरू जोताउने गर्थे । दासहरूको श्रमद्वारा नै खेती हुन्थ्यो, घरहरू बन्थे, ढुवानी हुन्थ्यो, लुगा, भाँडाकुँडा बन्थे । तर उनीहरूले ती कामहरूको मूल्य पाउँदैनथे । पुस्तौंपुस्तासम्म ती कामदारहरू दासको दास नै रहन्थे ।

ती गरीखाने दासहरूलाई 'नीच' देखाउने र बसीखाने शोषक, ठग, अल्छी मालिकहरूलाई 'उँचो' देखाउने सांस्कृतिक परंपराको विकास त्यतिखेर भयो ।

**दासयुगीन मूल्य मान्यताका केही नमूनाहरू**

*- बसी खाने अल्छी, ठग, चतुर मालिकहरू महान् हुन् ।*

*- काम गर्ने दासहरू हेय प्राणी हुन् ।*

*- काम नगरी ठालू पल्टिनु ठूलो कुरा हो ।*

*- काम गर्नेहरू जन्मैले तल्लो तहका हुन्, वंश वा जातैले तल्लो तहका हुन् ।*

*- काम नगर्ने, कुरामात्र खाने मालिकहरू जन्मैले, वंशैले वा जातैले माथिल्लो तहका हुन् । त्यसैले कुरा मात्र गरीखाने ब्राम्हण ठूलो जात, काम गर्ने कामी, दमाई, सार्की सानो जातका हुन् ।*

यस्ता मूल्य मान्यतायुक्त सामाजिक विचारहरू त्यतिखेर बनाइए र प्रचार गरिए । पुतौंपुस्ता लामो प्रचारपछि विचरा शोषित र असचेत दासहरू स्वयंले पनि यी विचाहरूलाई सहजै स्वीकारे ।

*- हो, हामी काम गर्नेहरू त त्यसै पनि नीच नै त हौं ।*

*- हो त, श्रम गर्नु भनेको तुच्छ काम नै त हो ।*

*- हामी श्रमिकहरू- छि ! हाम्रा मालिकहरू- अहो !*

असचेतनाका कारण यसरी सोच्न थाले स्वयं दासहरूले पनि ।

बस्, यही कुरा आजसम्म पनि हाम्रो समाजमा ज्यूँदै भएको हामी पाउँछौं । श्रम र श्रमिकलाई हेर्ने यो दासयुगीन मान्यता अझै हाम्रा नशानशामा यो वा त्यो रूपमा ज्यूँदै रहेका छन् ।

दासयुगीन यो मान्यातालाई त्यसपछि उदय भएको सामन्ती समाजले पनि रूपमा मात्र थोरै परिवर्तन गरी, सारमा जस्ताकोतस्तै अप्नाउने काम गऱ्यो । त्यसैले पनि हाम्रो जस्तो सामन्ती संस्कृतिको बाहुल्य भएको समाजमा काम वा श्रमलाई हेर्ने दृष्टिकोणमा बाहिरी रूपमा केही बदलाव आएपनि सारमा यो दास-समाजकालीन मानसिकतामै बाँचीरहेको छ । शहर बजार, जहाँ पूजीवादी अर्थतन्त्र र जीवनशैलीको प्रभुत्व बढ्दैछ, त्यहाँ पनि धेरैको मानिसिकता पुरानै दासयुगीन खालको छ । अझै पनि हामीकहाँ लोग्नेले घरमा भाँडा माझ्दा, धनीका छोराले भारी बोक्दा वा श्रम गर्दा, हकर बनेर पत्रिका बेच्दा जातै जान्छ भन्ठानिन्छ । यो भन्ठानाइ दासयुगीन संस्कृतिको अवशेष नै हो ।

नेपालमा बैज्ञानिक संस्कृतिको विकास किन भएन भन्ने विषयको एक लेख (मूल्यांकनमा प्रकाशित)मा दीपक ज्ञवालीले हाम्रो समाजमा छोरीको विहे कामै नगरी खाने परिवारमा गराउँदा आमा-बाबु बढी गौरवान्वित हुने गरेको घटनाको उदाहरण दिनु भएको थियो । यो गौरव-बोध भनेको दास-समाजकालीन मूल्य-मान्यताकै अवशेष हो भनी उहाँले उल्लेख गर्नु भएको थियो । कामै नगरी दिन बिताउनु भनेको त एकदमै घटीया कुरा हो । तर पनि यसैलाई ठूलो ठान्ने र काम नगर्नु पर्दा 'भाग्यमानी' भएको ठहर गर्ने चलन यहाँ प्रशस्तै भेटिन्छ ।

*-"छि: छोरी-बुहारीलाई पनि के*

*जागीरमा लगाउनु ? छोरी बुहारीको कमाइ पनि के खानु ?"*

एउटा दास-मानसिकतायुक्त "आधुनिक शहरिया" घरानीया व्यक्ति आज छिमेकीसँग यसो भनीरहेछ ।

*-"त्यो त एकदमै ज्यामी जस्तो भुत्रे छ यार !"*

आधुनिक शहरिया युवक स्कूलमा कुनै श्रमिक परिवारबाट आउने सहपाठीबारे यसरी अपमान जनाएर कुरा काटीरहेछ ।

*-"थुइक्क गधा, थईक्क गोरू !"*

पिठ्यूँमा अटेसमटेस भारी बोकेर

> यदि श्रमको कदर गरिन्थ्यो भने गधा र गोरुजस्ता प्राणीहरु सम्मानसूचक तरीकाले पो प्रस्तुत हुन्थे त ...

श्रम गरी मानव जातिको सेवा गर्ने गधा र जीमन जोतेर सेवा गर्ने गोरूको नामलाई गालीको रूपमा प्रयोग गरिरहेछन् अझै थुप्रै शिक्षित आम नागरिकहरू ।

यदि श्रमको कदर गरिन्थ्यो भने गधा र गोरूजस्ता प्राणीहरू सम्मानसूचक तरीकाले पो प्रस्तुत हुन्थे त ।

श्रममूलक काम गर्न, खेती गर्न भारी बोक्न, तरकारी वा पत्रिका बेचीहिँड्न लाज मान्छ, पढेलेखेको एउटा बेरोजगार युवक । बरू हल्लिएर हिँड्न र कामचोर बनेर हिँड्न, आमा, दिदी-बहिनी, श्रीमतीलाई काममा जोताएर उनीहरूको श्रममा मोजमज्जा गर्न भने उसलाई लाज लाग्दैन । दास-युगको कुनै दास-मालिकले सोचेझैं सोच्छ ऊ अझैं ।

गाउँमा, टोलमा वा देशमा भएका र नगरी नहुने श्रममूलक कामहरू गर्न संकोच मान्ने, अनि विदेशमा भने जस्तो पनि काम गर्ने जुन प्रवृत्ति आज धेरै युवाहरूमा देखिएको छ, त्यो प्रवृत्ति पनि यही दासकालीन मान्यताकै उपज हो । आज देशमा तिनै काम गर्दा बेइज्जती भएको ठान्ने तर आफन्तहरू कसैले नदेख्ने ठाउँ, विदेशमा चाहिँ जास्तो काम गर्न पनि तयार हुनेहरूको बगालै पैदा भएको छ ।

- देशमा किसानी गर्न 'लाज' हुने, विदेशमा घरेलु-नोकर हुन लाज नहुने ।

- देशमा घरघर तरकारी बेचेर हिँड्न लाज लाग्ने, विदेशमा सडक सुरखा-हकर भएर हिँड्न लाज नहुने ।

- काम गरेर घरको मालिक हुन लाज हुने, विदेशमा विदेशीको नोकर हुन लाज नहुने ।

- आफैंले बोक्न सकिने झोला, पोकापन्तरा आफूले बोक्न नहुने, भरिया लगाएर बोकाउनु पर्ने ।

- रातदिन घरमा अर्को कुनै खास काम छैन, जागिर-इलम पनि केही छैन । बिना श्रम बसीबसी खानाले शरीर मोटाएर समस्या भैसकेको छ । तर पनि घरको काम आफूले गर्नु नमिल्ने, इज्जत जाने । घरेलु -नोकर नै खोज्नु पर्ने ।

- दास नै नपाए, घरमा महिलाहरूलाई नै दास ठान्ने । घरभरि सक्षम पुरूषहरू हुँदाहुँदै पनि केही दिन महिलाहरू घरबाहिर जान लाग्दा प्रश्न गर्ने -"अनि घराँ भात भान्सा कसले गर्ने नि ?"

यसो भन्नेहरू बाहेक काममा कजाएर कमैया र हलीहरू राखी तिनलाई सताउने 'ज्यूँदा' दास-मालिकहरू पनि यहाँ ठाउँठाउँमा अझै छन् ।

घरेलु नोकर र बाल श्रमिकलाई अत्याचार र शोषण गर्ने क्रुर र निर्दयी शोषकहरू शहरबजारमा असंख्य छन् । काम र कामदारलाई गर्ने हेलाँ र घृणाको पराकाष्ठाको रूपमा शासकहरूले जन्माएको छुवाछुत प्रथा त हाम्रो समाजको ठूलो बिस्तृतिमा फैलिएको ज्यूँदो कलंक नै भैहाल्यो । यो पनि दास-प्रथात्मक व्यवहारकै माथ्लो रूप हो ।

दासयुगीन मूल्य-मान्यताको जगमा शोषक मालिकपक्षीय अहंकार र प्रभुत्ववादकै हाराहारीमा आत्मसमर्पणवादी शोषित हीनताबोधी संस्कृति पनि संगसँगै जन्मिएको कुरा माथि पनि गरियो ।

*- "हो त, हजूर हामी नीँच हलीहरू नै हौं !"*

*- "हेर छोरा, हामी नीचाँ जातिका मान्छेहरूले बिष्ट-मालिकहरूको नूनको साझो गर्नुपर्छ । हामीहरू उनीहरूका सामु निहुरनु पर्छ ।"*

*- "हो त, आईमाई भएर पनि त्यस्तो ठाड्ठाडै बोल्नु हुन्छ त ?"*

*- मालिकहरू भनेका भगवानै हुन्, तिनको जय होस् !"*

*- "म हजूरको पाउको धुलो हुँ !"*

*- "हजूरको पाउको अनन्य सेवक म फलानो !"*

यस्ता असंख्य अभिव्यक्तिहरू वरिपरि हाम्रो समाज गुज्रिहेको छ ।

काम वा श्रमसंग जोडिएका श्रमिकहरूलाई शोषण र हेपाई, अपमान गर्ने कु संस्कारको पाटोसँगै यसको अर्को पाटो पनि हाम्रो समाजमा पाइन्छ ।

- आफूलाई नरम र सम्मानसूचक बचन गर्नेलाई हेप्ने, तर आफूलाई हकार्ने र दुत्कार्नेहरूका सामु भने तुरून्तै गल्ने र राम्रो व्यवहार गर्न थाल्ने प्रवृत्ति ।

- सके आफू मालिक बन्ने र अर्कोलाई दास बनाइहाल्ने, नसके आफू पनि अरूको दासै बन्ने । सानालाई आफ्नो चाकडी गराउने र आफू चाहिँ आफूभन्दा ठूलाको चाकडी गर्ने प्रबृत्ति ।

- साहित्य-कलामा सामन्त, राजा-महाराजाहरूको स्तुति र चाप्लुसी गरी आफूलाई र श्रमिक जनतालाई 'आशामुखी' र 'दयाको भिखारी'का रूपमा प्रस्तुत गर्ने प्रवृत्ति ।

यी पनि दासयुगीन मूल्य मान्यताकै उपज-प्रवृत्तिहरू हुन् ।

काम वा श्रमलाई दासयुगीन सोच अनुसार लिने प्रवृत्तिको शिकार भएका छन्-हाम्रा कार्यालयहरू र कार्य-थलोहरू पनि । त्यहाँ कतिपय ठाउँमा हाकिम वा पूँजीपति वा व्यवस्थापकले पिउन, कामदार र तल्ला कर्मचारीहरूलाई दासजस्तै व्यवहार गर्छ एकातिर भने, अर्कातिर, कतिपय कामदार वा कर्मचारीहरू पनि बरू गफ गरेर वा हल्लिएर समय खेर फल्छन् तर काम चाहिँ गर्दैनन् । अनि चाहिन्छ हिजो दासयुगीन मालिकले दासलाई कोर्रा लगाएर काम गराउने गरिएको बेलाकै जस्ता कोर्राहरू- हप्की, गाली, छड्के-हाजिरी वा यस्तैयस्तै कुराहरू । एउटा गाउँमा स्कूलमा जाने पनि , तर विद्याथीहरूको पढाइ संचालन नगरी उनीहरूलाई कक्षामा छोडेर नजीकको चौतारीमा तास खेल्न जाने केही 'शिक्षक'हरूलाई देख्दा पनि यो लेखकका मनमा यही 'कोर्रा' कै कुराको संझना भएको थियो ।

पाठकबृन्द ! दासयुगीन मूल्य मान्यताले ग्रस्त केही सांस्कृतिक प्रबृत्तिबारे माथि गरिएको छोटो चर्चाकै क्रममा यो दास-संस्कृति हाम्रो वाम आन्दोलनभित्र चाहिँ कसरी र कति मात्रामा बाँचीरहेको छ भन्ने कुरा केलाउने जिम्मा यहाँहरूलाई नै ।

हाम्रा राजनीतिक संगठनहरूमा, संगठनका तह तहमा, नेता र कार्यकर्ताका संवन्धमा, नेता-कार्यकर्ता र जनताका सम्बन्धमा, नेता-नेताका सम्बन्धमा, कार्यकर्ता-कार्यकर्ताका संम्बन्धमा, संगठन-संगठनका संम्बन्धमा, तिनका प्रकृयामा, तौरतरिकामा, मानसिकतामा, बानी ब्यहोरामा एवं चाँजोपाँजो र रूची-संस्कारमा हामीले गौड गरेर हेर्यौं भने त्यहाँ पनि थुप्रै यस्ता विकारहरू भेटिनेछन् , जसलाई हामीले जगैदेखि उखेलेर मिल्काउनु जरूरी छ ।

के के होलान् ती उखेलेर मिल्काउनु पर्ने कुराहरू ?

अस्तु । ❑

# बढ्दो महंगीको कारण के ?

विशेष खालका बीउहरुमाथि बहुराष्ट्रिय कम्पनीले एकाधिकार कायम गर्‍यो । कुनै पनि जातको कीरा नलाग्ने गरी तयार गरिएको (genetically engineered) त्यस बीउको पक्षमा र विपक्षमा प्रतिक्रियाहरु पैदा भए । खासगरी वातावरणविद्हरुले त्यस प्रकारका बीउको बिपक्षमा प्रतिक्रियाहरु जनाएका छन् । उता किसानहरु भने त्यस प्रकारका बीउहरुमाथि बहुराष्ट्रिय कम्पनीको एकाधिकारविरुद्ध सशक्त ढंगले विरोधमा उत्रिए । कतिसम्म भयो भने, लेखपढ गर्न नजान्ने भएकाले ल्याप्चे लगाउने मैलाथैला ग्रामिण किसानहरु भारतबाट रुसी जेट बिमान एरोफ्लोटमा यात्रा गरेर युरोपतिर गए । बिमानस्थलमा ठूलो संख्यामा त्यस्ता किसानहरुलाई देख्ने अन्य मानिसहरु चकित र विस्मित थिए । ती किसानहरु आफ्नो वर्गमाथि परेको अन्यायविरुद्ध जेनेभास्थित विश्व-व्यापारसंगठन (WTO) अगाडि धर्ना दिने उद्देश्य लिएर त्यति टाढाको यात्रा गर्दै थिए ।

किसानहरुका समस्या समाधानका निम्ति Intercontinental Carvan- 99 ले एक महीना लामो किसानहरुको युरोप-यात्रा आयोजना गरेको थियो । ती किसानहरु त्यही यात्रामा सरीक भएका थिए ।

यो तीन महिना मात्र अगाडिको कुरा हो । आफूमाथि परेको अन्यायविरुद्ध जनताले कुन स्तरसम्मको प्रतिक्रिया जनाउन सक्छ भन्ने कुराको यो एउटा राम्रो उदाहरण हो ।

दोश्रो कुरा, छिमेकी राष्ट्र भारत र मित्रराष्ट्र बंगलादेशमा एक किलो चामल वा एक किलो चीनीमा दश पैसा मात्रै मूल्यबृद्धि भयो भने पनि त्यहाँका जनताहरु एकदमै आक्रोशित हुन्छन् । त्यहाँ उनीहरु लाखौंको संख्यामा मूल्यबृद्धिविरुद्ध संघर्षको मैदानमा उत्रिन्छन् । उपभोक्ताहरुले मूल्यबृद्धिविरुद्ध गर्ने त्यस प्रकारको संघर्षले राष्ट्रलाई नै हल्लाइदिन्छ । सरकार प्रभावित हुन्छ । त्यसपछि बाध्य भएर सरकार मूल्य घटाउन राजी हुन्छ ।

उपभोक्ताहरु त्यसरी सचेत भएको स्थितिमा सरकार मात्र होइन, उत्पादक र वितरकहरु समेत छाडा हुन सक्दैनन् । उपभोक्ता र उपभोक्ताप्रति उत्तरदायी सरकारको डरले गर्दा उत्पादक र वितरकहरु पनि हम्मेसी मूल्य बढाउने आँट गर्दैनन् । मूल्यबृद्धिबाट उत्पन्न हुने

# किन नेपालमा यति अचाक्ली महंगी बढ्दैछ ?




*महंगीले आकाश छुँदा पनि किन आजभोलि सडक तात्दैनन् ?*

◆ गोविन्द वर्तमान

सार्वजनिक आक्रोशले गर्दा पनि नाजायज मूल्यबृद्धि नियन्त्रित हुन्छ । भारतमा यस प्रकारका घटनाहरु धेरै चोटी घटिसकेका छन् । बंगलादेशमा पनि यस्तो हुने गर्दछ । तर आम नेपाली जनता अर्थात् पीडित नेपाली उपभोक्ताहरु मूल्यबृद्धिको मार मात्र खप्ने गर्छन्, त्यसबाट मुक्त हुन गर्नुपर्ने संघर्ष गरिहाल्दैनन् । मूल्यबृद्धिविरुद्ध प्रतिरोध नगर्ने नेपाली उपभोक्ताहरुको चरित्र एकदमै टीठलाग्दो छ । यस्तो टीठलाग्दो स्थिति निर्माण हुनमा नेपाली उपभोक्ताहरु बलियो किसिमले संगठित नहुनु एउटा प्रमुख कारण हो भने, दोश्रो प्रमुख कारण– नेपालका राजनीतिक पार्टीहरुले महंगीविरोधी संघर्षलाई प्रभावकारी ढंगले आफ्नो आन्दोलनको हिस्सा नबनाउनु हो ।

राजनीतिक पार्टीहरुले राष्ट्रघात, जनहत्या र अन्य राजनीतिक मुद्दाहरुलाई आफ्नो आन्दोलनको विषय बनाउने गरेका छन् । बामपन्थी पार्टीहरुले त्यस्ता आन्दोलनहरुमा राष्ट्रियता, जनतन्त्र र जनजीविकाको नारा लगाउने गरेका छन् तर ती बामपन्थी पार्टीहरुले गर्ने आन्दोलनहरुमा जनजीविकाको विषय अक्सर छायाँमा पर्ने गरेको छ । जनजीविका अन्तरगत पर्ने महंगीविरोधी संघर्षलाई उनीहरु प्रभावकारी ढंगले अघि बढाउँदैनन् । बढाईहाले पनि 'महंगी नियन्त्रण गर्' जस्ता अमूर्त माग अघि सारेर उनीहरु संघर्ष गर्छन् । 'फलानो बस्तुमा यति प्रतिशत मूल्य बढ्नु यो कारणले नाजायज छ, त्यो घटाऊ' उनीहरु भन्दैनन् ।

तत्कालीन यथार्थ अनुरुप महंगीको मूर्त कारण र माग किटान गरी त्यसविरुद्ध प्रहार गर्न ब्यापक जनपरिचालन गर्ने काम ती पार्टीहरुबाट भइरहेको छैन । पार्टीहरु मात्र होइन, पार्टी अन्तरगतका जनवर्गीय संगठनहरु समेत मूल्यवृद्धिप्रति उदासीन रहने गरेका छन् । मजदूर संगठन र महिला संगठनहरु जस्ता मूल्यबृद्धिको मारबाट प्रत्यक्ष प्रभावित हुने संगठनहरुले महंगीको विरोधमा सशक्त प्रतिकार गरेको एउटा उदाहरण पनि हामीकहाँ छैन । हामीकहाँ चुल्हो बाल्ने र निभाउने काममा शत प्रतिशत नै महिलाहरु संलग्न छन् । नून, तेल, दाल, चामल र यस्तै अन्य अत्यावश्यक उपभोगका खाद्य-बस्तुहरुमा हुने मूल्यबृद्धिबाट सबभन्दा बढी महिलाहरु नै संवेदित हुन पुग्छन् । तर त्यो महिला वर्ग प्रायशः घरभित्रै गुनासो गर्छ र भुट्भुटिन्छ । त्यो वर्गलाई संघर्षको निम्ति सडकमा उतार्नु पर्ने अनेमसंघ र नेपाल महिला संगठन जस्ता संगठनहरु राजनीतिक पार्टीको पार्टीगत स्वार्थबाहेक आफ्नो वर्गीय स्वार्थभित्रै पर्ने महंगीविरोधी संघर्षप्रति समर्पित नै छैनन् । न्यून आय भएका मजदूरहरुको प्रतिनिधित्व गर्ने मजदूर संगठनको स्थिति पनि त्यस्तै छ । जहाँ GEFONT जस्ता संगठनका नेताहरु पजेरोमा गुडेर 'क्रान्तिकारी' भाषण गर्छन्, त्यहाँ महंगीविरुद्ध मजदूरहरु सडकमा आउने कुरा असंभव जस्तो देखिन्छ । ठूलाठूला र अमूर्त राजनीतिक नाराहरुको आधारमा मात्र जनतालाई आकर्षित गरेर संगठन विस्तार गर्ने एउटा परम्परा नै बसेकोले बामपन्थी पार्टीहरुले समेत महंगीविरुद्धको आन्दोलनलाई हाँक्न सकिरहेका छैनन् । विगतको पंचायत कालदेखि अहिलेको संसदीय कालसम्म नै त्यस्तो स्थितिमा तात्विक भिन्नता आएको छैन । बरु आम जनताले ठम्याएको भिन्नता चाहिँ के हो भने, पंचायत कालमा कम्युनिष्ट, कांग्रेस बद्लान् भनेर जथाभावी मूल्यबृद्धि गर्न सरकार डराउँथ्यो । तर अचेल कांग्रेस, एमाले, माले, जोसुकै सरकारमा गएपनि खुला बजार नीति र उदार अर्थतन्त्रको नाउँमा धमाधम मूल्यबृद्धि गरिरहेका छन् । अर्कातिर, अहिले संसदीय हिसाबले ठूला देखिएका राजनीतिक पार्टीहरु महंगी नियन्त्रण गर्ने होइन, त्यसको ठीक उल्टो, महंगी बढाउने राजनीतिक संगठनका रुपमा प्रस्तुत भएका छन् । नेपालको सन्दर्भमा विशेष ढंगले प्रकट भएको यो अर्को टीठलाग्दो स्थिति हो ।

राजनीतिक संगठन र समुदायहरुमा सांस्कृतिक क्षय हुनथाल्नु पनि मूल्यवृद्धि प्रोत्साहित हुने एउटा कारण हो । एक अर्काप्रति सहयोगको संस्कृति क्षय भएपछि त्यहाँ मानवीय सद्भावको पनि विनाश हुन्छ । त्यतिखेर मानिसहरु भोकभोकै मरिरहेको स्थितिमा पनि ब्यापारीहरु आफ्नो गोदाममा खाद्यवस्तुहरु लुकाएर कृत्रिम अभावको सिर्जना गर्न उद्दत हुन्छन् । यही कृत्रिम अभावको हाउ देखाएर उनीहरु बढी मूल्यमा त्यस्ता सामानहरु बेच्छन् ।

सर्वसाधारण जनताको पीरमर्कासित असम्बन्धित मोटा सैद्धान्तिक विषयहरु मात्र उठाउने मनोबृत्ति रहेकाले संसदीय बृत्तमा नफँसेका 'क्रान्तिकारी' राजनीतिक पार्टीहरुले बजारमा दाल-चामलको मूल्य कतिबाट कति पुग्यो भन्ने विषयप्रति संवेदित हुन भ्याइरहेका छैनन् । त्यसको पछाडि सुधारका लागि संघर्ष गर्नु 'सुधारवाद' हुन्छ भन्ने उनीहरुको भ्रमपूर्ण उग्रवामपन्थी सोचले पनि राम्ररी काम गरेको छ । एकैचोटि क्रान्ति गर्ने र क्रान्ति गरेपछि अहिलेको 'नर्क' स्वतः 'स्वर्ग'मा रुपान्तरण भैहाल्छ भन्ने प्रकारको उनीहरुको यान्त्रिक सोचशैली तथा कार्यशैलीले गर्दा महँगीविरुद्ध जनतालाई जागृत र संगठित गर्ने काम उनीहरु पर्याप्त मात्रामा गरिरहेका छैनन् । यो कटु वास्तविकता हो ।

शहरी क्षेत्रमा अहिले खानेपानी र बिजुली बत्तीको हाहाकार भैसकेको छ । खासगरी, काठमाण्डौ उपत्यकामा पानी र लोडसेडिङले गर्दा दैनिक जीवनमा

> *छिमेकी राष्ट्र भारत र मित्रराष्ट्र बंगलादेशमा एक किलो चामल वा एक किलो चीनीमा दश पैसा मात्रै मूल्यबृद्धि भयो भने पनि त्यहाँका जनताहरू एकदमै आक्रोशित हुन्छन् ।*

# निर्वाचन अघि र पछि भएको मूल्य बृद्धि

| क्र.स. | विवरण | | मूल्य निर्वाचन अगाडि २०५५/१२/१६ | मूल्य निर्वाचन पछि २०५६/२/१३ | मूल्य बृद्धि रु | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १. | मनसुली चामल | प्रति किलो | रू २० | रू २६ | ६ | ३०.०० |
| २. | पोखरेली चामल | प्रति किलो | रू २८ | रू ३२ | ४ | १४.२८ |
| ३. | मोटो चामल | प्रति किलो | रू १४ | रू २० | ६ | ४२.८५ |
| ४. | मखन ब्राण्ड(चामल मनसुली) | प्रति किलो | रू १८ | रू २४ | ६ | २७.२७ |
| ५. | सोना चामल | प्रति किलो | रू १८ | रू २४ | ६ | ३३.३३ |
| ६. | मास दाल | प्रति किलो | रू ४२ | रू ४८ | ६ | १४.२८ |
| ७. | मास ठूलो दाल | प्रति किलो | रू ४५ | रू ५५ | १० | २२.२२ |
| ८. | मुगी दाल | प्रति किलो | रू ५० | रू ५५ | ५ | १०.०० |
| ९. | मुगी खोस्टा दाल | प्रति किलो | रू ४५ | रू ५० | ५ | ११.११ |
| १०. | रहर दाल | प्रति किलो | रू ५० | रू ५५ | ५ | १०.०० |
| ११. | चना ठूलो दाल | प्रति किलो | रू ३० | रू ३५ | ५ | १६.६६ |
| १२. | चना दाल | प्रति किलो | रू ३० | रू ३४ | ४ | १३.३३ |
| १३. | चना सानो दाल | प्रति किलो | रू २६ | रू ३० | ४ | १५.३८ |
| १४. | भटमासको तेल | प्रति लिटर | रू ६० | रू ६५ | ५ | ८.३३ |
| १५. | गहुको पिठो | प्रति किलो | रू १२ | रू १६ | ४ | ३३.३३ |
| १६. | मैदा | प्रति किलो | रू १४ | रू १८ | ४ | २८.५७ |
| १७ | आलु | प्रति धार्नी | रू २० | रू ३० | १० | ५०.०० |

औसत मूल्यबृद्धि २०.६८ प्रतिशत

स्रोत: काठमाण्डौ बजार सर्वेक्षण/काठमाण्डौ रिसर्च सेन्टर

अत्यन्त प्रतिकूल प्रभाव परेको छ । उता, बिजुली र पानीको महसूल अत्यन्त महँगो छ । जलस्रोतको भण्डार नेपालको प्रतियूनीट बिजुलीको महशूल संसारमै सवैभन्दा महँगोमध्ये पर्दछ । र, यो न्यूयोर्कको भन्दा महँगो छ । आफ्नो मूल्य अनुरुप आपूर्ति गर्न नसक्दा खानेपानी संस्थान र विद्युत प्राधिकरणले उपभोक्ताहरुलाई क्षतिपूर्ति गर्ने चलन पनि छैन । यो विषय जनजीविकासंग सम्वन्धित गंभीर विषय नै हो । तर वाम पार्टीहरुका लागि यो विषय जनता जागृत गर्ने आन्दोलनको प्रमुख विषय भइरहेको छैन । अर्कातिर, ठूला संसदीय दलका रुपमा राजनीतिक सतहमा उभिएका दलहरु संसदीय निर्वाचनमा खर्च गर्नका लागि असुलेको चन्दा रकमका कारणले आफ्ना चन्दादाताका रुपमा रहेका नाफाखोर व्यापारीहरुविरुद्ध समेत लक्षित हुने किसिमको संघर्ष गर्न सक्ने अवस्थामै छैनन् ।

प्रत्येक पटक आउने चुनावका निम्ति सडक-चन्दा अभियानबाट होइन, व्यापारी वर्गबाटै चन्दा असुल्ने चरित्र राजनीतिक पार्टीको एउटा खतरनाक चरित्र हो । त्यसरी चन्दा प्राप्त गर्ने राजनीतिक पार्टीहरुले नै व्यापारी वर्गको मागबमोजिम बजारलाई उनीहरुकै नियन्त्रणमा छोडीदिने गरेकाले नै पनि नेपालमा मूल्यवृद्धि अनियन्त्रित रुपमा भइरहने गरेको छ । प्रत्येक चुनावको अगाडि र पछाडिको मूल्यलाई हेर्‍यो भने यो कुरा प्रमाणित हुन्छ । यस अर्थमा, नाफाखोर व्यापारीसित चन्दाको ठूलो थैली लिएर संसदीय राजनीति चलाउने राजनीतिक पार्टीहरुले नै महँगी बढाउन र जनजीविकालाई कठिन तुल्याउनमा प्रभावशाली भूमिका खेलेका छन् । यसरी जे नहुनुपर्थ्यो, निरन्तर त्यही भइरहेको छ ।

प्रत्येक चुनावपछि बढ्ने गरेको महँगीले राजनीतिक पार्टीको त्यस प्रकारको भूमिकालाई पुष्टि गरेको पाइन्छ । उपभोक्ता मूल्यसूचीको स्वतन्त्र विश्लेषण गर्ने संस्था काठमाण्डौ रिसर्च सेन्टरले ०५६ को आम निर्वाचन अगाडिको तुलनामा त्यस पछाडिको उपभोक्ता मूल्यमा २०.६८ प्रतिशत मूल्यबृद्धि भएको जनाएको छ । त्यस्तै, नेपाल राष्ट्रबैंकले हालै प्रकाशित गरेको विज्ञप्ति अनुसार पनि शहरी क्षेत्रमा नौ महीनामा ११. १ प्रतिशतले महंगी बढेको छ । यही अवधिमा पोहोर महँगी बृद्धि दर ४.७ प्रतिशत मात्र थियो ।

नेपाली जनताले सवभन्दा बढी उपभोग गर्ने खाद्य बस्तु चामल हो । गत नौ महीनामा चामलको मूल्यमा ३१.४ प्रतिशतका दरले बढेको कुरा नेपाल राष्ट्र बैंकले जनाएको छ । देशमा खाद्य संकट आउने कुरा प्रष्ट हुँदाहुँदै पनि नेपाली धान बंगलादेशमा निर्यात गर्न सरकारले अनुमति दिएकाले नै नेपालमा अहिले चामलमा यति धेरै मूल्यबृद्धि भएको कुरा आर्थिक समीक्षकहरुले विश्लेषण गरेका छन् ।

नेपाल राष्ट्र बैंकका अनुसार गएको नौ महीनामा भएको मूल्यबृद्धि यस प्रकार छ :

१. चामलको मूल्यबृद्धि ३१.४%
२. मरमसलाको मूल्यवृद्धि १४.८%
३. तेलहन र घिउको मूल्यवृद्धि १४.४%
४. गैरखाद्य तथा सेवाको मूल्यवृद्धि ४.६%

नेपाल राष्ट्र बैंकबाट प्रकाशित मूल्यवृद्धि सम्बन्धी एक अर्को तथ्याङ्क पनि यहाँ राख्नु सान्दर्भिक देखिन्छ । नेपाल राष्ट्र बैंकबाट प्रकाशित मूल्यसूची तथ्याङ्क अनुसार बस्तु समूहहरुको मूल्यवृद्धि प्रतिशत प्रत्येक निर्वाचनपछि बढेको छ ।

| मिति | खाद्य तथा पेय | अनाज | गैर खाद्य तथा सेवा | समग्र |
|---|---|---|---|---|
| ०४७ वैशाख | ११.७ | ०.३ | २०.१ | १०.९ |
| ०४८ वैशाख | २५.९ | ३२.७ | १६.७ | २२.५ |
| ०५० कार्तिक | ७.७ | ४.१ | ८.३ | ८.४ |
| ०५१ कार्तिक | ९.० | ६.४ | १०.० | ८.९ |
| ०५५ वैशाख | ७.८ | -१.४ | ४.८ | ६.७ |
| ०५६ वैशाख | १३.४ | २९.३ | ३.९ | १०.१ |


यो मूल्यवृद्धिले गरीबीको रेखामुनि बाँच्ने ४५ प्रतिशत नेपालीको ढाड भाँच्ने निश्चित छ । तर यसबारे नेपाली कांग्रेसको बहुमतको सरकारले गंभीरतापूर्वक ध्यान दिएर मूल्य नियन्त्रण गर्ने लक्षण देखाएको छैन । मूल्य नियन्त्रणको कुरा परै जाओस्, बजारभाउ धामधम बढिरहेको छ । त्यतिले नपुगेर अब फेरि पेट्रोल र डिजेलको मूल्य बढ्ने कुरा बजारमा आएको छ । आम जनतालाई कुनै सरोकार नभएको विषयमा संसदमा 'हंगामा' मच्चाएर माइकहरु भाँच्ने 'जनवादीहरु' महंगीको विषयमा रोष्ट्रम घेर्ने र संसदद्वारा सरकारलाई तह लगाउने काम गर्न तत्पर छैनन्। त्यसैले पनि नाफाखोर व्यापारी वर्ग, भ्रष्ट तथा गैर-जनमुखी प्रशासन र सरकारको त्रिपक्षीय मिलेमतोबाट मूल्यवुद्धि हुने परिपाटी कायम भएको छ । यो परिपाटी भत्काउन सरकारलाई जनंउत्तरदायी बनाउने प्रयत्न गर्नु जरुरी छ, तर त्यस्तो प्रयत्न पनि उपभोत्ता वर्ग सचेत नभएसम्म र सचेत उपभोक्ताको संगठित प्रयासले सडक र सदनमा सरकारलाई सशक्त दवाव नदिएसम्म संभव हुने देखिन्न ।

मूल्यवृद्धिविरुद्ध सचेत भएर संगठित ढंगले नेपाली उपभोक्ताहरुले प्रतिक्रिया नजनाउनुका पछाडि केही अन्य प्रभावकारी कारणहरु देखिन्छन् । ती कारणहरु मध्ये एउटा कारण हो- आयको असमान वितरण ।

एकथरि नेपालीहरु रातारात करोडपति बन्ने र बहुसंख्यक नेपालीहरु दिनप्रतिदिन कंगाल हुँदै जाने प्रक्रिया यहाँ विद्यमान छ । एकातिर प्राडो, पजेरो लगायत नानाभाँती मोटरहरु धमाधम बढ्दै गएका छन् भने



**महंगीका सामु नतमस्तक ?**



प्रधानमन्त्री कृष्णप्रसाद भट्टराई र अर्थमन्त्री महेश आचार्य

अर्कातिर, घरेलु तथा साना उद्योगहरु असफल हुँदै बन्द हुने दिशातिर पुगेका छन् । यसले देखाएको छ : बजार भाउ जतिसुकै बढे पनि एकथरिको आम्दानी यति धेरै भएको छ कि उनीहरु महँगोभन्दा महँगो मूल्यमा सामान खरीद गर्न तयार छन् र त्यसो गर्दा पनि धनी हुँदै गएका छन् । अर्काथरि बहुसंख्यक उपभोक्ताहरु भने गरीबीका कारणले बजारसम्म जान नसक्ने स्थितिमा पुग्दै गएका छन् । गलैंचा र गार्मेन्ट जस्ता उद्योगहरुको कारोबार घट्दै गएपछि बेरोजगार हुनेहरुको संख्या बढ्दै गएको छ । त्यसैले तल्लो वर्गका अति गरीब उपभोक्ताहरु बजारबाट किनारा लागेका छन् ।

यो अवस्थामा महँगीविरुद्ध आवाज उठाउने र संघर्ष गर्ने स्थिति एकदमै कमजोर हुन पुगेको छ । मिलोभान जिलासले भनेको जस्तै नव धनाढ्य वर्ग धमाधम बढ्न थालेकाले यहाँ हुने र नहुने वर्ग बीचको खाडल फराकिलो हुँदै गएको छ । तसर्थ नहुने वर्गका लागि बजार भाउ सस्तो नै भए पनि आफ्नो पहुँचभित्र पर्न नसक्ने खतरनाक स्थिति बन्दै गएको छ । त्यसैले पनि मूल्य बृद्धिप्रति अधिकांश जनतामा उदासीनता पैदा भएको हो ।

उपभोक्ताहरुले प्रतिक्रिया नजनाउनुमा एउटा अर्को कारण पनि छ । यहाँ नागरिक समाजलाई सशक्त पार्ने काम भएन । प्रशस्त मात्रामा राजनीतिक पार्टी र NGO खुलेका छन् । तर तिनीहरुले उपभोक्ताको हितको पक्षमा काम गरिरहेका छैनन् । साझा विषयहरुमा एकजुट भएर अघि बढ्ने प्रवृत्ति नागरिक समाजमा देखा परेन । एकातिर, आयको वितरणमा असमानता, अर्कातिर नागरिक समाज कमजोर हुनु र त्यसमाथि, जिम्मेवार राजनीतिक दलहरुले मूल्यवृद्धिलाई प्रमुख एजेण्डा बनाएर आन्दोलन परिचालन नगर्नु आदि कारणको योगले सरकारको हेपाहा प्रवृत्ति बढ्दै गएको छ भने, ब्यापारी वर्ग स्वेच्छाचारी भएको छ ।

यहाँनेर एउटा विचारणीय कुरा के छ भने, उत्पादक शक्तिले लाभ पाउने भए मूल्यवृद्धि आफैंमा त्यति खराव हुने थिएन । तर हामीकहाँ जतिसुकै मूल्यवृद्धि भए पनि उत्पादक शक्तिले त्यसको लाभ पाइरहेका छैनन् । उपभोक्ताले तिर्ने रकम र उत्पादकले पाउने रकममा ठूलो अन्तर हुने गरेको छ । उपभोक्ताले तिर्ने र उत्पादकले पाउने रकममा संसारमै सबभन्दा बढी अन्तर नेपालमा भएको कुरा विश्व बैंकको एक अध्ययनले पनि देखाएको छ ।

पंचायतकालपछि अहिले आएर महंगीको प्रकृतिमा पनि फेरबदल भएको छ। पहिला धेरैजसो विलासिताका बस्तुहरु र उच्चवर्गीय आवश्यकताका बस्तुहरुमा मूल्यवृद्धि हुने गर्दथ्यो । तर यो 'प्रजातन्त्र' को खुला बजार-नीति अनुरुपको बजारमा दैनिक उपयोगका अत्यावश्यक वस्तुहरुमा मूल्यवृद्धि हुन थालेको छ । बजारलाई राज्यले हस्तक्षेप नगर्ने अर्थनीतिको फाइदा उठाएर व्यापारी वर्गले दाल, चामल, तेल र औषधीहरु जस्ता अत्यावश्यक बस्तुहरुमा निःशंकोच मूल्यवृद्धि गर्न थालेको छ । त्यसैले अहिले तल्लो वर्गको उपभोगमा आउने बस्तुहरु महंगा भएका छन् र माथिल्लो वर्गको निम्ति नै उत्पादित बस्तुहरु चाहिं पहिलाभन्दा सस्ता भएका छन् । यो यथार्थलाई बुझेर महंगी विरोधी संघर्ष हाँक्नेतिर राजनीतिक पार्टी, जनवर्गीय संगठन र उपभोक्ता समूहहरुले क्रियाशील हुनु जरुरी छ ।

अर्थविद्हरुको भनाईनुसार VAT लागू भएका अन्य मुलुकहरुमा जथाभावी मूल्यबृद्धि नहोस् भनेर पनि यसलाई लागू गर्ने गरिन्छ । यसैले नेपालमा VAT को पक्षमा बोल्ने अर्थविद्हरुले यसलाई सकारात्मक करप्रणाली भन्ने ब्याख्या गरिआएका हुन् । मूल्य अभिवृद्धि कर प्रणालीलाई पारदर्शी बनाएको खण्डमा यो त्यति विवादास्पद पनि हुने थिएन । तर अहिले अधिकांश ब्यापारीहरुले VAT को निहुँमा पनि बस्तुको मूल्य नाजायज ढंगले बढाउने गरेको देखिएको छ । त्यसैले आम जनतामा अहिले VAT सम्बन्धमा नकारात्मक धारणा नै बढी हावी छ ।

महंगी नियन्त्रणको निम्ति यतिबेला उपभोक्ता सशक्तीकरण नै पहिलो आवश्यकता हो । दक्षिण एसियाकै अरु मुलुकमा उपभोक्ता समूह सशक्त छ, तर नेपालमा विपरीत स्थिति छ । बजारमा रहेका बस्तुहरुको गुणस्तर तथा मूल्यको अनुगमन गर्ने र त्यसको सार्वजनिक जानकारी गराउने काम उपभोक्ताहरुको संगठन वा सचेत उपभोक्ता समूहले गर्नु जरुरी छ । नेपालमा नाम मात्रको उपभोक्ता संगठन त छ, तर त्यसले आफ्नो दायित्व निर्वाह गर्न सकेको छैन । तसर्थ उपभोक्ता संगठनको पुनर्गठन र उपभोक्ता समूहहरुको सशक्तीकरणद्वारा नै महंगीविरुद्धको अभियान थाल्नु अत्यन्त जरुरी देखिन्छ । त्यसपछि यस सम्बन्धमा उदासीन रहेका अन्य संगठनहरुलाई सडक आन्दोलनको निम्ति घच्घच्याउने काम गर्नुपर्दछ ।

उपभोक्ता समूह, नापतौल विभाग र नेपाल गुणस्तर निर्धारण समिति जस्ता निकायहरुको समन्वयात्मक भूमिकाद्वारा समेत बजारलाई उपभोक्ताहरुको हितमा डोऱ्याउन सकिन्छ । त्यसको लागि आवश्यक संयन्त्रको निर्माण गर्ने र त्यो संयन्त्रले बस्तुको गुणस्तर, मूल्य र उपलब्धताको सार्वजनिक जानकारी नियमित तवरले गर्नुपर्दछ । त्यसो गरिएन भने यो समस्याले अनियन्त्रित हुँदै गएर झन् विकराल रुप लिनेछ । ❑

 (१५ पेजको बाँकी)

फेरे पनि सुगौलीसन्धि ज्यूँकात्यूँ छ, त्यो सिवाय अर्को कुनै सन्धिले नेपालको उत्तर-पश्चिमी सीमा किटान गरेको छैन । र, कालीनदी पनि ज्यूँकात्यूँ छ । जुन नदीको लम्बाइ, जलाधार क्षेत्र, औसत पानीको वहावको मात्रा र नदी क्रमाङ्क ज्यादा हुन्छ, त्यो नै मुख्य नदी हो र त्यसको मुहान नै नदीको वास्तविक उद्गमस्थल हो भन्ने जल विज्ञानको सर्वमान्य वैज्ञानिक मापदण्डको आधारमा हालको लिम्पियाधुराबाट बहने कुटी याङ्दी नदी सिवाय अर्को कुनै मुख्य कालीनदी हुनै सक्दैन । लिम्पियाधुरा सिवाय कालीनदीको मुहान अर्को हुन सक्दैन ।

❑ भारतद्वारा नेपाली सीमा अतिक्रमण गरिएकोबारे स्थानीय जिल्ला प्रशासन शुरूदेखि नै अवगत छ र उसमार्फत् श्री ५ को सरकार पनि लगातार अवगत छ । तथापि पंचायती सरकारदेखि वर्तमान सरकारसम्म कसैले पनि यसबारे ठोस र निर्णायक पाइला उठाएको पाइएको छैन ।

### हाम्रा सिफारिशहरू

❑ सुगौलीसन्धि मुताविकको नेपाल भारत बीचको पश्चिमी सीमाना लिम्पियाधुराबाट निक्लने हाल कुटी याङ्दी भनिएको नदी नै हो भन्ने ऐतिहासिक सत्यका आधारमा श्री ५ को सरकारले नेपालको पश्चिमी सीमालाई सुगौलीसन्धिअनुरूप हुनेगरी बैज्ञानिक सीमाङ्कन गर्ने र त्यसको रक्षा गर्ने प्रक्रिया अविलम्ब थाल्नु पर्दछ ।

❑ श्री ५ को सरकारले नेपाल-भारतबीचको सुगौलीसन्धि मुताविकको पश्चिमी सीमा कालीनदी लिपुलेकबाट बहने नदी हो भन्ने आफ्नो धारणा र अडान सार्वजनिक रूपमा बदलेर सो सीमा लिम्पियाधुराबाट बहने नदी हो भन्नुपर्छ ।

❑ श्री ५ को सरकाले यससंबन्धी नापनक्सा, ऐतिहासिक प्रमाणहरू र समझदारी , संझौताहरूलाई श्वेतपत्र जारी गरी तुरून्त सार्वजनिक गर्नुपर्छ ।

❑ श्री ५ को सरकारले नेपालको उत्तर पश्चिमी सीमामा, कालापानी क्षेत्रको भारतद्वारा अतिक्रमित संपूर्ण नेपाली भूभाग तुरून्त नेपाललाई फिर्ता गर्नका निम्ति र त्यहाँबाट भारतीय सीमा प्रहरी, सेना, र प्रशासन तुरून्त कालीपारि फिर्ता लग्नको निम्ति भारत सरकारसित मूर्त र प्रभावकारी ढंगले सार्वजनिक आवाज उठाउनु पर्छ र परिणामदायी वार्ता गर्नुपर्छ ।

❑ नेपालको न्यायपूर्ण मागलाई भारतले वेवास्ता गरेमा र टालुटुल गरेमा यो मुद्दालाई अन्तर्राष्ट्रियकरण गर्नुपर्छ । संयुक्त राष्ट्रसंघ र अन्तर्राष्ट्रिय न्यायलयसम्म यसलाई लगिनुपर्छ ।

❑ श्री ५ को सरकारले भारतसितको वार्ताको आधार सुगौलसन्धिलाई, सुगौलीसन्धि वरपरका ब्रिटिश भारतकै आधिकारिक नक्साहरूलाई, जल विज्ञानका सर्वमान्य सिद्धान्तहरूलाई र भरपर्दा ऐतिहासिक प्रमाणहरूलाई बनाउनु पर्छ ।

❑ सुगौली सन्धिले निर्धारण गरेको कालीनदीको मुहान लिम्पियाधुरा हो र सीमानदी त्यहींबाट पैदा हुने नदी हो भन्ने मान्यता र ऐतिहासिक सत्यलाई सम्मान र संरक्षण गर्दै नेपालको पश्चिम-उत्तर सीमानाको त्रिदेशीय बिन्दु (Tri-Junction) निर्धारण गर्न नेपाल-चीन-भारतका सरकारबीच यथासम्भव चाँडै वार्ता हुनुपर्छ र यसका लागि श्री ५ को सरकारले पहल गर्नुपर्छ । ❑

विजया दशमीको सुखद्
उपलक्ष्यमा कंचनपुर
जिल्लावासीहरू तथा समस्त
देशवासीहरूमा हार्दिक मंगलमय
शुभकामना ब्यक्त गर्दछौं ।
ऋषिराज लुम्साली
सभापति तथा
जि.वि.स परिवार
कंचनपुर

आठौं दक्षिण एशियाली खेलकूद
सफल पारौं !


आतिथ्य, परिश्रम, स्वाभिमान
नेपालीको निष्ठा !
आठौं दक्षिण एशियाली
खेलकूद नेपालको प्रतिष्ठा !!
प्रचार प्रसार समिति



क. फेलिसियानोलाई गिरफ्तारीपछि लिमातर्फ लगिँदै (इन्टरनेट फोटो)

# साइनिंग पाथका दोस्रा नेता

# क. फेलिसियानो कसरी पक्राउ परे ?

पेरूमा चिनियाँ शैलीको जनयुद्ध संचालन गरिरहेको पेरूको माओवादी कम्युनिष्ट पार्टी 'पेरू कम्युनिष्ट पार्टी-साइनिङ पाथ'का दोस्रा नेता क. फेलिसियानोलाई गत असार ३० गते फुजिमोरीका सैनिकहरूले गिरफ्तार गरेका छन् । पेकपा (साइनिङ पाथ) का संस्थापक र नेता तथा अध्यक्ष क. गोञ्जालो अर्थात् डा. अविमायल गुजमानको गिरफ्तारीपछि त्यस पार्टीका सर्वोच्च नेता बनेका क. फेलिसियानोको गिरफ्तारीले धेरै नै सवालहरू जन्माएको छ ।

यीमध्ये केही सवालहरू हुन्- क. फेलिसियानोलाई कसरी गिरफ्तार गरियो ? गिरफ्तारीपछि उनलाई कहाँ कसरी राखिएको छ ? गिरफ्तारीले गर्दा साइनिङ पाथको नेतृत्व र जनयुद्धमा के कस्तो असर परेको छ ? अब कसको नेतृत्वमा कसरी अगाडि बढ्न खोज्दै छ पेरूको माओवादी जनयुद्ध ? आदि ।

## *क. फेलिसियानोमाथि निगरानी*

क. गोञ्जालोको गिरफ्तारीपछि पेरूका राष्ट्रपति फुजिमोरीले खुलेआम घोषणा गरेका थिए - 'आतंककारी साइनिङ पाथ स्वाहा भयो !' तर भित्रभित्र भने उनी क. गोञ्जालोको गिरफ्तारीपछि साइनिङ पाथको नेतृत्वमा आएका नेताहरूलाई मार्ने वा गिरफ्तार गर्ने चक्रब्यूह रचना गर्न ब्यस्त हुनथाले ।

करीब ६-७ वर्षपछि फुजिमोरी सरकारले क. गोञ्जालोको गिरफ्तारीपछि साइनिङ पाथको नेतृत्व गरिरहेका क. फेलिसियानोका बारेमा सम्पूर्ण जानकारी बटुल्ने, उनका सबलता र कमीकमजोरीहरू खोतल्ने र उनको आवागमनको बारेमा विशेष रूपले ध्यान दिई उनको पिछा गर्ने काममा सफलता प्राप्त गऱ्यो । उनको आवागमनका बारेमा जानकारी बटुल्नका लागि फुजिमोरी सरकारले क. फेलिसियानोकै अलि टाढाको नातेदारको सहयोग लिएको थियो । गुप्तचर विभागका प्रमुख मोन्टेसिनोसको भनाइअनुसार फेलिसियानोको त्यही नातेदारको गोप्य सूचनाको आधारमा गत जेठ महिनाको तेस्रो हप्तादेखि क. फेलिसियानो हुआन्कायो नजिकैको जंगलतिर रहेको कुरा सरकारले थाँहा पाएको थियो ।

पेरूको मध्य भागमा पर्ने हुआन्कायो क्षेत्र राजधानी लिमाबाट १२५ माइल पूर्वमा पर्दछ । एण्डिजका पहाडहरूले घेरिएको त्यस क्षेत्रमा पुगेपछि अमेजनका जंगलहरूमा एण्डिजका जंगलहरू समाहित हुन्छन् । त्यस घना जंगली इलाकामा क. फेलिसियानो क्रियाशील रहेको सूचना पाएपछि फुजिमोरी सरकारले खोजी अभियनलाई युद्ध-स्तरमा संचालन गऱ्यो । दर्जनौं लडाकू प्लेनहरू र सैनिक हेलिकोप्टरहरूका साथ १५०० कमाण्डो सैनिकहरू परिचालन गरी करीब ४० दिनसम्म त्यस क्षेत्रको प्रत्येक भीर-पाखा, जंगल र बस्तीमा उनको खोजी गरियो ।

## *लडाकू प्लेन र हेलिकोप्टर सहित खोजी*

कमाण्डो सैनिकहरूले क. फेलिसियानोको खोजीकार्यलाई तीव्रताका साथ अगाडि बढाउनाले साइनिङ पाथका छापामारहरू चारैतिरबाट घेरिन थाले । क. फेलिसियानोका साथ ४० जना छापामारहरू क्रियाशील भइरहेका थिए। दुई वटा डफ्फामा विभाजित ती छापामारहरूले १४-१५ दिनसम्म १५ सय कमाण्डो सैनिकहरू, लडाकू प्लेन र हेलिकोप्टरहरूको भीषण आक्रमणको केही हदसम्म प्रतिरोध गरे ।

लुक्दै-भाग्दै, प्रत्याक्रमण गर्दै हिंडेका छापामारहरूले आफ्ना सर्वोच्च नेता क. फेलिसियानोको रक्षा गर्न सक्दो प्रयत्न गरे। उनको गिरफ्तारी वा हत्यालाई रोक्नका लागि कैयौं छापामाहरूले ज्यानको बाजी लगाए, शहादत प्राप्त गरे । अन्तत : छापामारहरूको क्षमताले भ्याउँदै भ्याएन, बर्षौंवर्षदेखि आफूले कब्जा जमाएर आफ्नो आधारइलाका बनाइसकेको क्षेत्रमै क. फेलिसियानो आफ्नो बचाउको लागि लुक्दै-भाग्दै हिंड्नु पऱ्यो । बचेखुचेका केही छापामारहरू र महिला बडीगार्डहरूका साथ उनले नदी तर्दै, पहाड नाघ्दै जंगल-जंगल छिचोल्दै भाग्नु पऱ्यो ।

संभावित हत्या वा गिरफ्तारीबाट बचन उनले पटक-पटक सैनिकहरूलाई छकाए, झुक्याए । तर उनी त्यसबेला बिरामी थिए, परजीवीहरूको आक्रमणले गर्दा छालाको रोगले सताइएका थिए,

**कसले सजायँ दिँदैछ ? अपराधी तानाशाह स्वयंले !**

> **फुजिमोरीका कमाण्डोहरूले विरामी क. फेलिसियानो लुकिरहेको सानो गाउँलाई चारैतिरबाट सशक्त घेरा हाले अनि गाउँका एकएक घरमा पसी ...**

त्यसमाथि पहिले गोली लागेको खुट्टा दुखेर चौपट्टै भइरहेको थियो । रोगको उपचारको लागि हिँडेका छापामार नेताले अचानक फुजिमोरीका कमाण्डो सैनिकहरूको आक्रमण ब्यहोर्नु परेपछि बच्ने उपायहरू झन् झन् सीमित हुन थाले ।

अन्ततः उनी लुक्दैभाग्दै एउटा सानो गाउँमा लुक्न गए । यो सूचना थाहा पाएपछि फुजिमोरीको खुशीको ठेगाना नै भएन । त्यसबेला मध्य पेरूको जंगलले घेरिएको पहाडी शहर हौजास्थित सैनिक अखाडामा बसेर ले फुजिमोरीले क. फेलिसियानोलाई खोज्ने अभियानको प्रत्यक्ष नीतिनिर्देशन गरिरहेका थिए । त्यो शहरमाथि १९९० को शुरूदेखि नै साइनिङ पाथका छापामारहरूले कब्जा जमाइराखेका थिए । पछिल्लो समयमा मात्रै सैनिकहरूको नियन्त्रणमा गएको सो पहाडी शहरबाट आफ्ना कमाण्डोहरूलाई उनले आदेश दिए- 'विद्रोही नेतालाई जिउँदै गिरफ्तार गर, चुनावमा यो खवरलाई भरपूर प्रयोग गर्नुपर्दछ !'

फुजिमोरीका कमाण्डोहरूले विरामी क. फेलिसियानो लुकिरहेको सानो गाउँलाई चारैतिरबाट सशक्त घेरा हाले अनि गाउँका एकएक घरमा पसी उनलाई खोज्ने काम युद्ध स्तरमा गरे । २० जना छापामारहरूले आक्रमण र प्रत्याक्रमण नै गर्न नसकिने ढंगले क. फेलिसियानो लुकिरहेको घरमाथि धावा बोले, दुईजना छापामार त्यहीं मारिए । अन्तमा असार ३० गते उनीहरूले बिना हतियारका विरामी क. फेलिसियानोलाई न.जंगलको खोंचमा गिरफ्तारत गरीछाडे । साथमा, उनका 'गर्लफ्रेण्ड'को रूपमा प्रचारित एउटी छापामार केटी र दुईवटी महिला छापामारहरूलाई पनि गिरफ्तार गरियो !

र, खुशीले पागल भएका फुजिमोरी हौजा शहरबाट रेडियो टि.भि. मार्फत् चिच्याए- 'आज विहान फेलियानोलाई गिरफ्तार गर्‍यौं । यो गिरफ्तारी साइनिङ पाथको मृत्युको शुरूवात हो !' ❑

## *कठोर यातना र लामो सोधपुछ*

बीसौं वर्षसम्म पेरूको सरकारलाई छापामार-आक्रमणद्वारा आच्छु-आच्छु पार्ने कामको नेतृत्व गरेका क. फेलिसियानो अन्ततः सैनिक कमाण्डोहरूको हातमा परे । गिरफ्तार हुँदा उनी विरामी थिए र साह्रै नै नराम्ररी भोकाएका थिए । तीन दिनदेखि केही खान नपाएर उनी अत्यन्त भोकाएका थिए । भोक, रोग र शोकको स्थितिबीच उनलाई विजेता सैनिकहरूले हातखुट्टामा नेलले बाँधे, आँखामा कालो पट्टीले बाँधे । उनीहरूले गिज्याउँदै, हताश निराश पार्दै उनलाई लडाकू विमानमा हालेर लिमास्थित हवाई सैनिक अखडामा ल्याए ।

त्यहाँ कमाण्डो सैनिकहरूले क. फेलिसियानोको फोटो सेसन गरे । पातलो शरीर, गोरो अनुहार, कालो कपाल, कालोकालो रातो आँखा भएका क. फेलिसियानोको गिरफ्तारीको अभूतपूर्व खवर रेडियो, टि.भि.हरूले व्यापक रूपमा प्रचार गरे ।

त्यसपछि लिमास्थित हवाई सैनिक अखाडामा राखेर उनीसँग लामो समयसम्म सोधपुछ गरियो र यातना दिइयो । त्यसमा राष्ट्रपति फुजिमोरीदेखि उनका दाहिने हातका रूपमा चर्चित गुप्तचर विभागका प्रमुख भ्लादिमिर मोन्टेसिनोस समेत सहभागी भए । उनीसँग त्यो दिन राति अबेरसम्म छापामार आन्दोलनका विविध पक्षहरूबारे पुछताछ गरियो र यातनाका विविध रूपहरू प्रयोग गरियो । यो क्रम तीन दिनसम्म चलेपछि अन्तमा उनलाई लिमाकै बन्दरगाह नजिकै रहेको 'एल कलाओ नौसैनिक अखडा'को जेलमा लगेर बन्दी बनाइयो । अत्यन्त कडा सुरक्षा भएको सोही जेलमा क. फेलिसियानोका गुरू क. गोञ्जालोलाई गत ७ वर्ष अगाडिदेखि नै कैद गरिएको छ ।

साइनिङ पाथका हालका सर्वोच्च नेता क. फेलिसियानोको गिरफ्तारीको खुशियालीमा फुजिमोरी सरकारले घोषणा गरेको छ- 'फेलिसियानोलाई आजीवन कारावासको सजायँ दिइने, देशद्रोहको आरोपमा, तीसौं हजार पेरूभियालीहरूले हत्याको आरोपमा !'

## *कसले सजायँ दिँदैछ ? अपराधी स्वयंले !?*

क. गोञ्जालोलाई जस्तै कठोर यातना र आजीवन कारावासको 'उपचार' दिने घोषणा सगर्व गर्दै फुजिमोरी सरकारले क. फेलिसियानोलाई पनि सजायँ दिन नयाँ नाटक रच्ने तयारी गर्दैछ। जिन्दगीभर हत्या-आतंकमा लिप्त सैनिक जनरलहरूले भरिएको गोप्य सैनिक अदालत खडा गरेर उनीहरूमाथि चलाइने 'देशद्रोह र हत्याको मुद्दा' पनि क. गोञ्जालोमाथि चलाइएको मुद्दाजस्तै एउटा नाटक मात्र हुने कुरा निश्चितप्रायः नै छ ।

स्मरणीय छ, क. गोञ्जालोलाई सजायँ दिनका लागि बनाइएको गोप्य सैनिक अदालतका तथाकथित न्यायाधीश सैनिक जनरलहरूले आ-आफ्ना रगताम्य अनुहार छोपेर बिनाछानविन, बिनासुनुवाइ, अभियुक्तको वकिलबिना, बिनाबहस, एकतर्फी रूपमा आजीवन कारावासको सजायँ सुनाएका थिए । त्यसबेला क. गोञ्जालोका वकिलहरूलाई गिरफ्तार गर्ने, जेलमा बन्द गर्ने , विदेशबाट जाने नयाँ वकिहरूलाई देशभित्र छिर्न नै नदिने र उनीहरूलाई जेलमा बन्द गर्ने अप्रजातान्त्रिक काम गरेर फुजिमोरी सरकारले आफ्नो तानाशाही प्रवृत्तिलाई उदांगो पारेको थियो ।

त्यसमाथि, फुजिमोरी सरकारको आदेशअनुसार न्याय सम्पादन नगरेमा पेरूको नागरिक अदालतका न्यायधीशहरूलाई समेत बर्खास्त गर्ने, धम्क्याउने कार्य भइरहेको स्थितिमा, क. फेलिसियानोले पनि न्याय पाउने संभावना निकै कम छ । स्मरणीय छ, क. फेलिसियानोले फुजिमोरी सरकार अन्तर्गतको न्यायिक व्यवस्थाले वास्तविक जायज न्याय दिनसक्छ भने आफूले क. गोञ्जालोको गिरफ्तारीपछिको जनयुद्धको क्रममा भएका सम्पूर्ण क्रियाकलापहरूको जिम्मेवारी लिने घोषणा गरिसकेका छन् ।

क. फेलिसियानोको गिरफ्तारीभन्दा केही समयअगाडि मात्रै फुजिमोरी सरकारले उत्तरी र दक्षिणी अमेरिकाको सर्वोच्च मानव अधिकारवादी अदालत Inter American Human Rights Court मा नबस्ने घोषणा गरेको थियो। मानव अधिकारलाई रद्दीको टोकरीमा फ्याँक्दै, अमानवीयता र वर्वरतालाई आफ्नो शासनको पर्याय बनाउँदै आइरहेको फुजिमोरी सरकारको मुट्ठीमा रहेको नागरिक र



क. फेलिसियानो

## कस्तो रह्यो क. फेलिसियानोको कार्यकाल ?

'यो गिरफ्तारी साइनिङ पाथको मृत्युको शुरूवात हो !'

-यही उद्घोषका साथ राष्ट्रपति फुजिमोरीले क. फेलिसियानोको गिरफ्तारीको खवर चारैतिर फैलाएका थिए। १९९२ मा क. गोञ्जालोको गिरफ्तारीको बेलामा त उनले सगर्व घोषणा गरेका थिए- 'अब साइनिङ्ग पाथको मृत्यु भयो !'

क. गोञ्जालो लगायत पेकपा (साइनिङ पाथ) का धेरैजसो केन्द्रीय नेताहरू गिरफ्तार भएको ६-७ वर्षपछि पनि त्यसको स्वाभाविक मृत्यु भएन, त्यसमाथि फुजिमोरी सरकारले चलाएको हिंसात्मक दमन र आक्रमणका बाबजूद पनि त्यसको मृत्यु भएको छैन । त्यसैले नै होला, यसपटक उनले क. फेलिसियानोको गिरफ्तारीलाई साइनिङ पाथको 'मृत्युको शुरूवात' को रूपमा मात्र व्याख्या गरेका छन्। उनले क. फेलिसियानो कमाण्डो सैनिकहरूको पञ्जाभित्र परेपछि साइनिङ पाथ 'टाउकोविनाको शरीर' भएको विचार अगाडि सार्दै भनेका छन् - 'अब छापामार समूहका केही मुट्ठीभर, कट्टर लडाकूहरूले मात्र संघर्ष गरिरहने छन् !'

एसोसिएटेड प्रेस (AP) ले लिमाबाट पठाएको रिपोर्टमा स्पष्ट शब्दमा भनिएको छ- 'माओवादी विद्रोहका बारेमा अध्ययनरत विशेषज्ञहरूका अनुसार क. फेलिसियानोको गिरफ्तारीले साइनिङ पाथलाई ठूलो धक्का त दिएको छ, तर यसले गर्दा साइनिङ पाथको मृत्यु नै हुनेछ भनेर विश्वास गर्न सकिँदैन । ❑

# ◀ विश्व कम्युनिष्ट आन्दोलन

सैनिक अदालतबाट कसैले पनि न्याय पाउने आशा गर्न सकिंदैन । यो कुरा इन्टर अमेरिकन ह्युमन राइट्स कोर्टले फुजिमोरी सरकारअन्तर्गतको पेरूभियाली न्यायिक व्यवस्थामाथि गरेको कडा आलोचनाबाट प्रष्टै बुभन सकिन्छ । तर कस्तो विडम्बना भने, मानव अधिकारको नारा घोको सुक्नेगरी लगाउन कहिल्यै पछि नपर्ने 'मानव अधिकारको मशिहा'- अमेरिकी सरकारले भने त्यस्तो तानाशाही सरकारलाई आर्थिक, राजनैतिक र सैनिक सहायता दिंदै जनतामाथिको दमन र अत्याचारलाई बढावा दिंदै आइरहेको छ ।

क. फेलिसियानोको गिरफ्तारीको सन्दर्भमा अमेरिकी सरकारको भूमिका के कस्तो रह्यो भन्ने कुरा त्यति स्पष्ट रूपमा आइसकेको छैन । साइनिङ पाथका संस्थापक नेता क. गोञ्जालोदेखि टुपाक आमारू रिभोल्यूशनरी मुभमेन्टका संस्थापक नेता क. भिक्टर पोलेको गिरफ्तारी र टुपाक आमारूका छापामारहरूले जापानी दूतावासमाथि कब्जा जमाउँदा गरिएको बर्बर आक्रमणताका अमेरिकी सरकारले फुजिमोरी सरकारलाई हरतरहले सहयोग गरेको तथ्य सर्वविदितै छ । अमेरिकी सरकारद्वारा प्रशिक्षित र निर्देशित सरकार, सैनिक, पुलिस एवं गुप्तचरहरूको बिगबिगी भएको देश पेरूका हरेक राजनीतिक, आर्थिक घटनामाथि अमेरिकाको स्वार्थ गाँसिने हुनाले प्रत्येक घटनामा त्यसको प्रत्यक्ष संलग्नता र हस्तक्षेप भइरहने कुरामा कुनै शंका छैन । अमेरिकी गुप्तचर संस्था सी.आई.ए.द्वारा प्रशिक्षित र निर्देशित पेरूभियाली गुप्तचर प्रमुख भ्लादिमिर मोन्टेसिनोसको प्रत्यक्ष नीति-निर्देशनमा भएको यो गिरफ्तारीले अमेरिकी संलग्नतालाई पुष्टि गर्न खोजिरहेको देखिन्छ ।

### फुजिमोरीको तुच्छता

अमेरिकी साम्राज्यवादको आर्थिक र राजनैतिक स्वार्थ अनुरूप चल्ने कठपुतली तानाशाहका रूपमा कुख्यात राष्ट्रपति फुजिमोरी यो गिरफ्तारीलाई आफ्नो तुच्छ राजनीतक स्वार्थका लागि दुरूपयोग गर्न क्रियाशील भइरहेका छन् । 'फेलिसियानोलाई जिउँदो पक्रेर चुनावी अभियानमा प्रचारबाजीको गरम मसलाको रूपमा प्रयोग गर्ने' घोषणाका साथ यस गिरफ्तारीको निम्ति युद्धस्तरमा लागीपरेका फुजिमोरीले क. फेलिसियानोको गिरफ्तारीलाई आफ्नो तेस्रो पटकको राष्ट्रपतीय चुनावमा आफ्नो सर्वोच्च उपलब्धिको रूपमा प्रचार गर्न खोज्दैछन् । १९९२ मा क. गोञ्जालो र क. भिक्टर पोलेको गिरफ्तारीलाई जस्तै, उनको गिरफ्तारीलाई पनि चुनावी प्रचारबाजीमा प्रयोग गरी आफ्नो गिर्दो लोकप्रियतालाई उल्टाउन चाहिरहेका छन् फुजिमोरीले ।

फुजिमोरीको यही दुराशय देखेर विपक्षी नेता, सांसद तथा पत्रकारहरूले क. फेलिसियानोको गिरफ्तारीलाई राष्ट्रपतीय चुनावअगाडि आफ्नो तुच्छ राजनीतक स्वार्थपूर्तिका लागि गरिएको नाटकको रूपमा व्याख्या गर्दै त्यसको तीखो आलोचना गरेका छन् । सरकारी बयानहरूमा यो गिरफ्तारीबारे फरक-फरक र अन्तरविरोधी सूचनाहरू प्रवाह गरिएको र फुजिमोरीको राजनीतक स्वार्थलाई विश्लेषण गर्दै तिनीहरूले क. फेलिसियानोको गिरफ्तारी केही समयअगावै गरिएको भएतापनि चुनावलाई ध्यानमा राखेर प्रचारकार्यमा ढिलाइ गरिएको आशंका व्यक्त गरेका छन् । कुनै कुनै अखवारहरूले भने इन्टर-अमेरिकन ह्यूमन राइट्स् कोर्टबाट पेरू अलगिएको प्रसंगबाट जनताको ध्यान बिथाल्न गिरफ्तारीको प्रचारबाजी गरिएको विश्लेषण प्रस्तुत गरेका छन् ।

La Republica नामक विपक्षी अखबारका राजनीतिक विश्लेषक मिको लाउएरेले लेखेका छन् -'फेलिसियानोको गिरफ्तारीलाई फुजिमोरीले मनपरी ढंगले दुरूपयोग गरिरहेका छन् । विद्रोहीविरूद्ध सफल संघर्ष गर्न सफल फुजिमोरीको छविलाई इन्टर-अमेरिकन ह्यूमन राइट्स कोर्टविरूद्ध जेहाद छेड्नका लागि आवश्यक जनसमर्थन प्राप्त गर्न प्रयोग गरिंदै छ ।'

### रिहाइको निम्ति अन्तर्राष्ट्रिय दवाब

आफ्नो स्वार्थको लागि जस्तोसुकै निकृष्ट र अमानवीय कार्य गर्न पनि पछि नपर्ने तानाशाहका रूपमा स्थापित फुजिमोरीको निरंकुश शासनको पञ्जाभित्र परेका क. फेलिसियानोको जीवन रक्षाको आवाज अहिले उठिरहेको छ ।

यसैबीच, माओवादीहरूको अन्तर्राष्ट्रिय केन्द्र-रिभोल्यूशनरी इन्टरनेशनलिष्ट मुभमेन्ट (RIM) ले क. फेलिसियानोको जीवन रक्षा गर्न र रिहाइका लागि प्रचार अभियान चलाउने र दवाबमूलक संघर्ष चलाउने घोषणा गरेको छ ।

त्यस्तै, अमेरिकाको माओवादी पार्टी -'रिभोल्यूशनरी कम्युनिष्ट पार्टी' (RCP) ले पनि क. गोञ्जालोका साथै क. फेलिसियानोको पनि जीवन रक्षार्थ विश्वव्यापी रूपमा दवावमूलक कार्यक्रम अगाडि बढाउन आह्वान गर्दै पेरूमा चलिरहेको माओवादी जनयुद्धको समर्थनका लागि अपील गरेको छ ।

रिम (RIM) र आर सी पी सँग सम्बन्धित ३० जना कार्यकर्ताहरूले क. गोञ्जालोको जीवन रक्षार्थ बनाइएको अन्तर्राष्ट्रिय आकस्मिक कमिटी (IEC)को ब्यानरमा अमेरिकाको सान फ्रान्सिस्को शहरमा क. फेलिसियानोको गिरफ्तारीका विरूद्ध सांकेतिक जुलूस प्रदर्शन गरेका छन् ।

> **क. गोञ्जालोको अध्यक्षता कालमा क. फेलिसियानो उच्चपदस्थ सैनिक रणनीतिज्ञ तथा कुशल छापामार नेताका रूपमा क्रियाशील थिए**



साइनिङ पाथका अध्यक्ष क. गोञ्जालो

क. फेलिसियानोको गिरफ्तारीको सवालमा रिम लगायत सबैजसो माओवादी पार्टीहरू अहिलेसम्म सानोतिनो वक्तव्यबाजीमा मात्र सीमित रहेका छन् । उनीहरू आआफ्नो देशमा दवावमूलक कार्यक्रमहरू चलाउन किन हिच्किचाइरहेका छन् ?- बुझ्न कठीन भइरहेको छ ।

साइनिङ पाथका संस्थापक नेता क. गोञ्जालोको गिरफ्तारीविरूद्ध आकाश-पाताल थर्काउने उद्घोषका साथ विश्वव्यापी रूपमा जुलूस, धर्ना, पेरू र अमेरिकी दूतावासहरूमा प्रहरीसँग मुठभेड आदिमा समेत संलग्न भएका माओवादी पार्टीहरूको यो चीसोपना अलिकति आश्चर्यचकित पार्ने खालको छ, बेसी त दुखदायी नै छ ।

### क. फेलिसियानोको उँचाइ

क. फेलिसियानोको गिरफ्तारीले साइनिङ पाथमा केही गंभीर प्रभाव पार्ने, तर क. गोञ्जालोको गिरफ्तारीको तुलनामा कम गंभीर प्रभाव पार्ने विश्लेषण गर्दै AP कै रिपोर्टमा माओवादी जनयुद्धका विशेषज्ञ समाजशास्त्री तथा साइनिङ पाथको आन्दोलनसम्बन्धी लेखक कार्लोस तापिया भन्छन् - 'फेलिसियानोले आफ्ना कार्यकर्ताहरूबीच गोञ्जालोको जति उँचाइ र प्रतिष्ठा हासिल गरिसकेका छैनन् । त्यसैले साइनिङ पाथको नेतृत्वमा गोञ्जालोको अभाव पूर्ति गर्न जति गाह्रो भइरहेको छ, फेलिसियानोको क्षतिपूर्ति गर्न त्यति धेरै गाह्रो हुनेवाला छैन ।'

स्मरणीय छ, क. गोञ्जालोको नामले माओवादी संसारमा बिख्यात भएका डा. अविमायल गुजमानले कानून र दर्शनशास्त्रमा पी.एच.डी गरेपछि हवामांगा युनिभर्सिटीमा प्राध्यापन र राजनीति गर्ने क्रममै पेकपा साइनिङ पाथको स्थापना गरेका थिए । साइनिङ पाथका विचारक, संस्थापक नेता तथा अध्यक्षको हैसियत भएका क. गोञ्जालोको अध्यक्षता कालमा क. फेलिसियानो उच्चपदस्थ सैनिक रणनीतिज्ञ तथा कुशल छापामार नेताका रूपमा क्रियाशील थिए । क. गोञ्जालोले साइनिङ पाथ स्थापना गर्दा यूनिभर्सिटीको विद्यार्थी जीवनमैं राजनीतिमा हाम्फालेका क. फेलिसियानो युवावस्थामै साइनिङ पाथको सर्वोच्च अंग पोलिटब्यूरोका सदस्य भएका थिए ।

कानूनका विद्यार्थी भएर पनि साइनिङ पाथको नेतृत्व तहसम्म पुगेपछि सैनिक रणनीतिज्ञ र कुशल छापामार बनेका क. फेलिसियानोको वास्तविक नाम भने ओस्कार रामिरेज ड्यूराण्ड हो। उनका पिता ओस्कार रामिरेज मार्टिनेज स्वयं पनि सरकारी सेनाका जनरल थिए । अहिले अवकाशप्राप्त जीवन बाँचिरहेका ६९ बर्षीय सैनिक जनरल मार्टिनेजको पछिल्लो करीब दुई दशक समय आफ्नै छोरा लगायतको तेनृत्वमा संचालित माओवादी जनयुद्ध विरूद्ध भएका संघर्षहरूमा सैनिकहको नेतृत्व गर्दै बितेको थियो । त्यसैले भूतपूर्व सैनिक जनरल मार्टिनेजले आफ्नो छोराको गिरफ्तारीभन्दा एक महिनाअगाडि फुजिमोरी सरकारको नूनको सोभो गर्दै भनेका छन्- 'मेरो लागि आत्मिक रूपमा मेरो छोरोको मृत्यु भइसकेको छ ।'

### सैनिक आक्रमण र आन्तरिक विद्रोहको काल

सरकारी सेनाका जनरलका ४६ वर्षीय छोरा क. फेलिसियानोले क. गोञ्जालोको गिरफ्तारीपछि साइनिङ

## क. फेलिसियानोपछि अब कस्तो गुण र स्वभाव भएको नेताले साइनिङ पाथको नेतृत्व गर्दैछन् त ?

## पेरूभियाली अखबारहरू र साइनिङ पाथसम्बन्धी विशेषज्ञहरूका अनुसार क. आर्तिमोले साइनिङ पाथलाई नेतृत्व दिँदैछन्

पाथको नेतृत्व सम्हालेका थिए । ३९ वर्षको युवावस्थामै साइनिङ पाथको केन्द्रीय कमिटीको नेतृत्व गर्ने जिम्मेवारी सम्हालेका क. फेलिसियानोको कार्यकाल निकै उथलपुथलकारी साबित भयो ।

क. फेलिसियानोको गिरफ्तारीले गर्दा दुःखित भइरहेको 'रिम'बाट प्रकाशित सामग्रीका अनुसार साइनिङ पाथको निरन्तर चलिरहेको सशस्त्र जनयुद्धको नेतृत्व गरिरहेका क. फेलिसियानोको कार्यकालको शुरूको अवधिमा क. गोञ्जालोको गिरफ्तारीको ठूलो धक्काको घाउ आलै थियो। यस धक्काबाट सम्हालिन नपाउँदै क. फेलिसियानोले फुजिमोरीका सैनिकहरूले छापामारहरूका विरुद्ध चलाएका आक्रामक सशस्त्र कारवाहीहरूको शृंखला व्यहोर्नु पर्‍यो । शत्रुको यो कारवाही चलिरहेकै अवधिमा, जनयुद्धले धक्कामाथि धक्का खाइरहेको स्थितिमा पार्टीभित्रबाटै, कार्यकर्ता र नेतृत्व पंक्तिबाटै शान्तिपूर्ण संघर्ष संचालन गर्नुपर्ने, सरकारसँग शान्तिवार्ता गर्नुपर्ने भन्ने 'दक्षिणपन्थी अवसरवादी लाइन' ले टाउको उठायो । यो लाइनको पक्षमा उभिएकाहरूमा जेलभित्र कैदी जीवन बाँचिरहेका साइनिङ पाथका नेता-कार्यकर्ताहरू धेरै थिए, यसको पक्षमा क. गोञ्जालो स्वयं पनि थिए भन्ने कुरा प्रचारमा आएको थियो, जुन अहिलेसम्म विवादास्पद नै छ ।

यी सबै घटनाहरूको विश्लेषण गर्ने सिलसिलामा माओवादीहरूको अन्तर्राष्ट्रिय केन्द्र 'रिम' लगायत पेरूको जनयुद्धको कट्टर समर्थक अमेरिकाको रिभोल्यूशनरी कम्युनिष्ट पार्टी (RCP)ले क. फेलिसियानोको कार्यकाललाई पेरूको जनयुद्धको सफलता र धक्काको अवधिको रूपमा व्याख्या गरिरहेको छ, जुन व्याख्या त्यतिधेरै सार्वजनिक भएको देखिँदैन ।

### *विजयको ढोका खुल्नैलाग्दा ...*

साइनिङ पाथ, रिम र आर सि पी को विश्लेषणअनुसार क. गोञ्जालोको पछिल्लो कार्यकालमा जनयुद्धले विजयको ढोका खोल्नैलागेको थियो । 'टेलिग्राफ' का जोन सिम्पसनको रिपोर्टअनुसार पनि १९९२ मा क. गोञ्जालो गिरफ्तार हुनुभन्दा अगाडि पेरूको सरकार जनयुद्धको ज्वारभाटामा बग्नै लागेको थियो। फुजिमोरी सरकारका मन्त्रीहरू समेत हिंसात्मक ढंगले आन्दोलनरत माओवादी समूह- साइनिङ पाथले छिट्टै नै सत्तामाथि कब्जा गर्दैछ भन्ने कुरा स्वीकार्दथे । 'फुजिशक' ले गर्दा ध्वस्त भएको अर्थतन्त्र, माओवादी छापामारहरूको आक्रमण, बम विस्फोट, हत्या-आतंकले विश्रृंखलित भएको सामाजिक व्यवस्था हेर्दा छिट्टै नै धराशायी हुन लागेको पेरूको राज्यसत्ताले क. गोञ्जालोको गिरफ्तारीपछि जीवनदान पाएको थियो ।

क. फेलिसियानोको कार्यकालमा गाउँगाउँमा मेयरहरूको हत्या गर्ने, लिमामा बम-विस्फोटको शृंखला चलाउने, सैनिक र भिजिलान्तेहरूसँग प्रत्यक्ष मुठभेड गर्ने काममा धेरै नै कमी आएको देखिन्छ । विकट गाउँदेखि राजधानी लिमाका भुपडपट्टीहरूसम्म विस्तार भइसकेको जनयुद्ध अचेल आयाकुचो र हुआलागा जस्ता छापामारहरूको बलियो पकड भएका विकट जंगली क्षेत्रहरू वरिपरिका गाउँहरूमा मात्र सीमित हुनपुगेको कुरा पेरूको जनयुद्धका विश्लेषकहरूले प्रकाशमा ल्याएका छन् । क. गोञ्जालोको कालमा १० हजारभन्दा बेसी छापामारहरू क्रियाशील रहेकोमा हाल आएर १५०० देखि २००० छापामारहरू मात्रै सक्रिय रहेको बताइन्छ। यस बारेमा आधिकारिक जानकारी पाउन निकै गाह्रो छ ।

### *गिरफ्तारीमाथि गिरफ्तारीको लर्को*

क. फेलिसियानोकै कालमा उनको दाहिने हात मानिने र उनी पछाडिका प्रभावशाली नेताका रूपमा चर्चित ५६ वर्षीय क. पेद्रो डोमिङ्गो क्वीन्तेरोसलाई पनि केही समयअगाडि मात्रै गिरफ्तार गरिएको थियो । क. लुइसका नामले परिचित क्वीन्तेरोसलाई लिमास्थित एउटा रेस्टुरेन्टमा आफ्ना कमरेडहरूसँग भेट्न बसिरहेको बेला प्रहरी र गुप्तचरहरूले अचानक गिरफ्तार गरेका थिए ।

त्यस्तै, साइनिङ पाथकै अर्का केन्द्रीय नेता तथा सिनियर छापामार कमाण्डर हुआँ कार्लोस रियोसलाई राजधानी लिमामै गिरफ्तार गरिएको थियो । १९९९ को नव वर्षकै दिन लिमाको भुपडपट्टीतिर रहेको वितार्ते औद्योगिक क्षेत्रतिर श्रमिकहरूको संगठन र छिमेकी कमिटीहरूको नेटवर्क संचालन कार्यमा क्रियाशील रहेको समयमा उनलाई प्रहरीहरूले गिरफ्तार गरेका थिए। यी दुई वटा गिरफ्तारीहरूले पनि क. फेलिसियानोको कार्यकाललाई केही कमजोर बनाएको देखिन्छ ।

क. फेलिसियानोको गिरफ्तारीपछि 'रिम' र त्यसको अन्तर्राष्ट्रिय आकस्मिक कमिटी (IEC) ले प्रकाशित गरेको बक्तव्यमा उनको कार्यकालसम्बन्धी मूल्यांकन यसरी प्रस्तुत गरेको छ- 'सबै क्रान्तिहरूले जस्तै, पेरूको क्रान्तिको बिजयको बाटो पनि सीधा र सरल छैन, त्यसको बाटो पनि घुमाउरो र थुप्रै मोडहरूले भरिएको छ । त्यसले पनि थुप्रै धक्का र समस्याहरूको पहाड नाघेर बिजयपथतिर लम्कनु पर्दछ । क. फेलिसियानोको गिरफ्तारीले पेरूको कम्युनिष्ट पार्टी र क्रान्तिकारी जनताको बाटोमा नयाँ अवरोध खडा गरेको छ, हामीलाई लाग्छ- तिनीहरूले त्यो अबरोधमाथि बिजय प्राप्त गरीछाड्ने छन् । यस्तो स्थितिमा, संघर्षरत पेरूभियाली जनता र तिनीहरूको पार्टीका लागि विश्वकै प्रगतिशील र क्रान्तिकारी जनताको सहयोग र समर्थन पहिलेभन्दा अझ बेसी आवश्यक भएको छ ।'

### *नयाँ नेतृत्व क. आर्तिमोको हातमा*

पेरूको जेलभित्र रहेका साइनिङ पाथका नेता र कार्यकर्ताहरू क. फेलिसियानोलाई कुशल छापामार नेता तथा सफल सैनिक रणनीतिज्ञका रूपमा लिन्छन् । उनीहरूका अनुसार, क. फेलिसियानोमा हिंसाप्रियता र रिसाहापना केही हदसम्म हावी छ । तुरून्तै रिसाउने स्वभाव भएका क.फेलिसियानो छापामार पंक्ति छोडेर जाने, भागेर जाने, विद्रोह गर्ने र गद्दारी गर्ने नेता-कार्यकर्ताहरूलाई मार्न कत्ति पनि हिच्किचाउँदैनथे ।

क. फेलिसियानोपछि अब कस्तो गुण र स्वभाव भएको नेताले साइनिङ पाथको नेतृत्व गर्दैछन् त ? पेरूभियाली अखबारहरू र साइनिङ पाथसम्बन्धी विशेषज्ञहरूका अनुसार क. आर्तिमोले साइनिङ पाथलाई नेतृत्व दिँदैछन् ।

क. आर्तिमोको वास्तविक नाउँ हो- फिलोमेना सेरो कार्दोसो । अखबारहरूले जासूसी रिपोर्टको आधारमा उनको बारेमा बयान गर्दै भनेका छन्- '३० को दशक पनि पूरा नगरिसकेका आर्तिमो अग्लो कदका छन् र आक्रामक व्यक्तित्व र आकांक्षाका धनी छन् ।'

१९९२ सम्म मध्यमस्तरका छापामार कमाण्डर रहेका क. आर्तिमो, क. गोञ्जालोको गिरफ्तारीपछि साइनिङ पाथको उच्चस्तरको नेतृत्वमा सजिलै उक्लेका थिए । आफूलाई गिरफ्तार गर्नका लागि सरकारले थापेका प्रत्येक जालहरू च्यातुचुत् गर्न सफल क. आर्तिमो अचेल साइनिङ पाथको एउटा गढ हुआलागा क्षेत्रमा छापामार संघर्षको नेतृत्व गर्दैछन् । उनको नेतृत्वमा धेरैजसो पुराना खारिएका सयौं छापामार लडाकूहरू क्रियाशील छन् । साइनिङ पाथसम्बन्धी विशेषज्ञहरूले क.आर्तिमोमा आफ्ना नेताहरूको तुलनामा मार्क्सवाद-लेनिनवाद र माओवादमाथि कमजोर पकड रहेको, विचारधारा र सिद्धान्तको अध्ययनमाभन्दा बेसी युद्धमा जोड दिने बानी रहेको आदि कुराहरू बाहिर ल्याएका छन् ।

समाजशास्त्री कार्लोस तापियाले साइनिङ पाथको अध्ययनको क्रममा लेखेका छन्- 'फेलिसियानो साइनिङ पाथको प्रतीकात्मक प्रमुख मात्रै हुन सक्छन्, तर आर्तिमो भने छापामार आन्दोलनको वास्तविक शक्ति हुन् । त्यसैले आर्तिमोले फेलिसियानोको अभाव छिट्टै पूर्ति गर्न सक्छन् । १९९३ देखि यता साइनिङ पाथ पेरूको राज्यसत्ताका लागि चुनौती बन्न छोडिसकेकोछ, तर आर्तिमोको नेतृत्वमा यसले छिटफुट आक्रमणहरूद्वारा तल्लो स्तरको चुनौती खडा गर्नसक्छ ।'

एक जना अवकाशप्राप्त प्रहरी जनरल तथा 'आतंकवादविरोधी पुलिस विभाग'का पूर्व डाइरेक्टर हेक्टर जोन कारोले क. आर्तिमोको नेतृत्वको साइनिङ पाथ र त्यसको जनयुद्ध पेरूको राज्यसत्ताको लागि खतरा हुने संकेत गर्दै भनेका छन्- 'अब पेरूको सुरक्षा दस्ता, प्रहरी र सैनिकहरूको पहिलो निशाना आर्तिमो भएका छन् । अहिले उनीहरूले खोजिरहेको मान्छे उनी नै हुन् ।'

पेरूको सरकारको 'नम्बर-१ शत्रु' भएका क. आर्तिमोको नेतृत्वमा चल्ने साइनिङ पाथ र त्यसको जनयुद्धले पटक-पटकको धक्का, अवरोध र विभाजनको पहाडलाई नाघ्न सक्छ कि सक्दैन, -यो सवाल अहिले विश्वभरिका प्रगतिशील शक्तिहरूको चासोको विषय भइरहेको छ ।

❑ राजेन्द्र महर्जन

## जिउँदैमा मूल्यांकन हुनुपर्ने !

मूल्यांकन पूर्णाङ्क ६८ र ६९ मा रूपचन्द्र विष्टजस्तो जुभारू, इमान्दार, महान नैतिकवान दार्शनिक राजनैतिक व्यक्तित्वको 'थाहा' दर्शन , जीवनी र संस्मरणहरू पढ्न पाउँदा खुशी लाग्यो । 'रूदाने' को 'थाहा' जागरण अभियानका दर्शनहरू वर्तमान नेतृत्व वर्ग र हाम्रो समाजले ग्रहण गरी अघि बढ्न सकेमा देशको भविष्य धेरै राम्रो हुन्थ्यो होला ।

"घटना र विचार" पत्रिका बाहेक प्रायः जसो पत्रिकाहरूमा रूदानेको मृत्युपश्चात् मात्र बढी चर्चा भएकोले- मृत्युपछि मात्र सम्मान गर्ने संस्कार दोहोरिएको जस्तो लाग्यो । 'मरीचमानसँग मिलेको, प्रतिकार समितिमा बसेको' भनेर जन आन्दोलनताका रूदानेमाथि जुन आरोप लागेको थियो, ती कुराहरू 'मूल्यांकन' जस्ता शुभचिन्तक पत्रिकाले उहाँ जीवित छँदै सफाइ दिएको भए यस्ता अनेक भ्रम र भुठको खेती गर्नेहरूको समयमै पर्दाफास हुने थियो र रूदानेलाई जनताहरूले समयमै बुभ्न् पाउने थिए ।

अन्तमा : आउँदा दिनहरूमा रूदानेको 'थाहा दर्शन', पर्चा, जीवनी विषयका लेखहरू 'मूल्यांकन' मार्फत् अभ बढी खोजमूलक र निष्पक्ष रूपमा पाउने आशा गर्दछौं । धन्यवाद ।

-सुचवि र पासामान
कालिमाटी-१३, काठमाण्डौ

## रूपचन्द्रबारे

मूल्याङ्कनले उच्च मूल्याङ्कन गर्नु पर्ने प्रकारका पठनीय सामाग्री पाठकसामु पस्केर पाठक वर्गलाई सचेत पार्ने काम गरेकोमा धन्यवाद छ । कम्युनिस्ट सिद्धान्तका आधारमा भुपडीको राजनीत गर्छौं भन्नेहरूका लागि आफू कुन धरातलमा छौं भन्ने कुराबारे सोचन वाध्य पारेको छ - रूपचन्द्रबारेको लेखले । सत्य, तथ्य कुराहरू व्यवहारमा प्रयोग गरेर उदाहरणको रूपमा प्रस्तुत हुने रूपचन्द्रको स्वभावले सुध्रिन चाहनेहरूका लागि अवश्य पनि पाठ पढाएको हुनुपर्दछ । "रूपचन्द्र विष्ट स्मारक तदर्थ समिति" को गठनबारे थाहा पाएर खुसी हुनेहरूबाट पाउने सहयोगका लागि उक्त समितिले नैतिक-भौतिक रूपमा स्पष्ट आह्वान गरोस् । यसले आफ्नो कार्यशैलीमा पारदर्शिता ल्याओस् । रू.वि. स्मारक समिति साँघुरो नबनोस् ।

-सुमन 'थाहा'
काठमाण्डौं- २९ लैनचौर

## कतारबाट क्युबाबारे

मूल्याङ्कन पूर्णाङ्क ६९ समयमा नै प्राप्त गर्न सफल भएकोमा म धेरै खुशी छु । यस पूर्णाङ्कका सवै लेखहरू महत्वपूर्ण छन् ।

कस्तो प्रजातन्त्र छ क्युबामा ? भन्ने लेख अति नै ज्ञानवर्द्धक छ । मलाई जहाँसम्म लाग्छ , यो लेखले आज एक्काइसौं शताव्दीसम्म पनि निदाइरहेका नेपाली जनताको आँखा खोल्न अवश्य सहयोग पुऱ्याउने छ । यस लेखको अध्ययनपश्चात् क्यूवाको समाजवादी प्रजातन्त्र साँच्चिकै विचित्रको देखियो । हामीलाई आज लाग्छ, क्यूवाली जनता र नेताहरूले प्रजातन्त्रको राम्ररी अध्ययन गरेका छन् । प्रजातन्त्र के हो भन्ने कुरा क्यूवाली जनता र नेताले राम्ररी चिनेका छन् । र, त्यहाँको कानून सिधै संसद र सरकारबाट मात्र पास नभई सारा क्युवाली जनतामाभ सोधपूछ र छलफल गरी निर्णयको लागि पठाइने गरिएको छ भन्ने कुराले मलाई र हामी सबै प्रवासी नेपालीहरूलाई पनि खुशी लागेको छ ।

के नेपालमा पनि कुनै कानून बनाउँदा यसरी नै जनता, संसद र सरकारबाट सर्व-सहमतिबाट निर्णय गरी प्रस्ताव पास गरी जनतामा छलफल चलाउन संभव हुन्न ?

**-AIT RAJ TUMROR (SUBBA)**, P.O.Box-3695 TEL-804697,437045, DOHA QATAR A.G.

## कोलम्विया र कुर्द नेता

हामी यस मूल्याङ्कन मासिकका नियमित पाठक हौं । यस मासिकले जनताको निम्ति, श्रमजिवी वर्गको निम्ति, वापन्थीको निम्ति सुध्रिएर जाने सुभाव दिंदै आएको छ । पूर्णाङ्क ६९ मा 'कोलम्विया ल्याटिन अमेरिकाको अर्को भियतनाम बन्दैछ' भन्ने लेखले केही महिना अगाडिदेखि कोलम्वियामा शुरू भएको जनयुद्धको कारबाहीको क्रममा कोलम्विया सरकारले दमन गर्दागर्दै पनि वामपन्थी छापामारहरूले आधा देश कब्जा गरिसकेको पढ्न पाउँदा खुसी लाग्यो । कोलम्वियाको बारेमा अर्को अंकमा विस्तृत जानकारी पाउने प्रतिक्षा गर्छौं । कुर्द नेता ओजलानलाई पृथक्तावादलाई टेवा पुऱ्याएको आरोपमा कठोर सँजाय दिने फैसला सुनाएकोमा विश्वका क्रान्तिकारी कम्युनिष्टहरूले रिहाईको बुलन्द आवाज उठाई ओजलानलाई रिहाई गरी PKK को सफलतामा साथ दिउन् भन्न चाहन्छौं ।

-नारायण डाँडी र प्रेम डाँगी,
दाङ्ग, सौडियार-४, बचाहा

## शुभकामना

मूल्याकंन मासिक पत्रिकाको नियमित पाठक हुँ । विश्व राजनैतिक परिवेश, हाम्रो मूल्यांकन, आवरण कथा, घटना र प्रवृत्ति, अचेल, आँखीभ्याल, व्यंग्य जस्ता सामग्री उपयुक्त , रोचक र ज्ञानबर्द्धक रहेका छन् । आशा छ, आगामी दिनहरूमा पनि यस्ता रोचक खुराक लिएर संसारभरिका पाठकहरू समक्ष यो पुग्न सकोस् । यस प्रकाशनको उत्तरोत्तर प्रगति र समुन्नतिको लागि शुभकामना प्रकट गर्दछु ।

-हेमनाथ खतिवडा
कालिकास्थान, रसुवा

## ६९ अंक

कस्तो प्रजातन्त्र छ क्यूबामा ? भन्ने लेखले सामाजवादी भनाउँदा अवसरबादी तत्वलाई राम्रो पाठ पठाएको छ । लेख पढ्न् पाउँदा ज्यादै खुशी लाग्यो । नेपाल लगायत विश्वका औसरवादी कम्युनिष्टहरूलाई "कस्तो हुनुपर्छ सच्चा कम्युनिष्ट ?" भन्ने पाठ यसले सिकाएको छ । क्यूबाको जस्तो यहाँ पनि जनताले चुनेको संसदले गल्ती गरेमा तुरून्त जनताले फिर्ता गर्ने अधिकार जनतामा हुनुपर्छ । यदि यो अधिकार जनतामा भएन भने जनप्रतिनिधिले भ्रष्टाचार, घुसखोरी कमिसनखोरी आदि जे पनि गर्दछ । त्यसैले सच्चा प्रजातन्त्रको पाठ क्यूबाको कम्युनिष्ट पार्टीले सिकाएको छ । कम्युनिष्ट राज्यमा तानाशाही हुन्छ, एकतन्त्र हुन्छ भन्नेलाई र मार्क्सवाद लेनिनवादको वकालत गरेर घोर दक्षिणपन्थी संशोधनवादलाई अंगालेर हिंड्नेहरूले यसबाट शिक्षा लिउन् ।

-बद्रिभण्डारी, सिन्धुपाल्चोक,
केदारकार्की, धादिङ्ग,
पल्टनसिंह, दाङ्ग

## भाषा-आन्दोलनबारे

गतांकमा प्रा. माणिकलाल श्रेष्ठको गहन प्रस्तुति पढ्दा ठूलो हर्ष लाग्यो । भाषा र जातिको ममलामा नेपालमा विगतमा भएको ज्यादतिको तथ्यपूर्ण चित्र उहाँले उतार्नु भएको छ । यो सबैले पढ्नैपर्ने र घोत्लिनै पर्ने लेख हो भन्ने मलाई लाग्दछ

-शुक्र ब. तामांग, खोपासी, काभ्रे

## सांख्य दर्शन

मूल्यांकनले पूर्वमा भएको भौतिकवादी दार्शनिक विकासबारे दिन थालेको सामग्री निकै अर्थपूर्ण लाग्यो । सांख्य दर्शनबारेको गतांकको लेख अत्यन्तै उपयोगी छ।

-विवेक विष्ट,
नारायणगढ, चितवन

## संभौता र मेलाम्चीबारे

नेपाल-भारत विद्युत ब्यापार संभौताबारेको लेखमा दीपक ज्ञवालीले यस्तो अनावश्यक र हानीकारक संभौताको फन्दामा नेपाल पर्नुहुन्न भनी दिनु भएकी सुभाव एकदमै सही सुभाव हो । के नेपालका नीतिनिर्माताहरूले यसमा ध्यान देलान् ?

मेलाम्ची योजना छेउछाउका जनताहरूलाई यस योजनाले पार्ने असुविधाबारे मूल्यांकनले दिएको रिपोर्टले एउटा विचारणीय पक्षमा हाम्रो ध्यानाकर्षण गराएको छ ।

-श्रीकृष्ण शाक्य,
पाटनढोका, ललितपुर


✿ २०५६ ✿


**विजया दशमी एवं शुभ दीपावलीको सुखद् उपलक्ष्यमा हार्दिक शुभकामना !**

*विकसित जमिन, भवन, बिजुली, पानी, सडक, ढल आदि जस्ता भौतिक पूर्वाधारहरूले सुसज्जित औद्योगिक क्षेत्रहरूमा उद्योग स्थापना गरी समृद्ध बनौं*

**हाम्रा औद्योगिक क्षेत्रहरू**

- ❑ बालाजु औद्योगिक क्षेत्र
- ❑ हेटौंडा औद्योगिक क्षेत्र
- ❑ नेपालगञ्ज औद्योगिक क्षेत्र
- ❑ बुटवल औद्योगिक क्षेत्र
- ❑ वीरेन्द्रनगर औद्योगिक क्षेत्र
- ❑ पाटन औद्योगिक क्षेत्र
- ❑ धरान औद्योगिक क्षेत्र
- ❑ पोखरा औद्योगिक क्षेत्र
- ❑ भक्तपुर औद्योगिक क्षेत्र
- ❑ राजबिराज औद्योगिक क्षेत्र

**औद्योगिक क्षेत्र व्यवस्थापन लि.**
बालाजु, काठमाण्डौ,
फोन नं. ३५१२२४, ३५०८४९




मेडिआ बेन्जामिनद्वारा अनुदित र सम्पादित/
खगेन्द्र संग्रौलाद्वारा अंग्रेजीबाट नेपालीमा अनुदित ।
**चाँडै बजारमा आउँदैछ**

सम्पर्क: **स्पेस, पाटनढोका, ललितपुर**
फोन नं. ५३०६६७ पो. ब. नं. ९६३६

# होण्डुरसकी महिलाको हृदयको आवाज !

*ल्याटिन अमेरिकी देश होण्डुरसमा भएका जनसंघर्षहरूको नेतृत्व गर्ने कुशल संगठक एल्भिया आल्भारादोको रोचक, रोमाञ्चक, प्रेरक र ज्ञानबर्द्धक आत्मकथा !*


**यसका थप आकर्षणहरू:**

◆ होण्डुरसमा भएका संघर्षको रूपरेखा । ◆ तथ्यका पानामा होण्डुरस ◆ होण्डुरसेली ऐतिहासिक समयक्रम ◆ राजनैतिक पार्टीहरू, सशस्त्र विरोधीहरू र प्रमुख किसान संगठनहरूको परिचय ◆ होण्डुरसलाई अमेरिकी आर्थिक तथा सैनिक सहयोग ◆ होण्डुरसमा अमेरिकी-होण्डुरसेली सैनिक संरचनाहरू

"एल्भिया अल्भारादो एक महिला, एक आमाको रूपमा र किसान संगठकको रूपमा बोलेकी छिन् । उनको कथाले हामीलाई जमिन, खान्की, शिक्षा र स्वास्थ्यस्याहार जस्ता आधारभूत आवश्यकताहरू प्राप्त गर्नका निमित्त किसान समुदायले गरेका साहसी प्रयासहरूबारे बताउँछ । यो ताजा विवरणको निमित्त महत्वपूर्ण योगदान हो, जुन विवरणले राजनैतिक र सामाजिक शक्तिहरूका दैनिक असरहरूबारे हामीलाई बताउँछ ।"

- इसाबेल लेटेलिएर
चिलीकी मानव अधिकारवादी नेतृ

# Kathmandu Maida Mills Pvt. Ltd.
## AN AUTOMATIC FLOUR MILL




KMM

You have a deal. A fair deal. Best quality flour and atta.
From our modern and automatic plant.
For you and for all your needs.
Quality flour for bakeries and confectioneries.
Hygenic Atta for breads.
All suited to your needs
Give your flair a name.
The name of

***KATHMANDU MAIDA MILLS PVT. LTD.***

**Balaju Industrial District, Balaju**
**P.O. Box 351 Kathmandu Nepal**
Phone No. 350221, 350285

ल.पु.जि.प्र.का. द.नं. ९९/०४९/५०   म.क्षे.हु.द.नं. १२/०५१/५२

